# षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**केशवप्रसाद शर्मा**

शैक्षिक सत्र २०६३-२०६५
त्रि.वि. दर्ता नं. ७०७९९-८८

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



सन् २०१२/वि.सं. २०६९

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी केशवप्रसाद शर्माले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल   ________________

विभागीय प्रमुख   हस्ताक्षर

सहप्राध्यापक पूर्णप्रसाद अधिकारी   ________________

शोधनिर्देशक   हस्ताक्षर

सहप्राध्यापक भागवतशरण न्यौपाने   ________________

बाह्य परीक्षक   हस्ताक्षर

मिति : २०६९/०३/०१

१५ जुन २०१२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र केशवप्रसाद शर्माले **षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/२/२५
७ जुन २०१२

**पूर्णप्रसाद अधिकारी**
सहप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु सहप्राध्यापक पूर्णप्रसाद अधिकारीको कुशल निर्देशन र परामर्शमा तयार पारेको हुँ । प्राध्यापन र अध्ययनको व्यस्ततामा पनि आफ्नो अमूल्य समय दिएर मलाई उचित सल्लाह सुझाव र सही मार्ग निर्देशनसमेत गर्नु भई यस शोधकार्य लेखनमा अभिप्रेरित गर्नुहुने शोध निर्देशक श्रद्धेय गुरूप्रति म हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्य गर्ने सुअवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरका नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति कृतज्ञ छु । त्यसै गरी शोधपत्र तयारीका क्रममा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउने सहायक प्रशासकद्वय शिवप्रसाद पोखरेल र विजय पण्डित, समालोचक डी.आर. पोखरेल, आदरणीय गुरु सहप्राध्यापक भवनाथ सडौलाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफ्नो व्यस्तताको बाबजुद पनि प्रस्तुत शोधपत्र तयार पार्न आवश्यक सामग्री उपलब्ध गराउनुका साथै उचित मार्ग निर्देशन दिनुहुने समादरणीय गुरु तथा शोधनायक महेन्द्र बहुमुखी क्याम्पस, बाग्लुङ्का उपप्राध्यापक षडानन्द पौड्यालप्रति आभार व्यक्त गर्दछु । यो शोधपत्र तयारीका क्रममा आफ्नो सुझाव र आवश्यक सहयोग पुऱ्याउनु हुने साहित्य सङ्गम मकवानपुर हेटौंडाका आर.सी. रिजालप्रति कृतकृत्य छु ।

प्रस्तुत शोधपत्र तयार पार्न सरसल्लाह प्रदान गरी सहयोग पुऱ्याउने मेरा मित्र कृष्णशरण उपाध्यायप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउनुहुने महेश पौडेलप्रति पनि आभार प्रकट गर्न चाहन्छु । शोधकार्यका लागि मलाई झकझकाउँदै शोधपत्र तयार गर्न प्रेरणा दिनु हुने मेरा पूज्य पिताजी श्री हरिप्रसाद शर्मा र माताजी श्रीमती मित्रदेवी शर्माप्रति कृतकृत्य छु । शोधकार्य गर्न प्रेरित गर्ने श्रीमती साबित्री शर्मा र लेखन तथा सामग्री सङ्कलनमा सहयोग गर्ने छोरीहरू निर्मला शर्मा र इन्दिरा शर्मा तथा छोरा शिशिर शर्माप्रति आभार प्रकट गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मलाई सहयोग गर्नुहुने मेरो कर्मथलो श्री जनता उच्च मा.वि., फापरबारी, मकवानपुरका सम्पूर्ण शिक्षक साथीहरूप्रति हार्दिक धन्यवाद टक्र्याउन चाहन्छु ।

अन्त्यमा **षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०६९/२/२५
७ जुन २०१२

...............................

**केशवप्रसाद शर्मा**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| आ.दी. | आचार्य दीक्षित |
| टि.भि. | टेलिभिजन |
| डि.भि. | डायभरसिटी भिसा (विविध प्रवेशाज्ञा) |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्नमाध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रा.बै. | नेपाल राष्ट्र बैङ्क |
| ने.रा.बै.का. | नेपाल राष्ट्र बैङ्क काठमाडौं |
| पृ. | पृष्ठ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| म.ब.क्याम्पस | महेन्द्र बहुमुखी क्याम्पस |
| मा.वि. | माध्यमिक विद्यालय |
| रु. | रूपैयाँ |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |

# विषयसूची

## परिच्छेद : एक
## शोधपरिचय


| | |
|---|---|
| १.१ शोध विषयको परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.६ शोधकार्यको सीमाङ्कन | ६ |
| १.७ सामग्री सङ्कलन विधि | ६ |
| १.८ शोधविधि | ६ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेद - दुई
## नेपाली हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ हास्य परिचय | ८ |
| २.२ हास्य-व्यङ्ग्य परिचय | ८ |
| २.३ हास्यव्यङ्ग्यको परिभाषा | १० |
| २.४ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मत | १२ |
| २.५ हास्यव्यङ्ग्य सम्बन्धी पाश्चात्य मत | १४ |
| २.६ हास्यव्यङ्ग्य : प्रहारको निसाना | १६ |
| २.६.१ सामाजिक विसङ्गति | १७ |
| २.६.२ राजनीतिक विसङ्गति | १८ |
| २.६.३ आर्थिक विसङ्गति | १८ |
| २.६.४ प्रशासनिक विसङ्गति | १८ |
| २.६.५ धार्मिक तथा सामाजिक विसङ्गति | १८ |
| २.६.६ मानवीय विसङ्गति | १९ |
| २.७ हास्यव्यङ्ग्यको वर्गीकरण | १९ |
| २.७.१ हास्यव्यङ्ग्यको पूर्वीय वर्गीकरण | १९ |

२.७.२ हास्यव्यङ्ग्यको पाश्चात्य वर्गीकरण २२
२.८ हास्यव्यङ्ग्य निबन्ध २७
२.९ हास्यव्यङ्ग्य निबन्धका तत्त्वहरू २८
२.९.१ विषयवस्तु २८
२.९.२ उद्देश्य २९
२.९.३ भाषाशैली २९
२.१० नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासक्रम ३०
२.१०.१ हास्यव्यङ्ग्य निबन्धको काल विभाजन ३२
२१०.१.१ प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९९० भन्दा अघि) ३२
२.१०.१.२ विकसित वा दोस्रो चरण (वि.सं. १९९१-२०१६) ३३
२.१०.१.३ आधुनिक काल वा तेस्रो चरण (वि.सं. २०१७-हालसम्म) ३६
२.११ निष्कर्ष ४३

## परिच्छेद : तीन

## 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

३.१ परिचय ४४
३.२ जदौ भुँडी ४४
३.२.१ परिचय ४४
३.२.२ विषयवस्तु ४५
३.२.३ उद्देश्य ४७
३.२.४ शैलीशिल्प ४८
३.२.५ आयाम ४८
३.२.६ शीर्षक ४९
३.३ चम्चा महात्म्य ४९
३.३.१ परिचय ४९
३.३.२ विषयवस्तु ५०
३.३.३ उद्देश्य ५२
३.३.४ शैलीशिल्प ५३
३.३.५ आयाम ५४
३.३.६ शीर्षक ५४
३.४ सस्तो मान्छे ५४

३.४.१ परिचय ५४

३.४.२ विषयवस्तु ५५

३.४.३ उद्देश्य ५८

३.४.४ शैलीशिल्प ५९

३.४.५ आयाम ६०

३.४.६ शीर्षक ६०

३.५ बाउको बिहे ६१

३.५.१ परिचय ६१

३.५.२ विषयवस्तु ६१

३.५.३ उद्देश्य ६४

३.५.४ शैली-शिल्प ६४

३.५.५ आयाम ६५

३.५.६ शीर्षक ६६

३.६ गोबरगणेश ६६

३.६.१ परिचय ६६

३.६.२ विषयवस्तु ६७

३.६.३ उद्देश्य ६८

३.६.५ आयाम ६९

३.६.६ शीर्षक ७०

३.७ प्रस्तावित पुरस्कारहरू ७०

३.७.१ परिचय ७०

३.७.२ विषयवस्तु ७१

३.७.३ उद्देश्य ७२

३.७.४ शैलीशिल्प ७३

३.७.५ आयाम ७४

३.७.६ शीर्षक ७४

३.८ खाने उपक्रम ७४

३.८.१ परिचय ७४

३.८.२ विषयवस्तु ७५

३.८.३ उद्देश्य ७७

३.८.४ शैलीशिल्प ७७

३.८.५ आयाम ७८
३.८.६ शीर्षक ७८
३.९ मरणको सार्थकता ७९
३.९.१ परिचय ७९
३.९.२ विषयवस्तु ७९
३.९.३ उद्देश्य ८२
३.९.४ शैलीशिल्प ८२
३.९.५ आयाम ८३
३.९.६ शीर्षक ८३
३.१० भाँग्रे पण्डित ८४
३.१०.१ परिचय ८४
३.१०.२ विषयवस्तु ८४
३.१०.३ उद्देश्य ८७
३.१०.४ शैलीशिल्प ८७
३.१०.५ आयाम ८८
३.१०.६ शीर्षक ८८
३.११ कागज ८९
३.११.१ परिचय ८९
३.११.२ विषयवस्तु ८९
३.११.३ उद्देश्य ९३
३.११.४ शैलीशिल्प ९४
३.११.५ आयाम ९४
३.११.६ शीर्षक ९५
३.१२ बन्धकी ९५
३.१२.१ परिचय ९५
३.१२.२ विषयवस्तु ९६
३.१२.३ उद्देश्य ९९
३.१२.४ शिल्पशैली ९९
३.१२.५ आयाम ९९
३.१२.६ शीर्षक १००
३.१३ प्रजातन्त्रमा १००

३.१३.१ परिचय १००

३.१३.२ विषयवस्तु १००

३.१३.३ उद्देश्य १०३

३.१३.४ शैलीशिल्प १०३

३.१३.५ आयाम १०४

३.१३.६ शीर्षक १०४

३.१४ जेठो कान्छो नोट १०५

३.१४.१ परिचय १०५

३.१४.२ विषयवस्तु १०५

३.१४.३ उद्देश्य १०९

३.१४.४ शैलीशिल्प १०९

३.१४.५ आयाम ११०

३.१४.६ शीर्षक ११०

३.१५ मुख्य खाना चाउचाउ १११

३.१५.१ परिचय १११

३.१५.२ विषयवस्तु १११

३.१५.३ उद्देश्य ११५

३.१५.४ शैलीशिल्प ११५

३.१५.५ आयाम ११६

३.१५.६ शीर्षक ११७

३.१६ अमेरिका पुग्ने धोको ११७

३.१६.१ परिचय ११७

३.१६.२ विषयवस्तु ११८

३.१६.३ उद्देश्य १२१

३.१६.४ शैलीशिल्प १२१

३.१६.५ आयाम १२२

३.१६.६ शीर्षक १२२

३.१७ निष्कर्ष १२३

## परिच्छेद - चार
## षडानन्द पौड्यालका निबन्धको अध्ययन र विश्लेषण


४.१ षडानन्द पौड्यालको सङ्क्षिप्त परिचय १२४
४.२ पौडयालको सिर्जन-यात्रा १२४
४.३ पौड्यालको निबन्ध यात्रा १२५
४.४ पौड्यालका निबन्धगत प्रवृत्ति तथा विशेषता १२६
४.४.१ वैयक्तिकता १२६
४.४.२ निजात्मकता/आत्मपरकता १२६
४.४.३ वैचारिकता १२७
४.४.४ यथार्थपरकता १२७
४.४.५ विषयवस्तुमा विविधता १२७
४.४.६. हास्यव्यङ्ग्यात्मकता १२८
४.४.७ प्रगतिवादी चिन्तन १२८
४.४.८ बिम्ब र प्रतीकको प्रयोग १२८
४.४.९ व्याजस्तुति, अतिरञ्जना, वक्रोक्ति र प्यारोडीको प्रयोग १२९
४.४.१० आलङ्कारिक पदक्रमको प्रयोग र कलात्मक शैली १३०
४.४.११ उखानटुक्काको प्रयोग र भाषिक अभिव्यक्ति १३०
४.५ हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालको योगदान १३१
४.६ निष्कर्ष १३३


## परिच्छेद पाँच
## उपसंहार तथा निष्कर्ष


५.१ परिचय १३५
५.२ पहिलो परिच्छेदको निष्कर्ष १३५
५.३ दोस्रो परिच्छेदको निष्कर्ष १३५
५.४ तेस्रो परिच्छेदको निष्कर्ष १३८
५.५ चौथो परिच्छेदको निष्कर्ष १४०
५.६ समग्र निष्कर्ष १४२

**सन्दर्भसामग्रीसूची** १४३

## परिच्छेद : एक

# शोधपरिचय

## परिच्छेद : दुई

# नेपाली हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय

## परिच्छेद : तीन

# ‘बाउको बिहे’ हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

## परिच्छेद : चार

# षडानन्द पौड्यालका निबन्धको अध्ययन र विश्लेषण

## परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# सन्दर्भसामग्रीसूची

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध विषयको परिचय

नेपाली भाषा र साहित्यका क्षेत्रमा पद्य, आख्यान, नाटक र निबन्ध जस्ता विविध विधामा प्रारम्भदेखि हालसम्म साहित्यकारहरूले कलम चलाएको पाइन्छ । कविता विधा अन्तर्गत प्रशस्त फुटकर कविता खण्डकाव्य, महाकाव्यका रचना भएका छन् भने आख्यान विधामा पनि धेरै सिर्जना भइसकेका छन् । त्यसै गरी नेपाली साहित्य नाटकले पनि सम्पन्न छ । निबन्ध विधामा पनि नेपाली साहित्यको भण्डार सम्पन्न छ । निबन्ध विधाअन्तर्गत उपविधाहरू पनि सिर्जना भइरहेका छन् । निबन्ध विधामा हास्यव्यङ्ग्य निबन्ध लोकप्रिय बनेको छ । देशका कुनाकन्दरामा बसेर पनि हास्यव्यङ्ग्य निबन्धका निबन्धकारहरूले आफ्ना सिर्जना एवं कृतिहरूको प्रकाशन गरेका छन् । यस्ता हास्यव्यङ्ग्यकारहरूका कृतिहरू प्रकाशित भइरहँदा पनि त्यस्ता कृतिहरूको पर्याप्त मात्रामा अध्ययन विश्लेषण हुन सकेको पाइँदैन । यसै सन्दर्भमा पश्चिम नेपालमा बसेर नेपाली निबन्ध विधाको आधुनिक कालको समसामयिक हास्यव्यङ्ग्य निबन्धकारका रूपमा देखिएका निबन्धकार षडानन्द पौड्याल पनि हुन् ।

धवलागिरी अञ्चलको पर्वत जिल्ला अन्तर्गत पर्ने पाङ गा.वि.स. वडा नं. ६ खरीबोटमा २०२१ मा जन्मिएका षडानन्द पौड्याल महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङका उपप्राध्यापक पदमा कार्यरत रहेका छन् । उनका लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै आएका देखिन्छन् । आफ्ना लेख रचना प्रकाशित गराउँदै आएका पौड्यालका हालसम्म निम्नलिखित कृतिहरू प्रकाशित भएका छन् :-

क) **परिवेश** (लघुकथा सङ्ग्रह) २०६१

ख) **बाउको बिहे** (हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह) २०६२

उपर्युक्त कृतिका रचयिता षडानन्द पौड्यालको कृतिले नेपाली भाषा र साहित्यको विकासमा योगदान पुऱ्याएको पाइन्छ । उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने सन्दर्भमा **षडानन्द पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा शोधकार्य भइसकेको भए पनि उनको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन हुन सकेको छैन । नेपाली भाषा र साहित्यको विकासमा योगदान पुऱ्याउने स्रष्टाको अध्ययन विश्लेषण र मूल्याङ्कन हुनु अत्यावश्यक र उपयुक्त भएकोले **षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृति परक अध्ययन** शोध विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यका विधामध्ये निबन्ध विधा समृद्धशाली विधा हो । निबन्ध विधाले विभिन्न शिल्प र स्वरूप प्राप्त गरिसकेको अवस्थामा देशका कुना कन्दरामा बसेर यस विधामा कलम चलाउने धेरै स्रष्टा अझै ओझेलमा परिरहेका छन् । छिटफुट रूपमा यस्ता स्रष्टाको चर्चा परिचर्चा नेपाली साहित्यमा चन्दै आएको भए तापनि षडानन्द पौड्यालको बाउको बिहे हास्यव्यङ्ग्य निबन्धमा आधारित भएर अनुसन्धान हुन नसक्नु प्रमुख समस्या हो । तसर्थ प्रस्तुत शोधकार्य निम्नलिखित मुख्य शोध समस्याको विवेचनामा केन्द्रित रहेको छ :-

क) हास्य व्यङ्ग्य निबन्धको सैद्धान्तिक आधार के-कस्तो रहेको छ ?

ख) षडानन्द पौड्यालको हास्यव्यङ्ग्य निबन्धगत विशेषता के रहेका छन् ?

ग) बाउको बिहे हास्यव्यङ्ग्य निबन्धको कृतिपरक अध्ययन-विश्लेषण कसरी गर्न सकिन्छ ?

घ) हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालको योगदानको मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधानतर्फ यो शोध केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजन पूरा गर्ने प्रमुख उद्देश्यले गरिएको छ

भने समस्या कथन शीर्षक अन्तर्गत रहेका समस्याहरूको समाधान खोज्नु यस कार्यको अर्को उद्देश्य रहेको छ । यसै परिप्रेक्षमा षडानन्द पौड्यालको बाउको बिहे हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकमा गरिने शोधकार्यको निम्न अनुसार उद्देश्य रहेका छन् :-

क) हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक आधारको अध्ययन गर्नु ।

ख) षडानन्द पौड्यालको हास्यव्यङ्ग्य निबन्धगत विशेषता पहिचान गर्नु ।

ग) बाउको बिहे हास्यव्यङ्ग्य निबन्धको कृतिपरक अध्ययन-विश्लेषण गर्नु ।

घ) हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालका योगदानको मूल्याङ्कन गर्नु।

यिनै उद्देश्यको परिपूर्तितर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

षडानन्दको पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा शोधलेखन कार्य सम्पन्न भइसकेको पाइन्छ तर उनको कृतित्वको बारेमा विस्तृत अध्ययन हालसम्म भएको पाइदैन । त्यसैगरी बाउको बिहे हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पनि विस्तृत र कृतिपरक अध्ययन भएको पाइदैन तर पनि कृतिहरूको सामान्य समस्या केही पत्रपत्रिकामा छिटफुट रूपमा उल्लेख भएको पाइन्छ । ती सामग्रीहरूलाई कालक्रमिक विवरण र समीक्षा यसरी प्रस्तुत गरिएको छ :-

विष्णुप्रसाद ज्ञवालीले षडानन्द पौड्याललाई अध्यापन पेसा अँगालेर जिन्दगी र साहित्यलाई सँगसँगै डोऱ्याउने साहित्यकारका रूपमा चिनाएको पाइन्छ ।[१]

लक्ष्मीप्रसाद शर्मा पौडेलले आर्थिक, सामाजिक, राजनीतिक परिदृश्यलाई आफ्नो कथाको विषयवस्तु बनाई झिनो आख्यानभित्र पनि विषयलाई ट्वाक्क विषयवस्तु बनाई झिनो आख्यानभित्र पनि विषयलाई ट्वाक्क छोएर कथालेखन गर्ने कथाकारका रूपमा चिनाएको पाइन्छ ।[२]

नाम उल्लेख नभएको प्रकाशकीय लेखमा विगत दुई दशकदेखि नेपाली वाङ्मयको श्रीवृद्धिका लागि सदा क्रियाशील रही समीक्षा र समालोचनाका माध्यमबाट नेपाली भाषा

---

[१] विष्णुप्रसाद ज्ञवाली, *साहित्यकार षडानन्द पौड्याल,* **साहित्य र खोज**, २०६०, वर्ष १, अङ्क ४ ।
[२] लक्ष्मीप्रसाद शर्मा पौड्याल, *शुभेच्छा,* **परिवेश** लघुकथा सङ्ग्रह, २०६१, पृ. ख (भूमिका) ।

साहित्यका विविध विधामा अग्रणी भूमिका निर्वाह गर्दै आएका विद्वान् समीक्षक एवम् साहित्यकारको रूपमा षडानन्द पौड्याललाई चिनाइएको छ ।[३]

षडानन्द पौड्याल व्यङ्ग्यलाई व्यङ्ग्यका लागि र हास्यलाई फगत हास्यका लागि प्रस्तुत नगरी समाजमा रहेका तमाम खराबी र विकृति विसङ्गतिलाई देखाउँदै तिनको निराकरण गरी स्वस्थ समाजमा रूपान्तरण गर्ने लक्ष्यका साथ निबन्ध लेखन गर्ने निबन्धकार हुन भनी कपिल लामिछानेले चिनाएका छन् ।[४]

भरतकुमार भट्टराईले पौड्यालको बाउको बिहे हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको समालोचना गर्ने क्रममा उनलाई राजधानी बाहिर बसेर पनि नेपाली हास्यव्यङ्ग्य जस्तो जटिल साहित्यिक विधामा साधारण विषयलाई टिपी सामाजिक र राष्ट्रिय परिवेशका आर्थिक, राजनीतिक, सांस्कृतिक, शौक्षिक आदि क्षेत्रका असङ्गतिहरूलाई रोचक अनुप्रासमय काव्यात्मक उखान टुक्कायुक्त मीठो भाषाशैलीमा व्यक्त गर्ने आशा लाग्दा हास्य व्यङ्ग्यकार हुन् भनी उल्लेख गरेका छन् ।[५]

**बाउको विहे** (२०६२) का माध्यमबाट समाजका तमाम विकृति र विसङ्गतिहरूलाई उजागर गर्ने काम भएको छ । पौड्यालले समाजका यथार्थ पक्षलाई आफ्ना निबन्धमा विषयवस्तु बनाई ती विषयवस्तुलाई कलात्मक पाराले प्रस्तुत गरेका छन् । सामान्य किसिमबाट विषयको उठान गरेपनि त्यस विषयलाई लिएर त्यसप्रतिको आफ्नो वैयक्तिक धारणालाई बौद्धिक पाराले व्यक्त गर्दै अति गम्भीर सन्देश दिनु उनको निबन्धकारिताको महत्त्वपूर्ण पक्ष हो । पौड्यालका निबन्ध सामान्य पाठकका लागि सहज र संवेद्य नभइ प्रबुद्ध पाठक वर्गका लागि सहज बन्न पुगेका छन् । भाषिक प्रयोगको सन्दर्भमा उनका निबन्धलाई हेर्दा नेपाली, अङ्ग्रेजी फारसी, संस्कृत, नेवारी, हिन्दी आदि भाषाका शब्द पदावली र वाक्यहरूको प्रयोग पाइन्छ । उनका निबन्धमा विभिन्न बिम्ब प्रतीक उखानटुक्का अनुकरणमूलक शब्दका माध्यमबाट आलङ्कारिक र हास्यव्यङ्ग्यात्मक शैलीको यथोचित संयोजन गर्नुका साथै समाजको असङ्गतिहरूलाई उजागर गरी स्वस्थ समाज निर्माणतर्फ प्रेरित गरेको पाइन्छ ।[६]

---

[३] नाम उल्लेख नभएको, *प्रकाशकीय लेख,* **परिवेश** लघुकथासङ्ग्रह, कुश्मा : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, २०६१ ।

[४] कपिल लामिछाने, *षडानन्द पौड्यालको बाउको बिहे हेर्दा,* **बाउको बिहे,** २०६२, पृ. ख (भूमिका) ।

[५] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिरे,** २०६६, वर्ष ३८, अङ्क-६, पूर्णाङ्क २८९, पृ. ८९-१०१ ।

[६] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, बागलुङ, २०६६, पृ. १२० ।

पौडयालको साहित्यिक व्यक्तित्वमा समालोचक व्यक्तित्व पनि प्रवल रूपमा अगाडि बढेको पाइन्छ । पेसागत कार्यबाट बचेको समयमा आफूलाई अध्ययन र लेखनमा व्यस्त राख्न चाहने पौड्याल धौलागिरी क्षेत्रका सफल समालोचकका रूपमा परिचित देखिन्छन् । उनले समालोचनाका क्रममा कृतिको गहिराइसम्म पुगेर केस्रा केस्रा केलाई कृतिका गुणदोष स्पष्ट रूपमा बाहिर ल्याउने गरेका पाइन्छन् । पौड्यालले स्रष्टाका कृतिको समीक्षा गर्नुका साथै भाषा साहित्य र संस्कृतिसम्बन्धी आफ्ना सभालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिका मार्फत सार्वजनिक गरेका छन् भनी कृपा पौडेलले उल्लेख गरेकी छन् ।[७]

षडानन्द पौड्यालको **बाबुको बिहे** निबन्धसङ्ग्रहका सन्दर्भमा विभिन्न पत्र-पत्रिका मार्फत र शोधकार्यका माध्यमबाट समेत फाट्टफुट्ट अध्ययन भएको पाइन्छ तर विस्तृत अध्ययन भएको पाइँदैन उनको कृति **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धको विस्तृत र कृतिपरक अध्ययन नभएको हुनाले प्रस्तावित शोध कार्यमा कृतिपरक अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

साहित्य समाजको दर्पण हो । विभिन्न साहित्यिक विधाका माध्यमबाट स्रष्टाले समाजमा भएका वा हुने गरेका घटनाहरूको साहित्यिक पाराले वर्णन गरिरहेका हुन्छन् । नेपाली साहित्यका क्षेत्रमा पनि विविध विधा र उपविधा समेतको प्रचलन रहेको पाइन्छ भने निबन्ध विधा नेपाली साहित्यको समृद्ध विधा भएकोले यसको नेपाली साहित्यमा विशिष्ट स्थान रहेको छ । निबन्ध विधाका फाँटमा लागेर देशका कुना काप्चाबाट कलम चलाइरहेका स्रष्टाहरू अहिले पनि ओझेलमा परिरहेका छन् । उनीहरूको निबन्धकरिताको उचित मूल्याङ्कन हुन सकेको देखिँदैन । त्यसैले हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा साहित्यिक यात्रा पार गरेका षडानन्द पौड्यालको कृतित्वको बारेमा अध्ययन अनुसन्धान गरी लुकेका स्रष्टालाई उजागर गरेर नेपाली साहित्यानुरागी समक्ष ल्याउने कार्य हुनु आफैमा औचित्यपूर्ण कार्य भएकाले यसको महत्त्व र उपयोगिता प्रस्ट भएको छ । यस अध्ययनबाट एकातर्फ स्रष्टाको उचित मूल्याङ्कन र सम्मान हुनेछ भने अर्कोतर्फ उनका निबन्धकारिताको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि मार्ग प्रशस्त भएको छ ।

---

[७] ऐजन ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा षडानन्द पौड्यालद्वारा रचित हास्यव्यङ्ग्यात्मक कृति **बाबुको बिहे**को हालसम्मको अध्ययन गरिएको छ । साथै षडानन्द पौड्यालको छोटो जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गर्दै उनको साहित्यिक क्षेत्रको उचित मूल्याङ्कन गर्नु यसको शक्ति रहेको छ भने उनका लेख रचनाहरूको बृहत र विशद अध्ययन गर्न नसक्नु यसको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय विधिद्वारा नै सामग्री सङ्कलन गरिएको छ । यस सन्दर्भमा पौड्यालको बारेमा विभिन्न शोधपत्र, पत्रपत्रिका र पुस्तकमा भएका समीक्षात्मक लेखरचना र टिप्पणीहरूबाट सामग्री जुटाइएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र वस्तुपरक रूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीलाई शोधका वर्णनात्मक, व्याख्यात्मक विधि अपनाई विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोध पत्रलाई व्यवस्थित एवं सङ्गठित रूप दिनका लागि निम्न पाँचवटा छुट्टाछुट्टै परिच्छेदमा विभाजन गरिएको छ :-

### परिच्छेद एक : शोध परिचय

यस परिच्छेदमा शोधपत्रको परिचयअन्तर्गत शोधविषयको परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

### परिच्छेद दुई : हास्य व्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय

यस परिच्छेदमा हास्य परिचय, हास्यव्यङ्ग्य परिचय, हास्यव्यङ्ग्यको परिभाषा, हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मत, हास्यव्यङ्ग्यसम्बन्धी पाश्चात्य मत, हास्यव्यङ्ग्य :

प्रहारको निसाना, हास्यव्यङ्ग्यको वर्गीकरण, हास्यव्यङ्ग्य निबन्धका तत्त्वहरू, हास्यव्यङ्ग्यको विकासक्रम र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : बाउको बिहे निबन्धको कृतिपरक अध्ययन**

यस परिच्छेदमा जदौ भुँडी, चम्चा महात्म्य, सस्तो मान्छे, बाउको बिहे, गोबरगणेश, प्रस्तावित पुरस्कारहरू, खाने उपक्रम, मरणको सार्थकता, भाँग्रे पण्डित, कागज, बन्धकी, प्रजातन्त्रमा, जेठो कान्छो नोट, मुख्य खाना चाउचाउ र अमेरिका पुग्ने धोको निबन्धहरूका परिचय, विषयवस्तु, उद्देश्य, शैलीशिल्प, आयाम र शीर्षकका आधारमा विश्लेषण प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : पौड्यालका निबन्धको अध्ययन र विश्लेषण**

यस परिच्छेदमा षडानन्द पौड्यालको सङ्क्षिप्त परिचय, पौड्यालको सिर्जन यात्रा, पौड्यालको निबन्ध यात्रा, पौड्यालका निबन्धगत प्रवृत्ति तथा विशेषता र हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालको योगदान उल्लेख गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा यसभन्दा अगाडिका पहिलो, दोस्रो, तेस्रो र चौँथो परिच्छेदको निष्कर्ष तथा अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधकार्यको पूर्वभागका रूपमा मुखपृष्ठ, स्वीकृतिपत्र, निर्देशकको मन्तव्य, विषयसूची र अन्त्य भागका रूपमा सन्दर्भसामग्री सूचीका रूपमा सन्दर्भग्रन्थसूची, पत्रपत्रिका सूची र शोधपत्रसूची समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# नेपाली हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय

## २.१ हास्य परिचय

मानिस आल्हाद, सुखानुभूति र आनन्दातिरेकको अवस्थामा हाँस्छ । हाँस्ने मानिस नै हो । हाँस्ने कला पनि मानिसकै हो । हास्य वा हाँसो जीवनबोटको फूल हो । हाँसोले मनको गाँठोलाई सजिलैसँग खोलिदिन्छ भन्ने महात्मा गान्धीको भनाइ रहेको छ ।[१] कवि होमरले हाँसोलाई प्रेमको भाषा भनेका छन् ।[२] अल्लारेहरू प्रेम र केटीका सन्दर्भमा हाँसी कि फँसी भन्छन् । मुसुक्क हाँसेर अरूलाई भुलाई आफ्नो सिद्धान्त र निष्ठामा अडिग रहन हाँसोले सघाइआएको छ । जुन काम हाँसेर वा मिठो बोलीवचनबाट सम्पन्न गर्न सकिन्छ, त्यो रिसाएर वा चड्केर गर्न सकिन्न । यो सबैलाई थाहा छ ।

हाँसोको महत्त्व पहिले मात्र होइन अहिले पनि उत्तिकै छ । आजकल त यो एउटा मनश्चिकित्सा र स्वास्थ्योपचार विधिका रूपमा पनि विकसित भएको छ । एकपटक जब कोही मुस्कुराउँछ वा अधिक हाँसो हाँस्छ तब उसले आफ्नो आयुको बृद्धि गर्दछ भन्ने विश्वास विद्वान् स्टर्नले व्यक्त गरेका छन् ।[३] यस भनाइका आधारमा हाँसोलाई आयुवृद्धिकारी तत्त्वका रूपमा लिन सकिन्छ । वास्तवमा हाँसो मानिसको नैसर्गिक-प्राकृतिक अधिकार हो । मानिस हाँसीहाँसी बाँच्न चाहन्छ । हाँसोबिना मानवजीवन निरर्थक र निस्सार कहलाउँछ । हाँसोले मानवजीवनलाई जीवन प्रदान गर्दछ । हाँसो मानवजीवको पोषक तत्त्व हो ।

## २.२ हास्य-व्यङ्ग्य परिचय

हास्यव्यङ्ग्य संस्कृतको संयुक्त पदावली हो, जसमा दुई पद छन् हास्य र व्यङ्ग्य । हास्य भनेको हाँसो हो, जसको सृष्टि असङ्गत आचरणको वर्णन र भाषिक विचलन

---

[१] कपिल लामिछाने, *षडानन्द पौड्यालको बाउको बिहे हेर्दा,* **बाबुको बिहे**, बाग्लुङ : रमा पौड्याल, २०६२, पृ. ख ।

[२] ऐजन ।

[३] ऐजन ।

आदिबाट हुन्छ । संस्कृत काव्यशास्त्रअनुसार हास्य एउटा रस पनि हो । व्यङ्ग्य भनेको सामान्यतया घोचपेच वा छेडपेच हो । एउटा कुरा भनेझैँ गरी अर्कै कुरा भन्नु वा छेड हान्नुलाई व्यङ्ग्य भनेर बुझिन्छ । यसलाई अङ्ग्रेजीमा सटाएर (Satire) भनिन्छ । हास्यव्यङ्ग्यको उद्देश्य हँसाएर मनोरञ्जन प्रदान गर्दै सामाजिक, प्रशासनिक, राजनीतिक, मानवीय आदि क्षेत्रमा छेडपेच वा घोचपेच गर्दै स्वस्थ समाजको रूपान्तरणमा सघाउ पुऱ्याउनु हो ।

साहित्य समाजको दर्पण हो । साहित्यले समाजका विभिन्न पक्षलाई कोट्याउँछ । हास्यव्यङ्ग्य साहित्य हाँसो उमार्ने एउटा साधन पनि हो । यसका अनेक तौरतरिका हुन सक्छन् । हास्यव्यङ्ग्य साहित्यले हाम्रा घाउ खटिरा देखाइदिन्छ, दुख्ने गरी कोट्याइदिन्छ, चोट लाग्ने गरी घोचपेच गर्छ र सँगसँगै हँसाउँछ पनि । हास्यव्यङ्ग्य ओखती हो । यो त्यस्तो ओखती हो, घाउमा लाग्दा चहऱ्याउँछ, केही आनन्द लाग्छ र निको पनि पार्छ ।[४]

साहित्यका विभिन्न विधामा हास्यव्यङ्ग्यको प्रयोग भइआएको छ । यसको प्रयोग विभिन्न विधामा भइआएको भए पनि मुख्य प्रयोग क्षेत्र भने कविता र निबन्ध हो । कविताका तुलनामा हास्यव्यङ्ग्य खेल्न रमाउन गद्यभाषामा लेखिने निबन्ध विधा बढी सहज र आरामदायी हुन जान्छ ।

हास्यव्यङ्ग्यको सैद्धान्तिक अवधारणासम्बन्धी अध्ययन गर्दा हास्य र व्यङ्ग्यबीच केही खास अन्तरहरू पनि फेला पर्दछन् । हास्यव्यङ्ग्यको अन्तरसम्बन्धमा हब्सले भनेका छन् -

> “हाम्रा मनमा अरूका अपेक्षा आफ्नो श्रेष्ठताप्रति ध्यान जान्छ र यस प्रकारको क्षणिक अहङ्कारले हास्य उत्पन्न हुन्छ ।”[५]

यस भनाइबाट अरूका कमजोरी र आफ्ना उच्चतालाई प्राथमिकता दिने आत्मरतिप्रिय प्राणी मानिसको स्वभावलाई प्रस्ट्याउन खोजेको देखिन्छ । हास्यव्यङ्ग्यकार नैतिकताको दाबेदार हुनाका कारणले आत्मरतिप्रिय प्राणी मानिसका प्रत्येक असामाजिक तत्त्वलाई घृणाका दृष्टिले हेर्दछ र आफूमा श्रेष्ठताको अनुभव गर्दछ । यी दुवैमा समानता भए पनि यी दुवै पक्षलाई हेर्ने दृष्टिकोणमा मूलभूत भिन्नता पाइन्छ-

---

[४] कपिल लामिछाने, *षडानन्द पौड्यालको बाउको बिहे हेर्दा,* **बाबुको बिहे**, पूर्ववत्, पृ. ख ।

[५] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध**, काठमाडौँ: विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. २२ ।

क)	हास्यस्रष्टाले आफ्नो आलम्बनको हाँसो सहानुभूतिपूर्ण ढङ्गले उडाउँछ तर व्यङ्ग्यकारले हाँसोद्वारा दण्ड दिन्छ ।

ख)	हास्यको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो भने व्यङ्ग्यको उद्देश्य चाहिँ सुधार गर्नु हो ।

ग)	हास्यमा भावतत्त्व हुन्छ भने व्यङ्ग्यमा बुद्धितत्त्व प्रमुख हुन्छ ।

घ)	व्यङ्ग्यकारले हरेक प्रकारका विकृतिलाई गम्भीरतापूर्वक लिन्छ र त्यसलाई निर्ममतापूर्वक तिनको पर्दाफास गर्दछ अनि समाजले त्यस्ता व्यक्तिहरूको भर्त्सना गरोस् भन्ने अपेक्षा समेत राख्तछ । तर हास्यकार त्यस विकृतिको वर्णन गरेर सन्तोष लिन्छ ।

ङ)	हास्यस्रष्टा असामाजिक तत्त्वलाई नैतिकताका दृष्टिले हेर्दैन, त्यसैले उसको नैतिक पक्षसँग सरोकार रहँदैन । ऊ केवल सामाजिक विकृतिप्रति हाँसेर हिँडिदिन्छ तर व्यङ्ग्यकार तबसम्म सन्तोषको सास फेर्दैन जबसम्म विकृति वा विसङ्गतिको चित्रणमा रस लिन्छ ।[६]

माथिका भनाइबाट हास्य र व्यङ्ग्यमा समानता र भिन्नता दुवै देखिन्छ भन्न सकिन्छ । यसै आधारमा हास्य र व्यङ्ग्य दुवै विसङ्गतिप्रति हाँस्छन् र विसङ्गतिप्रति असहमति जनाउँछन् । यो समानता हो । भिन्नता चाहिँ हास्यकार हाँसेर विश्राम लिन्छ भने व्यङ्ग्यकार चाहिँ हाँस्ने कारणहरूको निराकरणको पनि अन्वेषण गर्न चाहन्छ अथवा हास्यकार तटस्थ रहन्छ भने व्यङ्ग्यकार सहमति वा असहमतिको पक्ष पनि प्रकट गर्दछ ।

## २.३. हास्यव्यङ्ग्यको परिभाषा

हाँसो सुखद अनुभूतिको प्रकटीकरण हो । हाँसो वा हास्य मानिसमा मात्र हुन्छ । अरू पशुप्राणीहरूमा सुखानुभूतिका प्रतिक्रियाहरू देखिन सक्छन् तर उनीहरूमा हास्यको क्रियात्मक रूप देखिन्न । हास्य नितान्त मानवीय रूपबाट प्रकट हुन्छ । मानिस दुःखद अनुभूतिको प्रकटीकरण रोदनबाट र सुखद अनुभूतिको प्रकटीकरण हाँसो वा हास्यबाट गर्छ । मानवेतर प्राणीमा खुशी अभिव्यक्त गर्ने क्रियात्मक रूप नदेखिने भएको हुनाले हास्य विशुद्ध मानवीय गुण हो । आधुनिक समाजशास्त्रीहरू हाँस्न पाउनु मानिसको नैसर्गिक अधिकार

६ ऐजन ।

मान्दछन् । हाँसो मानव जीवनको प्राकृतिक गुण हो । हाँसो बेगरको जीवन एकदमै निरर्थक, निस्सार र निरस मानिन्छ । हास्यबिनाको जीवन जीवन नै होइन, जीवनको सार्थकताको रूपमा रहने हास्य मानिसको शारीरिक र मानसिक क्रियासँग सम्बन्धित हुन्छ । हास्यको सिर्जना विकृत आकार, बोलीचाली, वेशभूषा चेष्टा आदिद्वारा हुन्छ । मानिस आनन्द वा हर्षको बेलामा रागमूलक हाँसो हाँस्दछ भने कसैप्रति वा कोहीप्रति उपसहास वा उपेक्षाको भाव प्रकट गरेर हाँस्दा द्वेषभावबाट प्रभावित भई हाँस्दछ । हास्यले आनन्द वा उपेक्षा प्रकट गर्छ । हास्यले मनोरञ्जन प्रदान गर्छ । मनोरञ्जन गर्न समाजमा रहेका विकृति विसङ्गतिलाई आलम्बन बनाएर सुधारको भावले लक्षणा र व्यञ्जनाका शक्तिबाट सचेत गराउनु हास्यव्यङ्ग्य हो । सरल र सरस शैलीमा विकृति र विसङ्गतिप्रति प्रहार गर्नु हास्यका माध्यमबाट मनोरञ्जनको भाव सम्प्रेषण गर्नु हास्यव्यङ्ग्य हो । हास्यव्यङ्ग्यका बारेमा विभिन्न विद्वान्बाट विभिन्न सन्दर्भमा परिभाषित गर्ने कार्य भएको छ । जसमध्ये केही विद्वान्का परिभाषा यहाँ उल्लेख गर्ने जमर्को गरिएको छ ।

> "हाँसो मानिसको खुशी रमाइलो तथा सुखद अनुभूति प्रकट हुँदा शारीरिक अवयव खासगरी अनुहारमा देखिने भाव स्फोटनको क्रियात्मक रूप हो । यसलाई मानिसको जन्मजात र प्राकृतिक गुण विशेष पनि मानिदै आएको छ । यो एक प्रकारको मानवीय संवेगको प्रकटीकरण हो ।"[७]
>
> \- भरतकुमार भट्टराई

> "जीवनमा हास्यलाई एक जीवनशक्तिको, जीवनरसको परिषोषक, दु:ख सुख सहजता साथ झेल्न सक्ने क्षमता आदिको रूपमा हेर्ने गरिन्छ ।"[८]
>
> \- वरसानेलाल चतुर्वेदी

> "उन्मुक्त हाँसोले मानसिक तनावलाई नष्ट गर्छ, रिस मर्छ, डर हराउँछ र चित्त प्रशन्न हुन्छ ।"[९]
>
> \- चट्याङ मास्टर

---

७ भरतकुमार भट्टराई, **हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०४४, पृ. ९ ।

८ नरनाथ लुइटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. १३ ।

९ चट्याङ मास्टर, *उन्मुक्त हाँसोको महत्त्व,* **सिस्नुपानी** बोट १, झ्याम्टो २, काठमाडौं : सिस्नुपानी नेपाल, असोज-कार्तिक २०५५, पृ. २७ ।

"जीवनको सार्थकतालाई स्वीकारिएको हास्य मानिसको शरीरिक र मनोगत क्रियासँग सम्बन्धित छ र हाँस वा हाँसो स्थायीभाव रहने परिहास (हस्यौली-ठट्यौली) को क्रीडा विनोदको अनुभवलाई पनि समेट्ने उज्ज्वल सञ्चेतना पाइन्छ ।"[१०]

- वासुदेव त्रिपाठी

"हास्य श्रृङ्गारको अनुकृति नभई विकृति हो । यो विकृत आकार प्रकार, बोलीवचन, वेशभूषा, हाव भाव-चेष्टा आदिद्वारा अभिव्यक्त हुन्छ । हास्यले केबल श्रृङ्गारद्वारा प्रेरणा प्राप्त नगरेर जीवनका विविध परिस्थितिद्वारा बल ग्रहण गर्दछ ।"[११]

- रामकुमार बर्मा

"राग प्रकृति हो र द्वेष विकृति हो । त्यसैले रागोत्पन्न हास्यमा जुन शुद्धता पाइन्छ त्यो द्वेषोत्पन्न हास्यमा पाइन्न । वास्तवमा रागविहीन व्यक्ति आल्हादक र आल्हादित दुवै हुन सक्तैन त्यसैले राग र रञ्जन वा आल्हाद अन्योन्याश्रित छन् । विशुद्ध हास्यको उपादेयता वस्तुतः मनोरञ्जन वा मानसिक तनावबाट मुक्ति हो । तसर्थ यसको उत्पत्तिको स्रोत र सम्प्रेषणको लक्ष्य पनि राग नै हो ।" [१२]

- भैरव अर्याल

विभिन्न विद्वान्ले विभिन्न सन्दर्भमा प्रस्तुत गरेका परिभाषाहरूबाट हाँसो एक प्रकारको मानवीय संवेगको प्रकटीकरण हो, सुखद अनुभूति प्रकट हुँदा देखिने क्रियात्मक रूपका साथै जन्मजात प्राकृतिक गुण पनि भएकाले यसले सुख दुःख सहजतासाथ झेल्न सक्ने क्षमता प्रदान गर्छ र मानसिक तनाव हटाउँछ तर यसको उत्पत्ति विकृत आकार, प्रकार, बोली चाली, हाव-भाव-चेष्टाबाट हुन्छ भन्ने बुझिनुका साथै यो विशेष गरी रागात्मक हुने र बुद्धितत्त्वको प्रयोग गरेर हाँसोद्वारा (भावतत्त्व) दण्ड दिने तथा समाजमा सुधारको मार्ग प्रशस्त गर्ने कार्य व्यङ्ग्यका माध्यमबाट हुने गरेको निष्कर्षमा पुग्न सकिन्छ ।

## २.४ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मत

पूर्वीय साहित्यशास्त्रीहरूमा सर्वप्रथम **अग्निपुराण**का स्रष्टाले र **नाट्यशास्त्र**का स्रष्टा भरतले बाईस सय वर्ष पूर्व नै हास्यलाई काव्य वा नाटकका नौ रसहरूमध्ये एउटा रसका

[१०] वासुदेव त्रिपाठी, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ,* **प्रज्ञा,** वर्ष २३, पूर्णाङ्क ८०, काठमाडौंः ने.रा.प्र.प., चैत्र-जेठ, २०५१, पृ. ८२ ।

[११] नरनाथ लुइँटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्यको निबन्ध,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. १३ ।

[१२] भैरव अर्याल, *नेपाली साहित्यमा हास्यव्यङ्ग्य एक नालीवेली,* **ज्ञानविज्ञानको दिशा,** वाराणसी, २०३३, पृ. ५१ ।

रूपमा उल्लेख गरेका छन् । शृङ्गार रसबाट हास्य रसको सृष्टि भएको कुरा **अग्निपुराण**मा पाइन्छ । रस व्याख्याका सन्दर्भमा विशेष गरी आचार्य भरतको **नाट्यशास्त्र**लाई अघि सार्न सकिन्छ । आचार्य भरतले **अग्निपुराण**मा स्थापित भएका चारवटा प्रमुख रसहहरूमध्ये शृङ्गार रसबाट सिर्जना भएको हास्य रसपछि व्यञ्जनामूलक अर्थको प्रसङ्ग वहन गर्न थालेको र त्यसपछि प्रयोजनमूलक हाँसो भएर हास्यका ठाउँमा व्यङ्ग्य देखिन थालेको हो । चारवटा मूलरसहरूबाट थप चार रसको (शृङ्गारबाट हास्य रस, रौद्ररसबाट करुण रस, वीर रसबाट अद्भूत रस, वीभत्स रसबाट भयानक) आविर्भाव स्विकारेर आठ रस हुन पुगेको देखिन्छ । मानवीय अन्तर्भावनाको प्रतिक्रियाका रूपमा रहने रस समय र परिस्थिति अनुसार नयाँ रसका प्रकार र मूल्य लिन थाल्दछन् । उपर्युक्त आठ रसका अतिरिक्त शान्त, भक्ति र वात्सल्य पनि रसकोटिको अस्तित्त्व प्राप्त गर्न पुगेको देख्न पाइन्छ ।[१३]

हास्य रसको अस्तित्त्व मान्छेमा पाइन्छ । मानवेतर प्राणीमा खुशी र प्रसन्नताको प्रतिक्रिया पाउन सकिन्छ तर हाँसोको स्वरूप वा प्रतिक्रिया पाउन सकिन्न । वीर, वात्सल्य, करुण जस्ता भावना प्रतिक्रियात्मक रूपमा अन्य पशुप्राणीमा देखिए पनि हास्य भाव मानवेतर प्राणीमा पाइँदैन । हाँसो मान्छेका अनुहारमा रहने स्मित हास्यदेखि लिएर अट्टहाससम्मका विभिन्न स्तरमा देखापर्छ । यसो नभए बोलीचालीमा झल्किन्छ र सो पनि नभए आचरणमै प्रकट हुन्छ । मानवेतर प्राणीमा रहने हास्यलाई यसै आचरणका आधारमा खुसी र बेखुसीका सीमामा राखेर ठम्याउन सकिन्छ ।[१४] हास्य र त्यसका प्रतिक्रियाहरू मान्छेमै बढी फेला पार्न सकिन्छ । मानिसको बोलीवचन, कार्यव्यापार, हाउ-भाउ, उठ-बस, दैनिक आचरण आदि अनेकौं क्रिया प्रतिक्रियाद्वारा प्रशन्नता वा उपहास व्यक्त हुन सक्छ । संस्कृत साहित्यशास्त्री **दशरूपकम्**का स्रष्टा धनञ्जयले वेशभूषा र व्यवहारबाट आफैलाई र आफ्नो व्यवहार र परिधानबाट अरूलाई हाँसोमा पुऱ्याउन सक्ने कुरा उल्लेख गरेको पाइन्छ । आचार्य विश्वनाथले **साहित्य दर्पण**मा आफूमा रहेको वा अरूमा रहेको विकृति हाँसोको कारण हुनसक्छ भन्नेबारेमा कुनै प्रश्न उठाएका छैनन् । केबल हाँसो उठ्ने कारणहरू यस्तै आकारप्रकार, रूपरङ्ग, छाँटकाँट आदिमा विकृति विसङ्गति हुनुपर्छ भन्ने कुरामात्र उल्लेख गरेका छन् ।[१५]

---

[१३] राजेन्द्र सुवेदी, हीरामणि शर्मा, *भूमिका*, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, ललितपुर : साझा प्रकाशन, २०५१, पृ. ख ।

[१४] ऐजन ।

[१५] ऐजन ।

पूर्वीय साहित्यमा प्राचीन कालदेखि नै नवरसमध्ये एक मानिएको हास्य रसलाई रसराजको रूपमा स्थापित गर्ने प्रयास पनि गरिएको पाइन्छ । जे भएपनि जीवनमा हास्य रसले महत्त्वपूर्ण स्थान ओगटेको छ । सुखी जीवनको निर्माण हेतु रसाइबसाइ मनोविनोद र आनन्द प्रदान गर्ने हास्य नै एउटा निर्विवाद सत्य हो । सबै वादविवाद र प्रतिवादबाट मुक्ति हासस्थायी भावको विकसित स्वरूप नै हास्य रसका रूपमा निष्पन्न हुन्छ ।

पूर्वीय साहित्यक शास्त्रमा ध्वनिवादले आफ्नो मान्यता स्थापित गरिसकेको छ । ध्वनिवादको सिद्धान्तले आनन्धवर्द्धनको ध्वन्यावलोक कृतिबाट आफ्नो मान्यता स्थापित गरेको देखिन्छ । काव्यको प्राणतत्त्व नै ध्वन्यार्थलाई मान्दै स्थापित भएको ध्वनिवादको मूल आधार व्यञ्जना शक्ति हो । व्यञ्जना वृत्तिद्वारा प्रकट हुने अर्थलाई ध्वनि भनिन्छ । ध्वनि भनेकै व्यञ्जना शक्तिद्वारा व्यञ्जित हुने व्यङ्ग्य अर्थ हो ।[१६] व्यञ्जनाले व्यापक अर्थ प्रकट गर्ने सामर्थ्य राख्तछ । ध्वनि भन्नु नै प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । व्यङ्ग्यको मूल तात्पर्य शब्दार्थमा प्रकटित सौन्दर्यका साथै समग्र साहित्यगत व्यङ्ग्यार्थ विशिष्ट काव्य रचनाको बाह्य सौन्दर्यद्वारा प्रस्फुटन हुने चमत्कारपूर्ण विशिष्ट सौन्दर्य शिल्पमण्डित भाव परिपाकको संश्लिष्ट परिणति नै व्यङ्ग्य हो ।

## २.५ हास्यव्यङ्ग्य सम्बन्धी पाश्चात्य मत

हाँसो र रोदन जीवनका निकटतम छिमेकी हुन् । नदीका दुई किनारा जस्तै सुख र दुःख जीवनका दुई किनारा हुन् । जीवनका प्रभावहरू हाँसो र रोदन भएर पहाड-पहाड झैं भएर दुवैतिर उठेका हुन्छन् । आँसु र हाँसोका दुवै पहाडका प्रपातबाट जीवन सधैं सिञ्चित रहन्छ ।[१७] पूर्वीय साहित्यशास्त्रीहरूबाट हास्यव्यङ्ग्यको विषयमा विवेचना भएजस्तै पाश्चत्य साहित्यमा प्राचीन कालका ग्रीसका कलाचिन्तक अरस्तुदेखि हास्यसम्बन्धी चिन्तन प्रारम्भ भएको देखिन्छ । अरस्तुको लघुता दर्शन (Degradation) सम्बन्धी सिद्धान्तको प्रभावबाट प्रभावित हुँदै हब्सले भनेका छन् हास्य भनेको गौरवको अनुभूतिद्वारा उद्भूत प्रशन्नताको प्रकाशन हो ।[१८]

---

[१६] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्को सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. १९ ।

[१७] राजेन्द्र सुवेदी, हीरामणि शर्मा, *हास्यवादे पाश्चात्य मत,* **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** ललितपुरः साझा प्रकाशन, २०५१, पृ. ख ।

[१८] नरनाथ लुईटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रंतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** पूर्ववत्, पृ. १९ ।

कुनै पनि वस्तुमा पाइने लघुता वा हीनतालाई देखेर स्वभावतः मान्छेका मनमा आनन्ददायी नयाँ वृत्ति उत्पन्न हुन्छ र त्यो वृत्तिद्वारा हास्यको आविर्भाव हुन पुग्दछ । अनेक वस्तुहरूको विक्षित सम्बन्धमा देखिएमा बुझिने लुघता वा हीनतासँग यसको सोझो सम्बन्ध रहन्छ । यही अवधारणा लघुता दर्शनको रूपमा स्थापित रहेको देखिन्छ ।[१९] अरस्तुको दृष्टिमा हास्यास्पद व्यक्तिमा दुष्टता होइन कुरूपता, दोष वा भद्दापन हुन्छ र यसले मान्छेका हीनता वा लघुता प्रदर्शित गरिरहेको हुन्छ । यही लघुता वा हीनतायुक्त पात्र उपहास्य बन्दछ र हास्यको आलम्बन हुन जान्छ । हास्यको आलम्बन रहेको पात्र विशेषको क्षुद्र मनोवृत्ति कुरूप वा विकलाङ्ग प्रदर्शन नै लघुता दर्शनको मूलमर्म हो ।[२०]

अरस्तुपछि अङ्ग्रेज दार्शनिक, हब्सद्वारा उत्कर्ष सिद्धान्त, अङ्ग्रेजीमा प्रसिद्ध समालोचक हार्वट स्पेन्सरद्वारा असङ्गति निरीक्षण सिद्धान्त, फ्रान्सेली दार्शनिक हेनरी वर्गसाँद्वारा यान्त्रिक प्रक्रिया तथा विपरीतको सिद्धान्त, फ्रायडद्वारा मनोवैज्ञानिक सिद्धान्त र प्रतिपादक किटान नभएका चिन्तकहरूको शरीर वैज्ञानिक सिद्धान्त जस्ता सिद्धान्तहरू प्रतिपादन भएका छन् । हास्यव्यङ्ग्य सम्बन्धी पाश्चात्य सिद्धान्तका सारभूत पक्षको समाहार गर्दा क) शारीरिक ख) मानसिक ग) घटना वा कार्यकलाप घ) रहनसहन ङ) विशिष्ट पदावली जस्ता पक्ष हास्योद्रेक तथा हास्य अभिव्यक्तिका प्रमुख आधार मान्न सकिन्छ ।[२१]

फ्रान्सेली दार्शनिक हेनरी वर्गसाँले हास्य उत्पन्न हुने मूलभूत तीनवटा कारणहरू देखाएका छन् । पहिलोमा हास्यको आलम्बन समाजप्रिय नहुनु तथा घटना शब्दावली र पात्रमा यान्त्रिक क्रियाहरू हुनु आवश्यक मानिन्छ । दोस्रोमा हास्यको आलम्बनको अचेतनता वा अनभिज्ञता सफल हास्यको अनिवार्य शर्त मानिन्छ । हास्यका लागि आलम्बन बनेको कुनै व्यक्ति वा पात्रले आफूमा रहेको हास्यस्पद पक्षप्रति कुनै ज्ञान पाएको हुनु हुँदैन । तेस्रोमा हास्य सिर्जना मूलकारणमा यान्त्रिक क्रियालाई मानिन्छ । यान्त्रिक क्रिया घटनागत वाणीगत तथा शरीरिक मानसिक पनि हुन सक्ने कुरा उल्लेख गरिएको छ ।[२२]

व्यङ्ग्यका सन्दर्भमा पनि पाश्चात्य साहित्य परम्परामा विभिन्न मान्यताहरू निःसृत र विकसित हुँदै आएको पाइन्छ । व्यङ्ग्यकै सन्दर्भमा अङ्ग्रेजी साहित्यका प्रसिद्ध समालोचक पाट्सले भनेका छन् - 'व्यङ्ग्यमा आलम्बनको विकृत रूपको हाँसो उडाइन्छ । अथवा त्यही सरहको कुनै हास्यास्पद वा असामाजिक तत्त्वसँग त्यसलाई वचन वैदग्ध्यका सहायताले

[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।

उपहास गरिन्छ ।'[२३] असामाजिक तत्त्व वा विकृत रूपलाई वचन वैदग्ध्यको सहायताले उपहास हुने कुरा प्रस्ट पारिएको छ । व्यङ्ग्यकै बारेमा हावर्ट उल्फले- "व्यङ्ग्कार केवल सत्यको निष्ठामा मात्र जोड दिँदैन परन्तु वाग्वैदग्ध्यका सहायताले पापको घैटो फोर्दछ र ढोङ्गको पर्दाफास गर्दछ ।" भन्दै समाजमा रहेका कुकृत्य र विसङ्गतिको प्रकाशन गर्ने कार्य हुने कुरा प्रस्ट पार्ने जमर्को भएको देखिन्छ ।[२४] "व्यङ्ग्यले के चेतावनी दिन्छ भने मानव त्यस्तो अद्भुत जनावर हो, जसमा मूर्खतापूर्ण कार्य गर्ने असीमित क्षमता छ र यदि व्यङ्ग्यद्वारा यस सत्यको स्पष्ट अभिव्यक्ति भएका खण्डमा त्यो पर्याप्त हुनेछ । मनुष्यको गौरवको वर्णन गर्नु कठिन कार्य हो ।"[२५] भन्ने आफ्नो अभिव्यक्तिका माध्यमबाट मैयु होत्रायले मूर्खतापूर्ण काम गर्ने असीमित क्षमता भएको मानिसका क्रियाकलापमा व्यङ्ग्यको मट्याङ्ग्राले हानेर सत्यको स्पष्ट अभिव्यक्तिको माध्यमबाट असल मार्गमा डोर्‍याउन पर्ने आवश्यकता दर्साइएको पाइन्छ ।

पाश्चात्य मतअनुसार हास्यबाटै व्यङ्ग्यको प्रादुर्भाव भएको हो । हास्यास्पद वस्तु वा व्यक्तिको दर्शन आनन्द वा प्रशन्नताको अनुभूति तथा हास्यमय परिस्थितिको ज्ञानसँग यसको सम्बन्ध रहेको देखिन्छ । यसै सेरोफेरोमा हास्योत्पत्तिसम्बन्धी चिन्तनका क्रममा अनेक सिद्धान्तको प्रतिपादन समेत भएको पाइन्छ । हास्यले व्यङ्ग्यको स्तरमा उक्लिएपछि यसले यथार्थलाई पक्रेर आनन्द र मनोरञ्जनलाई त्याग्दछ । हास्य आलम्बनप्रति तिरस्कार, उपेक्षा र भर्त्सनाको भावनाले प्रेरित भएपछि स्वतः व्यङ्ग्य बन्दछ । पाश्चात्य विद्वान् एवं विश्लेषकहरूका यी अभिव्यक्तिहरूको सार सङ्ग्रह गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने हास्यव्यङ्ग्य भनेको पापको घैंटो फोर्ने र ढोँगको पर्दाफास गर्ने अभिव्यक्तिको एउटा सशक्त कला हो । यसले विषयवस्तुका रूपमा अनेकानेक विसङ्गतिका घटना परिघटनाहरूलाई सफलता पूर्वक चित्रण मात्रै गर्दैन, त्यसलाई उच्छेद गर्न, विनष्ट गर्न अभिप्रेरित गर्दछ ।

## २.६ हास्यव्यङ्ग्य : प्रहारको निसाना

हाँसो मानवीय कमजोरीको सहानुभूति पनि हो । अनि व्यङ्ग्य विसङ्गत र विद्रूप स्थितिमाथि सुधारको आग्रह पनि हो । हास्य कुनै अवस्थामा निरुद्देश्य हुन सक्ला तर व्यङ्ग्य निरुद्देश्य हुनै सक्तैन । समाजमा व्याप्त कुरीति, कुसंस्कार, विकृति र विकारलाई उच्छेद गरी सङ्गति निर्माण गर्नु हास्यव्यङ्ग्यको प्रमुख उद्देश्य हो । समाजलाई साँच्चीको समाज र

[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।

व्यक्तिलाई साँच्चिको व्यक्ति हुन नदिने व्यक्ति र समाजका निजी व्यवहारका असङ्गत कुराहरू प्रति हास्यव्यङ्ग्यले तीव्र असहमति जनाउँछ । मिठासपूर्ण र मनोरञ्जनपूर्ण विद्रोहलाई वाणी दिन्छ । यो विद्रोह ध्वंशका लागि नभएर निर्माण र सुधार लागि अघि बढ्ने हुन्छ । अतएव हास्यव्यङ्ग्यको मूल उद्देश्य सामाजिक कुरीति, सरकारी कुनीति, व्यक्ति विकृति र सबै विरोधाभासलाई परिहासपूर्ण नाश पार्ने मन र मस्तिष्कलाई हास्य रसले शक्ति प्रदान गरी मनोरञ्जन साथ जीवन रसिलो, हँसिलो रमाइलो पार्ने, मानिसलाई सही मानिस बन्न र सुन्दर समाजको सिर्जना गर्नमा सघाउने रचनात्मक सहयोग प्रदान गर्ने आदि रहेको छ ।[२६] समग्रमा हास्यव्यङ्ग्यको उद्देश्य समाज र व्यक्तिभित्र रहेका विचलन, विकृत र विसङ्गत स्थितिमाथि मनोरञ्जनात्मक प्रहार गरी सङ्गति र अनुशासन कायम गर्नु हो । समाजमा खटिरा र पिलाहरूलाई निचोरेर, सफा पारेर निको पार्ने प्रयत्न गर्नु हो ।

स्वच्छ समाज निर्माण गर्नका लागि यथार्थ र आदर्शका बीच उत्पन्न खाडल नै हास्यव्यङ्ग्य सिर्जना गर्ने आधार हो । विसङ्गति र विकृतिबिना हास्यव्यङ्ग्य सिर्जना हुँदैन । त्यसैले हास्यव्यङ्ग्यका तत्त्वका रूपमा विसङ्गति र विकृतिलाई लिन सकिन्छ तर हास्यव्यङ्ग्य सिर्जनाका निम्ति आवश्यक पर्ने लेखकीय तथा पाठकीय संवेदनालाई अन्तर्दृष्टिद्वारा पर्गेल्न सक्ने, विसङ्गतिबोध गर्न सक्ने क्षमता आन्तरिक तत्त्वका रूपमा लिन सकिन्छ । त्यसैगरी अनाचार, पापाचार, दुराचार, भ्रष्टाचार, व्यभिचार, अनैतिकता, अकर्मण्यता र अमानवीयताका विरोधमा भीषण गोलाबारी गरी अन्तर्ध्वंश मच्चाउँदै आचार, नीति, नियम र अनुशासनपूर्ण जीवनको पक्षमा वकालत गर्ने हास्यव्यङ्ग्यका लागि आवश्यक पर्ने विकृति, विसङ्गति नै बाह्य तत्त्व मान्न सकिन्छ । यसरी हास्यव्यङ्ग्य सिर्जनाको आन्तरिक तत्त्व सिर्जनप्रतिभा हो भने बाह्य तत्त्व विकृति र विसङ्गति हो ।

हास्यव्यङ्ग्य सिर्जनाको आधारतत्त्व समाजमा रहेका विसङ्गति हुन् । यस्ता विसङ्गति यथार्थ र आदर्श बीचका खाडलबाट सिर्जना हुन पुग्दछन् । यस्ता विसङ्गतिलाई विभिन्न ढङ्गबाट वर्गीकरण गरेर हेर्न सकिन्छ ।

## २.६.१ सामाजिक विसङ्गति

सामाजिक जीवनमा नमिलेका जातजाति, आचार-व्यवहार, वर्ग-वर्गबीचको शोषण-उत्पीडन, होची-अर्गेली, उँचनीच रहन-सहन आदि कुराहरूमा अन्तर निहित विसङ्गति नै

[२६] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** पूर्ववत्, पृ. ३१ ।

सामाजिक विसङ्गति अन्तर्गत पर्दछ । जातीय विभेद, अन्धविश्वास, कुसंस्कार, महिला पुरुषबीचको भेद, सम्पन्नता विपन्नताबीचको भेदले खडा गरेको असङ्गत स्थिति पनि सामाजिक विसङ्गति हो । यस किसिमका सामाजिक विसङ्गतिहरूलाई क्रूरता र निर्ममतापूर्वक हास्यव्यङ्ग्यमा उतार्नु उपयोगी मान्न सकिन्छ ।

### २.६.२ राजनीतिक विसङ्गति

राज्य सञ्चालनको मेरुदण्ड रहेको राजनीति आफू शक्तिमा पुग्नका निम्ति अरूलाई उठ्नै नसक्ने गरी पछार्ने गरेको देखिन्छ । यसरी उचाल्नु, पछार्नु, छलकपट, धुत्याइँ, धोका, षड्यन्त्र जालसाँजी, झूठ, फरेब, प्रपञ्च, फोहोरी महत्त्वाकाङ्क्षा, कटुता, किनबेच, हत्याहिंसा, अवसरवाद जस्ता राजनीतिक विसङ्गति हास्यव्यङ्ग्यका आधार बन्न पुग्ने गरेको पाइन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिको जर्जर र बर्बर स्थिति हास्यव्यङ्ग्यको उर्वर विषयवस्तु बन्न सक्छ ।

### २.६.३ आर्थिक विसङ्गति

अर्थतन्त्रभित्र घुसेको विकृतिले देशको सम्पूर्ण अर्थतन्त्रलाई धराशायी पार्नसक्छ । अर्थतन्त्रसँग सम्बन्धित असङ्गति र अड्मिल्दा पक्षहरूलाई आर्थिक विसङ्गति मानिन्छ । आर्थिक विषमताले ग्रस्त समाजमा आर्थिक न्यायको अभाव, निम्नवर्गमाथि शोषण, दोहन आदि हास्यव्यङ्ग्यका निम्ति उपयुक्त खजाना बनाउन सकिन्छ ।

### २.६.४ प्रशासनिक विसङ्गति

राज्य व्यवस्थाको प्रशासनिक यन्त्र ठीक ठीक सञ्चालित नहुँदा पक्षपात, दुराग्रह, स्वेच्छाचारी, ढिलासुस्ती कमिसनखोरी, भ्रष्टाचारी, असमानता जस्ता प्रशासनिक विकृति हास्यव्यङ्ग्यको प्रहारको निसाना बन्ने गरेको पाइन्छ ।

### २.६.५ धार्मिक तथा सांस्कृतिक विसङ्गति

विभिन्न धर्म, मत वा सम्प्रदायलाई आधार बनाई गरिने पाखण्डपूर्ण गतिविधि धार्मिक विसङ्गति मानिन्छ । त्यस्तै सांस्कृतिक क्षेत्रमा सिर्जित विकृति र वितण्डाले राष्ट्रिय

र मौलिक संस्कृतिलाई क्षतविक्षत बनाइनु सांस्कृतिक विसङ्गति हो । यस्ता धार्मिक एवम् सांस्कृतिक विसङ्गतिलाई आधार बनाएर हास्यव्यङ्ग्यको आफ्नो खजाना बनाउन सकिन्छ ।

## २.६.६ मानवीय विसङ्गति

मानिसका आचरण, स्वभाव, आनीबानी उसका नीतिमा अन्तरनिहित असङ्गतिले सामाजिक जीवनलाई समेत असर पार्दछ । मानिसभित्रका कमजोरी, दुर्बलता, दोष र अकर्मण्यताहरू बैयक्तिक विसङ्गतिको कोटिमा पर्दछन् । यस्ता कमजोरी दुर्बलता, दोष र अकर्मण्यताले राष्ट्र र समाजलाई समेत अधोगतितिर धकेलिरहेको हुन्छ । यस्ता मानवीय तथा वैयक्तिक विसङ्गतिलाई लेथ्नु काड्न हास्यव्यङ्ग्य हर्दम प्रेरित रहने गरेको पाइन्छ ।

सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक, धार्मिक एवं सांस्कृतिक र मानवीय विसङ्गति जस्ता पक्षमा हास्यव्यङ्ग्यले प्रहारको निसाना बनाउँछ । यस्ता विसङ्गतिको सेरोफेरोमा सङ्गति खोज्दै हास्यव्यङ्ग्य अघि बढिरहेको पाइन्छ ।

## २.७ हास्यव्यङ्ग्यको वर्गीकरण

मानिस सुखानुभूति र आनन्दातिरेकको अवस्थामा हाँस्छ । मानिस आनन्द वा हर्षको बेलामा हाँस्दा रागमूलक हाँसो हाँस्तछ । कसैप्रति वा कोहीप्रति उपेक्षा भाव प्रकट गरेर हाँस्दा द्वेषभावबाट प्रेरित भई हाँस्तछ । राग प्रकृति हो भने द्वेष विकृति हो । रागोत्पन्न हास्यमा जुन शुद्धता पाइन्छ द्वेषोत्पन्न हास्यमा त्यो पाउन सकिन्न । विशुद्ध हास्यको उपादेयता वस्तुतः मनोरञ्जन वा मानसिक तनावबाट मुक्ति हो । तसर्थ यसको उत्पत्तिको स्रोत र सम्प्रेषणको लक्ष्य पनि राग नै हो ।[२७] यही राग र द्वेष नै हास्यव्यङ्ग्यको सैद्धान्तिक प्रस्थापनाका रूपमा विकसित हुँदै आएको देखिन्छ । मूलरूपमा मनोरञ्जन र मानसिक तनावबाट मुक्ति नै अभीष्ट रहने हास्यव्यङ्ग्यको वर्गीकरण पूर्वीय र पाश्चात्य चिन्तकहरूको धारणालाई छुट्टाछुट्टै रूपमा हेर्न पर्ने देखिन्छ ।


## २.७.१ हास्यव्यङ्ग्यको पूर्वीय वर्गीकरण

हास्यको मद्दत लिएर मानवमनका आरोहअवरोहहरूको अध्ययन र विश्लेषण गरिएको पाइन्छ । हाँसोकै अध्ययनबाट मानिसका भावनात्मक तृप्ति अतृप्ति, भोक-भोजन

[२७] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्को सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. १५ ।

पूर्णता-अपूर्णता, क्रिया-प्रतिक्रिया, मान-अपमानका विषय परिस्थितिलाई निरूपण गर्ने दृष्टि बनेपछि मान्छेले आफ्नो असहमति असन्तुष्टि विरोध, प्रतिरोध र प्रतिशोधजस्ता भावना पनि अन्यार्थमूलक मुस्कानमा व्यक्त गर्न थालेको पाइन्छ । अन्यार्थमूलक उक्तिहरू हाँसो मिश्रित अभिव्यक्तिमा प्रकट गर्न थालेको तथा हास्य र व्यङ्ग्य दुवै तत्त्व एकै वस्तु र सन्दर्भको पर्यायवाची अस्तित्त्व लिएर आएको देखिन्छ । परिणामस्वरूप के भैदिएको छ भने हास्यको अभावमा व्यङ्ग्यको सिर्जना नै हुन सक्तैन भन्ने अवस्था देखिन आइपुगेको ।[२८] हास्य र व्यङ्ग्यको चर्चा परिचर्चा तथा परिभाषा एवम् विश्लेषण पूर्वीय जगत्मा पुराणकालदेखि नै हुन थालेको पाइन्छ । **नाट्यशास्त्र**का प्रणेता भरतमुनिले हास्यलाई विभिन्न अर्थोद्घाटनका आधारमा वर्गीकरण गरेका छन् । आत्मस्थ र परस्थ भनी आफूमा रहने र अरूमा रहने हास्यलाई आलम्बनका आधारमा वर्गीकरण गर्ने भरतले हास्यका तात्पर्य अर्थलाई व्यङ्ग्यको संज्ञा भने दिइएको पाइँदैन । प्रयोजनमूलक हाँसो विभिन्न भएकाले आज तिनै हास्य श्रेणीलाई व्यङ्ग्यात्मक हाँसो भनेर लिन सकिन्छ ।[२९]

**साहित्यदर्पण**कार विश्वनाथले पनि हास्यव्यङ्ग्यका छ भेद उल्लेख गरेका छन् । विश्वनाथका अनुसार ज्येष्ठ, मध्यम र नीच गरी तीन कोटिमा राखेर ज्येष्ठलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित, नीचलाई अपहसित र अतिहसित समेत ६ वटा हाँगामा हास्यलाई छुट्याएको पाइन्छ ।[३०]




यो वर्गीकरणसम्बन्धी विवरण यसरी उल्लेख गर्न सकिन्छ :-

**क)** **स्मित -** गाला केही खुम्चिई नेत्र विकसित हुँदै तल्लो ओठमा स्पन्दन उत्पन्न गरेर केही कटाक्षपूर्ण दृष्टिका साथ अनुहारमा आभासित हुने गुलाबी हाँसोलाई स्मित हास्य भनिन्छ । यसमा मर्यादित हास्य व्यक्त हुन्छ ।

---

[२८] राजेन्द्र सुवेदी/हीरामणि शर्मा, *भूमिका,* **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** ललितपुरः साझा प्रकाशन पुल्चोक, २०५१, पृ. क-ख ।

[२९] ऐजन ।

[३०] विश्वनाथ, **साहित्यदर्पण,** तृतीय पच्छिेद, कारिका २१७ ।

**ख)** **हसित -** मुख, नेत्र र गालामा उत्फुल्लता आई दाँतका पङ्क्तिसमेत देखिने गरी प्रकट हुने शिष्ट हाँसोलाई हसित भेद अन्तर्गत राखिन्छ ।

**ग)** **उपहसित -** नाक फुल्ने, टाउेका काँध हल्लिने, दृष्टि बक्र हुने आदि क्रियाका साथ केही अमर्यादा र केही आहोपका साथ अभिव्यक्ति प्रक्षेपित हुन खोज्ने, आवाजमा व्यक्त हुने हास्यलाई उपहसितको भेद अन्तर्गत राखिन्छ ।

**घ)** **विहसित -** गाला र नेत्रमा आकुञ्चन हुने, कथनका तानमा अन्तर ल्याउने समयानुकुल अनुहारमा लाली झल्काउने निन्दा, अपमान खिसीजस्ता तात्पर्य व्यक्तिने हास्य यस भेद अन्तर्गत राखिन्छ ।

**ङ)** **अपहसित -** नाक फुलाउँदै दृष्टिमा कुटिलता ल्याएर मुन्टो हल्लिने, आँखामा पानी देखिने, आवाज लट्पटिने जस्ता प्रतिक्रियाहरू प्रकट हुनु, निन्दा आक्षेप र घृणाका भावहरू  प्रकट भएर व्यक्त हुने हास्य यस भेद अन्तर्गत पर्दछन् ।

**च)** **अतिहसित -** अनुशासन र मर्यादाको सीमा उल्लङ्घन गर्दै आँखाबाट आँसुका धारा बगाउने गरी चिच्याई, चिच्याई हात खुट्टा पछार्दै पेट मिचिमिची अट्टहासका साथ हाँसिने हाँचोलाई अतिहसित भेद अन्तर्गत राखिन्छ ।


हास्यको उपयुक्त वर्गीकरण मानसिक भन्दा ज्यादा शारीरिक चेष्टासँग सम्बद्ध रहेको देखिन्छ । वस्तुतः हास स्थायी भावबाट परिपाकमा पुग्ने हास्यरसका यी ६ भेदहरूमा अपहसित र अतिहसित स्थितिमा हास्य रस निम्नकोटिको हुन जाने अनि स्मित र हसित स्थितिमा उत्तम रहन जाने सङ्केत विश्वनाथको वर्गीकरणले प्रकट गरेको देखिन्छ । भद्दा चर्को र अपरिस्कृत हास्यभन्दा परिमार्जित, सूक्ष्म र परिष्कृत हास्यमा उत्तमता झल्किने भएकोले विश्वनाथ यसै उत्तम हास्यका पक्षमा छन् भन्ने टिप्पणी पनि यहाँ उल्लेखनीय देखिन्छ ।[३१]

**रसगङ्गाधर** ग्रन्थका स्रष्टा पण्डितराज जगन्नाथले हास्यलाई जम्मा बाह्रवटा भेदमा वर्गीकरण गरेका छन् । उनको वर्गीकरण अनुसार हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्बन र परावलम्बनका रूपमा देखिन्छन् । यी दुवै भेदलाई उत्तम, मध्यम र अधमसमेतका भेदले जम्मा ६ वटा उपभेद स्विकारिएका छन् । तेस्रो तहमा गएर उत्तमलाई स्मित हसित मध्यमलाई उपहसित विहसित तथा अधमलाई अपहसित र अतिहसित गरी

---

[३१] वासुदेव त्रिपाठी, *हास्यव्यङ्ग्य परिचर्चा,* **रचना,** वर्ष १५, अङ्क ४, असार- साउन २०३५, पृ. ३३ ।

जम्मा बाह्रवटा भेदमा विभाजन गरिएको छ ।[३२] यो वर्गीकरणलाई यसरी आरेखमा प्रस्तुत गर्न सकिन्छ :-




पूर्वीय साहित्यका चिन्तकहरूका अनुसार हास्यव्यङ्ग्यका उत्तम, मध्यम र अधम गरी तीन प्रकृतिगत भेद, स्मित हसित, उपहसित, विहसित, अपहसित र अतिहसित गरी ६ भेद र तिनका आत्मस्थ र परस्थ दुईभेद गरी बाह्र भेद हुने कुरा भरतले नै बताइ सकेका भए पनि यसको विशिष्ट व्याख्याकर्ताका रूपमा पण्डितराज जगन्नाथलाई लिन सकिन्छ ।

## २.७.२ हास्यव्यङ्ग्यको पाश्चात्य वर्गीकरण

पाश्चात्य साहित्य शास्त्रले समग्र साहित्यलाई ट्रेजेडी र कमेडीका रूपमा विभाजन गरेको छ । हास्यव्यङ्ग्य ती दुई वर्गमध्ये कमेडी वर्गमा पर्दछ । हास्यतत्त्वको उपस्थिति रहेको अभिव्यक्तिको स्वरूपलाई पश्चिमाहरू ह्युमर (Humour) अथवा सर्क्याजम (Sarcasm) भन्ने गर्दछन् । हास्य सामान्य स्मित दशामा मात्र छउन्जेल रसिक (Humour) हास्य नै रहन्छ । त्यसमा कुनै तात्पर्य आश्रित हुन थालेपछि हास्य स्वयम् व्यङ्ग्यका कोटिमा चढ्न थाल्दछ । हाँसो भाव क्षेत्रमा छउञ्जेल हास्यप्रधान रहन्छ र भाव क्षेत्रबाट बुद्धि क्षेत्रमा सङ्क्रमित भएपछि व्यङ्ग्य कोटिमा प्रवेश गर्दछ । जब हास्यकारले हास्यलाई आलोचनाको क्षेत्रमा प्रवृत्त गराउँछ तब हास्यजगत्बाट व्यङ्ग्य जगत्मा पदार्पण गर्दछ ।[३३] दैनिक

[३२] राजेन्द्र सुवेदी/हीरामणि शर्मा, *भूमिका,* **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, ललितपुरः साझा प्रकाशन पुल्चोक, २०५१, पृ. च ।

[३३] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६५, पृ. २८ ।

जीवनमा जोडिन आउने मानसिक भारहरू, परिवेशमा देखिने खोटहरू हास्यका विषयवस्तु बन्छन् । हास्य मनोवैज्ञानिक सत्य उद्घाटन गर्ने साधन पनि हो । हास्यको विषयवस्तु तथा तत्त्वहरू स्मिथ दशाबाट परिवर्तित हुँदै जाँदा व्यङ्ग्यको स्वरूप लिन पुग्दछ । हास्यलाई उद्देश्यमूलक प्रयोगमा ल्याउन थालेपछि आलोचनापूर्ण हाँसोको उद्रेक हुन्छ । यस्तो हास्य जन्माउन तीनवटा मूलभूत अभिव्यक्तिहरू सक्रिय हुन्छन् । यी हास्यका तत्त्वहरू निम्नानुसार देखिएका छन्-

**अ) आकस्मिक तथा अप्रत्याशित अवस्थामा जन्मिने हास्य**

मानिसका स्वाभाविक आचरण, हिडाइ, बोलाइ, चलाइ आदिका गतिमा कुनै गडबडी पैदा हुँदा हास्य आविर्भाव हुन्छ । हिँड्दा चिप्लिएर दर्शकमा जन्मिने हाँसो, प्राकृतिक प्रताडनाबाट जन्मिने हाँसो, यस तहको हास्य मानिन्छ । यस किसिमको हाँसोको परिणति सहानुभूतिमा गएर टुङ्गिन्छ ।

**आ) अज्ञात आलम्बनमा आश्रित भएर जन्मिने हास्य**

आलम्बन अज्ञात अवस्थामा रहँदा अथवा आफू अरूको हास्यको आलम्बन भइरहेको कुरा पात्र आफू अनभिज्ञ रहेको हास्य यस तहको कारक हुन्छ । यस्तो हास्य प्रयोजनपरक हुन्छ खास व्यक्ति विशेषका लागि हाँसिन्छ । यस किसिमको हास्यमा कतै सहानुभूति र कतै प्रतिशोध हुन्छ । यस्तो हास्यमा व्यङ्ग्य मिश्रित हुन्छ । पाण्डवसभामा पानी र भुइँ ठम्याउन नसकी निर्धक्क हिँड्दा छप्लङ्ग पानीमा पसेको अवस्थाको हास्य यस तहमा पर्दछ ।

**इ) सुनियोजित अवस्थामा जन्मिने हास्य**

जानिबुझिकन हँसाउने र यसै हँसाइका माध्यमबाट कुनै व्यङ्ग्यको परिस्थिति जन्माउने हाँसो व्यङ्ग्यपूर्ण हाँसो हो । यो हाँसो जन्माउने तेस्रो कारण हो । अस्वाभाविक कार्य गर्दा त्यसबाट जन्मिने हास्य प्रयोजनमूलक भइदिन्छ । यस किसिमको हास्यमा कि सोझै आक्षेप गर्ने गरी ल्याइएको हुन्छ कि त व्यङ्ग्य वा क्यारिकेचरका रूपमा ल्याइएको हुन्छ ।

पाश्चात्य साहित्यका चिन्तकहरूले हास्य व्यङ्ग्यलाई मूलतः पाँच भेदमा वर्गीकरण गरेका छन् । हास्यको पाश्चात्य विभाजन मुखाकृतिमाभन्दा वस्तुगततामा अवलम्बित रहेको देखिन्छ । अनुकृतिमा भन्दा अर्थानुभूतिमा आधारित देखिन्छ । त्यसैले यो दैहिक भन्दा मानसिक बढी छ । यसका भेदहरूले हास्यभित्रका कार्य विविधता, कार्य व्यापकता र स्वभाव भिन्नतालाई सङ्केत गरेको पाइन्छ । यद्यपि पूर्वीय आचार्यको स्मित हास्य र यूरोपीयहरूको स्वच्छ हाँसो उस्तै उस्तै देखिन्छ । स्वच्छ हाँसोको बारेमा ए निकोलले प्रस्ट पार्दै भनेका छन् "स्वच्छ हाँसोको लागि विवेक चाहिन्छ । यसको निम्ति विशेष प्रकारको चिन्तनको खाँचो पर्छ, रुखो चिन्तन होइन मानवताबाट सहानुभूतिपूर्ण सोचाइबाट निस्केको चिन्तन चाहिन्छ र अविवेकपूर्ण हास्य हुनु हुँदैन भन्ने विचार प्रस्तुत गरेका छन् ।"[३४] पाँच भेदमा वर्गीकरण गरिएको हास्यव्यङ्ग्यको पाश्चात्य वर्गीकरणलाई सङ्क्षेपमा चर्चा गर्नु उपयुक्त ठानिएको छ ।

### क) स्मितहास्य (ह्युमर Humour)

पूर्वीय मतमा स्मित अवस्थामा चित्रण गरिएको हास्यलाई भन्न खोजिएको देखिन्छ । मर्यादित र अनुशासनयुक्त अवस्थाको हाँसोलाई मात्र यहाँ ह्युमर तहमा लिएको देखिन्छ । शिष्ट, शालिन, अनुशासित, दयालु, आत्मीयता प्रकट गर्नु र प्रस्तुत गर्नु यस अन्तर्गतको हास्यमा पर्दछ । जसप्रति हासिन्छ, त्यसप्रति प्रेम र आत्मीयता, श्रद्धा र वात्सल्यजस्ता गुणहरू पनि गुमाउनु हुँदैन । ह्युमरका निम्ति निम्नलिखित पाँच तत्त्व अनुपयुक्त ठहर्छन्-

अ) प्रयोजनमूल हाँसो व्यक्त हुनुआ) बेवास्ता प्रकट हुने अर्थ दिनु, इ) अतिरञ्जात्मक अर्थ दिनु, ई) इर्ष्या व्यक्त हुनु, उ) अस्वीकृत अर्थ व्यक्त हुनु, दयालु र आत्मीय जस्ता तत्त्व ह्रास हुँदै जानु जस्ता तात्पर्य देखापरे त्यस्ता हास्यलाई ह्युमर (स्मित हास्य) का रूपमा स्विकार्न सकिने देखिन्छ । यी पाँचवटा तत्त्व देखा परेपछि हास्य ह्युमर तहबाट पलायन हुँदै क्रमशः वाग्वैदग्ध्य र व्यङ्ग्यतिर आरोहण गर्न थाल्दछ ।

### ख) वाग्वैदग्ध्य (वीट Wit)

सन्तुलन र अवस्थानुकूल मर्यादाको प्रयोग गर्दा उक्तिमा वैचित्र्य आएको अनुभूति गर्ने, हास्यको छनक आभास हुने, आश्चर्यको सञ्चार गराउने रचनालाई

[३४] नरनाथ लुइटेल, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ,* **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध**, पूर्ववत्, पृ. २९ ।

यस भेदमा स्वीकारिएको छ । स्वाभाविक कथन र स्वाभाविक प्रक्रियाबाटै हास्य जन्मिन्छ भने व्यङ्ग्यात्मक भाव जन्माउने उपमा, कल्पना र उक्तिचमत्कारद्वारा देखिने अनौठोपनबाट वीट (वाग्वैदग्ध्य) जन्मिन्छ । त्यसैले हास्यभन्दा कठोर र व्यङ्ग्यभन्दा केही नरम अभिव्यक्ति नै वाग्वैदध्य हो ।[३५] यसै सन्दर्भमा पाश्चात्य शब्दकोषका प्रणेता बेब्स्टरको भनाइ स्मरण गर्न उपयुक्त ठानिएको छ । "सम्भाषण संवाद वा लेखन आदिबाट अप्रत्याशित रूपमा आश्चर्य आनन्द र आक्षेप प्रकट हुने रचनावली वीट (वाग्वैदग्ध्य) हो । कसैको स्तुतिनिन्दादेखि लिएर आक्षेपसम्मको अभिव्यक्तिहरू हास्यपूर्ण अवस्थामा पुग्दछन् ।[३६]

हास्यका सामान्य तहबाट धेरै माथि पुगेको यस अवस्थामा ध्वनिले मूर्तरूप लिन पुग्दछ । यहाँ आइपुग्दा अर्थले व्यापकता र गम्भीरता ग्रहण गरिसकेको पाइन्छ । व्यङ्ग्य पूर्णरूपमा विसङ्गतिबाट जन्मिने तत्त्व भएकाले यसमा लेखकले प्रत्यक्ष रूपमा आक्रमण ठानेर अप्रत्यक्ष रूपमा सुधारको सन्देश दिएको पाइन्छ । मान्छेको दैनिक जीवनसँग अभेद सम्बन्ध राख्ने तत्त्वहरूसँग निहीत विकृति र विसङ्गतिहरूप्रति तीव्र आक्रमण गर्दछ । रचना व्यङ्ग्यको तहमा उक्लिएपछि दयालुपन र कोमलताका गुणहरू पूरै हराउँछन् । द्वेष र क्रोधका भावहरू प्रकट हुँदै जान्छन् । यथा विषयमै छेडछाड हुन थाल्छ । यसले पनि तीन चरण पार गर्दछ - पहिलो चरणमा श्लेषात्मक रूपले अभिव्यक्त हुन्छ, दोस्रो चरणमा उपहासात्मक र तेस्रो चरणमा आक्रमणात्मक तथा अपेक्षात्मक अभिव्यक्ति हुन्छ ।

### ग) सटायर (Satire)

सटायर (व्यङ्ग्य) ले खास गरी मानवजीवनका तीन वटा पक्षमाथि आक्रमण गर्दछ (अ) निन्दनीय वस्तुलाई खुलैरूपमा निन्दा गर्नु, (आ) मानवजीवनका मर्यादा आक्रमण भएको भए तिनको सीमा कायम गराउनु, (इ) अहितकार वातावरण र दुष्पवृत्तिबाट समाज जोगाउन खोज्नु जस्ता पक्षमाथि आक्रमणको निशाना साँध्नु व्यङ्ग्यको विशेषता रहेको पाइन्छ ।[३७] वस्तुतः व्यङ्ग्यकार सामाजिक परिष्कारको जिम्मेवार हुन्छ । समाजका कुनाकाप्चासम्म छरिएर बसेका दुर्गन्धयुक्त कसिङ्गर र

---

[३५] राजेन्द्र सुवेदी र हीरामणि शर्मा, *भूमिका,* **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, ललितपुरः साझा प्रकाशन, २०५१, पृ. ८ ।

[३६] ऐजन ।

[३७] पूर्ववत् ।

फोहोर मैलालाई बढारेर सफा गर्ने कार्यकर्ताका रूपमा देखा पर्दछ ।[३८] यसरी विकृति र विसङ्गतिका बाहकका निम्ति यो व्यङ्ग्य कोमल र दयालु नभएर कठोर प्रहार बनेको पाइन्छ ।

### घ) बक्रोक्ति (आइरनी Irony)

उक्तिमा बाण बराबर तीखो आक्रामक तत्त्व रहनु बक्रोक्ति हो । आवरणमा हास्यव्यङ्ग्यको जलप हुँदाहुँदै पनि अलङ्कार ध्वनिका माध्यमले कथन तत्त्वमा रहेको व्यङ्ग्यलाई बाङ्गो बनाउने प्रयास भएको रचना नै आइरनी (वक्रोक्ति) हो । उक्तिमा विचित्रता राख्नु वाग्वैदग्ध्य हो भने आवरणमुक्त युक्तिका माध्यमले व्यङ्ग्यको काम गर्नु वक्रोक्ति हो ।[३९] पाश्चात्य चिन्तकहरू आइरोनीलाई व्यङ्ग्य (सटायर) को नजिकको छिमेकी तत्त्व मान्दछन् । वस्तुतः हास्यास्पद र विसङ्गत तत्त्वहरूप्रति सिधै आक्रमण, प्रहार नगरी चिप्लो र स्वादिलो कथनबाट व्यक्तिको गर्भमा सियो पसेझैं चस्स चस्किने वचन प्रयोग गर्नु र श्रोतालाई मानसिक पीडामा छटपटाउने बनाउनु वक्रोक्तिको काम हो ।[४०]

### ङ) विद्रूपण वा परिहास (प्यारोडी Parody)

सम्पन्न भइसकेका कार्यको, कुनै खास व्यक्तिका बानी व्यहोराको वा कसैको कृतिको अनुकरण गरी पुनः सिर्जन गर्ने कार्य यस भेद अन्तर्गत पर्दछ । प्यारोडीको सिर्जनामा तीनवटा आधार हुन्छ । (अ) भावसाम्य विद्रूपीकरण (आ) आकारसाम्य विद्रूपीकरण (इ) शब्दसाम्य विद्रूपीकरण । यीमध्ये कुनै पनि प्रक्रियाबाट मूलभूत वस्तु वा विषयको सम्झना गराएमा प्यारोडीको उद्देश्य पूरा भएको मानिन्छ । 'रचनाको उच्चतासँग सम्बन्ध राख्ने काम गर्नु प्यारोडीको विशेषता हो । श्रद्धा, विश्वास, आस्था र मर्यादाभित्र हीनताभाव आउन नपाई हास्य जन्माउनु प्यारोडीको विशेषता हो' भन्ने आर्थरको विचारबाट पनि प्यारोडीको मर्म बुझ्न सकिन्छ ।

यी पाँच भेदका अतिरिक्त पनि पश्चिममा आङ्गिक कृतिमतालाई प्रमुखता दिने विदूषण हास्य (फोरी Foree) चित्रात्मकतालाई प्रमुखता दिने व्यङ्ग्यचित्र (कार्टुन Cartoon)

---

[३८] पूर्ववत् ।
[३९] पूर्ववत् ।
[४०] पूर्ववत् ।

र गालीका तहमा ओर्लिने अभिव्यक्ति आक्षेप (ल्याम्पुन Lampoon), अभिनय (Caricature) प्रचलित भएको देखिन्छ । तर कार्टुन (व्यङ्ग्यचित्र) लाई छोडेर फोरी (विदूषण हास्य) र ल्याम्पुन (आक्षेप) हरूलाई स्तरीय हास्यकोटिमा समावेश गराएको पाइन्न ।

पूर्वीय साहित्यमा हास्यका भेदहरू, हास्यव्यङ्ग्यका प्रयोजनहरू र पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्यका भेद र तिनको प्रयोजन तथा उपलब्धिहरूबारे आकलन गर्दा केही ठोस निष्कर्षमा पुग्न सकिन्छ । पूर्वीय स्मित हास्य र पाश्चात्य ह्युमर झन्डै उही प्रतीत हुन्छ । हास्योत्पत्तिदेखि लिएर व्यङ्ग्योपहाससम्म दुवैतर्फको विश्लेषण पद्धति फरक फरक रहे पनि यसको प्रयोजनभने प्रकारान्तरले एउटै बनेको पाइन्छ । पूर्वमा व्यङ्ग्यलाई काव्यको आत्मा मान्ने सोचबाट अघि बढेर मानवीय दुष्प्रवृत्तिको लेथ्नु काढ्ने सशक्त अभिव्यक्ति कौशल मानिएको पाइन्छ । त्यसै गरी पश्चिममा पनि सामाजिक र वैयक्तिक विसङ्गति माथि निर्मम प्रहार गर्ने अभिव्यञ्जनाकै कौशल मानिएको पाइन्छ । व्याख्या र विश्लेषण जतासुकैबाट गरे पनि हास्यव्यङ्ग्यले जहाँ पनि र जेमा पनि सङ्गति खोज्दछ । यही मूलभूत दृष्टिबिन्दुलाई पूर्वीय र पाश्चात्य दुवैतिरका चिन्तक एवं विश्लेषकहरूले स्विकारेको पाइन्छ ।

## २.८ हास्यव्यङ्ग्य निबन्ध

निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो पूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो । सूक्ष्म आयतनमा विराटता प्रतिबिम्बन गर्ने रचना विधा निबन्ध हो । जुनसुकै विषयवस्तुमा लेख्न सकिने, कार्यकारण शृङ्खला मिलेको एकोन्मुख र अन्वितिमय, मित्रको गफ गराइ वा सरल, सरस र मिठासपूर्ण शैलीमा सिर्जना गरिने स्रष्टाको आत्मप्रकाशमा केन्द्रित रहने गद्यमा लेखिने सिर्जना नै निबन्ध हो । उच्च तथा सफल निबन्धमा हार्दिकता र वैयक्तिकता पनि भेटिन्छन् ।

हास्यव्यङ्ग्य साहित्यले समाजका प्रशासनिक, राजनीतिक, मानवीय आदि क्षेत्रमा देखिएका असङ्गतिमाथि छेडपेच वा घोचपेच गर्दै स्वस्थ समाजको रूपान्तरण गर्नका लागि गद्य भाषामा लेखिएको सिर्जना हास्यव्यङ्ग्य निबन्ध हुन्छ । सन्तुलित र कलात्मक रूपमा गद्य भाषामा अभिव्यक्त गर्नुलाई हास्यव्यङ्ग्य निबन्ध भनिन्छ । हास्य र व्यङ्ग्य दुबैको सन्तुलित प्रस्तुति भएको निबन्ध उच्चकोटिको हास्यव्यङ्ग्य निबन्ध कहलाउँछ । हँसाउने हेतुले लेखिएको निबन्धमा हास्यको मात्रा बढी हुन्छ । यस्तो निबन्धले तत्काल हँसाएपनि

पछिसम्मका लागि गहिरो छाप छोड्न सक्तैन । व्यङ्ग्य वा घोचपेच मात्र भएको निबन्ध बढी बोझिलो भई त्यसले सम्यक् भाव सम्प्रेषण गर्न सक्तैन । त्यो भनेको तीतो ओखती खाए जस्तो हो । तसर्थ हास्यको चास्नीमा व्यङ्ग्य पस्किने हो भने त्यो सुपाठ्य र मनोरञ्जक भई चीर प्रभावकारी हुन पुग्दछ । यस्तै निबन्धले लोकप्रियता पाई हास्यव्यङ्ग्य निबन्ध कहलाएको कुरालाई पनि बिर्सन सकिन्न ।[४१] हास्यव्यङ्ग्य भनेको तीतो ओखतीमा गुलियो मिसाएर खाएजस्तो वा पातलो प्लास्टिकको आवरणमा बेरेर ख्वाएजस्तो हो । काम पनि गर्छ खान पनि कठिन हुँदैन । आजको युगको चाहना पनि यस्तै छ ।[४२]

## २.९ हास्यव्यङ्ग्य निबन्धका तत्त्वहरू

कुनै पनि विधाको निर्माण गर्न नभइ नहुने कुरालाई नै तत्त्व भनिन्छ । हास्यव्यङ्ग्य निबन्धको निर्माण गर्ने आवश्यक उपकरण, अङ्ग संरचक घटक तथा अवयवहरूलाई हास्यव्यङ्ग्य निबन्धका तत्त्व भनिन्छ । हास्यव्यङ्ग्य निबन्धका अनिवार्य तत्त्वहरूको आवश्यक सङ्गठन नहुँदा यसले साकार रूप लिन सक्तैन । हास्यव्यङ्ग्य निबन्धलाई साकार रूप प्रदान गर्ने वस्तुहरू यसका आवश्यकीय अनिवार्य तत्त्व हुन् । यहाँ ती तत्त्वहरूको अध्ययन गरिएको छ ।

### २.९.१ विषयवस्तु

हास्यव्यङ्ग्य निबन्धका लागि विषयवस्तु नभइनहुने उपकरण हो । संसारका जुनसुकै विषयमा निबन्ध लेख्ने छुट छ । निबन्धमा विषयवस्तुको व्यापकतालाई यसैबाट स्पष्ट पार्न सकिन्छ । हास्यव्यङ्ग्यको विषयवस्तु पनि जुनसुकै क्षेत्रबाट लिन सकिन्छ । तर विशेष गरी सामाजिक, प्रशासनिक, राजनीतिक, मानवीय क्षेत्रबाट विषयवस्तुमा केन्द्रित रहेर स्रष्टाले आत्मप्रकाशन गर्दछ र आफ्नो सिर्जनालाई पूर्णता दिने गर्दछ । हास्यव्यङ्ग्यमा विषयवस्तुको चयन र छनौट अन्य विधाभन्दा ज्यादै उदार छ । विषयवस्तु कस्तो लिने सम्बन्धमा यो मौन छ । जीवनजगत्सँग सम्बन्धित जुनसुकै विषयमा हास्यव्यङ्ग्य सिर्जना गर्न सकिन्छ । त्यसैले

[४१] कपिल लामिछाने, *षडानन्द पौड्यालको बाउको बिहे हेर्दा,* **बाउको बिहे**, बाग्लुङ : रमा पौड्याल, २०६२, पृ. ख ।

[४२] ऐजन ।

हास्यव्यङ्ग्यको विषयवस्तु व्यापक छ । विषयवस्तुबिना हास्यव्यङ्ग्य निबन्धले मूर्तरूप लिन सक्तैन । त्यसैले विषयवस्तु पहिलो अनिवार्य तत्त्व हो ।

## २.९.२ उद्देश्य

कुनै पनि सिर्जना लेखनको प्रयोजन नै त्यसको उद्देश्य हो । हास्यव्यङ्ग्य निबन्धको एउटा प्रयोजन सामाजिक सुधार वा सामाजिक रूपान्तरण हो । हास्यव्यङ्ग्य निबन्धले हाम्रा घाउखटिरा देखाइदिन्छ । दुख्ने गरी कोट्याइदिन्छ । चोटलाग्ने गरी घोचपेच वा छेडपेच गर्छ र सँगसँगै हँसाउँछ पनि । यो ओखती हो, जसलाई घाउमा लगाउँदा चहऱ्याउँछ, केही आनन्द लाग्छ र निको पनि पार्छ । यसबाट साहित्यको प्रयोजन प्रस्ट हुन्छ ।

यथास्थितिका घाउखटिरा वा विकृति विसङ्गति हटाएर त्यसमा परिवर्तन ल्याउन हास्यव्यङ्ग्य निबन्ध सहयोगी सिद्ध भइआएको छ । सामाजिक, प्रशासनिक, राजनीतिक मानवीय विकृति र विसङ्गतिलाई टिपेर हाँसो उमार्नु र त्यसप्रति घोचपेच गरी सुधारको स्थापनाको प्रयत्न गर्नु हास्यव्यङ्ग्य शल्यचिकित्सक जस्तो हो, जसले जति चिरफार गरे पनि जति दुखाए पनि अन्त्यमा रोगबाट मुक्ति दिएरै छाड्छ । हास्यव्यङ्ग्यले जति घोचपेच गरेपनि जति धारिलो प्रहार गरे पनि त्यो व्यङ्ग्य व्यङ्ग्यका लागि हुँदैन । त्यसले अन्ततोगत्वा सुधारको स्थापनामै जोड दिन्छ ।[४३] हास्यव्यङ्ग्यले सम्पूर्ण विकृति र विसङ्गतिका पक्षहरूका कमजोरी खोतल्ने अनि तिनको परिष्कार प्रशोधन गर्ने जस्ता उद्देश्य हास्यव्यङ्ले लिएको हुन्छ । यसको मूल उद्देश्य समाजमा सुधार वा रूपान्तरण गर्ने हो ।

## २.९.३ भाषाशैली

हास्यव्यङ्ग्य निबन्ध विधाभित्रको एउटा उपविधा मान्न सकिन्छ । यो छुट्टै विधा होइन । निबन्धको उपविधा हुनाले हास्यव्यङ्ग्य गद्य भाषामा नै सिर्जना हुन्छ । गद्यात्मक भाषामा सिर्जना गरिने हास्यव्यङ्ग्य निबन्ध भाषा जत्तिकै महत्त्वपूर्ण शैली पनि हुन आउँछ । शैली भनेको लेखन शिल्प हो । हास्यव्यङ्ग्यमा यस्तै शैली हुनुपर्छ भन्नेमा विद्वान्हरूको मतैक्य नभए पनि हास्यमिश्रित व्यङ्ग्यको प्रस्तुतीकरण गर्ने शैली नै प्रयोग गरिन्छ । समाज सुधारको मूल उद्देश्य रहने हास्यव्यङ्ग्यमा भाव र विचार दुवै प्रबल हुने, रचनाका बाह्य रूपमा शिष्टता रहने, आन्तरिक रूपमा घोर आक्रमण गर्न सक्ने शैली हास्यव्यङ्ग्यमा हुनु

[४३] ऐजन ।

पर्दछ । कुनै पात्र, समाज सम्बद्ध चरित्र, सामाजिक, धार्मिक, आर्थिक तथा प्रशासनिक विसङ्गतिको उन्मूलन गर्ने, स्तुति, प्रशंसा, गौरवगान आदि उल्लेख गर्नु पर्ने भएमा आन्तरिक तहमा तात्पर्य अर्थ अर्कै रहने खालको शिल्प एवम् शैली उपयुक्त मानिन्छ । व्यापक राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनका, समाज र परिवारका विसङ्गत तत्त्वलाई उदाङ्गो रूपमा प्रस्तुत गर्नसक्ने प्रयोजनमूलक अर्थका तहसम्म पुग्दा रचनामा श्लेष व्यञ्जना र ध्वनिसमेतको उपयोग हुने शैलीशिल्प हास्यव्यङ्ग्य निबन्धको विशेषता नै बन्न जान्छ ।

हास्य व्यङ्ग्य निबन्धमा अनौपचारिक गद्यभाषा साथै सरल, सरस र मिठासपूर्ण शैली हुनुपर्ने देखिन्छ । त्यस्तै विनोदात्मक, तर्कपूर्ण, विचारात्मक मित्रको गफगराइ, टेबिल गफको शैली अतिरञ्जना र व्याजस्तुतिमूलक शैली हास्यव्यङ्ग्य निबन्धका लागि उपयोगी मानिन्छ ।

## २.१० नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासक्रम

भाषाको विकास मानवसभ्यता विकाससँगै भएको हो । मानिसले भाषाका माध्यमबाट विचार आदानप्रदान गर्दछ । मानिसले भाषाका माध्यमबाट अरूलाई घोचपेच गर्ने, खिसीट्युरी गर्ने गर्दछ, खिसीट्युरी र घोचपेचले मानिसमा हाँसो सिर्जना गर्दछ । हाँस्नु मानिसको कला हो । मानिस, आल्हाद, सुखानुभूति र आनन्दातिरेकको अवस्थामा हाँस्छ । असङ्गत आचरणको वर्णन र भाषिक विचलनबाट मानिस हाँस्छ । त्यस्ता असङ्गत आचरणको वर्णन र भाषिक विचलनको प्रयोग व्यङ्ग्यका दृष्टिले गरिन्छ । यसैबाट हास्यव्यङ्ग्यको सिर्जना हुन्छ । यस्तो कार्य मानव विकाससँगै विकास भएको अनुमान गर्न सकिन्छ ।

नेपाली भाषाको उत्पत्ति अन्य आर्यभाषाहरूसँगै एघारौं शताब्दीतिर भएको हो । नेपाली भाषामा पनि भाषाको विकाससँगै हास्यव्यङ्ग्यको परम्परा विकास भएको अनुमान गर्न सकिन्छ । जहाँ विकृति र विसङ्गति हुन्छ, त्यहाँ हास्यव्यङ्ग्य साहित्यको विकास हुन्छ । यसका लागि नेपाली समाज र नेपालको परिस्थिति अत्यन्त अनुकूल रहिआएको छ । नेपाली ग्रामीण समाज हाँसो ठट्टा रमाइलो र व्यङ्ग्यविनोदमा रमाउने समाज हो । पहिले मनोरञ्जनको विकल्प भनेको नै त्यही थियो । ग्रामीण नरनारीहरू गाउँखाने कथा हाल्दा निकै रमाएर हाँस्छन् । विवाहका सिलोक, रत्यौली, तिजका गीत, रोपाइँ गीत, दाइँगीत आदिमा मनग्गे हास्यव्यङ्ग्य पाइन्छ । नेपाली लोकसाहित्यमा पाइने यस्ता ठट्टा, हास्य, घोचपेचका प्रसङ्ग आदिबाट नेपाली लोकसाहित्य सम्पन्न छ भन्ने बुझिन्छ । जात्रा-पर्व,

नाच-नचरी आदिबाट नेपालीको संस्कृति विनोदप्रिय रहेको प्रस्ट हुन्छ । नेपाली समाजमा गाईजात्रा पर्वलाई हास्यव्यङ्ग्य पर्वका रूपमा मनाइन्छ । यस पर्वमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्रशासनिक विषयवस्तुलाई आधार बनाएर प्रशस्त हास्यको साथमा व्यङ्ग्य प्रस्तुत गरिन्छ । यस्ता गाइजात्रा जस्ता पर्व अहिले आएर झन लोकप्रिय बनेका छन् । हाम्रा उच्च ओहोदामा आसीन व्यक्ति चरित्र र स्वभावलाई आधार बनाएर र समाजका विविध विषयलाई आधार बनाएर व्यङ्ग्य र हास्य प्रस्तुत गर्न छुट दिइएको पर्व गाइजात्रा लोकप्रिय हुनुले पनि हास्य व्यङ्ग्यको विकास क्रमिक रूपमा अघि बढिरहेको छ भन्न सकिन्छ । त्यस्तै विभिन्न पत्रपत्रिकामा प्रस्तुत कार्टुन चित्रमा पाठकको आँखा पहिला पुग्नुले पनि नेपाली समाजमा हास्यव्यङ्ग्य झन् लोकप्रिय बन्दै गएको पुष्टि हुन्छ ।

लोकसाहित्य र संस्कृतिको जगमा उभिएको नेपाली साहित्य हास्यव्यङ्ग्यका दृष्टिले पनि पछि छैन । पृथ्वीनारायण शाहकालीन सुवानन्द दासको **पृथ्वीनारायण** कविता शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब, तनहूँ भकुण्डो** राधाबल्लभ अर्यालको **साँढ्याका कवित्त**, गुमानी पन्तको **धन्य गोर्खाली राजा**, भानुभक्त आचार्यका **जागिर छैन, रोजरोज दर्शन पाउँछु,** आदि फुटकर कविताका माध्यमबाट नेपाली साहित्यको विकाससँगैसँगै नेपाली हास्यव्यङ्ग्य साहित्यको पनि थालनी र विकास पाइन्छ । सामाजिक विसङ्गति र धार्मिक आडम्बर उपर सन्त ज्ञान दिलदास प्रभृति सन्तकविले धारेहात लगाएका छन् । यसरी नेपाली साहित्यका प्राथमिक कालमा हास्यव्यङ्ग्य मौलाएकै थियो भन्न सकिन्छ । माध्यमिक कालको प्रारम्भसँगै शृङ्गारिक प्रवृत्ति विकास भयो । साहित्यमा शृङ्गारिकताले प्राथमिकता पाउन थालेकाले माध्यमिक काललाई शृङ्गारिक युग भन्न सकिन्छ । यस कालमा हास्यव्यङ्ग्य प्रचलन कम भयो । फेरि पनि छविकान्त शर्मा, मोतीराम भट्ट, देवीदत्त पराजुली, कृष्णलाल अधिकारी, चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त आदि कविले हास्यव्यङ्ग्यका दिशामा कलम चलाएको पाइन्छ ।

शम्भुप्रसाद ढुङ्गेलको **महिन्द्रमल्ली** (१९७५) प्रकाशित भयो । **महिन्द्रमल्ली** (१९७५) हास्यव्यङ्ग्य निबन्ध नभए पनि यसमा आत्मपरकता पाइन्छ । वि.सं. १९७७ मा कृष्णलाल अधिकारीको **मकैको खेती** प्रकाशित भयो । यसले व्यङ्ग्यको बाण छाड्यो र 'हामी आजका देशी कुकुरभन्दा विदेशी कुकुरको धेरै मान गर्दछौँ जस्ता व्यङ्ग्यले राणाशासक को त हुर्मत लियो नै, त्यसले गर्दा हास्यव्यङ्ग्य लेख्ने कविको पनि सातो गयो । 'मकैको खेती' साहित्येतर कृति भए पनि व्यङ्ग्यको क्षेत्रमा फड्को मार्न खोजेको पाइन्छ ।

वि.सं. १९९१ देखि **शारदा** पत्रिकाको प्रकाशन आरम्भ भयो । 'शारदा'ले हँसी दिल्लगी स्तम्भको सुरु गऱ्यो । सोही स्तम्भमा वि.सं. १९९१ मा नरेन्द्रमणि आदीको **संसार एक नाट्यशाला हो** र १९९२ मा प्रेमराज शर्माको **फलामे औँठी**, **भुँडे पण्डितजीको चिठी**, शिवलाल पण्डितको **वेदान्त विवादको मिसिल** पनि छापिए । यहीँबाट निबन्धात्मक रचनामा हास्यव्यङ्ग्यको प्रयोग हुन थाल्यो ।

यसरी हास्यव्यङ्ग्यलाई हेर्दा नेपाली साहित्यमा कविता विधामा प्रयोग भएको पाइन्छ । यसका अतिरिक्त गाउँखाने कथा लगायत यात्रा पर्व, नाच-नचरी गीत आदि प्रयोग भएको पाइन्छ । **शारदा** पत्रिकाको प्रकाशनको प्रारम्भसँगै हास्यव्यङ्ग्य निबन्धलेखनको परम्परा विकास भएको पाइन्छ । यसै ऐतिहासिक आधारमा नेपाली हास्यव्यङ्ग्य निबन्धको यात्रालाई कालविभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

## २.१०.१ हास्यव्यङ्ग्य निबन्धको काल विभाजन

नेपाली साहित्यमा कथा, कविता, प्रहसन, नाटक आदिमा हास्यव्यङ्ग्य प्रयोग भएको भए पनि नेपाली निबन्धमा हास्यव्यङ्ग्यको प्रयोग १९९१ को **शारदा** पत्रिकाको हँसी-दिल्लगी स्तम्भमा नरेन्द्रमणि आदीको **संसार एक नाट्यशाला हो** निबन्धबाट भएको हुनाले यसै ऐतिहासिक आधारमा नेपाली हास्यव्यङ्ग्य निबन्धलाई निम्नलिखित कालखण्डमा विभाजन गर्न सकिन्छ :-[४४]

क) प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९९० भन्दा अघि)

ख) विकासशील वा दोस्रो चरण (वि.सं. १९९१-२०१६)

ग) आधुनिक वा तेस्रो चरण (वि.सं. २०१७-हालसम्म)

### २.१०.१.१ प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९९० भन्दा अघि)

'शारदा' पत्रिकामा प्रकाशन हुनुभन्दा अघि नै नेपाली निबन्धमा हास्यव्यङ्ग्य शैली भित्रिइसकेको पाइन्छ । तत्कालीन निबन्धमा सामाजिक वेथिति र विसङ्गतिप्रति व्यङ्ग्य गर्ने प्रवृत्ति सुरु भएको पाइन्छ । वास्तवमा यो प्रवृत्ति हास्यव्यङ्ग्य निबन्धतर्फको प्रारम्भिक प्रयास हो । यस चरणमा हास्यव्यङ्ग्य निबन्धले स्पष्ट आकार लिन नसके पनि स्रष्टाहरूमा हास्यव्यङ्ग्यको अभिरुचि बढेको त्यसबेलाका पत्रपत्रिकामा प्रकाशित निबन्धले पुष्टि गर्छन् । देहरादुनबाट प्रकाशित **गोर्खा संसार** पत्रिकामा १९९० अघि नै केही रचनाहरूमा

[४४] प्रमोद प्रधान, *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क,** २०६४, जेठ, पृ. ६ ।

हास्यव्यङ्ग्यका केही आशलाग्दा झिल्काहरू देखिन्छन् । भारत राँचीका वेदनिधि शर्माको *जातीय रोगको अचूक औषधि* (१९८३) हास्यव्यङ्ग्यका दृष्टिले अति नै उल्लेखनीय रचना हो । समाजका अव्यवस्था र असङ्गत तत्त्वमाथि तीव्र प्रहार भएको प्रस्तुत निबन्ध निजात्मक अभिव्यक्तिको प्रदर्शन गर्न संस्कृति र विसङ्गतिको उछितो पार्न समर्थ भएर उभिएको छ ।[४५] वेदनिधि शर्माको प्रस्तुत निबन्धमा हास्यव्यङ्ग्य दुवैको प्रयोग भएको देखिन्छ । देहरादुन नाहानकी लेखिका विद्यावतीका **तरुणी औ तरुण कुन छन्न** र **उन्नतिका आवश्यक अङ्ग** शीर्षकको निबन्ध १९८६ मा गोर्खा संसारमा प्रकाशित निबन्ध हुन् । हास्यव्यङ्ग्य प्रयोगका दृष्टिले नेपाली साहित्यका महत्त्वपूर्ण प्रारम्भकालीन रचना हुन् । यी रचनाहरूमा हास्यव्यङ्ग्य स्तरीयता नभएको राजेन्द्र सुवेदीले उल्लेख गरेका छन् ।[४६]

यस चरणमा विशद अध्ययन र अनुसन्धान गरिएकामा **गोरखा पत्र, सुन्दरी, माधवी, चन्द्र, चन्द्रिका, जन्मभूमि** जस्ता पत्रपत्रिकाहरूमा पनि हास्यव्यङ्ग्यात्मक गद्य रचनाहरू प्राप्त हुने सम्भावना देखिन्छ । यो चरण हास्यव्यङ्ग्य निबन्ध लेखनको प्रारम्भिक चरण हो ।

## २.१०.१.२ विकसित वा दोस्रो चरण (वि.सं. १९९१-२०१६)

नेपाली साहित्यमा **शारदा** पत्रिकाको प्रकाशन वास्तवमै युगान्तकारी कदम थियो । साहित्यका विभिन्न विधामा जस्तै हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा पनि यस पत्रिकाले महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । यस चरणमा विभिन्न लेखकहरूले आफ्ना गद्यरचनाहरूमा हास्य र व्यङ्ग्यको प्रयोग गरी नेपाली निबन्धलाई एक विशिष्ट स्वरूप प्रदान गर्ने कार्यमा सघाउ पुऱ्याएका थिए । **शारदा** पत्रिकाले हँसीदिल्लगी शीर्षकको स्तम्भको व्यवस्था गरी हास्यव्यङ्ग्यको विकास र विस्तारमा विशेष ध्यान दिएको पाइन्छ ।

नेपाली हास्यव्यङ्ग्य निबन्धमा हास्यव्यङ्ग्यको सचेत प्रयोग र प्रायः सबै निबन्धकारहरूमा व्यङ्ग्य धर्मिता देखिन थाल्नु नै यस चरणको महत्त्वपूर्ण प्राप्ति हो । समाजमा विद्यमान विकृति र विसङ्गतिप्रति लेखकहरूमा देखिएको सचेतताको कारण त्यस्ता विकृति र मानवका कमीकमजोरी एवम् गलत प्रवृत्तिलाई व्यङ्ग्य गर्ने प्रवृत्तिको सुरुआत यस चरणको उपलब्धि मान्नुपर्छ । वास्तवमा यस चरणमा मात्रै नेपाली हास्यव्यङ्ग्यले गद्यमा स्पष्ट आकार र स्वरूप लिएको हो ।

---

[४५] राजेन्द्र सुवेदी, *हास्यव्यङ्ग्यको जगत्मा अशिष्टताको प्रधानता,* समालोचना, **गरिमा,** २०४१, पूर्णाङ्क २५, पृ. ६ ।

[४६] ऐजन ।

"पुगिसरी आउनेहरू पेट मिचिमिची हास्तछन् । भोकानाङ्गा, मरन्च्याँसे र खोपडी खोक्रिएकाहरू मुसुक्क हाँसेका पनि देखिँदैनन् । हास्नु हँसाउनु हरेक मान्छेको अधिकार हो भने त्यस किसिमका साहित्यिक कृतिहरू तयार गरिदिनु लेखकको कर्तव्य हो ।" भन्ने विचार राख्ने वासुदेव शर्मा लुईंटेल नेपाली हास्यव्यङ्ग्य लेखनका क्षेत्रमा बिर्सन नसकिने एक महत्त्वपूर्ण सर्जकको नाम हो ।[४७] भूतको भिनाजु, बाउँटे बाजे, धुपौरे काका, म, कवि, ताहचलको स्याल, टपरीनाथ, माउसुली, भूतपूर्व जुँगेदाइ, झाँक्री झंपाट, डेढ अक्कली, ढाडे विरालो, अढाइ अक्कली, एकतारे सीताराम, लम्फू, खत्री कान्छा, कुमारी शोभा, जम्बु मन्त्री लगायत थुप्रै उपनाधारी लुईंटेल, हाँस्न चाहँदाचाहँदै पनि हाँस्न नपाउने गरिब भोका र पीडितहरूका लागि हास्य रचना तयार गरिदिनु पर्ने विचारले उनका तल्लो तहका जनताप्रतिको जिम्मेवारी बोध प्रकट भएको देखिन्छ । सम्भवत त्यही जिम्मेवारी पूरा गर्ने क्रममा उनले हास्यव्यङ्ग्य लेखनका अतिरिक्त प्रकाशन र प्रोत्साहनका कार्यहरू पनि सक्रियता र समर्पणका साथ गरेका छन् । उनले स्थापना गरेका कौवा प्रकाशन र रु एक लाख एघार हजारको वासुदेव लुईंटेल पुरस्कारलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

२००७ साल अघिको जहाँनियाँ राणाशासन कालका बेलामा हास्यव्यङ्ग्य लेखनका लागि चाहिने मुक्त एवम् स्वतन्त्र वातावरणको अभाव भए पनि निर्भिकता र साहसका साथ उनले कलम चलाए त्यसको ऐतिहासिक महत्त्व छ । उनले आफ्ना हास्यव्यङ्ग्य निबन्धहरूका माध्यमबाट नेपाली समाजमा व्याप्त अन्धविश्वास र अन्ध परम्परा रुढी मान्यता र विकृतिजन्य व्यवहारलाई कठोर प्रहार गरेका छन् । उनी नेपाली समाजका विभिन्न वर्गका कुचरित्रलाई निबन्धबाट उछितो काढ्न ढिलो नगर्ने स्रष्टा हुन् । २००७ सालपछि पनि विभिन्न पत्रपत्रिकाका माध्यमबाट योगदान पुऱ्याएका देखिन्छन् । 'चिठी चपेटा' (२०२२), 'काकाका कुरा' (२०४६), 'व्यक्तिगत चिठी' (२०५२), 'सोहरसाहर' (२०५६), 'पुछपाछ' (२०६१) जस्ता हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह लुईंटेलका विभिन्न नामबाट प्रकाशित भएका मुख्य कृतिहरू हुन् । यी सङ्ग्रहका शीर्षकबाट पनि उनको हास्यव्यङ्ग्यप्रिय व्यक्तित्वको झलक पाइन्छ ।

नेपाली साहित्यमा उपन्यासकारका रूपमा परिचित लीलाध्वज थापा हास्यव्यङ्ग्य निबन्ध क्षेत्रका प्रारम्भिककालीन स्रष्टा हुन् । उनको एकमात्र निबन्ध दाह्री २००८ सालमा

[४७] प्रमोद, प्रधान, *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क,** पूर्ववत्, पृ. ७ ।

प्रकाशित करिब ४० पृष्ठको निबन्ध हो । एउटा मात्र हास्यव्यङ्ग्य निबन्ध लेख्ने उनको यो कृति सम्भवत नेपाली साहित्यको सबैभन्दा लामो निबन्ध हो । यो निबन्ध नेपाली साहित्यका नाट्यसम्राट बालकृष्ण समलाई व्यङ्ग्य गरी लेखिएको निबन्ध हो भनी रामलाल अधिकारीले बताएका छन् ।[४८] यस निबन्धबाट व्यक्तिगत रूपमा सङ्केत गर्दै व्यङ्ग्य गर्ने प्रवृत्ति विकास भएको पाइन्छ ।

वि.सं. २०११ सलमा रामकृष्ण शर्माको सम्पादनमा सप्तकोशी निबन्धसङ्ग्रह प्रकाशन गरी नेपाली हास्यव्यङ्ग्यको क्षेत्रमा देखिएका अच्छाराई रसिक मूलतः हास्य र व्यङ्ग्यको दोसाँधबाट मार्ग पहिल्याउँदै पाठकका मन र मस्तिष्कका मर्मान्तक प्रहार गर्छन् । उनी आर्थिक दृष्टिले कमजोर वर्गका भएकाले जीवनसङ्ग्राममा कलिलै उमेरदेखि होमिन परेको तथ्य उनका रचनामा प्रतिबिम्बित भएको छ । राजनीतिक एवम् सामाजिक चेतनाबाट समेत उत्प्रेरित हुनाले उनका रचनाहरूमा त्यसको चर्चा परिचर्चा र निबन्धन हुनु अस्वभाविक लाग्दैन । परम्पराप्रति विद्रोहको स्वर उराल्ने रसिकका निबन्धमा तार्किकता पनि उत्तिकै पाइन्छ । जातिगत सामाजिक रुढी र कुरीतिप्रति व्यङ्ग्य गर्दै त्यसको निराकरणका लागि पुऱ्याइएको रचनात्मक दृष्टिचेत, वर्गीय चेतना, जीवनको सशक्त एवम् यथार्थ चित्रण उनका निजात्मक निबन्धका महत्त्वपूर्ण विशेषताका रूपमा देखिन्छन् ।

वि.सं. १९९१ पछि **शारदा**मा प्रकाशित रचनाहरूमा नरेन्द्रमणिको *संसार एक नाट्यशाला हो* १९९२ मा **शारदा** मै सिल्वाल पण्डितको **वेदान्त विवादको मिसिल**, प्रेमराज शर्माको **भुँडे पण्डितजीको चिठी**, बोधविक्रम अधिकारीको **कवितामातासँग मेरो गन्थन** जस्ता रचनाहरूले हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् । ईश्वर बरालका अनुसार बोधविक्रम अधिकारीको विनोदी स्वभाव भएकाले उनका निबन्धमा माथिमाथि बडो सारल्य देखिन्छ तर भित्रभित्र लाक्षणिकताको आधिक्यता ।[४९]

यस चरणमा हरिनाथ खनालका **शारदा**मा प्रकाशित केही निबन्धमा पनि हास्य रसको प्रयोग भएको छ । उनका सम्प्रेषण शैली ठट्यौली किसिमको भएको बरालको भनाइ पाइन्छ ।[५०] नेपाली निबन्धका महत्त्वपूर्ण दुई व्यक्तित्व लक्ष्मीप्रसाद र हृदयचन्द्रसिंह प्रधानले पनि यस चरणमा आफ्ना केही निबन्धमा व्यङ्ग्य वाणको प्रयोग गरेका छन् । देवकोटाको *कविराजको च्याङ्ग्रे खच्चर* (२००२) र हृदयचन्द्रसिंह प्रधानको *जुँगा* (२००९) लाई यसको

---

[४८] प्रमोद,, प्रधान, *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क,** पूर्ववत्, पृ. ७ ।
[४९] प्रमोद,, प्रधान, *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क,** पूर्ववत्, पृ. ८ ।
[५०] ऐजन ।

उदाहरणका रूपमा लिन सकिन्छ । नेपाली समाजका विकृतिलाई सजीवतापूर्वक व्यङ्ग्य गर्ने देवकोटाका निबन्धमा हास्यपक्ष भने कमैमात्र फस्टाएको छ । कविराजको च्याङ्ग्रे खच्चरमा भने हास्य र व्यङ्ग्य दुवै पक्षलाई सन्तुलित ढङ्गले उकास्ने काम भएको पाइन्छ । प्रकृतिका विविध पक्षलाई जीवनको प्रेरक तत्त्व स्विकार्ने देवकोटा वर्तमानका सङ्कीर्णतालाई लिएर जीवनकै समष्टिमाथि टिप्पणी गरेका छन् ।

यसै चरणमा राजनैतिक व्यङ्ग्य पनि लेखिन थाल्छ । नारायणप्रसाद भट्टराईको *हावावाजी* (युगवाणी २००४) र गणेशमान सिंहको *श्री ३ मोहन प्रभुको स्वर्गारोहण* (नेपाल पुकार-२००७) निबन्धले तत्कालीन नेपाली राजनीतिप्रतिको व्यङ्ग्य वाण प्रहार गरेको तथ्य पुष्टि गर्छ । निबन्ध लेखनमा निरन्तरता दिन नसके पनि गुरूप्रसाद मैनालीले *सबभन्दा बलियो* (भारती-२००९) शीर्षकमा निबन्ध लेखेर हास्यव्यङ्ग्य तर्फ रुचि देखाएको पाइन्छ । उनको २०२५ मा **प्रहरी** पत्रिकामा साढे समस्या शीर्षकको निबन्ध प्रकाशित भएको पाइन्छ । यसै चरणमा **गोर्खा** पत्रिका मार्फत दार्जिलिङमा तिलक राई र प्रेम थापा जस्ता निबन्धकार हास्य व्यङ्ग्यका साथ सक्रिय रहेको पाइन्छ ।

यस चरणका हास्यव्यङ्ग्य निबन्धमा कृष्णप्रसाद चापागाईको *रसभरिको चमचम* (२००८) मुरलीधरको **सोते थापा एन्ड लवर पाण्डे र पुङमाङ पुरोहित** (२०१०) जस्ता हास्य व्यङ्ग्य निबन्धकार र निबन्धहरू देखिन्छन् । यसै चरणमा पूर्णप्रसाद ब्राह्मण, श्यामदास वैष्णव लगायतका निबन्धकार सामाजिक र मानवीय समस्याप्रति हास्यव्यङ्ग्य सिर्जनामा सक्रिय रहेको पाइन्छ ।

### २.१०.१.३ आधुनिक काल वा तेस्रो चरण (वि.सं. २०१७-हालसम्म)

नेपाली हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा आधुनिकतालाई प्रवेश गराउने र त्यसलाई मलजल दिएर आजको स्थितिसम्म पुऱ्याउने केशवराज पिँडालीको महत्त्वपूर्ण योगदान देखिन्छ । **शारदा** लगायतका पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित हुँदै आएका आफ्ना पूर्ववर्ती निबन्धकारहरूले निबन्धमा हास्यव्यङ्ग्यको प्रयोग गरेभन्दा भिन्दै शैलीमा उनले हास्यव्यङ्ग्य निबन्धको रचना गरे । विशेष गरेर २००७ सालको क्रान्तिले उघारेको स्वतन्त्रताको दैलोले नेपाली समाज उन्मुक्त हुनु स्वाभाविक थियो । त्यही स्वतन्त्रताको उपभोग गर्दै र तत्कालीन विभिन्न क्षेत्रका विकृति विसङ्गतिलाई परिष्कार गर्नु पर्ने चेतनाबाट अभिप्रेरित हुँदै यस क्षेत्रमा कतिपय लेखकहरू सक्रिय र समर्पित भएको देखिन्छ ।

तीमध्ये पिँडाली पनि एक थिए । उनका फुटकर हास्यव्यङ्ग्य निबन्ध **शारदा** पत्रिकामा प्रकाशित भएका देखिए पनि २०१७ सालमा **खै खै** हास्यव्यङ्ग्य निबन्ध कृति प्रकाशित भएपछि यस क्षेत्रले विशिष्ट स्वरूप लिएको तथ्यलाई स्विकार्नु पर्छ । नेपाली हास्यव्यङ्ग्य साहित्य विशेषतः कविता विधामा फस्टाउँदै गरेको स्थिति रहेकोमा यस चरणमा आएपछि निबन्धतिर प्रभावशाली ढङ्गमा विकास र विस्तार हुँदै गएको देखिन्छ ।

वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनले लेखकीय स्वतन्त्रतालाई बाधा पुऱ्याए पनि लेखकहरूले आफ्ना अभिव्यक्ति र विचारहरूलाई शब्दका माध्यमले पोख्ने कामलाई भने छोडेनन् । यसै क्रममा हास्यव्यङ्ग्य निबन्ध पनि यस समयमा अत्यन्त उर्वर र प्रभावपूर्ण रूपमा विकसित हुँदै गएको देखिन्छ । यस चरणमा नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा धेरै उत्कृष्ट एवम् महत्त्वपूर्ण कृतिहरू प्रकाशित भए । वास्तवमा नेपाली हास्यव्यङ्ग्य निबन्धका फाँटमा मात्र नभई समग्र हास्यव्यङ्ग्यकै विकासमा यो अवधिलाई अत्यन्त उल्लेखनीय मान्नुपर्छ । सीमित लेखक र सामान्य हास्यव्यङ्ग्य लेखनको स्थितिबाट यस अवधिको प्रारम्भसँगै नेपाली हास्यव्यङ्ग्य निबन्धले एउटा फराकिलो मार्ग पहिल्याउनुका साथै विषयगत र शैलीगत विविधतासहित अघि बढ्ने अवसर पाएको देखिन्छ । यसै समयमा हास्यव्यङ्ग्यसम्बन्धी कार्यक्रम र गोष्ठीहरूको आयोजना, पत्रपत्रिकामा हास्यव्यङ्ग्य स्तम्भहरूको व्यवस्था, हास्यव्यङ्ग्य कृति प्रकाशन गर्ने मौका, प्रकाशनको स्थापना, गाईजात्राको अवसरमा पत्रपत्रिकाहरूले गाईजात्रा विशेषाङ्कहरू निकाल्ने प्रचलनको शुरुवात र तत्कालीन ने.रा.प्र. प्रतिष्ठानबाट गाईजात्रा महोत्सवको आयोजना गर्ने परम्पराको थालनी जस्ता कार्यले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखनलाई प्रभाव पारेको स्विकार्नु पर्छ । लेखक एवम् पाठकहरूको हास्यव्यङ्ग्यप्रतिको बढ्दो अभिरुचिको फलस्वरूप यस चरणमा हास्यव्यङ्ग्य पत्रपत्रिकाहरू पनि प्रकाशन हुन थालेको पाइन्छ ।

सुरुमा 'गुण्ठे र चरी' शीर्षकको कथाबाट साहित्यमा प्रवेश गरेका केशवराज पिँडालीका **खै खै** (२०१६), **फेरि उल्टै मिल्यो** (२०३२), **व्यङ्ग्यै व्यङ्ग्य** (२०४६) र **प्रशन्न हुनुहोस्** (२०५२) जस्ता हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह कृतिहरू प्रकाशित भएका छन् । निबन्धहरूका माध्यमबाट पिँडाली सामाजिक विकृति र विषमताहरूलाई विविधखाले व्यक्तिका चरित्र र प्रकृतिहरूलाई र विकास निर्माणका नाममा देखिएका वेथितिहरूलाई पनि उदाङ्गो बनाइदिएका छन् । उनका **खै खै** निबन्धले त व्यक्तिको चरित्र र प्रवृत्तिमाथि कटाक्ष गरेको पाइन्छ । *चन्द्रज्योति* निबन्धमा विकास निर्माणका नाममा भएका कार्यहरूप्रति औँला ठड्याइएको छ । पक्षपातपूर्ण व्यवहार, अदूरदर्शी नीति र स्वार्थी प्रवृत्तिको भण्डाफोर पनि

उनका निबन्धमा पाइन्छ । केबल राजनीतिक व्यङ्ग्य मात्र नगरी सामान्य र सर्वसाधारणको जीवनसँग नजिकका विषयहरूमा पनि पिंडालीले हास्यव्यङ्ग्य रचना गरेको देखिन्छ ।

वास्तवमा केशवराज पिँडाली नेपाली हास्यव्यङ्ग्य निबन्धलाई आधुनिक स्वरूपमा ढाल्ने प्रथम व्यक्ति हुन् । उनको आगमन अघि नेपाली हास्यव्यङ्ग्य निबन्ध सामान्य विषयमा लेखिने गरेको र त्यसले साहित्यिक मूल्य र मान्यता नपाएको देखिन्छ । उनको आगमनसँगै नेपाली हास्यव्यङ्ग्यमा कथ्यको महत्त्वपूर्ण उपस्थिति, शैलीगत वैचित्र्यता, हास्य र व्यङ्ग्यको सन्तुलनसँगै व्यङ्ग्यका सूक्ष्म विभेदहरूको प्रयोग हुन थाल्नुलाई महत्त्वपूर्ण मान्नुपर्छ । साथसाथै उनका निबन्धहरूले बाहिर जतिसुकै हँसाए पनि तिनमा निहित मार्मिक व्यङ्ग्ले भित्रभित्रै पाठकलाई तीव्र रूपमा प्रभाव पारिरहेको हुन्छ । उनी अघिका निबन्धमा यस प्रकारका विशेषता देखिँदैनन् ।

वि.सं. २०१३/१४ तिर पहिलो पटक हास्यव्यङ्ग्य **खोलापारिको पुरेतबाजे** प्रकाशित गरी हास्यव्यङ्ग्य लेखन सुरु गरेका भैरव अर्याल कहिल्यै पछाडि फर्केर नहेरी जीवन-पर्यन्त हास्यव्यङ्ग्य क्षेत्रमा साधनारत रहे । उनका **काउकुती** (२०१९), **जयभुँडी** (२०२२), **गलबन्दी** (२०२६), **इति श्री** (२०२८), **दश औतार** (२०३३) उनका प्रकाशित हास्यव्यङ्ग्य निबन्ध कृति हुन् । उनका पत्रपत्रिकामा छरिएका हास्यव्यङ्ग्य निबन्धहरूको सङ्ग्रह विष्णु प्रभातको सम्पादनमा *टेढो ऐना* शीर्षकमा २०६३ मा छापिएको छ । उनले अलवरभैया, भारवि, विष्णु शर्मा, बकमफुस शर्मा आदि उपनामबाट पनि हास्यव्यङ्ग्य निबन्ध लेखेको पाइन्छ ।

उनका निबन्धहरूले मानिसका चारित्रिक कमजोरी, ठूलाबडा भनाउँदाहरूको भित्री चरित्र र भोलिभोलि भनेर काम नगरीदिने कारिन्दे  प्रवृत्तिलाई हास्यात्मक ढंगले प्रस्तुत गर्दै व्यङ्ग्य गरेको पाइन्छ । आफ्ना स्वधर्मी साहित्यकारहरूको प्रवृत्ति, भाषामा देखिएको बहुरूपी प्रवृत्तिको झाँको झार्ने काम पनि उनका निबन्धमा भएको पाइन्छ । त्यस्तै धन कमाउने उद्देश्यले लाहुरे बन्न जाने र सबै गुमाएर फर्कने स्थितिको चित्रण पनि उनका निबन्धमा पाइन्छ । २०१७ साल अघिका नेताहरूको चरित्र उद्घाटन गर्दै उनीहरूको दल परिवर्तन गर्ने प्रवृत्तिप्रति पनि कडा व्यङ्ग्य प्रस्तुत गर्न पनि अर्याल चुकेका छैनन् । मानिस मानवीय मूल्य र मान्यतामा क्रमशः ओरालो लागिरहेको वास्तविकतालाई उनले निबन्धमा प्रस्ट्याएका छन् । भविष्यमा सिर्जना हुन सक्ने समस्यातर्फ सबैको ध्यानाकर्षण गर्ने प्रयास गर्दै आफ्नो कल्पनाशक्तिको अनुपम उदाहरण *चन्द्रलोक कसको, ब्रह्माजीको प्रयोगशालबाट* र *अमरावती कान्तिपुरी नगरी* हास्यव्यङ्ग्य निबन्धमा प्रस्तुत गरेका छन् ।

राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सन्दर्भहरूलाई पनि आफ्ना निबन्ध क्षेत्रभित्र पार्दै सूक्ष्म भन्दा पनि सूक्ष्मतम कुरालाई निबन्धको विषय बनाएर त्यसैको वरिपरि आफ्ना सिर्जना सीपलाई केन्द्रित गरिरहेको पाइन्छ । उनका निबन्धमा उनको प्रवाहपूर्ण अनुभूति र सौन्दर्यपूर्ण भाषिक शिल्प दुवैलाई सुन्दर ढङ्गले प्रस्तुत गर्छन् । मानिसको कृत्रिम विर्सने बानीलाई पनि उनका निबन्धमा तिखो व्यङ्ग्य पाइन्छ । लेखकका विकृतिजन्य व्यवहार र प्रवृत्तिप्रति पनि उनी व्यङ्ग्य गर्न छोड्दैनन् । देश समाज र गाउँ र घरघरमा बढिरहेको विकृतिबाट वाक्कदिक्क भएका अर्याल आफ्ना असन्तोष र पीडा व्यक्त गर्न पनि पछि पर्दैनन् ।

नेपाली हास्यव्यङ्ग्य निबन्ध फाँटका अद्वितीय प्रतिमा अर्यालका निबन्धहरूले विषय रोज्ने चातुर्थ, विषयलाई प्रस्तुत गर्ने विशिष्टता, निजात्मक अनुभूतिसँगैका विचार र समाजमा विद्यमान विकृति विसङ्गतिलाई हेर्ने उनको दृष्टिकोणलाई एकसाथ अभिव्यक्त गरेका छन् । व्यक्तिभन्दा प्रवृत्तिलाई व्यङ्ग्य गर्ने उनको शिष्ट निबन्धशैली अनुपम रहेको छ । व्यङ्ग्य र आक्रोश व्यक्त गर्न कडा भाषाको आवश्यकता पर्दैन शिष्ट र सरल शब्दहरूको प्रयोगद्वारा नै गर्न सकिन्छ भन्ने तथ्यको उदाहरण पनि उनका हास्यव्यङ्ग्यात्मक निबन्धहरू हुन भन्न सकिन्छ ।

नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा २०१७ सालतिरै देखा पर्ने श्रीधर खनाल नेपाली हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चर्चित छन् । **नमरी संसार देखिन्न र अरू दश निबन्ध** २०२० मा छापिए पनि दोस्रो संस्करणमा **नमरी स्वर्ग देखिन्न** राखिएको छ । सानो विषयबाट सुरु भएको उनको निबन्ध क्रमशः मानव र समाजको गहन अध्ययन गर्दै अघि बढ्छन् र तिनका अन्तरकुनामा पसेर व्यङ्ग्यका माध्यमबाट सचेत गराउँछन् । उनका निबन्ध प्रायः विवरणात्मक भए पनि संस्मरण कथांश र अनुभूतिहरूको समिश्रणबाट एउटा बेग्लै मिठास दिने प्रयास ती निबन्धमा देखिन्छ । श्रीधर खनालले बालमुकुन्ददेव पाण्डेसँग मिलेर **उल्लीबिल्ली** (२०३१) निबन्ध सङ्ग्रह पनि लेखेका छन् ।

विभिन्न विधामा कलम चलाउने विष्णु नवीन हास्यव्यङ्ग्यका क्षेत्रमा बढी मुखरित भएका छन् । उनी एकातिर समाजका विद्यमान विकृति र विसङ्गतिबाट आक्रोशित देखिन्थे भने अर्कातिर आफूले भोग्नुपरेका अपमानजनक स्थिति परिस्थिति एवम् पारिवारिक रूपमा भोग्नुपरेका आर्थिक समस्याबाट पनि आक्रान्त थिए । यिनै सन्दर्भ र परिप्रेक्ष्यमा उनको हास्यव्यङ्ग्य निबन्धकारको व्यक्तित्व निर्माण भएको देखिन्छ । उनका हास्यव्यङ्ग्य निबन्धका दुई कृति *श्रीमतीसित एक दिन* (२०२२) र *छातीमा नआँटेका कुरा* (२०२९) मा पनि यिनै

सन्दर्भ र परिप्रेक्ष्यमा लेखिएका विभिन्न निबन्धहरू सङ्गृहीत छन् । उनका निबन्धहरूले सामाजिक सन्दर्भहरूलाई विशेषगरी आफ्नो विषय बनाएको भए पनि तिनमा तत्कालीन समाजको चित्रण बाहेक पनि धेरै कुरा पाउन सकिन्छ । वास्तवमा उनका निबन्धका विषयवस्तु भत्किदै गएको सामाजिक संरचनाभित्रको चरित्रहीन र स्वार्थी मानिस नै हुन् । मानवीय दुष्प्रवृत्तिहरूलाई आफ्ना निबन्ध मार्फत कडा व्यङ्ग्य गर्ने क्षमता उनमा देखिन्छ । उनका निबन्ध हास्यभन्दा व्यङ्ग्यचेत प्रखर पाइन्छ । तर लेखक जीवनका उत्तरार्धतिर उनका धेरै रचनामा भने यौन विकृतिका खुला चित्रण पाइन्छन् ।

वि.सं. २०१८ मा *म अग्लो भएँ* शीर्षकको निबन्ध छापेर हास्यव्यङ्ग्यको क्षेत्रमा उत्रिएका रामकुमार पाँडे आफ्ना हास्य व्यङ्ग्य निबन्धलाई पाँडेपुराण भन्न रुचाउँछन् । करिब पचासवटा उपनामधारी रामकुमार पाँडे हास्यव्यङ्ग्यको क्षेत्रमा सर्वाधिक पुस्तक लेख्ने स्रष्टा हुन् । **ख्यालख्याल** (२०२३), **सञ्चै छ ?** (२०२५), **खप्पर !** (२०२६), **मोज गर्नुस्** (२०२७), **बाह्र मज्जा** (२०३०), **बाबुको बिहे** (२०३३), **सिङ न पुच्छर** (२०३६), **रसरङ्ग** (२०४२), **तालवेताल** (२०४९), **१०१ हास्यव्यङ्ग्य** (२०५०)**, व्यङ्ग्यको बम** (२०५२), **पुराण** (२०५५), **छेडपेच** (२०५२), **छिल्लगी** (२०५२), **ठट्टा रमाइलो** (२०५२), **गधा बोल्ने काम** (२०५२), **रामरमिता** (२०५२) जस्ता हास्यव्यङ्ग्य निबन्धकृति पाण्डेका प्रकाशित भइसकेका छन् । शाब्दिक अनुप्रासका साथै उखान टुक्काहरूको मीठो प्रयोग पाइन्छ । सर्वसाधारणले बुझ्न रसिलो र चखिलो भाषाको प्रयोग भएको देखिन्छ । हास्यव्यङ्ग्य लेखन, यसको प्रवर्द्धन र नवोदितहरूलाई प्रोत्साहन गर्ने लगायतका कामहरूमा महत्त्वपूर्ण योगदान दिदै आएका उनी हास्यव्यङ्ग्य समाज नेपाल (हासने) का अध्यक्ष पनि हुन् । उनले प्रत्येक वर्ष कुकुर तिहारका दिन आलु पार्टीको आयोजना गर्ने गरेको प्रसङ्गले पनि उनको व्यङ्ग्यकारितालाई थप पुष्टि गर्दछ ।

हास्यव्यङ्ग्यका क्षेत्रमा घटोत्कच शर्माका नामले चिनिने बालमुकुन्ददेव पाण्डेले **दमाहा** (२०२४) हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । नेपाली जनजीवनका कमी कमजोरीलाई विषय बनाई मानवीय कमजोरीको चित्रण र चर्चाद्वारा उनले मानिसलाई सच्चरित्र, नैतिकवान र इमानदार वन्न प्रेरित गरेका छन् । नेपाली राजनीतिमा देखिएको सत्ता उन्माद, संस्कृतिमा देखापरेका पाश्चात्य प्रभाव र साहित्यमा देखिएका भद्रगोल प्रवृत्ति पनि उनका निबन्धका विषय बनेका छन् । व्यङ्ग्य त उनको मूल स्वर नै रहेको छ । उनी चलनचल्तीका सामान्य भाषाको प्रयोग गरेर आफ्ना निबन्धमा हास्यव्यङ्ग्यका लागि

वातावरण सिर्जना गर्छन् । श्रीधर खनालसँग मिलेर उनले **उल्लीबिल्ली** (२०३१) हास्यव्यङ्ग्यकृति प्रकाशित गरेका छन् ।

श्याम गोतामेको **मपाइँ** (२०२६), **जदौ** (२०२७), **कायेनवाचा** (२०३४), श्याम गोतामेका **प्रतिनिधि हास्यव्यङ्ग्य** (२०४६) प्रकाशित निबन्ध सङ्ग्रहहरू देखिन्छन् । विषयवस्तु चयनमा तीक्ष्णता, विषयवस्तुलाई प्रस्तुत गर्ने मनोरम शिल्प, सरल र सहज भाषा एवं प्रखर आलोचनात्मक दृष्टिचेतको प्रकट उनका निबन्धमा पाइन्छ । त्यसैगरी सूर्यबहादुर पिवाको **मास्टरसाहेव** (२०३५), **घुयँत्रो** (२०५५), **झटारो** (२०५५) र **जिउँदो मान्छेको फेला** (२०६१) निबन्धसङ्ग्रह मार्फत उनले नेपाली जीवनका विविध क्षेत्रमा विद्यमान अनेकानेक कमीकमजोरी एवम् विसङ्गत पक्षलाई सम्बन्धित क्षेत्रमा पुऱ्याउने प्रचेष्टा गरेका छन् ।

लोकेन्द्रबहादुर चन्दको साहित्यिक व्यक्तित्वको मूलपाटो हास्यव्यङ्ग्य निबन्ध रहेको छ । उनको **बाह्रौं खेलाडी** (२०३५) एकमात्र हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह हो । यस मार्फत उनले घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुतिसँगै प्रेमको सुरुआत विकास र चरमोत्कर्षलाई व्यङ्ग्यात्मक शैलीमा संयोजन गरेका छन् । उनका निबन्धमा पश्चिमेली भाषिकाको प्रभाव पनि देखिन्छ । त्यसैगरी हरि वन्दीको **आफ्नो-आफ्नो महाभारत** (२०३५), **उल्टोपट्टि** (२०४५), विश्व शाक्यका **कृष्ण उवाच** (२०३८), **कस्तो गधा रहेछ** (२०५०), **श्री पशुमहापुराण** (२०५७) जस्ता हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । त्यसैगरी मोरासका नामबाट हास्यव्यङ्ग्य निबन्ध लेख्ने मोहनराज शर्माका **मिस्टर झप्पुसिंह डबल एम.ए.** (२०३८) र **पुछ्रको पातो** (२०४०) प्रकाशित भएका छन् ।

नरेन्द्रराज पाण्डेको **घरभित्रको गाइजात्रा** (२०४१), **बिहेको निम्तो** (२०४४), **मङ्की स्टेट याने वानर राज्य** (२०५१) देखिन्छन् भने मुकुन्द आचार्यका **नेताका रूपलाई चुरोटको धूप** (२०४२), **पठ्ठो बन्ने रहरमा** (२०४६) जस्ता हास्यव्यङ्ग्य निबन्धमार्फत समसामयिक विषमता र विरोधाभाषहरूको चिरफार गर्ने प्रयास गरेको पाइन्छ । **म त अप्रिल फुल भएछु** (२०४२) मार्फत हास्यव्यङ्ग्य क्षेत्रमा चोलेश्वर शर्मा भुल्केका छन् । त्यसैगरी नेपाली साहित्यमा सशक्त व्यङ्ग्य निबन्धकारका रूपमा देखिएका विमल निभा राजनीतिक विषयमा केन्द्रित देखिन्छन् । उनको **चौथो कालम** (२०४६), **छेउको बधशाला** (२०६१) जस्ता निबन्धसङ्ग्रहमार्फत तार्किक प्राधान्य, सामान्य विषयको भावपूर्ण प्रस्तुति, समकालीन जीवन र चरित्रको त्रासद चित्रण एवं मौलिक अभिव्यक्ति सीप निबन्धका विशेषता हुन् ।

खगेन्द्र संग्रौलाका **जनआन्दोलनका छर्राहरू** (२०४६), **सङ्कटकालमा कुन्साङ्काका** (२०५९), **घोडा ईश्वर र मेरा बा** (२०६०) लगायतका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । २०४६ सालको जनआन्दोलनताकाका राजनीतिक घटनाचक्रसँग सम्बन्धित र तत्कालीन राजनीतिक व्यवस्थाका विरुद्ध क्रान्तिकारी स्वर उराल्ने निबन्धकार हुन् खगेन्द्र सङ्ग्रौला । त्यस्तै प्रबल व्यङ्ग्य चेत भएका रुद्र खरेलका **तपाईको नाम के हो ?** (२०४८), **तोरी लाहुरे चोकमा एकछिन** (२०५२), **बिर्सिस्यो कि ?** (२०५७), **आषाढस्य प्रथम दिवसे** (२०५९) र **तेस्रो आँखा** (२०६१) जस्ता पाँचवटा निबन्धसङ्ग्रहले उनलाई यथार्थ र प्रगतिवादी चेत भएका चोटिलो व्यङ्ग्य निबन्धकार भएको प्रमाणित गरेका छन् ।

प्रकाश प्रेमीको **पर जा तन्त्र** (२०५०) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएको छ भने विष्णु प्रभातका **खुर्सानी पुराण** (२०५१), **खुच्चिङ** (२०५३), **खुलैखुलाका कुरा** (२०५६), **खुल्दुली** (२०५८), **खुसखुस कम्पनी** (२०५९) र **खुराक** (२०५९) 'ख' वर्णबाट नाम जुराएका ६ वटा हास्यव्यङ्ग्य निबन्ध कृति प्रकाशित भएका छन् । त्यसैगरी नरनाथ लुईटेलका **छेपन** (२०५१), **सिङ न पुच्छर** (२०५३), **चम्चा चिन्तन** (२०५५) र **बाँदरको हातमा नरिवल** (२०६०) जस्ता निबन्धसङ्ग्रहमा व्यङ्ग्यको प्रभावकारी संयोजन पाइन्छ । उत्तमकृष्ण मजगैयाँका **धरोधर्म हजुर** (२०५४), **गृहलक्ष्मी भित्र्याएपछि** (२०५४) र **सुनको फुलपार्ने पोथी** (२०५४) प्रकाशित हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह छन् । भाउपन्थीको *चोर ! चोर* शीर्षकमा हास्य व्यङ्ग्यात्मक निबन्ध प्रकाशित भएको छ । मुन पौडेलका **सफलताका तीन मन्त्र** (२०५५), **बुद्धिजीवी र पुच्छर** (२०५८) प्रकाशित निबन्ध कृति हुन् ।

चट्याङ् मास्टरका नामले प्रसिद्ध कृष्णमुरारि गौतमको समसामयिक स्थितिप्रति तीक्ष्ण प्रहार गर्दै **चट्याङगीता** (भाग १, भाग २) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएको छ । चट्टयाङगीता उनका व्यङ्ग्यात्मक निबन्धका सङ्कलनको रूपमा पाठक माझ आएको पाइन्छ ।

नरेन्द्र लामाको **सांसदको पाडो** (२०५८) र **कुखुरीको दूध** (२०६०) जस्ता निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ । त्यसैगरी मनोज गजुरेलका समाज र समयका विद्रुप, विषमतालाई आफ्ना निबन्ध मार्फत अभिव्यक्ति दिने मनोज गजुरेलको महत्त्वपूर्ण सक्रियता हास्यव्यङ्ग्य क्षेत्रमा रहिआएको छ । उनका **खुलास्त** (२०५८) र **हनुम्यान** (२०५९) जस्ता हास्यव्यङ्ग्यात्मक कृति प्रकाशित भएका छन् । विवश पोखरेलका **साँढेको दाई** (२०६२) विभिन्न पत्रिकामा छापिएका निबन्ध कृतिहरूको सँगालो हो । त्यसैगरी **बाउको बिहे** (२०६२) हास्यव्यङ्ग्यात्मक, निबन्धसङ्ग्रहमार्फत षडानन्द पौड्याल पनि निबन्ध

लेखनमा देखा पर्छन् । उखान टुक्काको प्रयोग गर्ने आलङ्कारिक सरल भाषा, टुक्के आख्यान र आख्यान चूर्णको प्रयोग गरी परिवेशको व्यापकता, निजात्मकता, आत्मपरकता संस्मरणात्मकता नवीन बिम्बको प्रयोग जस्ता विशेषता पौड्यालका निबन्धमा पाइन्छन् ।

यसरी नेपाली हास्यव्यङ्ग्य निबन्धले विभिन्न चरण पार गर्दै उन्नत अवस्थामा आइपुगेको छ । यहाँसम्म आइपुग्नुमा नेपाली साहित्यका हास्यव्यङ्ग्य निबन्धकारको महत्त्वपूर्ण योगदान रहेको छ ।

## २.११ निष्कर्ष

नेपाली साहित्यमा हास्यव्यङ्ग्यको प्रयोग वि.सं. १९९० पूर्व साहित्यका विभिन्न विधामा प्रयोग भइआएको पाइन्छ । हालसम्म पनि निबन्धबाहेकका विधामा (कथा, कविता, नाटक) मा प्रयोग भइरहेको पाइन्छ । तर गद्यमा निबन्ध विधामा हास्यव्यङ्ग्यको प्रयोग **शारदा** पत्रिकाको हँसीदिल्लगी स्तम्भमार्फत सुरु भएको भनिन्छ । **शारदा** पत्रिकालाई ऐतिहासिक आधार मान्दा नेपाली हास्यव्यङ्ग्य निबन्धलाई तीन चरणमा विभाजन गर्न सकिन्छ । जसमा प्रारम्भिक तथा प्रथम चरण (१९९० अघि) विकसित वा दोस्रो चरण (१९९१-२०१६) र आधुनिक कालका तेस्रो चरण (२०१७ देखि हालसम्म मान्न सकिन्छ ।

हास्यव्यङ्ग्य निबन्धका फाँटमा प्रथम चरणमा **गोर्खा संसार** जस्ता पत्रिकाले पृष्ठभूमि तयार पार्ने काम गरे भने **शारदा** पत्रिकाले हास्यव्यङ्ग्य निबन्धलाई मूर्तरूप दिएको पाइन्छ । वासुदेव शर्मा लुइटेल, लीलाध्वज थापा, अच्छा राई रसिक जस्ता निबन्धकारको भूमिका उल्लेखनीय रह्यो । नेपाली साहित्यको आधुनिककाल वा तेस्रो चरणको सुरुआत नै केशवराज पिडाँलीबाट भयो भने हास्य व्यङ्ग्य निबन्धले फराकिलो मार्ग प्राप्त गऱ्यो । भैरव अर्यालजस्ता निबन्धकारले छोएको हास्यव्यङ्ग्यको शिखर अरूलाई भेट्टाउन कठिन भएको भए पनि राजनैतिक र मानवीय समस्यालाई आफ्ना विषयवस्तु बनाउँदै हास्यव्यङ्ग्य सिर्जना गर्ने काम भइरहेको छ । हास्य व्यङ्ग्यले लोकप्रियता प्राप्त गरेको छ । कौवा प्रकाशनको स्थापना गाईजात्रा विशेषाङ्क, गाईजात्रा महोत्सव जस्ता परम्पराले हास्यव्यङ्ग्यको विकासमा थप योगदान पुऱ्याएको पाइन्छ । पछिल्लो समयमा राजनीति र सामाजिक मानवीय विषयलाई आधार बनाउँदै, चट्याङ मास्टर, मनोज गजुरेल, खगेन्द्र सङ्ग्रौला जस्ता व्यङ्ग्यकारहरूबाट हास्यव्यङ्ग्य निबन्ध सिर्जना कार्यमा सक्रिय रहेका छन् ।

# परिच्छेद : तीन

# 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन

## ३.१ परिचय

षडानन्द पौड्याल नेपाली साहित्यमा कविता विधाबाट साहित्य यात्रा प्रारम्भ गरी कथा, समालोचना र हास्यव्यङ्ग्य निबन्धमा कलम चलाउने साहित्यकार हुन् । काठमाडौं केन्द्रभन्दा बाहिर धवलागिरी अञ्चलको बाग्लुङलाई कर्मथलो बनाएका पौड्यालले **परिवेश** लघुकथा सङ्ग्रह (२०६१) बाट कृतिगत यात्राको गति लिन थालेको पाइन्छ । पौड्यालको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह (२०६२) प्रकाशन गरी हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा देखा परेका छन् । षडानन्द पौड्यालका दुईवटा मात्र कृति प्रकाशित भएको भए पनि पन्ध्रवटा निबन्धहरूको सँगालो **बाउको बिहे**ले नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन 'काठमाडौं केन्द्रभन्द बाहिर रहेर हास्यव्यङ्ग्यमा कलम घोट्ने एक जना आशा लाग्दा साहित्यिक प्रतिभा हुन् ।[1] पौड्यालका **बाउको बिहे** निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको शीर्षकगत अध्ययन गर्नु सान्दर्भिक हुनेछ ।

## ३.२ जदौ भुँडी

### ३.२.१ परिचय

*जदौ भुँडी* **बाउको बिहे** हास्य व्यङ्ग्य निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूमध्ये पहिलो निबन्ध हो । यो निबन्धमा समसामयिक नेपाली समाजमा देखिएका भुँडी भनी प्रतीकात्मक रूपमा नेपाली मानव प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा अरूभन्दा आफूलाई जान्ने बुझ्ने सम्झने र आफू अरूभन्दा ठूलो, अनि समूह निर्माण गरी समूहका मध्यममा फूर्तिफार्तिका साथ अरूमा आफ्नो रवाफ देखाउने प्रवृत्तिभएका व्यक्तिलाई

---

[1] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य*, **मिर्मिरे**, वर्ष ६, अङ्क ३८, काठमाडौं : ने.रा.बै., २०६६ असोज, पृ. ८९ ।

भुँडीका रूपमा निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धको शीर्षक 'जदौ भुँडी' मा प्रयुक्त जदौको अर्थ तल्लो (साना) वर्गकाले (ठूला) माथिल्लो वर्गकालाई गर्ने प्रणाम भन्ने हुन्छ । यसरी हेर्दा तल्लो वर्गबाट माथिल्लो वर्गको बन्न खोज्ने, जुक्ति बुद्धि र शक्तिको प्रयोग गरी समाजमा रवाफ जमाई नवीन समाजसेवी देखिने र रातारात भागेर वा अवैध कारोबार गरेर नव धनाढ्य बन्न चाहने व्यक्तिप्रति व्यञ्जनात्मक अभिव्यक्ति स्वरूप निबन्धमा उल्लेख गरिएको छ ।

## ३.२.२ विषयवस्तु

मुखबाट निलेका सर्वजात वस्तु दुई खुट्टाको मूलडाँठबाट माथि तुर्लुङ्ग झुण्डिएर ख्याप्प स्याप्प परेको अवयव भुँडी हो । कोपर्दा कोपर्दा रक्ताम्य परेका भुँडीमा खाटा बस्न पाएको छैन । कहिले कोपारेर चिथोरेर छियाछिया भएको ख्याप्प परेको भुँडी आफ्नो पीडा र वेदना लुकाउन बुर्का (बुर्चा) लगाएकी महिलाले बेलाबखत मुख देखाउन प्रयास गरे झैं लाजले स्वाट्टै लुकेको भुँडी पनि बेलाबखत मुख देखाउने प्रयास गर्ने भुँडी ख्याप्प भुँडी हो । सरस्वती नदी भित्रभित्रै लुके झैं ख्याप्प भुँडी हाम्रो समाजमा लुकेका छन् । यस्ता ख्याप्प भुँडीले समय समयमा पूर्व र पश्चिम मुख फर्काउँछन्, उत्तर र दक्षिणमा हाइ काढ्छन् ।

नेपाली समाजमा आजभोलि नयाँ स्वरूपमा जन्मेको ठाउँ न बेठाउँ, बेला न कुबेला भेटिने भुँडी जदौ भुँडी हो । भुँडी वर्गीकरण चिन्तन अनुसार बीसौं शताब्दी क्लासिकल वर्गीकरणको विशेष महत्त्व भएपनि एक्काइसौं शताब्दी 'जदौ भुँडी' को एकछत्र राज्यको समय हो । उत्तर आधुनिक व्याख्याताका अनुसार जदौ भुँडी भुँडीको महानायक हो । जदौ भुँडीका सन्तान संसारका विभिन्न मुलुकमा भेटिन्छन् । अरूको लहै-लहैमा लाग्ने, आफ्नो दर्शनको विस्तार एवं स्थिरतामा नरहने, शाखा-सन्तान उत्पादन गर्न निकै सक्रिय रहने, हिलाको किलो जस्तै जता अवसर पऱ्यो त्यतै ढल्कने, अरूलाई रत्तिभर नगन्ने जस्ता विशेषतायुक्त भुँडीका रूपमा जदौ भुँडी सक्रिय रहेको पाइन्छ । नर्सिङट्वाँक धोके पछि अरूलाई देख्तै नदेख्ने, गन्दै नगन्ने, मागेर (देशभित्र देशबाहिर) जीवन चलाउने थप विशेषता जदौ भुँडीमा देखिन्छ । यस्ता जदौ भुँडीको जन्म कतिपय आफ्नै भुँडीबाट फुत्तफुत्त निस्केका छन भने कतिपय चाहिँ त अरूकै भुँडीबाट निस्केर पनि भएको छ । यस्ता भुँडी आवश्यक नभएका ठाउँमा पनि धमाधम जन्मेका छन् । यसरी भुँडीहरू जन्मदै थपिदै जाँदा सबैतिर भुँडी-भुँडी देखिने समस्या (खतरा) देखिएको छ । जतातत्तै भुँडीभुँडी हुँदा भुँडी भुँडीको

लडाइबाट 'भुँडी विकास एन्ड कम्पनी खोलिएको छ। यसबाट जदौ भुँडीको विकास भएको भयै छ। त्यस्ता भुँडीलाई पन्छाउने ताकत कसैमा छैन।

भुइँमा उडाएको धुलो आकासमा उडेर खाने भुँडी कालो भुँडी हो। जन्मेदेखि नै कालोमात्र मुखमा छिराउने कालो भुँडीमा सडकको धुलो नालीको लेदो, मोटरगाडीको धुवाँको मुस्लो आकासे चराको कालो बाकस जस्ता काला चिजले भरिएको भुँडी कालो भुँडी हो। काला करतुतमा कालै अक्षर मिसिएर कालानिमक, ध्वाँसो जमेको कालो भान्सामा तयार भएको कालो नै कालो भुँडीको खाना हो। ऊ कतै जाँदा पनि शुद्ध किसिमको कहिल्यै हुँदैन, सधै विकृत विकिरणयुक्त ऊसँगै हुन्छ। जन्मदेखि नै कालोमात्र मुखमा छिराउने भएको हुँदा भुँडी पुरै कालो भएको पाइन्छ। आकाशमा उड्ने फोहोर, सार्वजनिक शौचालयदेखि पाटी, पौवा, राजस्व, देवस्व अनि मन्दिरको गजुरसम्मको खोटोझैं जमेको फोहोर सबै छिरेको कालो भुँडी र उसका नातागोता शाखा सन्तान, दरसन्तानले सीमापारितिर हात पसारेर काला अक्षरले लेखेका कागत पट्याएर मिलाउने र भुँडीपुराण लगाउने कालो भुँडीको काम हो। कालो सूचीमा परेका उनीहरू देशतिर विदेशतिर मागेर काम चलाउने काला भुँडी पनि जदौ भुँडी नै हुन्।

दशतिर चाहारेर, छरछार गरेर, गोडमेल गरेर भेटिने, मौकामा चौका हान्ने, खोलो बग्यो पानी खाने, पानी सुक्यो बगर खाने, जङ्गल हरियो भए घाँस खाने, सुक्यो भने काठ खाने, भुँडी पुन्टे भुँडी हो मौका अनुसार समय परिस्थिति मिलाएर, उपरका देउता रिझाएर कालो भुँडी पुज्ने, ओभरफ्लो भए भरिने पुन्टे भुँडी छलछाम भुँडी पनि हो। यस भुँडीलाई महामगन्ते भुँडी पनि मान्न सकिन्छ। सबभन्दा धेरै सीप भएको छलछाम पुन्टेभुँडीले सक्कलीलाई नक्कली बनाउन सक्छ। हुने खालका काम अध्याराँमा छिराउन सक्छ, नहुने खालका काम तत्काल गराउन सक्छ। यसका लगि आफ्नो भाषिक शिल्पको प्रयोग गर्नु यसको विशेषता हो। यस्ता छलछाम पुन्टे भुँडीको भाषिक शिल्पको अध्ययन गर्न भानुभक्त आचार्य, भैरव अर्याल पनि असफल भएका हुनाले यो भुँडी प्रभावशाली भुँडी हो। यो छलछाम पुन्टे भुँडी जदौ भुँडीको साख्खै भाइ मानिन्छ।

आफ्नो जन्मको दिन आमाको दूध पुरै चुस्न नपाएको आमाको गर्भमा रहँदा पनि उकासिन नपाएको भुँडी 'स्याप्प भुँडी' हो। यो भुँडी तेस्रो दर्जा वा सि क्लासको भुँडी हो। यो भुँडी विश्वमै हुन्डरी मच्चाउने विद्रोही भुँडी हो। खतरा किसिमको स्वर हुने, यस भुँडीले काम भने कुनै किसिमको गर्न नसक्ने हुन्छ। स्याप्प भुँडी, खोला किनार, गल्ली, चोक देशी

विदेशी बजारमा निकै घुम्छन । समानताको कुरा उठाउने, अधिकार खोज्ने, प्रयोग गर्न नपाउने भुँडीका रूपमा स्याप्प भुँडीको चित्रण गर्न सकिन्छ ।

जदौ भुँडी निबन्धमा भुँडी शब्द प्रतीकका रूपमा प्रयोग गरिएको छ । भुँडी शब्दले व्यक्तिको प्रतिनिधित्व गरेको छ । यथास्थितिमा रहेका, उन्नतितर्फ उन्मुख रहने, पीडा र समस्याबाट थिल्थिएका, आफ्नो आवाज बुलन्द गर्न नसक्ने भुँडी सर्वसाधारण नेपाली जनता ख्याप्प भुँडी हुन् । देशभित्र विभिन्न वर्गबाट एकाएक देखिन पुगेका (चर्चामा आएका) अरूलाई नगन्ने, आफूमात्र जान्ने बुझ्ने सक्षम ठान्ने नवबुर्जुक देशविदेश मागेर काम चलाउने प्रवृत्तिका मानिस जदौ भुँडी हुन् । वर्तमान समयका महानायकहरू जदौ भुँडी हुन् । जदौ भुँडीको अर्को रूप जो देश विदेश मागेर, कमिसन आदि खाने देशभित्र ठेक्का आदिबाट खैलाबैला मच्चाउने सर्वाधारणामा भय-त्रास सिर्जना गर्ने व्यक्तिहरूका प्रतिनिधि कालो भुँडी हो । जदौ भुँडीको साख्खै भाइको नाता पर्ने दलालहरूको प्रतिनिधि छलछाम पुन्टे भुँडी हो । यिनीहरू आफ्नो भाषिक शिल्पको प्रयोग गरी कानुनको अपव्याख्या गराइ नहुने कामलाई मिलाउने भ्रष्ट मानिस जो अर्काको काम मिलाइदिए वापत माग्ने महामगन्ते भुँडी हो । देशका लागि यी महाघातक हुन्छन् । कहिल्यै पेटभरि खान नपाएका, समानता र अधिकार खोज्ने केही गर्न नसक्ने विभिन्न ठाउँ घुम्ने विद्रोही स्वभावको प्रतिनिधित्व स्याप्प भुँडीले गरेको छ । यसरी 'जदौ भुँडी' निबन्धमा विभिन्न प्रकारका भुँडीलाई विषयवस्तु बनाएर नेपालमा देखिएका विभिन्न वर्गका चरित्रको हास्यात्मक र व्यङ्ग्यात्मक प्रस्तुति गरिएको छ । भुँडी अनुसार स्वभावको निर्माण भएको हुन्छ । नेपाली समाजमा ख्याप्प भुँडी, जदौ भुँडी, कालो भुँडी, छलछाम पुन्टे भुँडी (महामगन्ते भुँडी) र स्याप्प भुँडी जस्ता चरित्र बोकेका मानिसबाट नेपाली समाज निर्माण भएको छ ।

## ३.२.३ उद्देश्य

*जदौ भुँडी* निबन्धमा नेपाली समाजका प्रतिनिधित्व गर्ने व्यक्तिहरूका लागि प्रतीकात्मक रूपमा भुँडी शब्दको प्रयोग गरिएको छ । यस निबन्धमा चित्रित भुँडी नेपाली समाजमा देखिएका सर्वसाधारण, टाठाबाठा, चुल्ठेमुन्द्रे प्रवृत्ति राजनीतिक सत्तामा रहेका व्यक्ति र विभिन्न सत्ताका आडमा नियम मिची धन सम्पत्ति आर्जन गर्ने पात्रहरू देखिन्छन् । भुँडीको प्रसङ्गबाट त्यस्ता व्यक्ति अथवा आफ्नो र आफन्तको भुँडी भर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु यस निबन्धको उद्देश्य रहेको पाइन्छ । विद्यमान नेपाली समाजमा आर्थिक, सामाजिक,

विविध परिस्थिति सिर्जना गर्ने, समाजमा देखिएका नवीन शैलीका धनाढ्य र हैकमवादी प्रवृत्तिप्रति व्यङ्ग्य कस्तै, कुनै विचार र दर्शनले उपल्लो स्तरमा पुऱ्याउन सक्ने नियम सिद्धान्त, विचार, दर्शन र असल सामाजिक व्यवहारका आधारमा उचित परिश्रम र पहिचान कायम गर्नुपर्ने विचार सम्प्रेषण गर्नु नै यस *जदौ भुँडी* निबन्धको उद्देश्य रहेको देखिन्छ । नेपाली समाजमा देखापरेको विकृतिजन्य सामाजिक अवस्थाप्रति व्यङ्ग्यका माध्यमबाट मनोरञ्जन प्रदान गर्नु सबै नेपालीलाई सचेत गराउनु पनि यस निबन्धको उद्देश्य हो ।

## ३.२.४ शैलीशिल्प

*जदौ भुँडी* निबन्धमा सहज बोधगम्य भाषाको प्रयोग भएको पाइन्छ । निबन्धमा तत्सम र आगन्तुक शब्दको प्रयोग गरिएको भए पनि कट्टु, कुँडे, गुन्यू, चोलो, तुनु, ख्याप्प, स्याप्प जस्ता झर्रा शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । निबन्धकारले निबन्धलाई वाकचातुर्ययुक्त कलाले सिँगारी विभिन्न प्रतीकहरूले संयोजन गरेर निबन्धलाई रोचक बनाएका छन् । निबन्धमा विभिन्न दृष्टान्त प्रस्तुत गर्दै उखान टुक्का आदिको उचित किसिमको संयोजनले निबन्ध प्रभावकारी बन्न पुगेको छ । निबन्धमा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्य गठन पाइन्छन् । निबन्धमा व्यङ्ग्यात्मक शैलीको प्रयोग गरिएको छ । हास्य र व्यङ्ग्यको उचित संयोजन गरिएको छ । पदक्रमका दृष्टिले केही वाक्यहरूमा पदक्रम विचलन भई आलङ्कारिकताको प्रयोग भएको पाइन्छ । यस निबन्धमा निबन्धकारका आत्मपरक भावहरू कलात्मक ढङ्गबाट प्रस्तुत भएको पाइन्छ । निबन्धमा विभिन्न किसिमका भुँडीहरूको विश्लेषण गरिएको भए पनि "आफू जदौ भुँडीको पुर्खा भइ टोपलिइयो ।" नढाइकून् पनि किन ? आखिर यी मेरा सन्तान न भए ।" जस्ता आत्मपरक शैली प्रयोग भएको हुनाले प्रथम पुरुष कथापद्धतिको प्रयोग गरिएको देखिन्छ ।

## ३.२.५ आयाम

प्रस्तुत *जदौ भुँडी* निबन्ध बाउको बिहे निबन्ध सङ्ग्रहभित्र समावेश भएको पहिलो निबन्ध रचना हो । चौध अनुच्छेदमा संरचित प्रस्तुत निबन्ध अनुच्छेदगत आयामका दृष्टिले विस्तृत आयाम भएको निबन्धमा पर्दछ । यो निबन्ध पृष्ठगत आयामका दृष्टिले पाँच पृष्ठभित्र समेटिएको पाइन्छ । एकसय त्रिपन्न वाक्यमा सिर्जना गरिएको यस निबन्धलाई विषयवस्तुगत गहिराइका दृष्टिले हेर्दा विभिन्न दृष्टान्त, उखान, बिम्ब, प्रतीक आदिले सजाई

विस्तृत विषयवस्तु प्रयोग गरिएको छ । यस निबन्धलाई विषयवस्तु उद्देश्य भाषाशैली आदिका आधारमा उचित मानिएको छ । यसै आधारमा यो निबन्ध अनुच्छेदगत आयामले विस्तृत आयामको भएपनि बिम्ब प्रतीक दृष्टान्त उखान र विषयवस्तुको गहिराइका आधारमा यो निबन्ध लघु आयतन भएको उच्चकोटिको निबन्ध हो भन्न सकिन्छ ।

### ३.२.६ शीर्षक

*जदौ भुँडी* दुई पदयुक्त शीर्षक हो । संस्कृत जयतु र प्राकृत जेदु शब्दबाट बनेको नाम शब्द जदौको अर्थ तल्लो वर्गका मानिसले माथिल्लो वर्गका मानिसलाई गर्ने अभिवादन भन्ने बुझिन्छ भने भुँडीको अर्थ पेट भन्ने हुन्छ । यसरी जदौ भुँडीको अर्थ भुँडीलाई गरिने अभिावादन भन्ने बुझिन्छ । निबन्धमा भुँडी प्रतीकात्मक अर्थमा प्रयोग भएको छ । भुँडीले नेपाली समाजका विभिन्न वर्गको प्रतिनिधित्व गरेको छ । नेपाली समाजमा रहेका विभिन्न वर्गका, तह र तप्काका मानिस साथै समसामयिक समाजमा हुने गरेका कर्तुतहरूलाई प्रस्तुत गरी नेपाली समाजमा हुर्कंदै गएका विकृति र विसङ्गति दर्शाउन यो निबन्ध सक्षम रहेको देखिएको छ । यसरी भुँडी नै निबन्धको विषयवस्तु बनाई निबन्धभरि नै भुँडीको चर्चा गरी सामाजिक विसङ्गति र विकृतिप्रति व्यङ्ग्य गर्न सक्षम रहेको यो निबन्धको शीर्षकले प्रतीकात्मक अर्थमा विभिन्न भुँडीहरूको प्रतिनिधित्व गर्दछ । निबन्धको विषयवस्तु र शीर्षकमा सामञ्जस्यता भएकोले निबन्धको नाम जदौ भुँडी औचित्यपूर्ण रहेको छ ।

## ३.३ चम्चा महात्म्य

### ३.३.१ परिचय

*चम्चा महात्म्य* **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको दोस्रो निबन्ध हो । यस निबन्धमा  समसामयिक समयमा चाकरी र चाप्लुसीमा निर्भर रहेको मानवसमाजप्रति चम्चे प्रवृत्तिका माध्यमबाट व्यङ्ग्य प्रस्तुत गरिएको छ । मानव समाजमा अझ विशेषगरी नेपाली समाजमा चाकरी गर्ने चलन मौलाउँदै गएको सन्दर्भ व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ । आफूभन्दा माथिल्लो तहका मानिसको चाकरी चाप्लुसी गर्ने र आफूभन्दा निम्न तहका मानिसलाई चाकरी चाप्लुसी गर्न लगाउने प्रवृत्तिप्रति निबन्धमा तीव्र प्रहार गरिएको छ । चाकरी र चाप्लुसी गर्ने प्रथा नेपालमा मात्र नभई सम्पूर्ण लोकमा हुने गरेको कुरा निबन्धमा

मिथक प्रयोग गरी रोचक पारामा प्रस्तुत गरिएको छ । यस हास्यव्यङ्ग्य निबन्धलाई विभिन्न शीर्षकगत रूपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.३.२ विषयवस्तु

अङ्ग्रेजी भाषामा स्पोन, हिन्दीमा चमच र संस्कृतमा चमस भनिने नेपाली भाषामा विशेष किसिमले प्रचलित चम्चा नेपाली भाषामा प्रवेश पाउँदा ध्वन्यात्मक हिसाबले 'चञ्चा' हुनु पर्नेमा त्यसो नभई 'चम्चा' भएको छ । नेपाली समाजमा प्रयोग हुँदै आएका चमच, चमची, आचमानी, कर्काली, थुर्मी जस्ता शब्दलाई सर्लक्क निलेको सन्दर्भ प्रस्तुत गर्दै ठूला चमचाले (प्रभुत्वशाली विदेशीले) साना चमची (कमजोर नेपाली) लाई कुनै दिन अस्तित्वहीन बनाइदिन सक्छन् ।[२] यस सन्दर्भलाई निबन्धकारबाट व्यङ्ग्य शैलीमा उल्लेख गरिएको छ । चम्चाले चम्चो चम्चीलाई सर्लक निलेर ठाउँ अनुसार कसैको अस्तित्व नै नामेट हुन बेर लाग्दैन । त्यसै गरी नेपाली भाषामा 'चम्चा' शब्द प्रचलित र लोकप्रिय भए जस्तै नेपाली भाषाको ध्वन्यात्मक विचलन बढ्दै गई नेपाली भाषिक विचलन लोकप्रिय भई व्याकरण र नेपाली भाषाविज्ञानमा समेत प्रभाव पार्न बेर नलाग्ने हुन सक्छ भन्ने उल्लेख पाइन्छ ।

यस निबन्धमा संसारमा मानवजातिभित्र बढेको चम्चे मनोवृत्तिको उद्घाटन गरिएको पाइन्छ । मानव संस्कृतिमा आएको यो एउटा विचलन हो । ठूलाबडाको उपस्थिति रहेको ठाउँमा अवश्य पनि चम्चाको उपस्थिति रहेको हुन्छ । चम्चा भनेको भान्सामा बास बस्ने बसाहा जस्तै भएको छ । चम्चालाई वरिपरि नराखी आजकाल केटाकेटी नबसेजस्तै ठूलाबडा पनि आफ्ना चम्चाबिना बस्न नसक्ने गरेको पनि उल्लेख गरिएको छ । चम्चा पनि भान्सामा (महत्त्वपूर्ण ठाउँमा) आफूमात्र बस्न सक्तैन चम्चालाई साथमा काँटा चाहिन्छ । चम्चाको चम्चागिरी गर्ने काँटा रहेका हुन्छन् । चाकरी चाप्लुसी गराउन खोज्नेभन्दा चाकरी चाप्लुसी अघिसर्ने परिपाटीलाई निबन्धमा व्यङ्ग्य प्रस्तुत गरिएको छ । आफू चम्चा बनेर अर्काको चाकरी चाप्लुसी गर्नेले पनि आफ्नो चाकरी चाप्लुसी गराउन अरू काँटा चम्चाको प्रयोग गर्ने गरेको र त्यसो गर्नेहरू पनि प्रशस्तै हुने गरेको अवस्था उल्लेख गरिएको पाइन्छ । यसरी चाकरी चाप्लुसी गर्ने मौकाको फाइदा लिनेहरूमा विदेशी पनि चम्किला देखिन्छन् ।

---

[२] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्य व्यङ्ग्य*, **मिमिरे**, वर्ष ३८, अङ्क ६, पूर्णाङ्क २८९, २०६६, काठमाडौं: ने.रा.बै., पृ. ९१ ।

आफू जन्मेकै दिन आफ्नी आमाको छाती नरसाउँदा चम्चाले ओलन मुखमा छिराएको प्रसङ्गसँगै जन्मैदेखि चम्चाको प्रयोग गर्न थालेको र आफ्नो मुखभन्दा ठूलो चम्चा प्रयोग गरेको अवस्थामा ठूलाबडाको चाकरी र चाप्लुसी गर्न नेपालीले आफ्नो र परिवारदेखि नै प्रारम्भ गरेर सिकेको उल्लेख गरिएको छ । उमेरले परिपक्व नहुँदै मानिसलाई आफ्नो शक्तिभन्दा बढी चाप्लुसी गर्न सिकाइने सामाजिक संस्कार र आफ्नो स्तर र क्षमताभन्दा पनि ठूला किसिमका चाकरी र चाप्लुसी गर्ने गरेको प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ ।

चाकरी चाप्लुसी गरी आफ्नो अभीष्ट पूरा गर्ने, आफ्नो चाकरी ठीक ठाउँमा नभए धेरै किसिमका काँटा चम्चा वरिपरि थुपारेर फोहोरको डङ्गुर थुपार्ने प्रवृत्ति पनि समाजमा विशेष गरी राजनीतिमा उल्लेख भएको निबन्धमा पाइन्छ । आफ्ना अभीष्ट पूरा गर्न नसके सामाजिक समस्या सिर्जना गर्ने अरूलाई दोष थुपार्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । चम्चा शब्द नै विदेशी भएर हो कि, नेपाली समाजमा दिनप्रतिदिन विदेशीको चम्च्याइँ गर्ने, दासतामा बाँच्ने चाकरी-चाप्लुसीमा जुट्ने मानसिकता बढाउँदै लगेको सत्यलाई निबन्धमा उल्लेख गरिएको छ । निबन्धमा स्वर्ग, मर्त्य र पातालको चित्र प्रस्तुत गरी मिथकीय रूपमा सिङ्गो ब्रह्माण्ड नै चम्चामय बनेको रोचक तथ्य प्रस्तुत गरिएको छ । आजभोलि पातालमुखी वा युरोप र अमेरिकामुखी भक्तिमा केन्द्रित नेपाली जीवनशैलीको व्यङ्ग्यचित्र निबन्धमा प्रस्तुत गरिएको छ । आफ्नै परम्परागत आदर्श संस्कार, जीवनचेतनालाई लत्याएर विदेशी संस्कृतिमा रमाउने बानी नेपालीमा बढ्दै गएको तथ्य उल्लेख गरिएको पाइन्छ ।[३]

स्वर्ग र मर्त्यमा भन्दा पाताल वा अमेरिका-यूरोपमा चम्चागिरी बढेको कुरा निबन्धमा उल्लेख गर्न खोजिएको छ । पातालमा चम्चागिरी बढेको सन्दर्भमा, त्यस्तो चम्चागिरीमा व्यस्त हुन मन पराउने नेपाली समाजका स्वधर्म, स्वसंस्कृति, स्वाभिमान, स्वाविवेक, गुमाउन लाज नमान्ने पश्चिमापनाको पाखण्डीपनाको हास्यगर्भित व्यङ्ग्य माध्यमले निबन्धमा धज्जी उडाउने काम भएको छ ।[४] यो व्यङ्ग्य ज्यादै कलात्मक र प्रतीकात्मक बन्न पुगेको छ । आफ्नो स्वार्थका निम्ति गोराहरूले कालाहरूलाई चाकरीमा लगाएका, आफ्नो भोग विलाशका निम्ति एड्सले सखाप पारुन्जेल नचाएका, नङ्ग्याएका र खेलाएका, राजनीतिक वादका नसामा लट्ठ्याएर सत्यनाश तुल्याएका, गम्भीर दृश्यहरूलाई

---

[३] भरतकुमार भट्टराई, *बाउको बिहे निबन्धमा हास्यव्यङ्ग्य,* **मिर्मिरे**, २०६६ वर्ष ३८, अङ्क ६, पूर्णाङ्क २८९, ने.रा.बै.का. काठमाडौं पृ. ९१ ।

[४] ऐजन ।

सूक्ष्म व्यङ्ग्यद्वारा निबन्धकारले समसामयिक सामाजिक मर्मलाई उदाङ्गो पारेका छन् ।[५] नेपालका तस्करहरूले नेपालका अमूल्यमूर्तिहरू विदेशीका चम्चा बनेर तस्करी थालेको देख्ता व्यङ्ग्यकारलाई नेपाली युवाहरूमात्र होइन देवी देवता पनि पातालतिर पलायन भएको जस्तो लागेको छ । नेपालका मन्दिरहरूबाट मूर्तिहरू रातारात गायव हुन थालेपछि यस्तो विकृति र विसङ्गतिको उच्छेदन गर्न व्यङ्ग्यकारले निबन्धमा यसरी उल्लेख गरेका छन् :-

"पुराना मूर्तिहरू पनि उनीहरूसँगै चम्चाका साथ लागेर त्यतैतिर पलायन भए । त्यसैले मर्त्यलोकका मन्दिर छन्, मूर्तिहरू छैनन्" ।

यसरी नेपालीको आत्मा वा मुटु झिकेर खोक्रो पार्ने महाशक्तिका काला धनका लोभमा फसेर आफूलाई बेच्न र बेचाउन संलग्न हुनेहरूलाई महाचम्चा र चम्चाका व्यञ्जना वृत्तिद्वारा निबन्धकारले तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यु.एन.ओ. को क्रियाकलापको कार्यशैलीप्रति पनि व्यङ्ग्य प्रहार गरिएको छ ।

नेपालीहरूमा आफ्नो संस्कार, रीतिरिवाज र जीवन चेतनालाई भुलेर विदेशी संस्कृति अँगाल्ने प्रवृत्ति बढ्दै गएको यथार्थप्रति तीखो व्यङ्ग्य गरिएको छ । विदेशबाट नेपाल भित्रिएको शब्द चम्चाले नेपालीहरूलाई निकै प्रभावित बनाउन र आफूप्रति आकर्षित गर्न सफल भएको देखाइएको छ । निबन्धकारले नेपालीहरूले विदेशीको इसारामा बाँच्ने र चल्ने गरेको यथार्थ पक्षलाई चम्चाका माध्यमबाट हास्यास्पद प्रसङ्ग उप्क्याएर व्यङ्ग्य गरेका छन् । विदेशीहरू नयाँ नयाँ कुराहरू पत्ता लगाउन व्यस्त छन् तर नेपाल लगायतका साना मुलुकका मानिसहरू यस्ता कार्यमा सधैं पछाडि धकेलिएका छन् भन्ने कुरालाई निबन्धमा देखाइएको छ । नेपालीहरूले दासताबाट मुक्ति लिन नसकेको र विदेशीहरूको पिछलग्गु हुनु परेको यथार्थप्रति यस निबन्धमा व्यङ्ग्य गरिएको पाइन्छ ।

## ३.३.३ उद्देश्य

*चम्चा महात्म्य* निबन्धको मुख्य उद्देश्य वर्तमान समाजमा बढेको चम्चे मनोवृत्तिको उद्घाटन गर्दै मानवसंस्कृतिमा आएको विचलन प्रस्तुत गर्नु रहेको छ । नेपाली समाजमा दिन प्रतिदिन विदेशीको चम्च्याइँ गर्ने, दासतामा बाँच्ने, चाकरी चाप्लुसीमा जुट्ने मानसिकता बढाउँदै लगेको सत्यलाई प्रकट गर्नु पनि रहेको छ । नेपालीहरूमा आफ्नो संस्कृति, परम्परा रीतिरिवाज जीवनचेतना आदि जस्ता कुरालाई छोडेर विदेशी संस्कृतिप्रति

[५] ऐजन ।

मोह बढ्दै गएको यथार्थ प्रस्तुत गर्नु  साथै पश्चिमाभक्तहरूको पाखण्डीपनाको हास्यगर्भित व्यङ्ग्यका माध्यमले धज्जी उडाउनु र नेपालीको आफ्नै मौलिक पहिचान दिन छोडेर विदेशीको खेलौना अर्थात् क्यारमबोर्डको गोटीको रूपमा प्रयोगमा नआउन आग्रह गर्नु निबन्धको जीवनदर्शन वा उद्देश्य रहन गएको छ ।

## ३.३.४ शैलीशिल्प

**चम्चा महात्म्य** निबन्धको भाषा केही जटिल र स्तरीय खालको छ । आफ्नो निबन्धमा शब्दहरू छानीछानीकन कलात्मकता भर्नु निबन्धकारको विशेषता नै देखिन्छ । निबन्धमा प्रयोग भएको चम्चा शब्द आगन्तुक हो । यस शब्दले मानिस र साधन दुवैलाई सङ्केत गर्छ । 'चम्चा' निबन्धमा प्रतीकात्मक रूपमा प्रयोग भएको छ । निबन्धमा लस्कर (फारसी), डङ्गुर (प्राकृत), टाङटुङ (अनुकरणात्मक), मालिक (अरबी), आदमी (अरबी) लिटिल (अङ्ग्रेजी) कम्पनी (अङ्ग्रेजी) कारखाना (फारसी) आदि जस्ता विभिन्न भाषाका शब्दहरूको प्रयोगले निबन्धलाई रोचक बनाइएको छ । यस निबन्धमा संस्कृत, तद्भव र आगन्तुक शब्दको साथै झर्रा नेपाली शब्दहरू तथा पदावलीहरूको अत्यधिक मात्रामा प्रयोग भएका पाइन्छन् । 'ठाउँ न कुठाउँ बोकाको वली', 'दुई जोइको पोई कुना बसी रोई', 'मानो हि महताम धनम्', 'कालो कालै हो, सेतो सेतै हो', 'घोचो तिखार्नु कुरो निखार्नु', 'महाजनो ! यत्र गतः स पन्था' जस्ता नेपाली, संस्कृत भाषाका उक्तिहरूले निबन्धलाई व्यङ्ग्यात्मक र कलात्मक बनाएका छन् ।

स्वर्गे मर्त्ये च पाताले यत्र चम्चा न बिद्यते
न किञ्चित् तत्र दुष्कर्म सर्वत्र स्वर्ग एव हि ।

जस्ता प्यारोडी एवम् परिहासको झल्को दिँदै अतिरञ्जनाको व्यञ्जना छोड्न निबन्धकार सफल भएका छन् । पौराणिक प्रसङ्ग जोड्दै प्रतीक र विम्बको संयोजन गरी निबन्धलाई रोचक बनाएको पाइन्छ । उनका निबन्धमा साना टुक्रे आख्यानको संयोजन हुनुले निबन्ध रचनाशिल्प विशिष्ट किसिमको रहेको पाइन्छ । निबन्धमा चम्चाको बयान गर्ने सन्दर्भमा तृतीय पुरुषयुक्त नारद, देवता, यमराज जस्ता पात्रमा देखिएको विभिन्न अवस्थाको चित्रण गरिएको हुनाले तृतीय पुरुष दृष्टिबिन्दु तथा बाह्य कथन ढाँचाको प्रयोग निबन्धमा भएको छ ।

### ३.३.५ आयाम

निबन्धरचना पन्ध्रदेखि बीस अनुच्छेदमा हुनु उत्तम मानिन्छ । निबन्धकारले यो निबन्ध बाइस अनुच्छेदमा रचना गरी तोकिएको अनुच्छेदगत सीमालाई पार गरिदिएका छन् । दुई सय तेह्र वाक्य, बाइस अनुच्छेदमा संरचित, नौ पृष्ठमा विस्तारित यो निबन्ध यस सङ्ग्रहभित्र सङ्गृहित निबन्धहरूको तुलनामा सबैभन्दा लामो निबन्ध हो ।

निबन्धकारले 'चम्चा' जस्तो सामान्य वस्तुलाई प्रयोगमा ल्याई समसामयिक सामाजिक पीडा र मर्मलाई प्रस्तुत गरेको पाइन्छ । चम्चालाई माध्यम बनाई प्रभुत्वशाली राष्ट्र र त्यसले सानातिना राष्ट्रलाई चाकरीमा लगाएको कुरालाई व्यङ्ग्यात्मक ढङ्गबाट प्रस्तुत गर्नुका साथै देशभित्र सत्ता र सम्पत्ति आर्जन गर्नका लागि चाकरी चाप्लुसी गर्ने प्रवृत्तिको प्रसङ्गको प्रस्तुतिलाई हेर्दा निबन्ध लामो आयामको भए पनि सरलताभित्र जटिलताको खोजी गरिएको निबन्धको रूपमा पाउन सकिन्छ ।

### ३.३.६ शीर्षक

*चम्चा महात्म्य* दुई पदयुक्त शीर्षक हो । चम्चाले सामाजिक जनजीवनमा स्थान प्राप्त गरेको देखाउने यो शीर्षक पदावलीस्तरको रहेको छ । चम्चा भन्नाले खानेकुरा मुखसम्म पुऱ्याउने साधन भएपनि चम्चा तथा चम्चागिरी शब्दले चाकरी चाप्लुसीलाई बुझाउने गरेको छ । चाकरी चाप्लुसीमा निर्भर नेपाली मानसिकतालाई चम्चा माहात्म्य निबन्ध शीर्षकले उछितो काढेको हुनाले विषय अनुकूल शीर्षक रहेको पाइन्छ । चम्चाले तीनै लोक चौध-भुवन जताततै आफ्नो प्रभुत्व जमाएको कुरालाई समेत स्पष्ट पारेको पाइन्छ । निबन्धमा चम्चाको प्रयोग, चम्चा र चम्चागिरीको चर्चा सुरुदेखि अन्त्यसम्म भएको र नेपाली मानसिकताको विशद चित्रण गरिएको हुनाले यस निबन्धको शीर्षक सार्थक रहेको छ ।

## ३.४ सस्तो मान्छे

### ३.४.१ परिचय

*सस्तो मान्छे* **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । मानिस संसारमा विवेकशील र बुद्धिमानी प्राणी हो । मानिसको बुद्धि ज्ञान उसले गरेका प्रयोग र आविष्कारले मानिस सर्वश्रेष्ठ प्राणी ठहरिएको छ । संसारका सबैजसो वस्तुमाथि

आफ्नो नियन्त्रण कायम गर्न सफल भएको मानिसको आफ्नो मूल्य भने अवमूल्यन भएको छ । मानिसले उत्पादन गरेका वस्तुहरूबाटै र मानिसले आफ्नो मूल्य बढाउनका लागि गरेका नरसंहार साथै यिनै कारणबाट सङ्कटमा परेको मानव स्वत्वप्रति सचेत तुल्याउने रचना हो, सस्तो मान्छे । वैज्ञानिक प्राविधिक युगमा मानवीय अस्तित्वको अवमूल्यन हुँदै गएकामा चिन्ता प्रकट गरिएको छ । भैरव अर्यालले लेखेको ब्रह्माजीको प्रयोगशालाबाट हास्यव्यङ्ग्यात्मक निबन्धकै जस्तो मान्छेको सृष्टि ब्रह्माजीबाट हुदाँदेखि नै हास्यास्पद र मूल्यहीन ठहऱ्याइएको मिथक वा पौराणिक प्रसङ्ग जोडेर मानवजातिको मूर्खतामाथि उपहास गरिएको छ ।[६] मानवजाति आफ्नै कारणबाट मूल्यहीन भएको, एक पक्षले अर्का पक्षलाई हिलो छ्याप्ने कुकार्य नै मानवका लागि खराब भएको कुरा निबन्धमा पाइन्छ । यस निबन्धलाई विभिन्न शीर्षकगत रूपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.४.२ विषयवस्तु

जुन वस्तुको उत्पादन कम हुन्छ त्यस समयमा उक्त वस्तुको मूल्य बढी हुन्छ । उत्पादन बढी र प्रयोग पनि बढी हुँदै जाँदा उक्त वस्तुको मूल्य कम हुँदै जान्छ । अर्थशास्त्रको नियमअनुसार वस्तुको आपूर्ति बढी भएपछि मूल्य बढ्दै जान्छ । टिभि को मूल्य कुनै समयमा महँगो थियो । टिभि हेर्न न्यहोरा गर्ने समय थियो भने अहिले टिभि त मान्छेको चकटीले पनि राख्ने भएको हुँदा सम्पन्न वर्गमा यो मूल्यहीन भए जस्तै वर्तमान समयमा मानिस पनि अवमूल्यन भएको छ । मानिसको अवमूल्यन हुने क्रम ब्रह्माजीको सृष्टि कालेदखि नै भएको प्रसङ्ग निबन्धमा मिथकीय ढङ्गबाट उल्लेख गरिएको छ । भैरव अर्यालको 'ब्रह्माजीको प्रयोगशालाबाट' निबन्धको विषयवस्तुलाई आधार बनाउँदै निबन्धमा मानव उत्पत्तिको मिथक प्रस्तुत गरिएको छ । ब्रह्माजीको सुन, पित्तल, तामा, चाँदी आदि सुन्दर वस्तुबाट सुन्दर प्राणी सृष्टि गर्ने रहर पूरा हुन नसकी कुखुरो बन्न गएको हुँदा लोकप्रियता पाएको देखिन्छ । पुनः मानवसृष्टिका लागि खोस्टा खोस्टी माटो, खरानी, गोबर, काठको धुलो आदि मुछेर बनाइएको मान्छेमा मस्तिष्कको बढी प्रयोग भएको र जे पनि खान खोजेको वा घुटुघुटु निलेको हुनाले तेरो मूल्य नहोस् भनेर ब्रह्माजीले भनेको उल्लेख गर्दै मानवमूल्य झनझन ह्रास हुँदै गएको अवस्थाको प्रस्तुति पाइन्छ ।

---

[६] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* २०६६, **मिर्मिरे**, वर्ष ३८, अङ्क ६, पूर्णाङ्क २८९, काठमाडौं: ने.रा.बै., पृ. ९२ ।

सृष्टिकै समयमा बढी मस्तिष्क पाएको मानिसले सृष्टिदेखि नै आफ्नो मूल्य बढाउन खोजेको देखिन्छ । आफ्नो मूल्य बढाउने क्रममा मानिसबाट धेरै ठूला नरसंहार भएका छन् । सत्य, त्रेता, द्वापर कली युगको निर्माण भएका छन् । मानिसबाट अरूको मूल्य घटाउने र आफ्नो मूल्य बढाउने सम्बन्धमा धेरै विचार मन्थन भएको पाइन्छ । द्वापरयुगमा महाभारतको युद्धमा तेइस अक्षौहिणी सेनाको ज्यान जानु मानव मूल्य नभएको पुष्टि हुन्छ । एक अक्षौहिणीमा एक लाख नौ हजार तीनसय पचास मानिस हुन्छन् भने सोही अनुसार हात्ती घोडा पनि रहन्छन् । ब्रह्माजीले खन्याएको बुद्धि धृतराष्ट्रले दुर्योधनको मूल्यवृद्धि गर्न खोज्दा भारत वर्षमा मानिसको नोक्सान भयो । मानिसले अरूका लागि प्रयोग गर्नुपर्ने बुद्धिको उपयोग आफ्नै मानवजातिको नाश गर्नमा बढी खर्च गरेको पाइन्छ ।

दोस्रो र पहिलो विश्वयुद्ध भोगेका मानिसका कथा इतिहासको कुनै पानामा सुरक्षित भेटिन्न । ती विश्वयुद्धमा म केही हुँ भनेर फणा उठाउनेहरूको वीरताका गाथा र बहादुरीका कथा बाहेक केही भेटिन्न । मानिसको मूल्य नहुनाले गर्दा हिरोसिमा र नागसाकीमा अनगिन्ती मानिसले एकै चिहान बन्न परेको थियो । त्यसै गरी हिटलरको ग्याँस च्याम्बरमा मारिएका मानिसका जुत्ता फुकालेर फाल्दा जुत्ते पहाड बन्नुले पनि मानव मूल्यको प्रस्तुति गरेको पाइन्छ । रुवाण्डाका हुत र तुत्सीले छ हप्तामा आठ लाख आफन्त गुमाउनु पनि ब्रह्माजीबाट ह्वात्त परेको बुद्धिकै प्रतिफल झैं देखिएको छ । नेपालमण्डलका प्राणधारी मान्छेमा ब्रह्माजीले बुद्धिको लेदो धेरै भर्न थाल्दा महाबुद्धिको उपज हतियार प्रयोग गरी आफ्ना दाजुभाइ सस्तैमा छिनिएका बनपाखामा असरल्ल छरिएका भेटिन्छन् । यी कुरा अभिव्यक्त गर्दा नेपालीको मूल्य झन घट्ने देखिन्छ । यसरी संसारमा कुनै मूल्य नभएको प्राणीका रूपमा मानिस नै देखिन्छ ।

विज्ञानका बाङ्गा गल्छेडामा अल्झेर आफ्नो बुद्धिको दिनप्रतिदिन विकास गरिहेको मानिसले यन्त्रमानवको आविष्कार गरेर आफ्नो सबै कामहरूको जिम्मा लगाइरहेको छ । मान्छेलाई सस्तो बनाई अवमूल्यन गर्ने कार्य मानिसबाट नै भएको हुनाले डायनोसर जस्तै मानिस पनि हराउन धेरै दिन नलाग्न सक्छ । मानिस आफ्नो बुद्धिको प्रयोग गरी विज्ञानका क्षेत्रमा उन्नति गरी अगाडि बढेर परिवार नियोजन जस्ता प्रविधिको विकास गऱ्यो जसबाट आफ्ना सन्तानको मूल्य वृद्धि हुने सोच राखे पनि आफ्नै शाखा सन्तान नाश गर्दै गई मूल्यहीन बन्दै गएको देखिन्छ । यसरी आफ्ना सन्तान नबढून् भन्ने प्राणी मानिस बाहेक

अरू पाउन सकिन्न । अझ भ्रूणहत्या गर्ने भ्रूणदेखि नै मानव बली बनाएर मानवमूल्य घटाउन मानिस लागिपरेको प्रस्तुति निबन्धमा पाइन्छ ।

साना र ठूला, अग्ला र होचाले एकअर्कालाई मूल्यहीन देख्ने एकले अर्कोलाई गन्दै नगन्ने, जस्ता मानवीय प्रवृत्ति देखिन्छ । होचा-अग्ला, काला-गोरा-पहेला बीचको अन्तर्द्वन्द्वले मान्छेको मूल्य नाश गर्दै लगेको पाइन्छ । त्यतिमात्र होइन एउटै आमाका तिम्ल्याहा चम्ल्याहा सन्तान पनि अग्ला होचा, काला र गोरा भएर जन्मे भने पनि आफैलाई ठूलो सम्झी अरूलाई नगन्ने र मूल्यहीन प्राणी बन्ने क्रम बढ्दै गएको देखिन्छ ।

आफ्नो भाषा, धर्म, संस्कृतिलाई ठूलो सम्झी अरूलाई नगन्ने मानवीय कमजोरी हो । अर्काको चिनारी, परम्परा, मौलिक पहिचान, पुर्खाको आत्मा, धरोहर, अतल गहिराईलाई नष्ट गर्न खोज्ने प्रवृत्तिबाट मानव अस्तित्व र मूल्य सङ्कटमा पर्दै गएको छ । सर्पले आफ्ना बच्चा खर्लप्प निलेजस्तै मानव मूल्य सङ्कटमा पर्दै गएको छ । समाजवाद, साम्यवाद, सामन्तवाद जस्ता वादको जालोमा फसाएर अरूलाई होचो, बनाउन खोज्ने र आफ्नो मूल्य बढाउन खोज्दा मानव मूल्य सङ्कटमा पर्दै गएको विषयवस्तु पनि प्रस्तुत गरिएको पाइन्छ । कुनै ठाउँमा मानिस भोकले छट्पटाइरहेको हुन्छन् भने अर्को ठाउँमा मानिसले अन्न समुद्रमा फालिएको हुन्छ । मानिसले प्रतिपादन गरेका वाद र त्यही वादको ठालुपनाका कारणले त यस्तो हुन गएको हो । यसरी एउटा भौगोलिक सीमाको मानिस ढाडिएको पतेरोजस्तो भएको छ भने अर्को भौगोलिक ध्रुवको मानिसले कुनै किसिमको मूल्य प्राप्त गर्न सकेको पाइँदैन । यसरी मानिसको मूल्यहीन गर्ने कार्य मानिसबाट नै भएको छ ।

हाड नभएको जिब्रो, ओठ नभएको कलम जस्तै आइमाईको मूल्य नभएको हुँदा चन्द्र समशेरको शासनसम्म सती जाने प्रथा चलाइ जिउँदै जलाउने गरिन्थ्यो । अर्काका लागि आफ्नो प्राणको आहुति दिने आइमाईको कुनै मूल्य हुने कुरै भएन । यसरी सस्तो मानिस भनेर आइमाईलाई अवमूल्यन गर्न मिल्दैन । यसरी सन्दर्भ जोडेर गहुँसँग घुन पिस्न मिल्दैन । महाजन, सन्त, सन्यासी, पुजारी, सबैलाई स्वास्नी चाहिन्छ । स्वास्नीकै लागि लडाइँ गर्ने, छल गर्ने, धनु भाँच्ने, विधवालाई सधवा बनाउने, उदयअस्तको राज्य त्याग्ने, पुरुषको स्वभाव पाइन्छ । त्यसैले महिलाले चाहे पुरुषलाई मरुभूमिदेखि सगरमाथाको टुप्पोसम्म महिलाले कुदाउन सक्छन् । यसरी हेर्दा पुरुष कुनै मूल्य नभएका देखिन्छन् । मानिसले एक पक्षले अर्को पक्षलाई नगन्ने अर्कालाई हिलो छ्याप्ने कार्य गर्दै गर्दा मान्छे नामक दुईखुट्टे प्राणीको कुनै मूल्य छैन मानिस मूल्यहीन छ । मानिस सस्तो बन्दै गएको छ ।

आधुनिक समाजमा टेलिभिजन कम्प्युटर आदि प्राविधिक वैज्ञानिक वस्तुलाई जति महत्त्व दिएका छन् त्यति मान्छेलाई नदिने गरेको सन्दर्भ जुटाएर मानिसको ह्रासोन्मुख जीवन मूल्यको हाँसो उडाएका छन् । यसै क्रममा मानव उत्पत्तिको पुराकथालाई अगाडि सारेर पौड्यालले मूल्यहीन मान्छेको स्थिति उल्लेख गरेका छन् ।[७]

विश्वमा होचा र अग्ला, काला र गोरा, भाषा, धर्म, संस्कृति, विभिन्न वाद वा राजनीतिक सिद्धान्तका बीचको लडाइमा लागेर आपसमा मिल्न नसक्ता मानिसको मूल्य खस्केको छ । महत्त्व खस्केको छ, महिमा खुइलेको छ । यो फूटले मानवजातिलाई पशुभन्दा तल झारेको उल्लेख गर्दै मान्छेका कमजोरी माथि गिज्याउने काम गर्छन् । महिला र पुरुषबीचको विभेद राष्ट्र-राष्ट्र बीचको अहङ्कार होडबाजी मूर्खता आदि मान्छेको मूल्य घटाउने पक्ष हुन् । यस्ता मानवीय दुर्वलताहरूको उद्घाटन गर्दै व्यङ्ग्यकार पौड्याल, विश्वव्यापी विसङ्गतिको मर्म देखाई मानिसको बुद्धिमान प्राणीको इज्जत राख्न आफ्नो मूल्यको खोजीलाई लाग्नुपर्ने अस्तित्ववादी धारणातर्फ प्रेरित गर्छन् ।[८] म ठूलो, म राम्रो भन्दै जाने हो भने राम्रो बन्न नसकिने, ठूलो हुन नसकिने हुनाले संसारभरका सबै मानिसको सम्मान गर्दै, अर्काको अस्तित्व स्वीकार गरी हातमा हात मिलाई काँधमा काँध मिलाइ सहकार्य गरी एकताका साथ अगाडि बढ्न सक्नु नै मानव मूल्य कायम गर्ने आधार रहेको तर्फ निबन्धकारले सबैलाई सचेत तुल्याएका छन् ।

## ३.४.३ उद्देश्य

*सस्तो मान्छे* हास्यव्यङ्ग्य निबन्धमा आधुनिक वैज्ञानिक प्राविधिक युगमा मानवीय अस्तित्वको अवमूल्यन भई मान्छेको स्वत्व नै सङ्कटमा परेको यथार्थलाई कलात्मक पाराले प्रस्तुत गरी पौराणिक-मिथक, आधुनिक यन्त्रमानव आदिको प्रसङ्ग उल्लेख गरी आफ्नै पाखण्ड बुद्धिका कारण मानवीय मूल्यमा ह्रास आएको देखाउनु नै निबन्धको उद्देश्य देखिएको छ । मानिस आफूलाई नै ठूलो सावित गर्नका लागि अन्य मानिसको अवमूल्यन गर्ने प्रवृतिको उजागर गर्नु पनि निबन्धको उद्देश्य देखिन्छ । आणविक जैविक जस्ता हतियारहरूको होडबाजी र त्यसको प्रयोगले मानिसलाई सस्तो बनाएको चर्चा गर्दै मानिसमा बढेको वैज्ञानिक प्राविधिक वस्तुप्रतिको मोह र तँ ठूलो कि म ठूलो भन्ने अहङ्कारपूर्ण विसङ्गतिका

---

[७] भरतकुमार भट्टराई, *बाउको विहे कृतिमा हास्य व्यङ्ग्य,* २०६६, **मिर्मिरे**, पूर्ववत्, पृ. ९२ ।
[८] ऐजन ।

कारण आफ्नो मानवीय मूल्यलाई नै सङ्कटमा परेको देखाएर समग्र मानिसलाई बुद्धिमान प्राणीको इज्जत राख्न आफ्नो मूल्यको खोजीतर्फ लाग्नुपर्ने अस्तित्ववादी धारणातर्फ प्रेरित गर्नु निबन्धको उद्देश्य हो ।[९] मानिसले आफ्नो मूल्य उँचा देखाउनका लागि अरूको अवमूल्यन गर्ने विभिन्न वाद वा राजनीतिक दर्शन, जाति, भाषा, धर्म, संस्कृति, ठूला साना ( अग्ला होचा) काला गोरा आदिका बीचमा आन्तरिक द्वन्द्व सिर्जना गर्ने लडाई झगडा सिर्जना गरी मानव अस्तित्व सङ्कटमा पार्ने कार्य मानवीय कमजोरी भएको हुनाले यस्ता अहङ्कार विकृति, विसङ्गति अन्त्य गरी सम्पूर्ण मानिस आपसमा मिलेर सहकार्य गरी मानव अस्तित्व रक्षाका लागि महिला-पुरुष, काला-गोरा, आदि भावनाको अन्त्य गरी मानवमूल्य वृद्धि गरी बुद्धिमान प्राणीको इज्जत राख्न सबै मानिसलाई सचेत गर्नु यस निबन्धको उद्देश्य देखिन्छ ।

## ३.४.४ शैलीशिल्प

*सस्तो मान्छे* निबन्धको भाषा प्रबुद्ध वर्गका लागि सरल भएपनि शैली व्यङ्ग्यात्मक रहेको छ । मानवका कुकार्यप्रति व्यङ्ग्य प्रस्तुत गर्ने सन्दर्भमा मर्त्यलोक महाभारतको युद्धको प्रसङ्ग जस्ता मिथकीय र पौराणिक प्रसङ्गको उल्लेख गरेका छन् । लेठेबल, छिमल्दै, सुइँकुच्चा, खुल्दुली, आहाल, ल्याप्प, घुटुघुटु, मुन्छे, किचिमिची, छ्यापछ्याप्ती, ह्वात्त, असरल्ल आदि जस्ता झर्रा नेपाली अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धलाई जीवन्तता प्रदान गरेका छन् । यस निबन्धमा टि.भि., हिटलर, ग्याँस च्याम्बर, हिरोसिमा, नागासाकी, फोटो आदि जस्ता आगन्तुक शब्दहरूको संयोजन उपयुक्त रूपमा भएको पाइन्छ । निबन्धमा 'प्रथमग्रासे मक्षिकापात' जस्ता संस्कृतका उक्तिको संयोजन गरिएको पाइन्छ भने गहुँसँग घुन पिस्नु जस्ता टुक्काको प्रयोगले निबन्धलाई रोचक बनाएको छ । निबन्धमा कहीँ कतै वाक्यमा विचलन पनि पाइन्छ, जसले निबन्धलाई आलङ्कारिक र कलात्मक बनाएको छ । जस्तै 'बराजुको थाङ्नो जस्तो, जति ढाल्यो त्यति राम्रो ।' 'यो संसारमा कुनै मूल्य नभएको प्राणी छ भने त्यो हो, मान्छे ।' 'प्रयोगशालामा भरिएको बुद्धि अनुसारको मूल्यको खोजीतर्फ लागौं है त !'

निबन्धमा तत्सम, तद्भव र आगन्तुकका साथै झर्रा नेपाली शब्दको उचित संयोजन र व्यङ्ग्यात्मक शैलीले निबन्धलाई रोचक बनाएको छ । पौराणिक मिथक र महाभारतको युद्धको प्रसङ्गले निबन्धलाई प्रभावकारी बनाएको छ ।

---

[९] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, महेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, बाग्लुङ्ग, २०६६, पृ. ९३ ।

निबन्धमा मानव मूल्य प्रस्तुत गर्ने सन्दर्भमा ब्रह्माजी, मान्छे, सुनचरी, धृतराष्ट्र, दुर्योधन, हिटलर मानिस जस्ता नामको प्रयोग भएको छ । यिनै नामलाई पात्रका रूपमा प्रस्तुत गरिएको छ । यिनैको विभिन्न अवस्थाको चित्रण गरिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दु तथा बाह्य कथन ढाँचाको प्रयोग गरिएको पाइन्छ ।

### ३.४.५ आयाम

*सस्तो मान्छे* निबन्ध ६ पृष्ठमा विस्तारित रहेको छ । एकसय उनान्सत्तरी वाक्य, चौध अनुच्छेदमा रचना गरिएको यो निबन्ध मध्यम किसिमको निबन्ध हो । आफ्ना कार्यबाट आफै अस्तित्वविहीन हुन पुगेको यथार्थ प्रस्तुत गरिएको यस निबन्धमा विभिन्न प्रसङ्गहरूद्वारा विषयवस्तुको गहनता पुष्टि गरिएको छ । अस्तित्व सङ्कटमा पर्दै गएको मानव जातिका यथार्थलाई विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोग गर्नाले प्रभावकारी बन्न पुगेको निबन्धले मानिसको बुद्धि अनुसार मानवमूल्यको लागि अस्तित्ववादी धारणा प्रस्तुत गर्दै मानवीय सोचमा परिवर्तन गर्ने सन्देश पनि निबन्धमा दिइएको छ ।

### ३.४.६ शीर्षक

*सस्तो मान्छे* एउटा विशेषण र अर्को नाम पद मिलेर बनेको दुई पदावलीयुक्त शब्द हो । सस्तो शब्दको अर्थ कम मूल्य भएको वा मूल्य नभएको भन्ने हुन्छ । सस्तो मान्छे शीर्षकले मूल्य नभएको वा अस्तित्व विहीन बन्न पुगेको मानिसलाई सङ्केत गरिएको छ । यस निबन्धले वर्तमान समयसम्म पनि मानवको मूल्यमा ह्रास आएको यथार्थलाई समेटेको छ । सस्तो मान्छे प्रतीकात्मक रूपमा प्रयोगमा आएको छ । निबन्धकारले मान्छेको उत्पत्तिदेखिका प्रसङ्गहरूलाई कोट्याएर विभिन्न बिम्ब, प्रतीक, उखानटुक्काहरू मार्फत मान्छेको अवमूल्यन भएको यथार्थ पक्षको उद्घाटन गरेको छ । मानिस र उसका आफ्नै कार्यबाट मानिसको अस्तित्व क्रमिक रूपमा दिनानुदिन अवमूल्यन हुँदै गइरहेको यथार्थ पक्षको उद्घाटन गर्न सफल रहेको यो निबन्धको शीर्षक 'सस्तो मान्छे' सार्थक रहेको पाइन्छ ।

## ३.५ बाउको बिहे

### ३.५.१ परिचय

*बाउको बिहे* निबन्ध यो निबन्धसङ्ग्रहको प्रतिनिधि रचनाका रूपमा रहेको यो चौथो निबन्ध हो । यो निबन्धको नामबाट नै निबन्धसङ्ग्रहको नामकरण गरिएको छ । यो निबन्ध नेपाली समाजमा देखिएका विकृतिलाई शृङ्खलाबद्ध हास्यात्मक रूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा बालविवाहबाट सिर्जिएका विकृतिलाई हास्यका माध्यमबाट समाजमा पस्कने काम भएको छ । बालक ज्वाइँलाई विभिन्न परिकार बनाएर खुवाए पनि सरसफाइमा ध्यान नदिने सासू, अड्कलेर खान नसक्ने ज्वाइँ, उपदेश दिने जेठाबा, उपदेशलाई पालना गर्ने 'म' जस्ताका समस्याका शृङ्खला निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धमा एकपछि अर्को गर्दै विसङ्गतिको शृङ्खला स्थिति प्रस्तुत गरिएको छ, जसलाई हास्यव्यङ्ग्य सिद्धान्तमा अधोगति वा अधोमुख विसङ्गति भनिन्छ ।[१०] अधोमुख विसङ्गतिले प्रस्तुत रचनामा एउटा सिलसिला टुङ्गिँदा नटुङ्गिँदै अर्को हास्यको सिलसिला उमार्छ ।[११] बाउको बिहे देख्नु भनेको सक्दो दुःख पाउनु हो । बालविवाहले गर्दा पाउन परेको दुःख र त्यसले अरूमा पारेको असरलाई यस निबन्धमा चित्रण गरिएको छ ।

### ३.५.२ विषयवस्तु

प्रस्तुत *बाउको बिहे* निबन्धमा निबन्धकारले हरेक परिस्थितिमा आफूले सास्ती बेहोर्नु परेको अवस्थालाई अनूभूति गर्नु परेका कुरालाई प्रस्तुत गरेका छन् । निबन्धकारले चाहिनेभन्दा बढी वस्तुलाई प्रयोग गरियो भने त्यसको नकारात्मक परिणाम हुन्छ भन्ने यथार्थलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । बाल्यकालमा आमाको सारीको थाङ्नामा निदाउँदा प्राप्त हुने आनन्द र बाल्यकालमा मूल्य नबुझेको अवस्थामा गरिएको विवाह साथै दुलहीसँग आडमा बस्न पर्दाको अवस्थाको पनि निबन्धमा हास्यात्मक पाराले चित्रण गरिएको छ । विवाह जस्तो रमणीय कार्यमा समेत जग्गेमा बिताउन गाह्रो हुन गई बाउको बिहे देखेको अनुभूति हुनु निबन्धको यथार्थ र हास्यात्मक पक्ष रहेको छ ।

बाल विवाहले गर्दा दान दक्षिणा पाइने, साथै मिठो मिष्ठान्न भोजन गर्न पाइने लोभले ससुराली गइरहने र मर्यादामा रहन नसक्ने विषयवस्तुले निबन्धमा स्थान पाएको देखिन्छ । गुलियो मीठो पाएपछि बिना हिसाबकिताब सबै आफैले खानपर्ने नेपाली

[१०] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिरे**, पूर्ववत्, पृ. ९३ ।
[११] ऐजन ।

राजनीतिज्ञ र कर्मचारीको स्वभावलाई लुकेर सबै अर्सा सिध्याएको प्रसङ्ग उल्लेख गर्दै हास्यात्मक रूपबाट व्यङ्ग्य प्रस्तुत गरिएको छ । त्यस्तै खान पाएपछि खाद्य र अखाद्य सबै भक्षण गर्न पछि नपर्ने स्वभावलाई दहीमा परेको साङ्लो निलेको प्रसङ्गबाट पुष्टि गरिएको छ । बालक ज्वाई-नारायणको अवस्था उल्लेख गर्दै भेटेको जति सबै मेट्ने प्रवृत्तिबाट सुधारिन सङ्केत गर्दै दार्जिलिङे पानी धेरै खाएको ज्वाइको अवस्थामा नपुग्न र डालोको सबै अर्सा स्वाहा पार्दा आफ्नो मलमुत्रमा आफै लत्पतिएको प्रसङ्ग प्रस्तुत गरी खाद्य र अखाद्य छुट्याउन साथै उपयुक्त मात्रामा मिष्ठान्न भोजन गर्न सन्देश पनि निबन्धकारले प्रस्तुत गरेका छन् । अति भक्षणबाट अस्वस्था र बदनाम दुवै हुने भएको होसियार रहन सुझाव प्रस्तुत गरिएको छ ।

बालविवाह गरिदिँदा विवाह गरिएका बालबालिकालाई मात्र होइन उनीहरूका अभिभावकलाई समेत समस्या हुन जाने विषयवस्तु निबन्धमा समेटिएको पाइन्छ । मीठो खाना खान पाइने, दुईचार पैसा खल्तीमा घुसार्न पाइने हुनाले मौका बेमौका ज्वाइँनारायणको सत्कार गर्न पर्नु, देवता समान ज्वाइँलाई सासूससुराबाट अवाच्य पनि भन्न पर्नु जस्ता समस्या सिर्जना हुने कुरालाई निबन्धमा समेटिएको छ । मीठो खाना धेरै खाने, पचाउन पनि नसक्ने र व्यवस्थापन पनि गर्न नसक्ने अवस्था सिर्जना हुन गई अनावश्यक हल्ला हुने, खोजी गर्नपर्ने समस्या उत्पन्न हुने अवस्थाको चित्रण निबन्धमा गरिएको छ । व्यवस्थित शौचालय नबनाई घरमा आएका पाहुनालाई लाजमर्दो स्थितिमा पुऱ्याउने र घर वरिपरि फोहर गर्न नहुने र वातावरणीय प्रदूषण र लाज बचाउनका लागि पनि शौचालय बनाउने तथा ओपेन ट्वाइलेट सिस्टमको अन्त्य गर्नुपर्ने विषयवस्तु निबन्धमा समेटिएको पाइन्छ ।

बालविवाह र त्यसले समाजमा पारेको नकारात्मक असर प्रस्तुत गर्दै बालविवाहित ज्वाइँ छोरीका लागि अयोग्य हुन सक्ने र उनीहरूको पारिवारिक जीवनयापनमा कठिनाइ उत्पन्न हुनसक्ने तर्फ पनि सङ्केत गरिएको छ । जसलाई ससुराले ज्वाइँलाई “चिया स्याहार्न नसक्ने ज्वाइँ नारायणले छोरी कसरी तह लगाउलान्” भनेकोबाट बुझ्न सकिन्छ । त्यसै गरी निबन्धमा “केटाकेटी उमेरकालाई ज्वाइँ बनायो बेठेगानसँग अत्याउँछन् ।” जस्ता उक्तिद्वारा बालबालिकाको थप नकारात्मक असरलाई पुष्टि गरिएको छ । कम उमेरको तथा अपरिपक्व अवस्थाको ज्वाइँलाई मिष्ठान्न भोजन गराएपनि खानाका परिकार सफा र स्वस्थ्य खुवाउनपछि भने ध्यान नदिएको अवस्थाको चित्रण पनि निबन्धमा पाइन्छ ।

ससुरालीमा उमेर मिल्दो सालो भएको र उसैसँग आफ्नो खेल्ने, गफगाफ गर्ने, सँगै सुत्ने जस्ता कुरामा मेल भएको परिस्थिति उल्लेख गर्दै पोका पोका पारिएका डालाका अर्सा सालो चाहिँले लुकाएर ल्याएको र दुवै जना मिलेर सबै अर्सा बुत्याएको पोका पारेका कागत समेत गायब पारेको प्रसङ्ग उल्लेख गर्दै, कुनै कार्यका लागि छुट्याएको बजेट सम्बन्धित व्यक्ति वा संस्थासम्म नपुग्दै यताउताकाले हुत्याउने र बुत्याउने प्रवृत्ति पाठकसामु पस्किएको पाइन्छ । निबन्धमा साला भिनाजु, सहयोग गरेको अवस्थामा राम्रो ठान्ने, सहयोग नभएको अवस्थामा खराब देख्ने सत्तासीन राजनीतिक दलप्रति हास्यात्मक रूपमा व्यङ्ग्य प्रस्तुत गरिएको छ । बल्लतल्ल सत्तामा पुगेका मानिसहरू त्यहाँ पुगेर पनि साथीसँग मिल्न नसकी द्वन्द्व बढ्दै जाँदा एकले अर्कोलाई लातले हानेर उछिट्याउने नेपालको राजनीतिक परिवेशलाई सालाभिनाजुको प्रसङ्गबाट व्यङ्ग्य गरिएको छ ।[१२] यसमा आफ्नो हुँदो गरिदिए उसको गुनगान गाउँदै हिँड्ने नत्रभने उसको जरै उखेल्नपछि नपर्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । पाएका बखत जति पनि घुस खान पछि नपर्ने हाम्रो समाजका राजनीतिज्ञ, दलका नेता र कर्मचारी वर्गलाई अर्साको डालो रित्याएको सन्दर्भबाट उल्लेख गर्दै जसबाट फोहोर बनेको थाङ्नो र सालाभिनाजुको स्थिति देखेर छिमेकी हाँसेको हास्यात्मक प्रसङ्ग उल्लेख गर्दै विश्वमा नेपालको बदनाम हुदै गएको अर्थात् भ्रष्ट मुलुकका रूपमा उल्लेख हुन थालेको स्थिति पनि निबन्धमा विषयवस्तु बनेको छ । ढाँटेको कुराको एक दिन पोल खुल्ने पोल खोलिँदा त्यसले विकृत रूप लिने कुरालाई हास्यात्मक र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

निम्न हैसियत हुने मानिसहरू दास हुन परेको र आफूले गरेको राम्रो, आफ्ना, आफ्नी, मन परेका राम्रा हुने, अरू नराम्रा हुने भन्दै मानिस आफू नै आफ्ना लागि दास भएर बाँच्न परेको कुरा पनि उल्लेख गर्दै एक मुठी सास लिएर त्यही सासको आफू दास हुन परेको यथार्थ पनि उल्लेख गरिएको छ । वर्तमान समयमा मानिसमा सबै आफूले उपभोग गर्न पाउनु पर्छ भन्ने शोषक प्रवृत्ति बढेको यथार्थप्रति व्यङ्ग वाण प्रहार गरिएको छ । ठूलाले सानालाई नराम्रो कार्य गर्नतर्फ उन्मुख गराउने प्रवृत्तिलाई ठूलाबाको प्रसङ्ग उल्लेख गरिएको छ । बोटमै पाकेका केरा, थाक्राको काँक्रो, ढुकुटीको पैसा मौका परे जिप्ट्याउनु पर्छ भनी उपदेश गरी नराम्रा काम गर्न लगाउने र अर्काले दुःख पाएको हेर्न चाहने मानिसको सङ्गत गरे बाउको बिहे देख्न पर्ने यथार्थ निबन्धमा प्रस्तुत गरिएको छ ।

---

[१२] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ९४ ।

कुन ठिक कुन बेठिक भन्ने कुराको विचार नगरी अर्काको उल्क्याइँमा लाग्दा जीवनका उकालीमा सिस्नोसँग मीत लगाउन पर्ने, लौरोसँग आत्मीयता जोड्न पर्ने, दाम्लाको पटेसोसँग विवाह गर्न परेको, ठिँगुराको देवतालाई देवता ठानी ढोग्न परेको, नेल हत्कडीलाई रक्षाबन्धन ठान्न पर्ने अवस्थाले हुनसम्म बेइज्जती हुन जाने परिस्थितिको चित्रण यस निबन्धमा गरिएको छ । अर्काको उक्साहटमा लागेमा भोग्न सक्ने भन्दा बढी दुःख पाइने तथा बाउको बिहे जुन आफ्नो जिन्दगीमा देख्न पर्नु जस्तो कठिनाइ भोग्नु पर्ने हुनाले विवेक प्रयोग गरी ठिक बेठिक छुट्टयाएर राम्रो कार्य गर्न सन्देश दिइएको छ । जस्तासुकै कार्य गरे सजाय भोग्न पर्छ बाउको बिहे देखिन्छ भन्ने तथ्य प्रस्तुत गर्न विभिन्न हास्यात्मक अधोमुख विसङ्गति पाठक सामु पस्किएको छ ।

## ३.५.३ उद्देश्य

*बाउको बिहे* निबन्धमा समाजमा रहेका बाल विवाह उपद्रो गर्दा जीवनमा भोग्न परेका विभिन्न हण्डर र ठक्करलाई विषयवस्तु बनाएर समाजका विकृति र विसङ्गतिलाई उजागर गर्ने कार्य भएको छ । हास्यात्मक रूपमा प्रस्तुत गरिएको यस निबन्धको समाजमा रहेका हरेक वर्ग र सम्प्रदायका मानिसलाई गलत मार्गमा नलागी विवेकपूर्ण ढङ्गबाट सोच विचार गरेर सही कामतर्फ उन्मुख गराउनु मुख्य उद्देश्य रहेको देखिन्छ । हास्यले भरिपूर्ण यस निबन्धको सामाजिक दुर्दशालाई कलात्मक पाराले व्यङ्ग्यात्मक प्रस्तुतिका माध्यमबाट बालविवाहको नकारात्मक असरको क्षेत्र पहिल्याई बालविवाह र सामाजिक उपद्रवलाई निरुत्साहित गर्न सहयोग पुऱ्याउनु पनि यस निबन्धको उद्देश्य रहेको देखिन्छ । यो हास्यात्मक निबन्ध हुनाले हास्यका माध्यमबाट पाठकवर्गमा आनन्द दिनु र सचेत तुल्याउनु पनि यसको उद्देश्य देखिन्छ ।

## ३.५.४ शैली-शिल्प

*बाउको बिहे* निबन्धमा प्रयुक्त भाषाशैली सरल भएर पनि बौद्धिक किसिमको छ । हाम्रो समाजमा रहेका बोलीचालीमा प्रयोग गरिने शब्दहरूको प्रयोग गरी निबन्धलाई सरल र सहज बनाउनुका साथै कलात्मक बनाउनका लागि भूमिका खेलेको देखिन्छ । थाङ्ना, निंद, तुर्क्याउने, गोब्र्याउने, पात्तिनु, जिप्ट्याउनु, हसुर्नु, ढिँडों, अगुल्टो, टुस्स, बाखर जस्ता जस्ता बोलीचालीका झर्रा शब्दको प्रयोग भएको देखिन्छ । त्यस्तै निबन्धमा स्वर्ग, विवाह,

सत्कार, अवाच्य, सर्वस्व, असीम, अवयव, पृथक्, गन्ध जस्ता तत्सम शब्दको स्वाभाविक प्रयोग भएको छ । निबन्धमा दार्जिलिङ चिया, प्राडो, पजेरो, ओपेन ट्वाइलेट सिस्टम, सिरक आदि जस्ता आगन्तुक शब्दको प्रयोगले निबन्धको सान्दर्भिकता पुष्टि गरेको छ । टुप्लुक्क, सुरूपसुरूप, भ्वारर्र, कर्लाङकुर्लुङ, गुटुमुटु, घुप्लुक्क, टटाङटुटुङ, झयाम्मै जस्ता अनुकणात्मक शब्दले भाषिक मिठास र आलङ्कारिकता सिर्जना गरेका छन् । 'जब भयो राति अनि बूढी ताती,' 'दाइलाई सक्तिन भाउजूलाई राख्तिन' उखान र सुँइकुच्चा ठोक्नु, झोक चल्नु, पेटमा हुन्डरी मच्चिनु, बाउको बिहे देख्नु जस्ता टुक्काहरूको स्वाभाविक प्रयोगले निबन्ध रोचक कलात्मक र आलङ्कारिक बनाउन सघाएको छ । निबन्धकारमा पूर्वीय साहित्यको प्रत्यक्ष प्रभाव परेको हुँदा निबन्धमा 'संसर्गजा दोष गुणा भवन्ति" जस्ता संस्कृतका उखान र तत्सम शब्दहरूको उचित प्रयोग गरेका छन् । निबन्धमा कलात्मकता भर्नका लागि 'जहाँ टेक्यो उही' पैरो जाने, को छ मेरो सम्झेर मन खाने ?' जस्ता लोकलयात्मक प्रस्तुति निबन्धमा पाइन्छ ।

निबन्धमा तत्सम तद्भव आगन्तुक शब्दका साथै बोलीचालीका झर्रा नेपाली शब्दको प्रयोग सरल र सहज भाषा, बौद्धिकताको प्रयोग नेपाली र संस्कृत भाषाका उखान टुक्काको प्रयोग गरी कलात्मक र आलङ्कारिक र व्यङ्ग्यात्मक शैली शिल्पको प्रयोग निबन्धमा भएको छ ।

बाउको बिहे निबन्धमा बाउको बिहे देख्ने मुख्य पात्र 'म' (निबन्धकार) देखिन्छन् । निबन्धमा एउटा घटनाको सिलसिला टुङ्गिन पाउँदा नपाउँदै अर्को सिलसिला सुरु हुने र सास्ती व्यहोर्ने पात्रका रूपमा निबन्धकार (म) नै रहेका छन् । यसै आधारमा यस निबन्धमा प्रथम पुरुष दृष्टिबिन्दु तथा आन्तरिक कथन ढाँचाको प्रयोग गरिएको छ । महिनामा एकपटक ससुराली टुप्लुक्क, मखमलमा गुटुमुटु, खाटमाथि घुप्लुक्क, मेरो सिद्धान्त नै बनिसकेको थियो भन्ने वाक्यले आन्तरिक कथन पद्धतिलाई थप प्रस्ट पार्दछ ।

### ३.५.५ आयाम

*बाउको बिहे* हास्यव्यङ्ग्य निबन्ध आठ पृष्ठमा संरचित छ । तेईस अनुच्छेद र दुई सय छयालीस वाक्यमा यो निबन्ध फैलिएको छ । अनुच्छेदगत आयामका दृष्टिले हेर्दा बीस अनुच्छेदको सीमा पार गरेको निबन्ध हो । यस दृष्टिले यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा लामो निबन्ध अन्तर्गत यस निबन्धलाई लिन सकिन्छ । पौड्यालले बाउको

विहे निबन्धमा विषयवस्तुका बारेमा आफ्ना अनुभव विचार वा धारणालाई आफ्नै सेरोफेरोका कथन बिम्ब र प्रतीकद्वारा सजाएर परिपूर्णता प्रदान गरेका छन् । यसरी निबन्धमा हेरिने पृष्ठगत र अनुच्छेदगत आयामपछि निबन्धको विषयवस्तुको गहिराइ तथा उचाइ हो । सरल रूपमा प्रस्तुत गरिए पनि निबन्धले उपयुक्त गहिराइ फेला पार्न सकेको अनुभूति गर्न सकिन्छ ।

### ३.५.६ शीर्षक

*बाउको विहे* निबन्धसङ्ग्रह अन्तर्गतको प्रतिनिधि रचना हो । दुईवटा कथ्य नाम शब्दको संयोजन गरेर निबन्धको शीर्षक चयन गरिएको छ । यसै शीर्षकभित्र रहेर निबन्धकारले आफ्ना अन्य शीर्षकका चौधवटा निबन्धहरू सङ्गृहीत गरी निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । बाउको विहे देख्नुको तात्पर्य सक्दो दुःख पाउनु हो । अर्काको उल्क्याइँमा लागेर अर्काको क्षति पुऱ्याउँदा भोग्न परेको सास्ती तथा मीठो पाएँ भनेर धेरै खाँदा भोग्न परेको बेइज्जती निबन्धमा बाउको बिहेको रूपमा प्रस्टिएको छ । निबन्धकारले समाजमा परम्परागत रूपमा रहेका विकृति विसङ्गति र मानवीय अवमूल्यनलाई निबन्धको विषयवस्तु बनाएर त्यसप्रतिका आफ्ना अनुभव अनुभूतिहरूलाई हास्यास्पद र वैयक्तिक पाराले व्यक्त गरेका छन् ।[१३] यस निबन्धको विषयवस्तु र शीर्षकका बीचमा तादात्म्य रहेकाले निबन्धको शीर्षक सार्थक रहेको पाइन्छ ।

## ३.६ गोबरगणेश

### ३.६.१ परिचय

*गोबरगणेश* निबन्ध **बाउको बिहे** निबन्धसङ्ग्रहमा सङ्गृहीत पाँचौं निबन्ध हो । पूर्वीय दर्शनमा देवादिदेव महादेवका सुपुत्र सिद्धिदेव गणेश पूजा आदिका हिसाबले प्रथम देवता मानिन्छन् । गणेशको पूजापछि मात्र अन्य देवताको पूजा गरिन्छ । धन, धान्य, पुत्र प्राप्तिका लागि पनि गणेशको पूजा गरिन्छ । गणेशको भक्त गणेशको उपासना पूजा गर्दा गाईको गोबरको गणेश बनाएर पूजा गर्ने गरेको पनि पाइन्छ । गोबरको गणेश गोबर जस्तै हुने दृढ रहने सन्दर्भमा प्रस्तुत गरिन्छ । गोबरलाई जसरी यताउता तथा जतापनि पल्टाउने प्रयोग गर्ने गर्छन् त्यसैगरी सोझा इमान्दार श्रमजीवी मानिसलाई उपयोग गरी फाइदा लिने

[१३] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ९४ ।

र उसैलाई गोबरगणेश जस्ता पदावलीको प्रयोग गरी उपेक्षा गर्ने सन्दर्भलाई निबन्धमा देखाउन खोजिएको छ ।

## ३.६.२ विषयवस्तु

पुत्र स्वर्गको द्वार खोल्ने साँचो हो । पुत्र प्राप्त नभए स्वर्गको मार्ग बन्द हुने भएकाले पूर्वीय दर्शनअनुसार पुत्रप्राप्ति अनिवार्य छ । त्यसैले नेपाली समाजमा पुत्रप्राप्तिको आशामा घरभरि कन्याको हुल भएपनि थप श्रीमती भित्र्याउने गरेको देखिन्छ । पुत्रप्राप्तिको बहानामा बहुविवाहले प्रश्रय पाउने गरेको तथ्यको प्रस्तुति निबन्धमा पाइन्छ । पुत्रप्राप्तिका लागि धामी झाँक्री लगाउने, देवी देवता भाक्ने, ग्रह दशा पन्छाउने, बलीका नाममा भेडाका साँढ, बाखाका बोका, कुखुराका भाले, परेवाका जोडीको प्राणहत्या गर्ने गरेको सामाजिक अवस्थाको उल्लेख निबन्धमा पाइन्छ । त्यतिमात्र नभई बाटो खन्ने, चौतारो चिन्ने, महादीप बाल्ने, उपवास गर्ने, हरिवंश पुराण लगाउने, गणेश पुराण लगाउने जस्ता कार्य गर्ने गरेको सामाजिक अवस्थाप्रति व्यङ्ग्य पनि निबन्धमा विषयवस्तु बनेको छ । पुत्र प्राप्त गर्न नसके आत्महत्या गर्न तम्सिने नेपाली समाजलाई उजागर गरिएको छ तर छोरीका लागि यस्ता कुनै कार्य गरिदैन । एक्काइसौं शताब्दीमा पुत्र/पुत्री प्राप्ति गर्न टेस्टट्युबमा बच्चा जन्माउन सकिने प्रविधिको पनि चर्चा गरिएको छ । समय र परिस्थिति अनुसार मानिसमा चेतनाको विकास हुने सन्दर्भ पनि निबन्धमा पाइन्छ ।

निबन्धकारले महिलाको हठी स्वभाव हुने भएकाले उनीहरू आफ्ना प्रतिज्ञा पूरा गरेर छाड्छन् भन्ने कुरालाई तथ्यपूर्ण रूपमा प्रस्तुत गरेका छन् । यस निबन्धमा शुद्ध मन लिएर कुनै पनि कार्यको थालनी गरेमा त्यसमा सफलता हात लाग्छ भन्ने यथार्थ पक्षलाई गोबर गणेशको पूजाको कारणले आफू जन्मेको प्रसङ्गबाट निबन्धकारले पुष्टि गरेका छन् । धर्ममा आस्थावान् मानिसहरूको अन्धविश्वास सम्पूर्ण व्यवहारप्रति व्यङ्ग्य गर्नका निमित्त देश विदेशबाट दर्शन गर्न आएको पक्षलाई निबन्धमा फूलप्रसादसहित उपस्थित भएर दण्डवत् गरेको फोटो खिचेको प्रसङ्ग उल्लेख गरिएको छ ।

गोबर गणेशले अरूले दया गरी दिएका सबै खानेकुरा जति पाएपनि बुल्याउन सक्छ । खादाँखाँदै उसको भुँडी पनि ठूलो भएको छ, जति खाने वस्तु हाले पनि त्यो भुँडीमा अटाउँछ र पचाउँछ । यस सन्दर्भको उल्लेख गर्दै देशको बजेट, विदेशीले गरेको सबै सहयोग सत्ताधारी गोबरगणेशको भुडीमा अटाउने गरेको र खन्चुवा गोबर गणेश पवित्र मानिए झैं

हाम्रा भ्रष्ट नेता कर्मचारी बाहिरी रूपमा शुद्ध देखिने गरेको अवस्थाप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । भुँडीको बाहिरी आवरण व्यक्तित्वका रूपमा देखिएर भित्रका सबै प्रकारका शुद्ध अशुद्ध खानेकुरालाई छोपे जस्तै भ्रष्टाचारीले खाएको घुस जस्ता कुरालाई उसको पद आदि बाहिरी आवरणले छोपेर शुद्ध बनाएको पाइने गरेको पक्षलाई प्रकाश पारिएको छ ।

एकछत्र शासन गर्नका लागि सोही अनुकूल नामकरण गर्दै आएका नेपालका सत्तासीन वर्गलाई उनीहरूकै सन्तानले कमजोर तुल्याएर आफ्नो भुँडी भर्ने गरेको यथार्थप्रति व्यङ्ग्य गरिएको छ । भ्रष्ट, मगन्ते, परमुखापेक्षी, निर्लज्ज, कर्तव्यहीन, बेइमान, सरमछाडा नेपालीहरूको मूर्खतापूर्ण जीवनशैलीको अतिरञ्जनात्मक व्याजस्तुतिपरक प्रतीकात्मक व्यञ्जनात्मक व्यङ्ग्योक्ति यस निबन्धमा प्रस्तुत गरिएको छ । पाखण्डी, अल्छी, कमजोर, सुविधाभोगी र ठूलाठालु भनाउँदाहरूको घातक चरित्रको लेथ्नो काडिएको यो रचना प्रतीकात्मक, व्यञ्जनात्मक वा ध्वन्यात्मक रहेको पाइन्छ । गोबर निकाल्ने गोरु झैं हेपिने-दलिने, श्रममा लगाउने काममा जोताइने सस्तैमा श्रमिक बनाइने विश्वकै मजदुरसरह सताइएको मूर्ख नेपालीको प्रतिबिम्ब पनि गोबरगणेशमा उत्रिएको छ । मानिस आफूले गरेका कुकृत्यहरूले आफैलाई आत्मग्लानी हुँदा पनि चेतना नआएको कटुतापूर्ण यथार्थलाई घरपरिवारले गोबरगणेशलाई हेर्न दृष्टिकोण मार्फत व्यङ्ग्य गरिएको छ ।

## ३.६.३ उद्देश्य

*गोबरगणेश* निबन्धको एउटालाई काम गराउने अर्कोले फाइदा लिने प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु र समाजका मानिसलाई अरूको श्रममा बाँच्ने परजीवी बन्नुभन्दा आफूले श्रम गरेर खाने बानीको विकास गर्ने तर्फ प्रेरित गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ । “यो रचना प्रतीकात्मक, व्यञ्जनात्मक वा ध्वन्यात्मक छ । यसमा गोबरगणेश भनेर विश्वले जति सहयोग दिए पनि पचाउन सक्ने अद्‌भुत भुँडी भएका नेपालीहरूको हसुरे प्रवृत्तिमाथि पनि कठोर व्यङ्ग्य छ ।”[१४] धामी झाँक्रीप्रतिको अन्धविश्वास हटाउनु पर्ने र बली चढाउन छोड्नु पर्नेतर्फ सचेत गराउनु पनि निबन्धको उद्देश्य रहेको देखिन्छ ।

*गोबरगणेश* निबन्धमा सरल र बौद्धिक भाषाको प्रयोग गरिएको छ । यस निबन्धमा प्रयुक्त रूपलाई हेर्दा तत्सम तद्‌भव र आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ ।

---

[१४] भरतकुमार भट्टराई, बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य, **मिमिरे**, वर्ष ३८, अङ्क ६, पूर्णाङ्क २८९, काठमाडौं: ने.रा.बैं, २०६६, पृ. ९४ ।

हरिवंशपुराण, गणेशपुराण, पूर्वीय दर्शन, शुभ लक्षण, अलख, शताब्दी, जन्मनक्षत्र, साक्षात्, दण्डवत्, दूरदर्शन आदि जस्ता शब्दहरूको प्रयोग निबन्धमा भएको छ । *पुंनाम्नो नरकात् त्रायते इति* जस्ता संस्कृतका उक्तिले पनि निबन्धलाई आकर्षक बनाएको छ । त्यसै गरी हस्पिटल, टेस्टट्युब, क्यामेरा, रेडियो, अमेरिका, क्यानडा, मद्रास, जापान, बङ्लादेश, अस्ट्रेलिया, फिल्म आदि जस्ता आगन्तुक शब्दको प्रयोगले निबन्धलाई बौद्धिक स्तरको तुल्याएको पाइन्छ । 'जता गुलियो उतै बाहुन भुलियो', 'मुसाकी छोरी मुसैलाई', 'माउभन्दा चल्ला बाठा', 'गधालाई नुहाएर गाई हुँदैन', 'भगवानभन्दा भट्ट बाठा' जस्ता उखानको उचित प्रयोगले निबन्ध आकर्षक, व्यङ्ग्यात्मक र प्रभावकारी बनेको छ । त्यसैगरी अमेरिकाको आलु, क्यानडाको मुला, मद्रासको प्याज, जापानको फर्सी, बङ्गलादेशको चामल, अस्ट्रेलियाको तोरी, थाइल्याण्डको चाउचाउ, बिहुँको घिउ, भोटका खसी जस्ता प्रसिद्ध वस्तुको प्रयोगको उपयुक्त संयोजनले निबन्धलाई थप प्रभावकारी बनाएको छ ।

*गोबरगणेश* आत्मव्यङ्ग्यको शैलीमा प्रस्तुत गरिएको निबन्ध हो । यो रचना प्रतीकात्मक, व्यञ्जनात्मक वा ध्वन्यात्मक रहेको छ । मार्मिक रूपमा नेपालीको भ्रष्ट, मगन्ते, परमुखापेक्षी, निर्लज्ज, कर्तव्यहीन, बेइमान, सरमछाडा, नेपालीहरूको मूर्खतापूर्ण जीवनशैलीको अतिरञ्जनात्मक व्याजस्तुतिपरक र प्रतीकात्मक-व्यञ्जनात्मक व्यङ्ग्योक्ति यस निबन्धमा प्रस्तुत छ ।[१५] यस निबन्धको शीर्षक नै प्रतीकात्मक रहेअनुरूप प्रतिकात्मक आत्मव्यङ्ग्यपरक गद्यशैलीको प्रयोग निबन्धमा पाइन्छ ।

## ३.६.५ आयाम

*गोबरगणेश* निबन्ध पाँच पृष्ठमा संरचित रहेको छ । एकसय तेईस वाक्य र पन्ध्र अनुच्छेदमा यो निबन्ध रचिएको छ । आयामगत हिसाबले न्यूनतम लम्बाइ भएपनि अनुच्छेदगत आयामका हिसाबले विस्तृत आकारको निबन्धको रूपमा लिन सकिन्छ । विषयवस्तुको गहिराइको आयामतिर दृष्टि दिँदां नेपाली समाजका अनेकौं प्रतीक साथै पूर्वीय र पाश्चात्य प्रतीकहरूको प्रयोगद्वारा विचारलाई प्रस्ट पारिएको हुनाले निबन्धको गहिराइ स्वाभाविक आयामको देखिन्छ ।

---

[१५] ऐजन ।

### ३.६.६ शीर्षक

*गोबरगणेश* शब्दको शाब्दिक अर्थ गोबरको गणेश भन्ने हुन्छ । गोबरको गणेश जस्तो भद्दा किसिमको भन्ने अर्थमा गोबरगणेश शब्दको प्रयोग हुने भएपनि गोबरगणेश प्रतीकात्मक अर्थमा प्रयोग भएको छ । प्रतीकात्मक रूपमा मूर्ख, बुद्धि नभएको, केही नजान्ने अर्थमा गोबरगणेश शब्दको प्रयोग हुन्छ । यस निबन्धमा पनि गोबरगणेशको अर्थ प्रतीकात्मक रहेको छ । गोबरगणेश शब्दले नेपालीहरूको हसुरे प्रवृत्तिलाई सङ्केत गरेको छ । राम्रो काम गर्नेलाई हाम्रो समाजले सदैव नराम्रो नामद्वारा परिभाषित गरी उसको नाममा आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिको व्यङ्ग्यात्मक चित्रण गरिएकाले निबन्धको शीर्षक विषयवस्तुसँग मेल खाएको छ । निबन्धको शीर्षक र विषयवस्तुबीच अन्तरसम्बन्ध देखिएकाले निबन्धको शीर्षक सार्थक रहेको मान्न सकिन्छ ।

## ३.७ प्रस्तावित पुरस्कारहरू

### ३.७.१ परिचय

*प्रस्तावित* पुरस्कारहरू **बाउको बिहे** निबन्धसङ्ग्रहको छैटौं निबन्ध हो । सम्मानबोधक व्यक्ति, संस्था, समूह वा राष्ट्रलाई प्रदान गरिने विभूषण, उपाधि, कदरपत्र स्याबास आदिलाई पुरस्कार भनिन्छ । कुनै व्यक्तिले आफ्नो कार्यक्षेत्रमा विशेष दक्षतापूर्वक कार्यसम्पादन गरी योगदान गर्दा त्यस कार्यसँग सम्बन्धित व्यक्ति, संस्था, राष्ट्रले पुरस्कार, सम्मान तथा कदर-पत्र प्राप्त गर्ने परम्परा रही आएको अवस्थामा वर्तमान समयमा विभिन्न पुरस्कारको स्थापना भएका र पुरस्कार वितरण गर्दा परम्परित तथा स्थापित मान्यतालाई कुल्चेर योगदान, वरिष्ठता जस्ता पक्षतिर ध्यान नदिई आफू र आफ्नो मान्छेलाई पुरस्कृत गरिएका पक्षप्रति असन्तुष्टि व्यक्त गर्दै तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । पुरस्कारको स्थापना गर्दा पनि पुरस्कृत गरिने पक्षको योग्यता दक्षता, वरिष्ठता, योगदान आदि मूल्यमान्यतातिर दृष्टि नपुऱ्याई पुरस्कार वितरण गरिने गरेको प्रति रोष प्रकट गर्दै स्थापित मूल्य मान्यताालई ध्यान दिन पर्ने विचार प्रस्तुत गरिएको छ । विज्ञान र प्रविधिले दिनानुदिन फड्को मारे पनि समाजमा चलिआएका मान्यतालाई सम्मान गर्नुपर्छ अतिक्रमण गर्न हुँदैन भन्ने पक्षलाई निबन्धमा देखाउन खोजिएको छ ।

### ३.७.२ विषयवस्तु

आजको विश्व परिस्थितिमा विज्ञान र प्रविधिले फड्को मारिसकेको छ । विज्ञान कला, साहित्य, सङ्गीत, सामाजिक वा राजनैतिक क्षेत्र परम्परागत मान्यताबाट अघि बढिसकेको छ । यसरी समाजका विविध पक्षको परिवर्तन भइरहेको अवस्थामा नेपालमा पुरस्कार वितरण गरिने परिपाटीमा पनि विचलन आएको छ । प्राचीन समयमा आफ्नो कार्यक्षेत्रमा विशेष दक्षतापूर्वक कार्यसम्पादन गर्ने व्यक्ति, संस्था, राष्ट्रलाई पुरस्कृत गरिने परिपाटीमा भित्रिएको विकृति र विसङ्गतिप्रति निबन्धमा उछित्तो काढिएको छ । निबन्धकारले वर्तमानमा विकास भइरहेका विभिन्न गतिविधिलाई मध्यनजर राख्तै जथाभावी पुरस्कारको स्थापना गर्ने पक्षको विरोध गरेका छन् । च्याउ झैं उम्रदै गरेका स्थापित पुरस्कारको मान्यताप्रति सचेत गराउँदै विद्वत्तापूर्ण तर व्यङ्ग्यात्मक शैलीमा नयाँ पुरस्कारको प्रस्ताव गरेका छन् ।

समाजमा पुरस्कार दिने क्रममा बसेका विकृति र बेथितिलाई दर्शाउने व्यङ्ग्य रचना प्रस्तावित पुरस्कारहरूमा देशभित्र सम्मानयोग्य व्यक्तिलाई छोडेर निन्दनीय व्यक्ति वा संस्थालाई राष्ट्रिय सम्पत्तिको दुरूपयोग गर्न सल्लाह दिंदै प्रशंसाका शब्दमा तिखो निन्दा वा घृणा व्यक्त गरिएको पाइन्छ । आधुनिक समयमा युग सुहाउँदो मान्यता स्थापित गर्न पूर्वीय मान्यता अनुसारका मक्किएका मान्यता जरैदेखि उखेलेर फाल्न खोजेर मानवीय व्यवहार नै पूर्वीय सभ्यताबाट पश्चिमतर्फ बसाइ सर्न लागेको सन्दर्भ समेत निबन्धकारले देखाउन खोजेका छन् । हाम्रो चिन्तन धरातल ललिपपमा भुल्ने केटाकेटी जस्तै भएको छ । राष्ट्रिय सम्पत्तिको अधिकतम दुरूपयोग गर्ने उचित व्यक्तिलाई पुरस्कृत गर्नु पर्ने सकारात्मक शब्दको प्रयोग गरी साङ्केतिक रूपमा त्यस्ता भ्रष्टहरूलाई तह लगाउन पर्ने सन्देशलाई निबन्धमा विषयवस्तु बनाइएको छ ।

नेपालमा वर्तमान समयमा चेलीबेटी बेचबिखन बढेको देखिन्छ । यसरी चेलीबेटी बेचबिखन गर्ने कार्यमा नेपालका महत्त्वपूर्ण जिम्मेवारी पाएकाहरू नै संलग्न हुने गरेको तर्फ सङ्केत गर्दै नेपाललाई अन्तर्राष्ट्रिय स्तरमै बदनाम गराएको साङ्केतिक चर्चा छ । नेपाल र नेपालीलाई अन्तर्राष्ट्रिय स्तरसम्म बदनाम गराउने कार्यमा अभियोग लागेकाहरू पनि पुरस्कृत हुने गरेको अवस्थालाई समर्थनका शब्दबाट कुकार्यको विरोध ब्याजस्तुतिद्वारा निबन्धकारले प्रस्तावित चेली बेचबिखन पुरस्कारबाट ओकलेका छन् ।

नेपालका जुनसुकै कार्यमा छलछाम हुने गरेको पाइन्छ । गुठी, देवालय, सार्वजनिक पाखो, पँधेरो, कुलो, पैनी, साध, सीमा, बगर, पर्ती, राजस्व, देवस्व जस्ता ठाउँमा पनि छलछाम गर्ने कार्य तीव्र रूपमा देखिन्छ । दाजुभाइ अंशवण्डा जस्ता कुरादेखि विहाबारी, रोजगारी, विकास निर्माणजस्ता कार्यमा स्थान पाउने तथा पहुँच पुग्ने जोसुकैले छलछाम गर्न झुक्याउन पछि पर्दैनन् । जसले बढी झुक्याउन तथा छलछाम गर्न सक्छ ऊ धनी तथा सम्पन्न हुन्छ । ऊ योग्य पनि हुन्छ । उसले पुरस्कार पनि पाउँछ । यसरी छलछाम गर्ने बेइमानी गर्नेलाई समर्थन गरे झैं गरी त्यस्ता कार्यको उछितो काढ्ने कार्यमा निबन्धकार सफल देखिएका छन् ।

नेपालमा प्रजातन्त्रको पुनस्थापनापछि राष्ट्रिय सम्पत्तिको दुरूपयोग चेलीबेटी बेचबिखन, समाजका विविध पक्षमा छलछाम र ठगी गर्ने चरम भ्रष्टाचारी प्रवृत्ति बढेको छ । राज्य वा सरकार त्यस्ता कुचलनलाई रोक्न पूरै असफल भएको छ । यस्तो दुःशासनमाथि व्यङ्ग्यकार पुरस्कारको प्रसङ्ग ल्याएर व्याजस्तुति, अतिरञ्जना, बक्रोक्ति आदि व्यङ्ग्यका उपकरणको प्रयोग गरी चर्को हाँसो उडाउँदै घृणा व्यक्त गर्छन् । त्यसैले उनी पुरस्कारका नामहरू नै सबभन्दा बढी तिरस्कार गरिने वा हेय मानिने तत्त्वकै आधारमा जुराउछन् ।[१६] एक्कासौं शताब्दीका नेपालीले कमाउने धन्दा, देशको ढुकुटी आफ्नो बनाएर, महिला बेच्ने अपराध गरेर, अनेक तिकडम गरी राष्ट्रको अस्मिता माथि बलात्कार गर्ने षड्यन्त्रमा लागेका छन् । यस्तो मनोवृत्ति दरिद्र चिन्तनका एसियाली र अफ्रिकी देशका मानिसहरूले देखाउने गर्छन् । पिछडिएका एसियाली मुलुकको भ्रष्ट नमुना बनेको नेपालका नेपालीहरू यस्तै फोहोरी खेलमा जुटेकामा व्यङ्ग्यकारले सरकार, समाज र प्रवृत्तिमाथि प्रशांसाका शब्दमा तिखो निन्दा वा घृणा गरिने प्रस्तुति ओकलेका छन् ।[१७] यसरी निबन्धकारले सरकार समाज र व्यक्तिको प्रवृत्तिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

## ३.७.३ उद्देश्य

*प्रस्तावित पुरस्कारहरू* निबन्धमा जसले समाजमा नराम्रो व्यवहार गर्छ, राष्ट्रको अहित हुने कार्य गर्छ, त्यस्ता व्यक्तिलाई पुरस्कृत गर्ने हाम्रो नेपाली समाजमा रहेको

---

[१६] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य*, **मिर्मिरे**, पूर्ववत्, पृ. ९५ ।
[१७] ऐजन ।

विकृतिप्रति व्यङ्ग्य गरिएको छ । समाजको राजनीतिक अवस्थामा नातावाद, कृपावाद आदिका कारणले पुरस्कारको गरिमा घटेको देखाउनु यस निबन्धको उद्देश्य हो । राष्ट्रका सामाजिक मूल्य मान्यता र व्यक्तिको इज्जत प्रतिष्ठाको अवमूल्यन, जस्ता व्यक्ति पनि पुरस्कृत हुने र पुरस्कृत गर्ने कार्य भएको देखिन्छ । यस्ता कार्य गर्ने जो कसैलाई दण्डित गर्नुपर्छ साथै पुरस्कार वितरणमा राजनीतिक प्रभाव पर्नु निन्दनीय कार्य भएको हुँदा त्यस्ता कार्य गरी पुरस्कृत हुने र पुरस्कृत गर्नेलाई सजाय दिने व्यवस्था हुनु पर्ने सन्देश दिनु निबन्धको उद्देश्य देखिन्छ ।

## ३.७.४ शैलीशिल्प

*प्रस्तावित पुरस्कारहरू* निबन्धमा स्तरीय किसिमको भाषाको प्रयोग भएको छ । दीर्घा, विभूषण, आलीशान, प्रस्तावित, सुपुप्त, अस्मिता, अतीत, अनादिकाल, रीति, जस्ता तत्सम शब्दहरूको प्रयोगले निबन्धको भाषा केही जटिल बन्न पुगेको अनुभूति गर्न सकिन्छ । वाक्यमा संयुक्त र मिश्र जस्ता जटिल वाक्यहरूको मात्र प्रयोग नभई सरल वाक्यहरूको पनि प्रयोग गरिएको छ । वाक्यमा सामान्य पदक्रमको पर्याप्त प्रयोग गरिएको भए पनि 'ल हिँडें है त पुरस्कार लिन ।' जस्ता विशिष्ट पदक्रमको प्रयोगले वाक्यमा आलङ्कारिकता सिर्जना गरेको छ भने शिल्प सज्जामा थप सहयोग गरेको पाइन्छ । धरहराको चुचुरोमा बसेर बक्रदृष्टि लाउनु, फड्को मार्नु, कुलेलम ठोक्नु, समयले कोल्टो फेर्नु, गोलपोष्टमा बल न्याक्नु, बिट मार्नु जस्ता टुक्काहरूको स्वभाविक प्रयोगले निबन्धलाई रोचक बनाएको छ । पौठाँपौठीँ, गोदागोद, लाप्पालाप्पी, डुङ्डुङ्ती जस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धलाई रसिलो बनाएको छ । "राष्ट्रिय अस्मितामा अधिक से अधिक भनुम् न आँच पुऱ्याउन सकेन," जस्ता हिन्दी शब्द मिश्रित वाक्यांशले नेपाली भाषामा हिन्दी भाषाको अतिक्रमण हुन लागेकोतर्फ सचेत गराउदै रोचक स्वाभाविक प्रयोग भएको देखिन्छ । निबन्धमा प्रयोग भएका आलीशान महल विभिन्न पुरस्कारहरू (छलछाम, चेली बेचबिखन, राष्ट्रिय सम्पत्तिको दुरूपयोग, ललीपप जस्ता प्रतीकात्मक शब्दहरूले प्रतीकात्मक व्यङ्ग्य गद्य शैलीको प्रयोग भएको देखिन्छ ।

निबन्धकारले यस निबन्धमा प्रजातन्त्रको पुनः स्थापनापछि स्थापना गरिएका पुरस्कार र स्थापित रूपमा रहेका पुरस्कार वितरणमा देखिएका विकृति र विसङ्गति केलाउँदै भावात्मक रूपमा स्वत्वको अनुभूति गराउन खोजिएको देखिन्छ । आत्मानुभवहरूलाई

कलापूर्ण शैलीमा प्रस्तुत गर्नु पनि कथन पद्धतिगत विशेषताकै रूपमा देखिन्छ । यस निबन्धमा 'म' र 'हामी' शब्दको प्रयोग गरिनुका साथै आफ्ना अनुभवलाई पाठकसामु निबन्धकारले पस्किएका छन् । यसै आधारमा निबन्धमा प्रथम पुरुष दृष्टिविन्दु तथा आन्तरिक कथन ढाँचा प्रयोग भएको देखिन्छ ।

## ३.७.५ आयाम

*प्रस्तावित पुरस्कारहरू* निबन्ध गुणस्तरीयता, पूर्णता, स्पष्टता र गहनताका दृष्टिले सटीक ढङ्गबाट परिपूर्ण पारिएको देखिन्छ । पृष्ठगत आयामका दृष्टिले पाँच पृष्ठमा संरचित लघु आकारको निबन्धका रूपमा देखिन्छ भने सतसट्ठी वाक्य, तेह्र अनुच्छेदमा विस्तारित यस निबन्धलाई लघु आकार मान्न सकिन्छ । समाजमा बढ्दै गएका विकृति र विसङ्गति माथि विभिन्न विम्ब र प्रतीकका माध्यमबाट व्यङ्ग्यवाण प्रहार गरिएकाले यो निबन्ध स्तरीय किसिमको देखिन्छ ।

## ३.७.६ शीर्षक

*प्रस्तावित पुरस्कारहरू* निबन्धमा समाजमा शोषक सामन्त, चेलीबेटी बेचबिखनकर्ता आदिले पुरस्कार प्राप्त गर्ने प्रवृत्ति दिनानुदिन बढ्दै गएको यथार्थ पस्किएको पाइन्छ । नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि राष्ट्रिय सम्पत्तिको दुरूपयोग, चेलीबेटी बेचबिखन, समाजका विविध पक्षमा छलछाम र ठगी गर्ने चरम भ्रष्टाचारी प्रवृत्ति बढेको छ र राज्य वा सरकार त्यस्ता कुचलनलाई रोक्न पूरै असफलत रहेको छ । यस्तो दुःशासनमाथि व्यङ्ग्यकारले पुरस्कारको प्रसङ्ग ल्याएर घृणाको भाव व्यक्त गर्दै पुरस्कारका नामहरू नै सबभन्दा बढी तिरस्कार गरिने तत्त्वकै आधारमा राष्ट्रिय सम्पत्तिको दुरूपयोग, चेली बेचबिखत र छलछाम आदि जुराइएका हुनाले निबन्धको विषयवस्तु र शीर्षकको बीचमा अन्तरसम्बन्ध देखिएकाले निबन्धको शीर्षक सार्थक रहेको देखिन्छ ।

## ३.८ खाने उपक्रम

## ३.८.१ परिचय

*खाने उपक्रम* निबन्ध **बाउको बिहे** निबन्ध सङ्ग्रहमा सङ्गृहित सातौं निबन्ध हो । नेपालको शासनव्यवस्था तथा राज्यव्यवस्था प्रणालीका कारण नेपालमा घुस, नजराना,

बक्सिस, उपहार, कोसेलीपात चढाएर मात्र काम हुने, केही नभएर एउटा बिँडी भएपनि नखाई काम नगर्ने नेपाली कर्मचारीको स्वभाव आदिसँग असन्तुष्टि निबन्धमा व्यक्त गरिएको छ । राज्यव्यवस्थाले नियन्त्रण गर्न सके मानिस अनुशासनका बन्धनमा बाँधिएर काम गर्न सक्छ, राज्यमा सुशासन कायम हुन सक्छ । रोजगार सिर्जना हुन सक्छ । युवाहरूले रोजगार आदिका नामले विदेशिनु पर्ने अवस्थाको अन्त्य हुन सक्छ । नेपालको राज्य व्यवस्था प्रणालीले गर्दा कोही मासु वेगर भागै नवस्ने कोही एक पाउ मासुको रहर गर्दा गर्दै मर्नु पर्ने नेपालीको अवस्थालाई यस निबन्धमा प्रकाश पारिएको छ । स्वैरकल्पनामा आधारित यस निबन्धमा मानवजातिको स्वभावलाई पनि उल्लेख गर्न खोजिएको छ ।

## ३.८.२ विषयवस्तु

*खाने उपक्रम* निबन्धमा नेपालमा रहेको वर्गीय समाजलाई विषयवस्तु बनाएर स्वैर-कल्पनाको आधारमा विश्लेषण गरिएको छ । नेपालका हुनेखाने वर्गका मानिस मासु बिना भाग बस्तैनन् भने हुँदा खाने वर्गका मानिसलाई एक छाक मासु खान सङ्घर्ष नै गर्नुपर्ने भएको देखिन्छ । नेपालको वर्गीय समाज द्वन्द्वको कारण बनेको पक्ष पनि निबन्धमा देखिन्छ । आफ्ना सन्तानलाई एकछाक मासु खुवाउन नसक्ने आफ्ना अभिभावकलाई भाटाले कुटेर मारेको सन्दर्भले द्वन्द्व अभावको कारण रहेको तथ्य प्रस्ट पारिएको छ । यसै प्रसङ्गले जनताको आवश्यकता पूरा गर्न नसक्ने सरकारलाई जनताले तह लगाएको तर्फ व्यङ्ग्य गरिएको छ ।

मर्त्यलोक वा नेपालमण्डलबाट नेपालीहरू परलोक वा डलरको देश/अहिलेका स्वर्ग ठानिने लोकतिर बसाइँ सर्ने गरेको अवस्थालाई पनि निबन्धमा विषयवस्तु बनाइएको छ । डलरको देशमा बसाइँ सर्नुको कारण त्यहाँको समाजमा ठूलो सानोको भेदभाव नहुनु, सबैलाई उत्तिकै आदर र सम्मान गरिनु, एउटै परिवार जस्तो समूहमा मिलेर बस्ने जस्ता कारण रहेको देखिन्छ । त्यहाँको राज्य व्यवस्थाले घुस खाने, नजराना लिने दिने, बक्सिस, उपहार, कोसेली लिने दिनेलाई तुरुन्त दण्डित गर्न सकेकोले त्यहाँका राज्यमा सुशासन देखिन्छ । सुशासनले गर्दा मानिस कर्तव्यनिष्ठ र अनुशासित रहेका देखिन्छन् । सुशासन र रोजगारका लागि मानिस परलोक (डलरको देश) तिर आकर्षित भएको देखिन्छ । कुनै सरकारी कार्यालयहरूमा पनि नेपालबाट गएका भ्रष्टहरू पनि इमान्दारीपूर्ण ढङ्गले काम गर्नुजस्ता प्रसङ्गले मानिस कानुनको कार्यान्वयनबाट सतर्क रहेको वा अवस्था अनुसार

सुधारिन सक्ने अवस्थाको चित्रण पनि निबन्धमा पाइन्छ । विशेष गरेर नेपालका भोजपुर, जुम्ला, दैलेख, म्याग्दी जस्ता ठाउँका मानिसहरू आप्रवासतर्फ बढी सहभागी हुने गरेको देखिन्छ । यसरी आप्रवासमा पुगेर पनि बम र बन्दुक भएको भए त आतङ्क नै मच्चाउने थिए भन्दै कर्तव्य पूरा नगर्ने आन्दोलन र अधिकारका कुरा बढी गर्ने नेपालीको स्वभावको चित्रण पनि निबन्धको विषयवस्तु देखिन्छ । डलरको देशमा पुगेपछि सम्पूर्ण नेपालीहरूको मेल हुन नसक्नाको कारण पत्ता लगाउने जमर्को गर्दै संसारमा अन्य प्राणी आफ्ना सन्तानको नाश गर्ने हतियार बनाएका छैनन् तर धेरै बुद्धि भएका मानिसले आफ्ना जातिको नाश गर्ने हतियार बनाएका छन् जसको दुरूपयोग हुनाले मनुष्यवर्गको संहार हुन गएको छ । यसरी मानिसको नाश गर्ने कार्यमा लागेको मानिसको नरसंहारकारी प्रवृत्ति निबन्धको विषयवस्तु बनेको देखिन्छ । परलोकका देशहरूमा सबै मानिको एकै किसिमको पहिचान हुने भए पनि हाम्रो देशमाभने तराइ, पहाड, उपत्यका, हिमाली जस्ता जाति, धर्म जस्ता सामुदायिक चिनारी राख्ने र फुट पैदा गर्ने जस्ता स्वभावले नेपालीमा एकता हुन नसकी फुट पैदा हुने, फुटबाट द्वन्द्व बढ्ने, जस्ता कार्यबाट घुस नजराना जस्ता विकृति सिर्जना हुने गरेको मार्मिक पक्षको उद्घाटन यस निबन्धमा भएको छ । परलोकमा पनि अमेरिका युरोप जस्ता देशका मानिस तत्काल काम हुनुपर्छ भनेर जिरह गर्ने गरेको र नेपाली चाहि आफ्नो कार्यथलो नै कमजोर बनाउने, आन्दोलन र हडताल गर्ने थोरै फाइदा देखे आफ्नो अडान छोडिहाल्ने बेइमानी प्रवृत्तिको पर्दाफास गर्नु पनि निबन्धको विषयवस्तु बनेको छ ।

परलोकमा पुगेका मानिसले आफ्नो योग्यता र क्षमता अनुसार काम पाएर आफ्नो जिम्मेवारी बहन गरेको पनि निबन्धमा विषयवस्तु बनेको छ । काट्टेले पाएको काम र लेखनदासले पाएको कामले योग्यता र क्षमता अनुसार काम दिनेछ र काममा गल्ती गरे दण्ड दिने व्यवस्थाको प्रशंसाले विषयवस्तुको रूप पाएको छ । एउटा देशको नागरिक अर्को देशमा गएमा त्यसलाई मृत्यु दण्ड दिने कार्य पनि हुने गरेको प्रसङ्ग निबन्धमा देखिन्छ । नेपालको रोजगार विहीन अवस्था र जस्ता कार्य गरे पनि अपराधी दण्डित नहुने र निरापराधी दण्डित हुने अवस्था जस्ता कारणबाट वैदेशिक रोजगार लगायतका कार्यका बहनामा किशोर किशोरी विदेशिने गरेको, अवस्थालाई निबन्धमा उल्लेख गरिएको छ ।

जीवजीवात्मा चराचर जगतमा आफ्नो र पराइ छुट्ट्याउन जीव जनावरहरू पनि सक्षम छन् । विवेकशील तथा बुद्धिमान प्राणी मानिसले भने आफ्नै जाति समूहको मानिस छुट्याउन सक्तैन । आफ्ना बाबु आमा, छोराछोरी, दिदीभाइ कसैलाई चिन्न नसकेर अधिक

बुद्धिको दुरूपयोग गरेको देखिन्छ । यसरी विवेकशील भएर पनि आफ्नो जाति नचिनेर आफ्नै बाबु मार्ने, दाजु मार्ने, भाइ मार्ने जस्ता कुकृत्य बढेर गएको छ । यो सबै वर्गीय असमानताको कारण हो र फितलो कानुन, कानुनको फितलो कार्यान्वयनले मानिस अनुशासनहीन हुन गई अपराधवृत्ति बढेको देखिन्छ । यस्तो स्वदेशको अव्यवस्था र कुशासनको पीडाले भौतारिएका असङ्ख्य युवाहरू अमेरिका जस्ता देशहरूका नागरिकता लिन तयार भएको दृश्य उपस्थित गर्दै व्यङ्ग्यकार युवा वर्गको पलायन र राष्ट्रको पतनमुखी आतङ्कपूर्ण शासन व्यवस्थाको कहाली लाग्दो चित्र प्रस्तुत गरेका छन् अनि त्यस्तो मानिसको मासु खान तत्पर राजनीतिक हिंसायुक्त परिपाटीमाथि व्यङ्ग्य प्रहार गएका छन् । यो हिंसा र द्वन्द्वले जर्जर नेपाली समाजको मार्भिक व्यङ्ग्य चित्र हो ।[१८] यस निबन्धमा नेपाली जनताको स्वभाव, राज्यव्यवस्थको कमजोरी र एक पेटकै लागि सङ्घर्ष गर्नुपर्ने जस्ता विषयवस्तु समेटिएको पाइन्छ ।

## ३.८.३ उद्देश्य

*खाने उपक्रम* निबन्धमा नेपालीहरूका बीचको द्वन्द्वको कारण पत्ता लगाउनु, नेपाली किशोरकिशोरीहरू विदेशी नागरिकता प्राप्त गर्न चाहनुका कारण पत्ता लगाउनु, त्यसै गरी नेपाली समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिहरूलाई परलोक वा डलरको देशसँग तुलना गर्नु रहेको देखिन्छ । अविवेकशील पशुले पनि आफ्नो जाति र सन्तानलाई सुँघेर पत्ता लगाई रक्षा गर्ने गरेको तर विवेकशील मानिसले आफ्नै जाति र धर्मप्रति कलुषित सोचाइ राख्ने गरेको देखिएकोले त्यसप्रति सचेत रहन सन्देश दिनुपनि यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ३.८.४ शैलीशिल्प

*खाने उपक्रम* निबन्धको भाषा प्रबुद्ध पाठकवर्गका लागि बोधगम्य छ । निबन्धमा “त्यस्तै भनुम्न”, हसुर्नु, लुसुक्क कपाकप, खर्लप्प आदि जस्ता कथ्य नेपाली र अनुकरणात्मक शब्दको प्रयोगले निबन्धमा कलात्मकता थपेको पाइन्छ । काट्टो काट्टे जस्ता शब्दले निबन्धको ओज घटाउन खोजेजस्तो प्रतीत भए पनि भ्यानै, एकाभ्यानै, बजारहुँदो, अर्जी जिरह, हट्टाकट्टा शब्दहरूले निबन्धको स्तरीयतालाई जीवन्त तुल्याएका

[१८] भरतकुमार भट्टराई, बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य, **मिर्मिरे**, पूर्ववत्, पृ. ९६ ।

छन् । घुस, बक्सिस नजराना डलर, अमेरिका, बेलायत, चीन, जापान, कोरिया, लावालस्कर जस्ता आगन्तुक शब्दको समुचित प्रयोगले निबन्धको भाषालाई सशक्त तुल्याएको छ । 'जहाँ आफ्नु उहीँ आगो ताप्नु' जस्ता नेपाली जनबोलीमा प्रचलित उखान 'वादेवादे जायते तत्त्वबोध, जस्ता संस्कृतका सुक्ति, साथै 'मलसाँप्रोले मह खायो माहुरी चिल्लै, बिरालोले कुँडे निखार्‍यो बूढाबूढी, नातिको वित्याँस', 'मुसाले धान खायो खलोको विजोग', 'एउटाले घुस खायो अर्कोको खल्तीको वित्याँस,' रातमाटेले आलु खायो बिउको बित्याँस जस्ता शब्दले निबन्धमा आलङ्कारिकताको सिर्जना गरेका छन् । निबन्धमा स्वैरकल्पनाको प्रयोग गर्दै मान्छेले मान्छेलाई नै खाने प्रवृत्तिप्रति तीव्र आक्रोशलाई आक्रामक र व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको देखिन्छ भने आलङ्कारिकताको प्रयोग पनि उपयुक्त ढङ्गबाट भएको छ ।

निबन्धकारले 'म' र 'हामी' को कोणबाट निबन्धमा आफ्ना विचार भाव अनुभूतिलाई प्रकट गरेका छन् । यसरी आफूले देखे भोगेको झैं गरी निबन्धको विषयवस्तुलाई अघि बढाएकाले यो निबन्धमा प्रथम पुरुष दृष्टिविन्दु तथा आन्तरिक कथन ढाँचाको प्रयोग भएको देखिन्छ ।

### ३.८.५ आयाम

*खाने उपक्रम* निबन्ध पाँच पृष्ठमा फैलिएको निबन्ध हो । यस आधारमा लघु मान्न सकिन्छ । एक सय सड्तीस वाक्य, तेह्र अनुच्छेदमा संरचित यो निबन्धलाई अनुच्छेदगत हिसाबका आधारमा लघु आकारको मान्न सकिन्न । विषयवस्तुको आधारमा गरिएको वर्णन विस्तृत, स्पष्ट, गहन, बौद्धिक किसिमको देखिन्छ । विषयवस्तुको बारेमा आफ्नो विचार प्रस्तुत गर्दा स्वर्गलोक मर्त्यलोक परलोकका विभिन्न बिम्ब प्रतीक दृष्टान्त आदिको प्रयोगद्वारा निबन्धलाई व्यङ्ग्यात्मक र रोचक बनाएको पाइन्छ । बौद्धिकता र स्तरीयताका आधारमा हेर्दा यस निबन्धलाई उच्चकोटीको रचना मान्न सकिन्छ ।

### ३.८.६ शीर्षक

*खाने उपक्रम* निबन्ध खाने (विशेषण) र उपक्रम (नाम) दुई पद मिलेर बनेको शीर्षक व्यङ्ग्यपूर्ण निबन्ध हो । यस निबन्धमा खानेकुरा, खानका लागि नै समाजमा द्वन्द्व चल्नु, जस्ता विषयवस्तुको चित्रण गरिएको छ । अनुशासन र नैतिकता मानिसमा नदेखिनु, कानुनको शासन र स्वतन्त्रता समानताका लागि अर्को देशको नागरिकता लिन लाग्नु जस्ता

विषयवस्तुको प्रस्तुति गर्दै कानुनी राज्यको साथै होचो हेला हुन नपरी काम गर्न र जीउनका लागि डलरको देशमा पुगेका नेपाली नै कर्तव्यनिष्ठ भई कार्य गरेको सन्दर्भ प्रस्तुत गर्दै कसैलाई मासु नभई गाँस नजाने कसैलाई एक पाउ मासु खान खुत्रुके नै फोन पर्ने परिस्थितिको चर्चा पनि निबन्धमा गरिएको छ खानैका लागि आफ्नो बाबुलाई भाटाले हिर्काई मारेको साथै नया पुस्ता र पुराना पुस्ताको द्वन्द्वको परिस्थिति पनि खाने उपक्रमकै लागि भएको देखिन्छ । खाने उपक्रमको विभिन्न प्रक्रियाहरूको चर्चा यस निबन्धमा रहेको छ । पदावली स्तरको शीर्षकले निबन्धमा वर्णित विषयवस्तुको भावपूर्ण छनक दिएकाले यसको विषयवस्तु र शीर्षकमा सामाञ्जस्यता देखिएको हुनाले शीर्षक सार्थक रहेको छ ।

## ३.९ मरणको सार्थकता

### ३.९.१ परिचय

समीक्षेय कृतिमा प्रस्तुत आठौं निबन्ध *मरणको सार्थकता* विचारात्मक निबन्ध हो । यस निबन्धमा मरणको अर्थ मृत्यु हुनु, संसार-छोड्नु, जीवनलीला समाप्त हुनु, चीर निन्द्रामा सुत्नु, स्वर्ग लोक जानु भन्ने बुझिन्छ । मानिस जन्मन नचाहिकन जन्मन्छ र आफ्नो इच्छा विपरित मर्छ । मर्नुभन्दा पहिला मानिस जीवित हुन्छ । जीवित मानिस यस संसारमा राम्रा राम्रा कार्य गर्छन् । यस समाजमा राम्रा काम गर्ने, अर्काको हित हुने कार्य गरेर जिउँछन् त्यस्ता मानिस जीवित हुन्छन् । आजकल त परोपकारका कार्य गर्ने, अर्काको हित गर्दै आफ्नो पनि हितकारी कार्यमा लाग्ने मानिसको कमी भएको देखिन्छ । त्यसैले आफू र मानव समाजको काम गर्न नसक्नु जिउँदो लास बन्नु हो जिउँदो लास बन्नु भनेको जिउदै मर्नु हो । आफ्नो देश र आफ्नो समाजका लागि उन्नति हुने कार्य गर्न नसक्नु मर्नु भएको हुनाले जीवित लास हुनु भन्दा सङ्घर्षपूर्ण रूपमा काम गरी जीवन लीला समाप्त गरी अर्थपूर्ण मृत्यु वरण गर्नु उपयोगी हुने सन्देशमूलक निबन्धलाई विभिन्न शीर्षकगत रूपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ३.९.२ विषयवस्तु

मानिस चाहेर जन्मेको हुँदैन र ऊ मर्न पनि नचाहीकन मर्छ । मानिसको आफ्नो जीवनलीला समाप्त हुनु नै मरण हुनु हो । मरणपछि उसका आफन्त र समाजका मानिसले घाटमा पुऱ्याउँछ । आफूलाई पनि त्यसरी नै घाटमा ल्याउलान् र फर्केलान् भन्ने आशमा

रमाउँछन् भन्ने प्रसङ्ग कोट्याइएको छ । मानिस सबै एकै भएपनि मानिसका दाहसंस्कार गर्ने तरिका अलग-अलग रहेको पनि निबन्धमा उल्लेख गरिएको छ । माला अबीर झन्डा ओढेका लास धनी, नामी, घरानिया वर्गको लास, संस्कार सामान्य मानिसको भन्दा फरक रहने गरेका सन्दर्भ उल्लेख गर्दै, चार जना मिलेर लास मिल्काउने, एक जनाले ट्याक्टरमा हालेर नदी किनारमा लगेर मुढो लडाए झैं छाड्ने लासको अलगै पृष्ठभूमि पनि निबन्धमा उल्लेख पाइन्छ । मर्न आँटेको व्यक्तिलाई खाल्डो खनेर सामूहिक रूपमा पुर्ने प्रचलन भएको पनि उल्लेख पाइन्छ ।

जागिर पाउन गाह्रो भएपनि घाटमा पुगेकालाई जलाउने जागिर खाएकालाई जिउँदै मरेको स्थानमा प्रस्तुत गरिएको छ । जागिर खानेहरू एकपेट खाने र एक आङ लाउने भन्दा बढी केही गर्न नसकेको र छोराछोरी पढाउन समेत नसक्ने वर्तमान अवस्थालाई साङ्केतिक रूपमा व्यङ्ग्य गर्दै जागिरेहरू पनि जीवित लास भएको उल्लेख गर्न खोजिएको अनुभूति हुन्छ । भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटाका कविताका श्लोकहरू दृष्टान्तका रूपमा प्रस्तुत गर्दै जीवनमा आइपरेका समस्या सहज ढङ्गले समाधान गर्न आवश्यक पर्ने आय आर्जन गर्न नसक्ने, जीवित भएपनि मृत सरह भएको उल्लेख गरिएको छ ।

इदी अमिनलाई उनका आफन्तले 'सक्छौ भने जिउँदालाई कोर्रा लगाऊ' भन्ने प्रसङ्ग प्रस्तुत गर्दै धर्तीमा बलियाले निर्धामाथि, धनीले गरिबमाथि, शक्तिसम्पन्नले शक्तिहीनमाथि गर्ने गरेको शोषण र दमनप्रति व्यङ्ग्य गरिएको छ । पहिलो र दोस्रो विश्वयुद्धमा शक्ति र आणविक अस्त्रको प्रयोग हुँदा लाखौं मानिसहरू सामूहिक चिहानमा परिणत भए । भौगोलिक सीमामा भएका मानिसको अस्तित्व नठानिएको पाइन्छ । करोडौं वर्षदेखिको मानव समाजमा अनन्त किसिमका चिनारी देखिएका भएपनि मानव समाजमा शरीरमा बेरिएको माकुराका जालोको पाप्राजस्ता मानव जीवनको मूल्यहीन गर्ने संस्कारहरू पनि रहेका छन् भन्दै अकबर बीरबलको कथा प्रसङ्ग प्रस्तुत गर्दै आर्थिक दूरावस्थामा रहेकाहरू अधमरा भएको उल्लेख गरिएको छ । नानीलाई दूध चुसाउन खोज्दा आमाका छाती मरिसकेका, काम खोज्दा हातखुट्टा मरिसकेका नयाँ सोच दिन खोज्दा विचार मरिसकेको, परिस्थिति उल्लेख गर्दै जिउँदो लास भई बाँच्नु पर्ने आधुनिक मान्छेको दुर्दशापूर्ण र विसङ्गतिपूर्ण स्थितिप्रति गम्भीर भई जीवन स्वयं व्यङ्ग्य एवं मृत्यु हो भन्ने दृष्टि प्रस्तुत

यस रचनामा गरिएको छ ।[१९] दुर्गम गाउँका किशोर किशोरीका सपना बुझ्न विदेशी दूतावासका अध्ययन टोली हेलिकप्टरमा उडेर गई बिस्कुट, चकलेट, चाउचाउ, पप बाँडेर बुझ्दा पेटभरि अक्षताको भात मजाले खाएको सपना उनीहरू देख्ता रहेछन् भन्ने प्रसङ्ग प्रस्तुत गरी अनेक समस्या, अभाव, पीडा र छटपटीले पिरोलिने नेपालीको जीवन हिडडुल गर्ने लास जस्तै अधमरो हुन्छ ।[२०] यसरी डरलाग्दो अवस्थाको भोकमरी र अभावको डरलाग्दो चित्र र विदेशीको अध्ययनको विषय स्तर र तालमेलप्रति तिखो व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

छोराले बाबुलाई 'मरेको पिचास' र बाबुले छोरालाई 'मरेको स्याल' भनेको सन्दर्भ दिएर कसलाई मरेको भन्ने भनी निबन्धमा प्रश्न उठाइएको छ ।[२१] साहुको भारी बोक्ने बूढो, हात थाप्दै बहादुर बनेर विदेशतिर हुइँकिने युवक, दसैंलाई नयाँ लुगाफाटा जोर्न आफ्ना अङ्ग पस्किन पुगेकी युवतीको प्रसङ्ग सर्वसाधारणलाई मरणमा होमिन उत्तेजित बनाएको प्रसङ्ग कोट्याउँदै मरणको सार्थकता र निरर्थकताबीचको व्यङ्ग्य गरिएको छ । नेपालीको जीवन अधमरो राजनीतिक सामाजिक, आर्थिक र सामाजिक परिपाटीमाथि व्यङ्ग्य गरिएको छ । व्यङ्ग्यकार मान्छेमारा सामाजिक व्यवस्थाप्रति कटाक्ष गर्दै भन्छन् - “बिजुलीको खर्च, पानी खर्च, यातायात खर्च, टेलिफोन खर्च, पढाइ खर्च सबैले मारेर समयअनुसार आफै मरिसकेको बाबुलाई छोरो मरेकोमा चिन्ता लिइरहनु आवश्यक पनि छैन ।” अनादि कालदेखि एक्काइसौं शताब्दीसम्म आइपुग्दा पनि मानिसले मर्नु र बाँच्नुको अवस्था खुट्याउन नसकेको विषय प्रस्तुत गरी सबैलाई स्वमूल्याङ्कन गर्न पाठकलाई जिम्मा दिइएको छ ।

मरणको सार्थकता निबन्धमा मरण र मरणको सार्थकताका बीचमा पाइने विभिन्न अवस्था र विषयवस्तुलाई कलात्मक र बौद्धिक ढङ्गले बयान गरिएको पाइन्छ । निबन्धमा पूर्ण रूपले निबन्धकारका विचार प्रस्तुत गरिएको छ । यस निबन्धका माध्यमबाट मरणका विविध प्रकृतिको परिभाषा गर्दै त्यसलाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । मरणको अवस्था उल्लेख गर्दै धनीले गरिबमाथि, बलियाले निर्धामाथि शक्तिशालीले शक्तिहीनमाथि शोषण गर्ने गरेको विषयवस्तु प्रस्तुत गरिएको छ । नेपाली किशोर किशोरीका समस्या भरिया मजदुरका समस्या, भोकमरीमा परेका दुर्गम क्षेत्रका जनताका समस्या र गृहयुद्धका कारण आफन्तको नाश गर्ने, सडक दुर्घटनामा परेर जीवनको इहलीला समाप्त भएको जस्ता

---

[१९] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिर**, पूर्ववत्, पृ. ९६ ।

[२०] ऐजन ।

[२१] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ९५ ।

विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । नेपालीको औसत आयु घटाउने कारखाना सडक दुर्घटना र गृहयुद्ध पनि विषयवस्तु बनेका छन् ।

### ३.९.३ उद्देश्य

*मरणको सार्थकता* निबन्धमा मानिस नचाहेर मर्ने गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । मानिस जीवित हुन्छ, हिँडडुल गरिरहन्छ, तर आफ्नो र आफ्नो परिवारको तथा आफ्नो समाजको आवश्यकता पूरा गर्न सक्तैन, त्यो अवस्था जीवित भएपनि मरेसरहको हुन्छ भन्ने देखाइएको छ । साहुको भारी बोक्ने बुढो, विदेशमा गएर छातीमा गोली थाप्ने युवक, दशैंमा लुगा फेर्न अङ्ग पस्कने युवती, काम नपाउने युवा, नयाँ सोच दिन नसक्ने विचारक आफैमा अपर्याप्त हुनाले जीवित भएपनि मृत सरह भएको प्रसङ्ग कोट्याउँदै निरर्थक जीवन र निरर्थक मरण आफैले पहिचान गर्नु पर्ने सन्देश निबन्धमा पाइन्छ । अरूको बहकाउमा लाग्नु हुन्न राम्रो कार्य गर्न सके देश, जनता, आफ्नो समाजलाई उन्नतिको मार्गमा डोऱ्याउन सके आफ्नो मृत्युमा समाज पछि लाग्ने तथा साथ पाउन सकिने सन्देश निबन्धमा पाइन्छ । यसरी लोककल्याणकारी कार्यतर्फ लाग्नु पर्ने सन्देश दिनु नै यस निबन्धको उद्देश्य रहेको पाइन्छ ।

### ३.९.४ शैलीशिल्प

*मरणको सार्थकता* निबन्धको भाषा जटिल प्रकारको रहेको छ । महापरिनिर्वाण, ब्रह्मवादी , आक्रान्त, लोकाचार, हैर्म्य, शवासन, चिता, हम्मे, भीषण शताब्दी, सृष्टि, प्राचीन, अनादि जस्ता तत्सम शब्दले निबन्धलाई स्तरीय बनाएका छन् । ठमठम्ती, भुरुरु, पटटट, प्वाक्क, फुत्तफुत्त, माखो, लामपसार, खुत्रुक्क आदिजस्ता झर्रा नेपाली शब्द तथा अनुकरणात्मक शब्दहरूले निबन्धलाई रोचक र प्रभावकारी बनाएको पाइन्छ । माखोको शरीरमा बेरिएको माकुराको जालो, बनकाँइलाको पगरी आदि जस्ता प्रतीकात्मक पदावलीको उचित संयोजनले शैलीलाई आलङ्कारिक र व्यङ्ग्यात्मक बनाएको पाइन्छ । विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट जीवन र मरणको सार्थकताप्रति व्यङ्ग्य गरेकाले निबन्धको भाषा शैली स्तरीय कलापूर्ण र व्यङ्ग्यात्मक रहेको छ ।

निबन्धकार पौड्यालले आफ्नो आत्मानुभवको अद्भुत प्रयोग गरी कलापूर्ण गद्यशैलीमा निबन्ध प्रस्तुत गरेका छन् । “घामपानी ओत्ने मेरो हैर्म्य छ ।” “माफ गर्नुहोस् ।

म उहिल्यै मरिसकेको मानिस हुँ" मैले आफ्नै अनुहार ऐनामा हेर्दा पहिल्यै मरिसकेको पाएको छु । आदिजस्ता वाक्यको प्रयोगले प्रथम पुरुष कथन पद्धतिको प्रयोग भएको छ । निबन्धमा 'म' र हामीका कोणबाट प्रयोग गरिने कथन पद्धति कलात्मक गद्यशैलीको प्रयोग प्रस्तुत निबन्धको कथन पद्धतिको रूपमा रहेको पाइन्छ ।

### ३.९.५ आयाम

मानिसले आफ्ना आवश्यकता आफैले पूरा गर्न सक्नु पर्छ । आफ्ना आवश्यकता पूरा गर्न नसके जीवन सार्थक हुँदैन । जीवन सार्थक नभए जीवित भए पनि मृत समान हुन्छ । त्यस्तो जीवन बाँच्नुभन्दा मर्नु सार्थक हुन्छ भन्ने अभिव्यक्तिले निबन्धको गहिराइलाई छोएको पाइन्छ । यसरी विषयवस्तु गहिराई उपयुक्त भए पनि एक सय एकचालीस वाक्य, पाँच पृष्ठमा विस्तारित एघार अनुच्छेदमा संरचित यो निबन्ध लघु आकारको देखिन्छ ।

### ३.९.६ शीर्षक

*मरणको सार्थकता* पदावलीयुक्त शीर्षक भएको निबन्ध हो । मरण शब्दमा 'को' सम्बन्धसूचक पष्ठी विभक्ति लागेर 'मरणको' शब्द बनेको छ । यसको सम्बन्ध सार्थकतासँग जोडिएको छ । यसको अर्थ अर्थपूर्ण मरण भन्ने हुन्छ । मरण र सार्थकताबीच सम्बन्ध देखाउने विशेषण पदावली स्तरको सामिप्यमा छ । निबन्धमा मानिस आफ्नो जीवनमा आइपरेका समस्या आफै समाधान गर्न नसक्ने गरी जिउन पर्नु साँचो अर्थमा बाँच्नु होइन । आफ्ना आवश्यकताको परिपूर्ति गर्न नसकी अभावमा दुःख कष्ट, पीडा सहेर जिउन पर्नु जिउँदै मर्नु हो । अरूबाट तिरष्कृत अपहेलित भएर बाँच्नु जिउँदो लास बन्नु हो । त्यस किसिमको अभावमा बाँच्नुभन्दा मर्नु राम्रो हो । त्यसरी मर्नु राम्रो भन्दैमा लडाइँ झगडामा होमिनु, सवारी दुर्घटना गराउनु पनि मरणको सार्थकता हुँदैन । समाज परिवर्तन गर्न नयाँ सोच, विचार दृष्टिकोण दिनु राजनैतिक र आर्थिक सामाजिक परिवर्तन गर्न न्यायपूर्ण सङ्घर्ष गर्नु जस्ता कार्य सार्थक हुन्छन् तर हाम्रा नेता जो अरूलाई आन्दोलनमा सरीक गराउन अरूलाई उक्साउँछन्, उनीहरूको बहकाउमा लाग्नु सार्थक नहुने भन्दै सार्थक मरण र निरर्थक मरणको पहिचान र मूल्याङ्कन आफ्नै स्वविवेकले गर्ने सन्देश यस निबन्धले दिएकाले निबन्धको शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ ।

## ३.१० भाँग्रे पण्डित

### ३.१०.१ परिचय

*भाँग्रे पण्डित* निबन्ध **बाउको बिहे** निबन्धसङ्ग्रहमा सङ्कलित नवौँ निबन्ध हो । यस निबन्धमा नेपाली समाजमा चलनचल्तीमा रहेका परम्परागत मूल्य-मान्यता विस्तारै कमजोर बन्दै गएको अवस्थालाई देखाउन खोज्दै समाजमा संस्कृतिको संरक्षणको नाममा दाम कमाउन खोज्ने लोभी प्रवृत्ति बढेको देखाउन खोजिएको छ । राम्रो कमाइ हुने ठाउँ देखेपछि आफूले गर्दै आएको कामलाई छोडेर उतै लाग्ने प्रवृत्तिप्रति व्यङ्ग्य कसिएको छ । पूर्वीय परम्परा जोगाउन सचेत वा असचेत रूपमा लागिपरेका पण्डित धूर्त बन्दै गएर समाजमा नकारात्मक प्रभाव पर्न थालेको र पण्डित समाज अमुक बन्न थालेको अवस्थालाई प्रस्तुत गरिएको छ । यस निबन्धलाई विभिन्न शीर्षकगत रूपमा विश्लेषण गर्न प्रयत्न गरिएको छ ।

### ३.१०.२ विषयवस्तु

नेपाली समाजमा चलनचल्तीमा रहेका सुन कमाउने, फलामका भाँडा बनाउने, कपडा सिउने, कपाल खौरने, नङ काट्ने, अन्नबाली जोगाउन ओली राख्ने, कटुवाल राख्ने त्यसैगरी पुरेत बनाउने चलन परम्परागत मूल्य मान्यता हुन् । आफ्ना पुरेतलाई बोलाएर धार्मिक तथा शुभ-मङ्गल कार्य गर्ने कुल परम्पराको मान्यता रहने गरेको पाइन्छ । आफ्ना घरमा पूजिने पण्डितलाई नै विभिन्न उपनामहरूले चिन्ने गरेको पाइन्छ । देवता समान पूजिने आफ्ना पुरेतलाई नयाँघरे, डाँडाघरे, आटीघरे, खोलाखेते, भाँग्रे पण्डित जस्ता नामले चिन्ने गरेको पाइन्छ । उपहाससूचक उपनाम प्रयोग गरेर चिनिने व्यक्तिलाई पुज्नु अनुपयोगी हुने देखिन्छ । यस्तो हुँदाहुँदै पनि न पुज्न छोड्ने न उपहास सूचक उपनामको प्रयोग गर्न छोड्ने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ । अपमान र पूजा एकैचोटी गर्नु राम्रो नभए पनि भाँग्रे पण्डितले जस्तै आफैले अपमान सूचक भाँग्रे पद आफैले भन्नु आफ्नो हैसियत बुझ्न नसक्नु हो भन्नेतर्फ उल्लेख गरिएको छ । अर्कालाई विभिन्न उपनाम दिएर रमाउने खुसी हुने प्रवृत्तिको विरोध निबन्धमा भएको छ ।

पुरोहित्याइँ गर्ने पण्डित आफ्नो शुद्ध पेसागत कार्यमा लाग्न छोडेर राजनीतिमा लाग्दा राजनीतिमा पराजित हुने र पुरोहित्याइँमा अपमान सूचक उपनाम पाउने जस्ता कार्य हुन जान्छ । ‘धन न धर्म’ भने झैं पण्डित असफल हुन पुगेको सन्दर्भबाट आफ्नो पेसामा सचेत भई कर्तव्यनिष्ठ ढङ्गबाट लाग्नु पर्ने सन्देश पाइन्छ ।

चुनाव जित्नु जनताको मन जित्नु हो । जनताको मन जितेरमात्र चुनाव जित्न गाह्रो हुने भएकोले चुनाव जित्न धन खर्च गर्नु पर्ने, आफ्ना कार्यकर्ताको संरक्षण गर्नु पर्ने जरुरी हुन्छ । अझ चुनाव जित्नका लागि ढुङ्गा-मुढा, भाला, लाठी, खुकुरी, चेन, बन्दुक, बुथ कब्जा गर्न पर्छ । यसरी चुनाव जित्नका लागि बल तथा शक्ति प्रयोग गर्न पर्ने विकृत परिपाटीमा जनताको मन जित्ने इमान्दार, राजनीतिज्ञले चुनाव नजित्ने प्रवृत्तिप्रति कटाक्ष गरिएको छ ।

कुर्ता सुरुवालमा सजिने, नैनासुतको टोपी लाउने, सेता जुत्ता लगाउने, निधारमा त्रिपुण्डक धारण गर्ने, काँधमा पहेँलो रामनामी धारण गरी छाता ओडेर हिँड्ने पण्डितजी बाहिर विज्ञापन गर्छन् तर पूजाआजामा भने प्रचलनमा रहेका खुद्रा पैसा चल्दैन भनी दाम चढाउन लगाएर अर्थोपार्जनमा लाग्ने गरेको देखिन्छ । यसरी बाहिर एउटा स्वरूप देखाउने र आन्तरिक रूपमा अर्कै दाउ हेर्ने पण्डित समाजप्रति निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुति रहेको पाइन्छ । सोह्र श्राद्धको समयमा एकै दिन पच्चीस तीसवटासम्म श्राद्ध सम्पन्न गर्ने भाँग्रे पण्डितको विरोध हुन थालेपछि भारेभुरेकाका कामलाई 'कू' गरिदिन थाल्छन् । यसरी कामचोर प्रवृत्ति निरुत्साहित गर्न पर्ने कामको उचित ज्याला (दक्षिणा) हुनु पर्ने तिर सङ्केत गर्दै पुरोहित समाजप्रति व्यङ्ग्य प्रहार गरी ढाड भाँच्ने काम भएको छ ।

विद्यालयमा छोराछोरी पढाउँदा अङ्ग्रेजी पढ्ने र अङ्ग्रेजी गाईखाने विद्या भएकोले पढाउन नहुने भनी उपहास गरेर एक्काइसौं शताब्दीलाई बुझ्न नसक्दा पण्डित समाजको दुर्दशा हुन थालेको प्रति पनि निबन्धमा व्यङ्ग्यको विषयवस्तु बनेको छ ।

विज्ञान र प्रविधिको बढ्दो प्रयोगसँगै परम्परागत मूल्य मान्यतालाई नयाँ पिँढीले चटक्कै छोडेको देखिन्छ । यसै सन्दर्भमा घरमा पूजा गर्ने गरिएका शालिग्राम चामका देवता, पेपरवेट र तुलसीको मोठ हुँदै कालीगण्डकीमा विसर्जन गर्ने, कपुर चन्दनका रुख फाँडेर बकाइनो र उत्तीसका रुख रोपिँदै गरेको सन्दर्भ प्रस्तुत गरी आधुनिक शैली र सभ्यताको दुहाइ दिएर परम्परागत मूल्य मान्यताका राम्रा पक्ष नष्ट हुँदै गएकामा चिन्ता प्रकट गरिएको छ र त्यसप्रति व्यङ्ग्य प्रहार पनि गरिएको छ ।

छिटो आर्थिक उन्नति गर्ने बाहानामा वर्णशङ्कर उत्पादन हुनु, गाईको दूध शरीरमा लाग्न ढिलो हुने भएकोले तिरिमिरी झोल घाँटीमा छिराउने जस्ता कार्यले हाम्रा परम्परा र मूल्यमान्यता सङ्कटमा परेकोप्रति सचेत व्यङ्ग्य निबन्धमा पाइन्छ । समाजमा आएको यो तीव्र परिवर्तन हाम्रा परम्परागत मूल्य मान्यताका विपरीत भएपनि आज पूर्वीय सभ्यता

धराप पर्दा पनि मौन रूपमा रहेको देखिन्छ । हाम्रा मूल्य मान्यताका सकारात्मक पक्षका बारेमा आवाज उठाउन नसक्नु हाम्रा अग्रजको तथा पण्डित समाजको कमजोरीलाई पनि निबन्धमा विषयवस्तु बनाइएको छ ।

यस निबन्धमा हाम्रो पूर्वीय सभ्यता हाम्रा मूल्य मान्यता र भाँग्रे पण्डित खोज्न विदेशी म्युजियममा पुग्नुपर्ला जस्तो भइसक्यो भन्दै नेपालका पुरातात्त्विक महत्त्वका वस्तु विदेशी म्युजियममा भेटिने गरेको प्रति व्यङ्ग्य गरेको पाइन्छ ।

नेपाली समाजको परम्परागत मूल्य मान्यता एकथरी टाउको अर्कोथरी हात र अर्कै थरी अरू अङ्ग भएको अवस्थाको जीव जस्तै भएको छ । भाषा र धर्म के हो भन्ने प्रश्नको उत्तर नभएको भन्दै हाम्रो पूर्वीय सभ्यताको अवस्थाप्रति बिम्बात्मक प्रयोगका साथमा व्यङ्ग्य गरिएको छ । नयाँ पार्टीको सदस्यता लिएको पार्टी सदस्य त्यस पार्टीको नीति नियम र विधान बुझ्न नसकेर अल्मलिए जस्तै भाँग्रे पण्डित जस्ता प्रतिनिधि पुरेत मौनब्रती भइदिँदा उनका यजमानले बाटो बिराए जस्तै अवस्था नेपाली समाजको हुन गएको अवस्थातिर निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ । हाम्रो नेपाली सभ्यता र संस्कार भाँग्रे पण्डित जस्तै मुख भएर पनि बोल्न नसक्ने, भएका हातले लेख्न नसक्ने, खुट्टा हुँदा पनि हिँड्न नसक्ने, आँखा भएर पनि देख्न नसक्ने, नाक र मुख भएर पनि सास फेर्न नसक्ने बेतालको अवस्था भए जस्तै थला परेको छ, बन्धक बनेको छ । आफ्ना परिवारबाट भाँग्रे पण्डित एक्लो भए जस्तै दुर्दशापूर्ण अवस्थामा नेपाली समाजको परम्परा मूल्य र मान्यता खुम्चिएर बसेको छ । भाँग्रे पण्डितको इसारा चल्न नसके झैं हाम्रा रीतिस्थिति चालचलन, संस्कार पद्धति टुलुटुलु हेर्दै जीवितै अवस्थामा मृत घोषित भए सरहको अवस्थामा पुग्नै लागेको तिर सङ्केत गर्दै भाँग्रे पण्डितलाई शुभकामना दिने निबन्धकारले हाम्रा मूल्य मान्यता, धर्म संस्कारको हविगति त्यही अवस्थामा नपुगोस् भन्ने तर्फ सचेत पनि गराएका छन् ।

नेपाली समाजमा परम्परागत संस्कृतिलाई आधुनिक पाश्चात्य विज्ञान प्रविधिको आक्रमणले मरणासन्न बनाएको विसङ्गतिपूर्ण व्यङ्ग्य गरिएको यस *भाँग्रे पण्डित* निबन्धमा नेपाली परम्परागत संस्कृतिको प्रतीकको रूपमा उभ्याई उसको अवसान हुन लागेको मार्मिक अवस्था देखाई, आफ्नो मूल्य मान्यता, धर्म संस्कृति, परम्परागत आदर्श देशमा हराउन लागेको मर्म व्यक्त गरिएको छ । विदेशी संस्कृतिले नेपाली संस्कृतिलाई सिध्याउन लागेको व्यङ्ग्य चित्र प्रस्तुत गरिएको छ । निबन्धमा प्रत्यक्ष रूपमा व्यङ्ग्यकारले आफ्नो

संस्कृतिको जोहो गर्न नेपालीहरूले अतिक्रमणकारी विदेशी संस्कृतिबाट जोगिने उपायतर्फ लाग्न पनि सचेत तुल्याएका छन् ।[२२]

### ३.१०.३ उद्देश्य

नेपाली समाज वैदिक संस्कृतिबाट प्रभावित रहेको छ । नेपाली समाज बहुसांस्कृतिक रूपमा साम्प्रदायिक सद्भावका साथ आफ्नै किसिमबाट अघि बढिरहेको छ । पूर्वीय सभ्यता अनुकूलको नेपाली समाज आफ्नो संस्कार, रीतिरिवाज, मूल्यमान्यता लिएर अघि बढ्दै आएको भएपनि नेपालीहरूमा आफ्नो मौलिकपना र संस्कृतिप्रति वितृष्णा बढ्दै गएको यथार्थ प्रस्तुत गरिएको छ । नेपाली समाजमा पाश्चात्य संस्कृति भित्रिएर पूर्वीय नेपाली संस्कृतिलाई थिचोमिचो पारेको उल्लेख गरिएको छ । यसलाई जोगाउन स्वयम् नेपालीले नै प्रमुख भूमिका खेल्नु पर्छ । आफ्नै सभ्यता र संस्कृतिप्रति वितृष्णा बढ्नाका कारण पत्ता लगाई समाधान खोज्नुपर्ने सन्देश पनि निबन्धमा पाइन्छ । यसरी पूर्वीय नेपाली सभ्यता, संस्कृतिप्रति नेपाली नै सचेत बन्ने सन्देश दिनु नै यस निबन्धको उद्देश्य देखिन्छ ।

### ३.१०.४ शैलीशिल्प

*भाँग्रे पण्डित* निबन्धमा प्रयोग भएको भाषा प्रबुद्ध वर्गका लागि सरल छ तर सामान्य पाठकका लागि भने जटिल किसिमको रहेको छ । सम्पादन, पण्डित, सम्बोधन, सङ्कल्प, लघु सिद्धान्त कौमुदी, बयोवृद्ध, अमरकोश, विद्वान्, दक्षिणा, त्रिपुण्डक, रामनामी, श्राद्ध, महाविद्यालय, कालीगण्डकी, शालिग्राम, कपुर, चन्दन जस्ता तत्सम् शब्दको प्रयोगले निबन्धमा स्तरीयता प्रदान गरेका छन् ।“संसर्गजा दोषगुणा भवन्ति,” भारद्वाज गोत्राय भाँग्रे पण्डित वेदप्रसाद शर्मणे ब्राह्मणाय सुपूजिताय तुम्यमहं सम्प्रददे “न वदेत् यामिनी भाषा प्राणकण्ठगतैरपि । हस्तिना ताड्यमानोऽपि न गच्छेद् जैनमन्दिरम्” जस्ता संस्कृतका श्लोकले भाषामा केही जटिलता अनुभूति भए पनि लक्ष्यार्थमा सहजता ल्याएको देखिन्छ । संस्कृतका तत्सम शब्दहरूको अधिक प्रयोग निबन्धमा भएको भए पनि मौज, बाहुन, पुरेत, दुध जस्ता तद्भव शब्दको प्रयोग भएको देखिन्छ । निबन्धमा चेन, बन्दुक, बुथ कब्जा, रेस, म्युजियम्, पेपरवेट, चुनाव, स्कुल जस्ता आगन्तुक शब्दको प्रयोग हुनुका साथै कनिकुथी, भाँग्रे, निक्खरा, आटीघरे, डाँडाँघरे, भारेभुरे, गर्ल्यामगुर्लुम, तिरिमिरी, एक्कासी, खुल्दुली, चुरीफुरी

---

[२२] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिरे**, पृ. ९६ ।

जस्ता अनुकरणात्मक तथा झर्रा शब्दले निबन्धलाई स्वाभाविक बनाएका छन् । यस निबन्धमा अधिक तत्सम शब्दको प्रयोग भएपनि तत्सम्, तद्भव आगन्तुक र झर्रा नेपाली शब्दको उचित संयोजन भएको पाइन्छ । त्यसैगरी "मानिसको पण्डित्याइँ अरूलाई उपदेश गर्न काम लाग्छ न कि आफूलाई परि आउँदा, "काला अक्षर भैंसी बराबर", कू गरिदिनु, पारो चढ्नु, चामलका देवता, तिरीमिरी झोल जस्ता शब्दको स्थानानुसारी प्रयोगले निबन्ध स्तरीय बनेको छ । केही नजाने पनि धुर्त्याइँ र फट्याइँ गर्न नछाड्ने हाम्रो नेपाली समाजका बोक्रे पण्डितहरूप्रति व्यङ्ग्य गरिएको निबन्धमा व्यङ्ग्यात्मक शैलीको प्रयोग गरिएको छ । निबन्धमा सरल संयुक्त र मिश्र वाक्यको उचित प्रयोग भएको देखिन्छ ।

निबन्धमा भाँग्रे पण्डितलाई विषय तथा माध्यम बनाएर परम्परागत सामाजिक मूल्य मान्यताको अनुशरण गर्ने प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ । समाजका हरेक पक्षप्रति निबन्धकारको वैयक्तिक अनुभव र अनुभूतिलाई प्रस्तुत गरिएकाले निबन्धमा प्रथम पुरुष दृष्टिविन्दु वा कथन पद्धतिको प्रयोग भएको छ । निबन्धकार आफूले आफूलाई चिन्न, आफ्नो भाषा, धर्म, संस्कृति र परम्परागत मूल्यलाई पहिचान गर्नुपर्ने बिम्बात्मक कथन-पद्धति यस निबन्धमा भेटिन्छ ।

### ३.१०.५ आयाम

*भाँग्रे पण्डित* निबन्ध नेपाली समाजमा पूर्वीय मूल्य मान्यतामा आएको सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेर लेखिएको निबन्ध हो । यो निबन्ध छ पृष्ठमा फैलिएको निबन्ध हो । पृष्ठगत हिसाबले लघु आकारको निबन्ध लामाछोटा गरी एकतीस अनुच्छेदमा संरचित छ । अनुच्छेदगत आयामलाई हेर्दा **बाउको बिहे** निबन्ध सङ्ग्रहको सबैभन्दा धेरै अनुच्छेद भएको रचनाको रूपमा देखिन्छ । निबन्धको अनुच्छेदगत सीमालाई निबन्धकारले यस निबन्धमा तोडेका भए पनि एकसय पचास वाक्यमा लेखिएको अत्यन्त प्रभावकारी विषयवस्तु रहेको निबन्धमा नेपाली समाजका भाँग्रे पण्डित (बोक्रे पण्डित) जस्ता व्यक्तिको धुर्त्याइँ र फट्याइँको उछित्तो काड्न निबन्ध सफल भएको देखिन्छ ।

### ३.१०.६ शीर्षक

*भाँग्रे पण्डित* दुई पदयुक्त प्रतीकात्मक शीर्षक हो । भाँग्रो शब्दले पाटको खस्रो खालको कपडालाई जनाउँछ । भाँग्रो कपडा प्रयोग गर्नेलाई भाँग्रे विशेषणको प्रयोग गरिन्छ । यहाँ भाँग्रे पण्डित भन्नाले आनीबानी र कर्ममा विचलन आएको पण्डित भन्ने प्रतीकात्मक

अर्थ देखिन्छ । कर्ममा विचलन आएको भएपनि पूर्वीय परम्परामा नेपाली समाजको नेपालीपन जोगाउन सचेत तथा असचेत रूपमा लागि परेका पण्डितका रूपमा निबन्धमा उपस्थित गराएका छन् । भाँग्रे पण्डित जस्ता धूर्त र परम्पराका नाममा अन्धविश्वास अन्धपरम्परागत कट्टरताले नेपाली समाजमा सरलता ल्याउन सकेको छैन । वर्तमान नेपाली समाजमा नेपालीहरूले मान्दै आएको परम्परागत मूल्य-मान्यता आचरण संस्कृति हराउँदै जानुको कारण भाँग्रे पण्डितहरूको धूर्त स्वभाव र अन्ध परम्परागत कट्टरता जुन शास्त्र, तथ्य र विज्ञानमा आधारित नरहने कार्य जिम्मेवार रहेको तर्फ निबन्धमा सङ्केत गरिएको छ । पूर्वीय सभ्यतामा आधारित नेपाली समाजको सामाजिक मूल्यमान्यता लोप हुँदै हराउँदै गएकोमा यथार्थ पक्षको उद्घाटन यस निबन्धमा भएको छ । भाँग्रे पण्डितको व्यवहार, क्रियाकलाप, आफ्नै कट्टरता, आफ्नै व्यवहारले आफ्नै परिवारबाट साथ नपाई एक्लै हुनु परेको अन्त्यमा बोल्न, लेख्न, हिँड्न नसक्ने र सास फेर्न पनि कठिन भएको सन्दर्भ देखाइ प्रतीकात्मक रूपमा नेपाली समाजका मूल्य मान्यताको अवस्था देखाइएको हुनाले निबन्धको शीर्षक प्रतीकात्मक रूपमा सान्दर्भिक रहेको छ ।

## ३.११ कागज

### ३.११.१ परिचय

*कागज* **बाउको बिहे** हास्यव्यङ्ग्य व्यङ्ग्य निबन्धसङ्ग्रहको दसौं निबन्ध हो । कागजको उत्पत्ति परिचय र कागजको यात्राको वर्णन यस निबन्धमा गरिएको छ । कागजमा लेखिएका छापिएका कुराहरूले के कस्ता चर्तिकला देखाउँछन् भन्ने सन्दर्भबाट कागज रूपी पैसाले मानवजीवनमा ल्याउने अनेकौं विसङ्गतिको उद्घाटन गर्ने व्यङ्ग्य रचना हो ।[२३] कागजमा लेखिएका कुराले मानव जीवनमा विविध किसिमका महत्त्व ओगटेको हुन्छ । कागज विभिन्न किसिम र रूपरङ्गका हुने कुरा निबन्धमा पाइन्छ । यस सम्बन्धमा शीर्षकगत विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.११.२ विषयवस्तु

नेपाली भाषामा प्रयोग हुने कागज शब्द फारसी भाषाबाट नेपाली भाषामा प्रयोगमा आएको हो । अरबी भाषाको 'कागत' अङ्ग्रेजी भाषाको पेपरको समानान्तर रूपमा प्रयोग

[२३] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य*, **मिर्मिरे**, पूर्ववत्, पृ. ९७ ।

हुन्छ । वनस्पति जगत् भोजपत्र, ताडपत्रका साथै ताम्रपत्र, कनकपत्र, शिलापत्रको प्रचलन हुँदै वनस्पतिजन्य कच्चापदार्थबाट तयार पारिने कागज मानवजीवनका लागि अन्योन्याश्रित सम्बन्ध राख्त छ । बिहान उठ्नासाथ हातमा पर्ने ठूला साना आकारका पत्रिकाले सबैको ध्यानाकर्षण गरेपनि सबै पत्रिकालाई एकै किसिमबाट अध्ययन र विश्लेषण गरिन्न भने सबै पत्रिकालाई एकैनासको जतन नगरिने गरेको विषयवस्तुप्रति व्यङ्ग्य प्रहार गरिएको छ । तीनै पत्रिका कोही कसैका लागि महत्त्वपूर्ण हुनाले जतन गर्ने गरेको पनि देखिन्छ । आजका पत्रिका सबैजसोमा एउटै खबर लेखिने हुनाले ती पत्रिकाले खासै महत्त्व पाउन नसकी ठाउँ बेठाउँ सडक गल्ली फोहोर गर्ने वस्तु बन्ने गरेको अवस्थाको चित्रण पनि निबन्धमा पाइन्छ ।

दसौं वर्षदेखि पुस्तक पढ्ने गरेको अवस्था भएपनि हजुरबाको पालाका पुस्तक संरक्षण भएका हुनाले अद्यापि ती पुस्तक छँदैछन् तर आजकलका पुस्तक जतन गरी एक वर्ष टिकाउन नसक्ने विद्यार्थीको अवस्थाको चित्रण पनि निबन्धमा भेटिन्छ । साहित्य सिर्जनामा लागेका सर्जकहरू पाठकको अभावमा आफूलाई 'कुरूप' भएको अनुभव गरेको अवस्था पनि निबन्धमा विषयवस्तु बनेको छ । विज्ञान र प्रविधिको विकासले साहित्यका सर्जक चिराचिरा भएकोप्रति कटाक्ष पनि भेटिन्छ । रङ्गीन चित्र भएको कागतले मानिसलाई गिज्याउने गरेको अवस्था पनि निबन्धमा पाइन्छ ।

कागज मानिसको जीवनको प्रारम्भदेखि व्यक्तिको चिनारी गराउने चिना हुँदै तमसुक, अदालत पुर्‍याई निहुर्‍याउने कार्य गराई जीवनको महागर्तमा पुर्‍याउने कागतसम्म त्यसै गरी बिसौं वर्षसम्म मेहेनतको फलस्वरूप प्राप्त भएका विद्यालय महाविद्यालयबाट जारी गरिएका प्रमाण-पत्र जस्ता सबै कागजमा नै लेखिने भएको हुनाले कागज धेरै महत्त्वपूर्ण रहेको देखिन्छ । त्यस्ता प्रमाण-पत्रहरू प्राप्त गर्ने मानिस प्रमाण-पत्रलाई आधारमा घमण्ड गर्ने गरेको परिपाटीलाई पनि निबन्धको विषयवस्तु बनाइएको छ । महाविद्यालयको प्रमाण-पत्र पाएकाले विद्यालयको प्रमाण-पत्र पाएकालाई नगन्ने, जागिर पाएका र खाएकाले जागिर नपाएकालाई नगन्ने आधार बनाएर ठूलो सानो भाग्यमानी र अभागी ठान्ने गरेको प्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

जुनसुकै कागज एकैनासका हुँदैनन् । कुनै कागज केबल कागजमात्रै हुन्छन्, कुनै कागज नोट पैसा सम्पत्ति हुन्छन् । पैसा पनि सबै एकै मूल्यका हुँदैनन् । जति धेरै कागज ( पैसा) जम्मा गर्न सक्यो उति ठूलो सम्मानित र भाग्यमानी भन्ने गरिएको देखिन्छ । जब कुनै

एउटा घटना घटाएर हुरी चलाइन्छ । त्यही हुरीले गर्दा सबै कागज एउटा कुनामा गएर जम्मा हुने गरेको देखिन्छ । कागजको हुरी चलाएर धन सम्पत्ति कागजी खेल खेल्ने खेलाडी भाग्यमानी र शक्तिशाली बन्ने गरेको पनि निबन्धको विषयवस्तु बनेको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कागज मिलाएर मनग्गे धनसम्पत्ति आर्जन गर्ने कार्य भइरहने गरेको र यस्तै कार्यबाट कोही सडकबाट महलमा पुग्ने गरेको र कोही भने महलबाट सडकमा पुग्ने गरेको अवस्था विद्यमान अवस्थामा चल्ने गरेको उल्लेख गर्दै धन सम्पत्ति दुधे बालकदेखि बूढो, सन्त, महन्तसम्म पनि कागज वा नोटको पछि लाग्ने गरेको प्रति तीव्र व्यङ्ग्य गरिएको छ । कागजले कसैलाई कानुनको तगारोमा उभ्याएर राखेको छ । त्यही कागज वा नोटले कसैलाई नासो र कसैलाई गलाको पासो भएको अवस्था पनि चर्चा गरिएको छ । कागजलाई आधार बनाउँदा नासो पाउनेहरू अर्काको रगत पसिनाको आहालमा डुबुल्की मार्न थाल्ने गरेको र एउटै कागजले इतिहास रच्ने गरेको चर्चा गर्दै भाषा, धर्म, संस्कृति कागजकै कारण फेरिने गरेको नेपालको धर्म परिवर्तन सम्बन्धी यथार्थ पक्षप्रति पनि कटाक्ष पाइन्छ । कागजकै कारण श्रीमान् श्रीमती बीचको पवित्र सम्बन्ध अलग्गिन पुगेको पनि निबन्धको विषय बनेको पाइन्छ ।

सबै कागज एकैनासका हुँदैनन् । कुनै कागजमा सही गरिएको कागज विशेष मूल्यवान् हुन्छ । सही गरिएको कागजबाट सही गर्ने अधिकार प्राप्त हुन्छ । त्यही अधिकारले गर्दा सही गरी कसैको बिचल्ली, कसैको सर्वस्वको नाश, कसैले जेल सजाय भोग्न पर्ने, कसैको सर्वस्वको नाश, कसैले जेल सजाय भोग्न पर्ने, कसैको सम्बन्ध स्थापित हुने र कसैको सम्बन्ध विस्थापित हुने कुरा मुद्दा लेखिएको र फैसला लेखिएको कागतले गर्दोरहेछ भन्ने कुरा भुक्तभोगीका अनुभवबाट थाहा पाउन सकिन्छ । त्यस्तै मरेको मानिसको सही गराई राखिएको कागतले अरू मानिसको जीवनमा पार्ने असरपनि खतरनाक बन्दोरहेछ भन्ने कुरा निबन्धमा चर्चाको विषयवस्तु बनेको छ ।

कागज राष्ट्रिय र अन्तर्राष्ट्रिय अवस्थामा सम्बन्ध कायम गर्ने माध्यम बनेको हुन्छ । रातो रङ्गको कागज जुन एक जना मानिसलाई उडाएर अर्को मुलुकमा पुऱ्याउने आधार बन्छ त्यो पनि आज सक्कली र नक्कली हुने गरेको सुन्न पाइएको छ । रातो पासपोर्टको दुरूपयोग हुने गरेको अवस्थाले त्यस्तो कुटनीतिक महत्त्व राख्ने सरकारी आधिकारिक प्रमाण-पत्र बेच्ने नक्कली बनाउने कार्यले अन्तर्राष्ट्रिय स्तरमै राष्ट्रको छवि बिग्रने गरेको अवस्थाप्रति गम्भीर कटाक्ष निबन्धमा पाइन्छ ।

मानिसलाई पद प्रतिष्ठा मात्र प्राप्त गर्नका लागि उसलाई नियुक्ति तथा आधिकारिक पत्र वा कागज चाहिन्छ । त्यही कागजको कारण कोही सडकमा घुम्दाघुम्दै बिल्लादार महाप्रबन्धक भएका छन्, कोही झन्डावाल चिल्ला गाडीमा चढ्ने मन्त्री भएका छन्, कोही जागिरे भएका छन् । कोही त्यही कागजको भरमा पदमत्त व्यक्ति धुलोमा नामेट हुन पुगेका छन् । कोही झन्डावाल गाडीमा घुम्दाघुम्दै रुझेको बिरालो बनेका छन् । कागजको महत्त्व व्यवसाय गर्नेलाई अनुभव हुने कुरा निबन्धमा उल्लेख पाइन्छ ।

विज्ञान र प्रविधिको युगमा बम, बारुद, जैविक, आणविक शक्तिबाट धेरै काम गर्न सकिने भए पनि शान्ति मैत्री समझदारीको कार्य कागजबाटै हुने गर्छ । कागजले गर्ने काम बम बारुदबाट हुन सक्तैन त्यसैले बम बारुदभन्दा कागज जेठो र शक्तिशाली छ । जागिर खान खोज्दा कागज मिलाउन पर्ने, पुलिसले थुनामा राखेको मानिस छुटाउन कागज मिलाउनु पर्ने, पीडितलाई दुईचार पैसा मिलाउन कागज मिलाउन पर्ने, कसैलाई कागज मिलाइदिए बापत हात लाग्ने कागज, त्यसैले जोगी, सन्यासी, मगन्ते पीडितलाई पनि नुन भुटुन माग्न कागज नै चाहिने यसरी जन्मदेखि जीवनका जुनसुकै समयमा कागज विशेष महत्त्व राख्छ । कागज (पैसा) विना कुनै व्यवहार व्यवसाय चल्दैन त्यसैले लेखिएका र लेखिने कागज प्रमाण-पत्र, दाम पैसा सबै कागज मानव जीउने, चिन्ने, चिनिने चिनाउने आधार हुन् । तर सामान्य कागजसँग त्यस किसिमको क्षमता हुँदैन । कहिले काहीँ त्यसै फालिएका कागज पनि कुनै समय मूल्यवान् बन्न सक्ने अवस्था आउँछ । कागज मानिसको जीवनको अभिन्न साथी हो । यसलाई कसैले छोड्नु हुँदैन दुरूपयोग गर्नु हुँदैन, यसलाई सदुपयोग गर्नु भनेको पुस्तक, पत्रिका, प्रमाणपत्रदेखि लिएर तयार गरिने लिखत, तमसुक, मुद्दा फैसला आदि नक्कली बनाउने किर्ते गरी कसैलाई फसाउने कार्यदेखि होसियार हुनु पर्ने विषयवस्तु निबन्धमा व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ ।

भन्सार नै राज्यको कारोबार गरिने प्रमुख थलोको रूपमा देखिन्छ । देशको अधिकांश राजस्व असुली भन्सारमा हुन्छ । भन्सारमा दुरुस्त पारी कागज मिलाउने पट्याए जस्तै गरी यसलाई (कागज/पैसा) मिलाउने मेसोमा डोरोमेसो गर्नेहरूको निकै चलखेल हुने गरेको सुनिने र थाहा पाउने गरिन्छ । यसरी कागज मिलाउदा कोही गिठा खाने सिता खानेमा र कोही सिता खानेहरू गिठा खानेमा परिणत हुने गरेको देख्न, सुन्न पाइने गरेको छ । यसरी कागज मिलाउने कार्यले राज्यलाई र नागरिकलाई पनि धोका दिने गरेका छन् त्यसैले यस्ता अनुचित कार्य प्रत्युत्पादक हुने तर्फ निबन्धमा सङ्केत गरिएको छ ।

कागजमा नै मानिसको योग्यताको प्रमाण-पत्र हुने, मुद्दा मामिलाका अदालती कार्य हुने, भाषा-धर्म-संस्कृति रहने र फेरिने, ठूलाठूला भ्रष्टाचार र षडयन्त्रका खेल हुने पद प्राप्ति र पदच्यूतिका फोहोरी नाटक रचिने, एक देशबाट अर्को देशमा मान्छे ओसार पसारको कालो धन्दा फस्टाउने, जेलमा कोच्ने र जेल मुक्त गर्ने सर्वशक्तिमान र सर्वहारामा परिणत गर्ने कार्यहरू हुन्छन् । जन्मनासाथ सुरु हुने र मरेपछि पनि चालु रहने एउटै मात्र वस्तु कागज नै हुँदो रहेछ । यसरी कागजको महिमा र गरिमालाई विषयवस्तुका रूपमा प्रस्तुत गर्दै व्याजस्तुतिका शैलीमा कागजद्वारा गरिने अनेक सामाजिक बेथिति र कुरीतिलाई छास्ने काम यस रचनाभित्र भएको छ ।[२४]

## ३.११.३ उद्देश्य

*कागज* निबन्धमा कागजमा लेखिएका र छापिएका कुराहरूले के कस्ता चर्तिकला देखाउँछन् भन्ने सन्दर्भमा कागजरूपी पैसाले मानवजीवनमा ल्याउने अनेकौं विसङ्गतिको व्यङ्ग्यात्मक रूपमा उद्घाटन गरेको छ । मानिसका योग्यताका प्रमाणपत्रदेखि नोकरी पद जिम्मेवारी पाउने प्रमाण पत्र, पदच्युत तथा अवकाशका प्रमाण पत्र, राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा मानिसदेखि विभिन्न सामान ओसार पसार गर्ने प्रमाण-पत्र कागजमै बन्ने हुनाले अथवा कागज नै आवश्यक हुनाले कागजको महत्त्व प्रस्ट्याउनु *कागज* निबन्धको उद्देश्य हो । अदालतका मुद्दा फैसला कागजमा नै लेखिने र तिनै किसिमका कागजका सहायताले गिट्ठा खाने सिता खानेमा र सिता खाने गिठा खानेमा परिणत हुने हुँदा कागज मानवजीवनमा महत्त्वपूर्ण हुने देखाउनु कागज निबन्धको उद्देश्य हो । कागजमा मरेको मानिसलाई सही गराएको प्रसङ्ग प्रस्तुत गर्दै जालसाँजी र किर्तेकाम कागजबाट हुने हुनाले र तिनै कागजबाट समाजमा हुने गरेका कुरीति र कुसंस्ककारलाई व्यङ्ग्यात्मक र कलात्मक पारामा उद्घाटन गर्नु यस निबन्धको उद्देश्य देखिन्छ । मानिसको सबै आवश्यकता पूरा गर्ने पैसा वा नोट कागजमा नै छापिन्छ । त्यसैले पैसा तथा नोट पनि कागज नै हो । त्यही कागजका लागि मानव समाजमा अपराध कार्य हुने गरेको हुनाले ढाँट्ने, छकाउने जालसाँजी गर्ने, झुक्याउने, ठग्ने जस्ता कार्यका लागि कागजको प्रयोग हुने गरेको हुनाले कागजरूपी पैसा आर्जन गर्न ठगीका कार्य हुने गरेकाले कागजमा सही गर्दा विचार गर्नुपर्ने नत्र सिता

---

२४ भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिरे**, पृ. ९७ ।

खानेबाट गिठा खानेमा पुग्नुपर्ने, नेल लगाउने र जेल जाने अवस्था आउने हुदाँ होसियार रहन सचेत गराउनु पनि निबन्धको उद्देश्य रहेको छ ।

## ३.११.४ शैलीशिल्प

कागज निबन्धमा बौद्धिक कलात्मक व्यङ्ग्यपूर्ण भाषाको प्रयोग गरिएको छ । सरल, संयुक्त र मिश्रवाक्यको प्रयोग गरिएको यस निबन्धमा सुगठित र कसिला वाक्यहरूको प्रयोग पाइन्छ । यस निबन्धको विषयवस्तुको प्रस्तुतिमा सङ्क्षिप्तता पाइन्छ । तत्सम्, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग भएको निबन्धमा उकुसमुकुस, लमतन्न, डुबुल्की, झिमिक्क-झिमिक्क, एक्कासी, फुत्त-फुत्त आदि जस्ता अनुकरणात्मक शब्दहरूले निबन्धलाई रोचक र प्रभावकारी बनाएका छन् । सबल-दुर्बल, सक्कलीनक्कली जस्ता विपरीतार्थी शब्दको प्रयोबाट आलङ्कारिताको सिर्जना भएको देखिन्छ । कौडीको मोलमा नबिक्ने कागज, चिल्ला पात भएका कागजको बदख्वाइँ, कालो छाते टोपी ओढाएर दिइएको कागज जस्ता वाक्यांशले निबन्धलाई उद्देश्यमा सफल बनाउन सघाएका छन् । निबन्धमा कहीँ कहीँ “मेरो वाकसमा लुकेर बसेका कागजमा निकै झगडा चल्छ तँ ठूलो कि म ठूलो ?” “कुनै लामा खालका छन् । कुनै होचा पुड्का खालका कागज जिरे खुर्सानी जस्ता पिरा ।” व्याकरणगत विचलन युक्त वाक्यले निबन्धलाई आलङ्कारिक र व्यङ्ग्यपूर्ण बनाएका छन् । निबन्धमा प्रयोग भएको शब्द चयन वाक्यगठन र व्यङ्ग्यात्मक अभिव्यक्तिले निबन्धकारको कथन शिल्पलाई उजागर गरेको पाइन्छ ।

यस निबन्धमा कागजका बारेमा आफ्ना विचारलाई अभिव्यक्त गरेका छन् । कागजका बारेमा आफ्ना दृष्टिकोण प्रस्तुत गर्दा निबन्धकारले आत्मालापीय कथन-पद्धतिको प्रयोग गरेका छन् । आत्मालाप प्रस्तुत गर्दै मानवजीवनसँग रहेको कागजको अन्तरसम्बन्धलाई आत्माभिव्यक्तिका साथ प्रस्तुत गरिएकाले यस निबन्धमा प्रथमपुरुष दृष्टिबिन्दु तथा आन्तरिक कथन पद्धति प्रयोग भएको देखिन्छ ।

## ३.११.५ आयाम

*कागज* निबन्ध पृष्ठगत आयामका दृष्टिले छ पृष्ठमा फैलिएको निबन्ध हो । एक सय बयासी वाक्य, अठार अनुच्छेदमा संरचित यो निबन्ध अनुच्छेदगत आधारमा मध्यम किसिमको देखिन्छ । विषयवस्तुलाई संङ्क्षिप्ततामै पूर्णतासहित प्रस्तुत गरिएको यस

निबन्धमा कागजका बारेमा स्पष्ट र गहन विषयवस्तु पस्केर प्रस्ट्याउने काम गरिएको छ । मध्यम आयामको यो निबन्ध उत्कृष्ट निबन्ध हो भन्न सकिन्छ ।

### ३.११.६ शीर्षक

*कागज* एक पदयुक्त शीर्षक हो । कागजमा कलमद्वारा लेखिन्छ । लेखिएको कागज विशेष महत्त्वको हुन सक्छ । विभिन्न सूचना, विचार, समाचार आदि सम्प्रेषण गरिने पत्रपत्रिका महत्त्वपूर्ण मानेर दिनहुँ खोजेर पढ्ने गरिन्छ । योग्यताका प्रमाण-पत्र, मुद्दा मामिलाका अदालती कार्य, नियुक्ति, बर्खास्ती, मानिस र सामान ओसारपसार गर्ने प्रमाण-पत्र आदि जस्ता सबै पक्ष कागजमा नै तयार गरिन्छ । यस्ता कार्य गर्दा इमान्दारी भन्दा वेइमानी हुने प्रमाण-पत्र आदि नक्कली बनाइने र त्यस्ता कागजले मानिसलाई एकाएक सडकबाट महलमा र महलबाट सडकमा झार्ने गरेको तथा गिठा खानेलाई सिता खानेमा सिता खानेलाई गिठा खानेमा परिणत गरि दिने गरेका जस्ता विषयवस्तु बनाई निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । यसरी सम्पूर्ण निबन्धभरि कागजका विषयमा नै चर्चा गरिएको र कागजमा सही छाप गर्दा होसियार हुनु पर्ने सन्देश दिइएको यस निबन्धमा नेपाली समाजमा हुने गरेका विकृति र विसङ्गतिको भण्डाफोर गर्नुका साथै कागजको महिमा गान समेत गरिएकाले यस निबन्धको शीर्षक औचित्यपूर्ण रहेको देखिन्छ ।

## ३.१२ बन्धकी

### ३.१२.१ परिचय

*बन्धकी* **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा सङ्कलित एघारौं निबन्ध हो । मानिस जन्मँदा स्वतन्त्र रूपमा जन्मछ । जन्मेपछि विभिन्न किसिमका बन्धनमा बाँधिन्छ । स्वतन्त्र जन्मेको मानिस, नामकरणको बन्धन, अक्षरको बन्धन, चेतनाको बन्धन रोजगारको बन्धन, व्यवसायसको बन्धन, धर्म, संस्कृतिको बन्धन साथै वैवाहिक तथा पारिवारिक बन्धनमा बाँधिन्छ । मानिसको जीवन बन्धनमुक्त हुन नसकेको अवस्थालाई हास्यमिश्रित व्यङ्ग्यका माध्यमबाट प्रस्तुत गरिएको छ । यस निबन्धलाई शीर्षकगत विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.१२.२ विषयवस्तु

*बन्धकी* निबन्धमा मानिसको जीवन के कसरी बन्धकीमा पर्दछ भन्ने कुरालाई निबन्धकारले विद्वत्तापूर्ण ढङ्गबाट प्रस्तुत गरेका छन् । कवि वासुदेव त्रिपाठीले रचना गरेका "लाटी अक्षर सुन्दरीसित रह्यो यो जिन्दगी बन्धकी" भन्ने कवितांश उद्धृत गर्दै निबन्धको विषयवस्तु अघि बढाइएको छ । मानिस जन्मदाँ स्वतन्त्र जन्मन्छ अनि सामाजिक बन्धनमा बाँधिन्छ । यस संसारका करोडौं मानिस बन्धनमा परेका होलान् भन्ने आफ्नो विचार पनि निबन्धकारले व्यक्त गरेका छन् ।

निबन्धकारले बहुसङ्ख्यक मानिस निम्नवित्त र मध्यमवित्तका हुने सन्दर्भ उठाई आफ्नो परिवार बसाइँसर्दै जङ्गलमा खरफुसको छाप्रोमा पुगेको र आफू त्यहीँ जन्मेको सन्दर्भ देखाई आफ्नो जन्मपछि नाइटोमा कसेर बन्धनमा पारेको र एघार दिनमा न्वारन गरी पुरेत बाले नामकरण गरेर बन्धनमा परेको उल्लेख गरेका छन् । यसरी एघार दिनमा न्वारन गर्ने चलन ऋषि परम्परामा ठिक भएपनि आधुनिक चलन ठिक नभएको सन्दर्भ उल्लेख गरेका छन् । आजकल पुरेत बाले जुराएका नामलाई किशोरवस्थासँगै नयाँ नाम राख्ने गरेको स्थितिलाई निबन्धकारले सङ्केत गर्न खोजेको देखिन्छ ।

न्वारनका दिन नाम राखेर जालमा फसाउने खेल भएको भन्दै विभिन्न रासायनिक मल र कीटनाशक औषधिको प्रयोग गरिएका खाद्य पदार्थले मानिसको स्मरण शक्ति पनि कमजोर भएको सङ्केत निबन्धकारले गरेका छन् । रासायनिक मल र कीटनाशक औषधिको आयात गरी खेतीपाती गर्ने हाम्रो बुद्धि पनि बन्धकी भएको उल्लेख निबन्धमा पाइन्छ ।

निबन्धकारले यस निबन्धमा आफ्ना बाबुको फोहोर कछाड च्यातेर आफ्नो काँठो भोटो गरेको सन्दर्भ उल्लेख गर्दै आफ्ना बाबु बाजेले गरेको काम व्यवसाय (पेशा) अवलम्बन गर्ने र नयाँ सोच र चिन्तन अघि बढाउन नसक्नाले सामाजिक परम्पराको बन्धनबाट मुक्ति प्राप्त गर्न नसकेकोले नयाँ चिन्तन विचार दृष्टिकोणको विकास गर्न पनि सन्देश दिएका छन् ।

जन्मँदाका दिन आमाको फरियामा अल्झेको प्रसङ्ग कोट्याउँदै हाम्रो देश र समाज फरियाबादमा अल्झेको यथार्थ विषयवस्तु निबन्धमा पस्किएको छ । राजनेता, अभिनेता लगायत उच्च पदस्थ मानिस फरियावादी दर्शनबाट प्रभावित भई नियुक्ति तथा मनोनयन हुँदा आफन्त नहुँदा अवसरबाट प्रतिभाशाली व्यक्तिहरू ओझेल पर्ने गरेको यथार्थ परिस्थितिको चित्रण निबन्धमा पाइन्छ ।

विद्यालयमा पढ्न गयो, दुइ चार अक्षर पढ्न सिक्यो, मानिस सचेत भयो । अरूका कुरा बुझ्न सिक्यो । खुसी हुनु पर्ने कारण छैन । पढ्नु, सचेत हुनु, इमान्दार हुनु, नैतिकवान् हुनु पनि मानिस बन्धनका बाँधिनु मात्र हो । ज्ञानका आधार मानिएका अक्षर मानिसलाई बन्धक बनाउने महाशक्ति हुन् । अक्षर नैतिकता कर्तव्यनिष्ठता र इमान्दरिताको महाशक्ति बन्धन हो भन्ने निबन्धकारको विचार निबन्धमा विषयवस्तु बनेको छ । विद्यालयमा अक्षर सिकाउँदा गुरुले गालामा चड्कन दिने, कुखुरो बनाउने, जेठको घाममा एक खुट्टाले चौरमा उभिन लगाउने, कान बटार्ने जस्ता सजाय दिने गरेको सन्दर्भ प्रस्तुत गर्दै भयरहित शिक्षण प्रणाली अपनाउनु पर्नेतर्फ निबन्धमा सचेतता जगाउने विषयवस्तु पनि प्रस्तुत गरिएको छ ।

सवा दुई करोड नेपालीको साझा भूमि भौगोलिक सीमाभित्र बसोबास गर्ने मानिसको धार्मिक आस्थालाई पनि निबन्धमा विषयवस्तुको स्थान दिइएको छ । हिन्दू धर्म अन्तर्गत तेत्तीस करोड देवीदेवता हुने आस्थाप्रति जनता वा भक्त भन्दा देवी-देवता धेरै हुने विश्वासप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ । देवीदेवता जनताभन्दा धेरै हुने धार्मिक मूल्यमान्यता पनि आफ्नै किसिमको बन्धनमा बाँधिएर रहेको प्रस्ट पारिएको छ । धार्मिक आस्था अनुसार ईश्वरीय अंश फरक, ईश्वरीय अंशानुसार धार्मिक दर्शन फरक भएपनि ती कुनै न कुनै किसिमका दर्शनले मानिसलाई बन्धकी बनाएको छ । धार्मिक दर्शनमात्र होइन समाजवाद, साम्यवाद, भक्तिवाद, राष्ट्रवाद, मानवतावाद हुँदै रङ्गवाद जस्ता राजनैतिक दर्शनले मानिसलाई बन्धनमा पारेको छ । यो राजनैतिक बन्धन एकातिर फुकाए अर्कोतिर कस्सिने बन्धनले झन अल्झाएर राख्तछ । यसरी राजनैतिक वादभित्र बाँध्न अक्षरले सहयोग गरेका हुनाले अक्षरको बन्धन र त्यही अक्षरले बनाएको माखेसाङ्लो हो भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । जन्मनासाथ नाइटो बाँधेर नाम राखेर, गुरुले अक्षर सिकाएर स्वतन्त्र जन्मेको मानिसलाई किलो दाम्लोमा बाँधिएको पशु, मानिसभन्दा स्वतन्त्र भएको विचार प्रस्तुत गर्दै मानिसको जीवन बन्धकी भएको दृष्टिकोण पनि विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

छोराछोरीलाई पढाइलेखाइ सचेत सुखी बनाउने चाहना अनुरूप पढी लेखी ठुलठुला प्रमाण-पत्र धारण गरे पनि व्यावहारिक रूपमा कमजोर रहने गरेको यथार्थ निबन्धमा उल्लेख गरिएको पाइन्छ । विशिष्ट श्रेणीमा परीक्षा उत्तीर्ण गरेका विद्यार्थी धान कसरी उब्जिन्छ, मकै, कोदो, मास, भट्ट (भटमास) बोडी आदि कसरी फल्छन् भन्ने प्रश्नका उत्तर दिन सक्तैनन् । बदामको बोट चढेर टिपेर खाने कल्पना गर्छन् । त्यस्तै नेपाली वनका पाँचऔंले, नीरमसी,

जटामसी, पाखनबेद (पाषाणवेध) सर्पगन्धा, रजनीगन्धा, यार्सागुम्बा, अपराजिता जस्ता जडीबुटी त के कुरा सिस्नो, घर छेउछाउका वनस्पति जगत्का नाम चिन्न नसक्ने भेटिन्छन् । त्यस्तै हाम्रो समाजमा नेपाली संस्कृति र मूल्यमान्यताका चलन आदिबाट अनभिज्ञ रहने नया पुस्ताका मानिसको स्थितिप्रति व्यङ्ग्य गर्दै नवीन यथार्थ पस्किएको पाइन्छ । बडादशैंमा कसको पूजा हुन्छ, तिहार किन मनाइन्छ, माघमा के खाने, साउनमा के खानु आवश्यक छ र उधौली, उभौलीको पूजा गर्ने ,खलो पूजा गर्ने, भुमे चढाउने जस्ता चलन र कारण थाहा नहुने अवस्था आइरहेको छ । अबको नेपाली समाजबाट नेपाली परम्परा, संस्कृति, मूल्यमान्यता लोप हुन लागेको देखिन्छ । बरु यसको सट्टा न्यूएर, क्रिसमस डे, होली डे जस्ता पर्व मनाउने, वनभोज नजाने पिकनिक जानेतर्फ हाम्रो समाज अघि बढिरहेको छ । यसरी नेपाली संस्कृतिमाथि पाश्चात्य संस्कृति हावी हुँदै जानु अव्यावहारिक आयातीत र प्रवृत्तिको सिको गराउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आधुनिक शिक्षाका नाममा वास्तविक ज्ञान शून्य हुँदै गएकोमा दूध के ले दिन्छ भन्ने प्रश्नको उत्तर डेरीले भन्ने प्रसङ्ग निबन्धमा कोट्याइएको छ । नेपाली भाषाभन्दा अङ्ग्रेजी भाषाका शब्द प्रयोग गर्नमा हाम्रो समाज रमाउँदै गएकोमा कटाक्ष पनि निबन्धमा पाइन्छ ।

मानिसको उमेर बढ्दै गएपछि बन्धकीका आँख्ला पनि बढ्दै जान्छन् भन्ने प्रसङ्गलाई प्रस्ट पार्दै आफ्नो छेवर (ब्रतबन्ध)मा गुरुले कान फुकेपछि सुइँकुच्चा ढोक्न खोज्दा प्यारो मामाले फकाई घरमा ल्याएर थप जनैको बन्धकी बनाइएको प्रसङ्ग प्रस्तुत गरेका छन् । ब्रतबन्धमा लगाएको जनैले स्वतन्त्र खानपिन, स्नान ध्यान गर्ने, सन्जे भन्ने थप बन्धकी बनाउँदा सङ्कट परेको भएपनि भट्टीको नर्सिङ्ट्वाँक र मासु पथ्य हुँदै गएको देखिन्छ । काँधमा जनै लगाएर नर्सिङट्वाँक र मासु हसुर्नेप्रति व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

मानिस न्वारनदेखि नै नाम तथा अक्षरका कारणले बन्धनमा बाँधिएको मानिस आफ्नो संस्कृति अनुसार व्रतबन्ध गरेपछि पनि त्यसको कठोर नीति नियमका बन्धनहरूमा सकसका साथ बाँच्न पर्ने, फेरि विवाह गरेपछि त गलाको पासोझैँ झुण्डिने पत्नीको बन्धनमा हिँड्नुपर्छ । रमाइला, रोचक, ठट्टेउला र हँस्यौला वर्णनद्वारा प्रस्तुत निबन्धलाई निबन्धकार पौड्यालले हास्यव्यङ्ग्यात्मक रूप दिएका छन् । वैयक्तिक र सामाजिक विसङ्गतिमाझ अल्झिने मान्छेको परिहासमय चित्रण यस निबन्धको विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

## ३.१२.३ उद्देश्य

*बन्धकी* निबन्धमा मानिस स्वतन्त्र रूपमा जन्मिछ अनि सामाजिक बन्धनमा बाँधिन्छ भन्ने दार्शनिक रुसोको भनाइ उल्लेख गर्दै मानिस आफैले बनाएका नीति नियम सामाजिक, सांस्कृतिक परम्पराका बन्धनमा बाँधिन पुग्छ । विवाह जस्तो पारिवारिक बन्धन कर्तव्य र नैतिकताको बन्धनमा बाँधिन्छ । शिक्षा ज्ञानका बन्धनमा बाँधिएको मानिस सामाजिक मूल्य मान्यता, संस्कार, संस्कृति राजनीति जस्ता बन्धनमा बाँधिन्छ । यीमध्ये शिक्षा मानिसलाई सभ्य, सुसंस्कृत बनाउने तत्त्व हो । यो शिक्षा व्यावहारिक हुन जरुरी छ । आफ्ना परम्परा मूल्य मान्यतालाई जीवन्त राख्तै व्यावहरिक र उत्पादनमुखी शिक्षा आजको आवश्यकता रहेको सन्देश दिनु निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ३.१२.४ शिल्पशैली

*बन्धकी* निबन्धमा स्तरीय र रोचक किसिमको भाषाको प्रयोग गरिएको छ । यी निबन्धमा आयातीत भाषा र संस्कृतिप्रति नेपालीहरूको मोह बढ्दै गएको कुरा निबन्धकारले विभिन्न प्रतिकहरूको माध्यमबाट व्यक्त गरेका छन् । निबन्धमा नर्स, डाक्टर, एरिस्टोटल, कन्फ्युसियस, डेरी, न्युएर, पिकनिक आदिजस्ता आगन्तुक शब्दको प्रयोगले आयातीत भाषा र संस्कृतिप्रतिको मोहलाई झल्काउने काम गरेका छन् । 'धोबीको कुकुर घरको न घाटको' (हग्नेलाई भन्दा देख्नेलाई लाज' जस्ता उखानको प्रयोग गरी 'मनको वह सबैलाई, मेरो जस्तो छैन कसैलाई' मरे भने राम राम भन्दिनू बाँचे भेटौँला' आदिजस्ता नेपाली ग्रामीण समाजको लोक प्रचलनमा रहेका गीतका अंशहरूले निबन्धलाई कलात्मक र जीवन्त बनाएका छन् ।

यस निबन्धमा निबन्धकारले आफ्ना अनुभव र विचारलाई आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । आफू बन्धकी हुन परेको नामकरण, अक्षर, छेवर, (ब्रतबन्ध) विवाह, जस्ता सामाजिक बन्धनमा बाँधिन परेको अवस्था आदि आफ्ना अनुभवलाई आन्तरिक कथन ढाँचा वा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ३.१२.५ आयाम

*बन्धकी* निबन्धमा विषयवस्तुको पूर्णतालाई सङ्क्षिप्ततामै प्रस्तुत गरेका छन् । यो निबन्ध पृष्ठगत आधारमा आठ पृष्ठमा फैलिएको मध्यम आयामको निबन्ध रहेको छ ।

अनुच्छेदगत आयामलाई हेर्दा बीस अनुच्छेदको सीमालाई उछिनेर पच्चीस अनुच्छेद र दुई सय चवन्न वाक्यमा यो निबन्ध संरचित छ । विषयवस्तुको पूर्णतालाई सङ्क्षिप्ततामै प्रस्तुत गर्न यो निबन्ध सफल देखिन्छ ।

### ३.१२.६ शीर्षक

*बन्धकी* विशेषण पदयुक्त शीर्षक भएको निबन्ध हो । यस निबन्धमा स्वतन्त्र जन्मेको मानिस जन्मदेखि नै सामाजिक बन्धनमा बाँधिन्छ । धर्म, संस्कृति, सामाजिक, मूल्यमान्यता, परम्परा, संस्कृति, न्वारन, विवाह, छेवर (ब्रतबन्ध) राजनीति शिक्षा, नैतिकता जस्ता बन्धनमा बाँधिन्छ । शिक्षाको कारण प्राप्त बन्धन झन कसिलो हुने प्रसङ्गका साथै आयातीत भाषा र संस्कृतिले मौलिक भाषा संस्कृति हराउँदै जान लागेकोले आफ्नो सामाजिक मूल्यमान्यता अनुकूलको शिक्षा लिन आग्रह गरिएको यस निबन्धमा मानिस किलोदाम्लोमा बाँधिएको पशुभन्दा पनि बढी बन्धकी भएको पुष्टि गरिएको छ । यसरी निबन्धको विषयवस्तु र शीर्षकमा तालमेल भएको हुँदा निबन्धको शीर्षक सार्थक देखिन्छ ।

## ३.१३ प्रजातन्त्रमा

### ३.१३.१ परिचय

*प्रजातन्त्रमा* निबन्धसङ्ग्रहमा सङ्कलित बाह्रौं निबन्ध हो । प्रजातन्त्र जनताको शासन चल्ले पद्धति हो । जनताको इच्छाअनुसारको शासन प्रजातान्त्रिक परिपाटीमा चल्छ । आफ्नो इच्छाअनुसार लेखन प्रकाशन गर्ने, होटल रेष्टुराँमा मनपरी गर्ने पनि मानिसको इच्छा हो । न पढ्न पाउनुपर्ने न पढाउन पाउनु पर्ने कार्यालयको काम छोडेर झोला र झन्डा बोक्न पाउने जस्ता आफ्नो इच्छा अनुकूल कार्य गर्न पाउने अधिकार प्रजातन्त्र अनुकूल हुन्छ । प्रजातान्त्रिक पद्धतिमा देखिएका विकृति र विसङ्गति छाडातन्त्र वा मनपरीतन्त्र चल्ने र चलाइने गरिएको परिवेश साथै समाजमा बढ्दो दुर्व्यसनको व्यङ्ग्यात्मक अभिव्यक्ति दिइएको निबन्ध रचना हो । यस निबन्धको शीर्षकगत विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.१३.२ विषयवस्तु

प्रजातन्त्रमा प्रत्येक नागरिकले मौलिक अधिकारको उपयोग गर्न पाउनुपर्छ । संवैधानिक अधिकार र मानव अधिकारको प्रयोग गर्न पाउने छुट प्रजातन्त्रमा हुन्छ । यसैलाई

अपव्याख्या गरी लेखक प्रकाशकहरू नग्न युवतीका फोटो राखी पुस्तक पत्रिका प्रकाशन र बिक्री गर्ने, बाटोका छेउछाउतिर ठाउँ बेठाउँ लोकलज्जाका कार्य गर्ने, होटेल, रेस्टुराँ, बार, क्याबिन, दोहोरी साँझमा राशलीला मच्चाउने कार्य हुँदै आएको सुन्न देख्न पाइन्छ । घुस लिने, घुस दिने, कार्यालयमा हाजिर गरी झोला र झन्डा बोक्न जाने, शिक्षकहरू नपढाउने, विद्यार्थीहरू नपढ्ने, खेतालाहरू हाइ काढेर निदाउने जस्ता कार्य जुन प्रजातन्त्रको मूल्य मान्यतामा पर्दैन त्यसता कार्य हाम्रो समाजमा मौलाउँदै गइरहको देखिन्छ । नागरिकलाई प्रजातान्त्रिक हक अधिकारको उपोग गर्दा स्वस्थ प्रतिस्पर्धा सामाजिक संस्कार परम्परागत मूल्यमान्यताको संरक्षण गरी देश र समाजको उन्नति हुने कार्यभन्दा विपरीत दिशातिर लाग्न नहुनेप्रति सचेत हुँदै अनुशासन विवेक न्याय कर्तव्यमा सबै रहन पर्ने कुरालाई व्याजस्तुतिका माध्यमबाट विषयवस्तुको व्यङ्ग्य प्रस्तुति गरिएको छ ।

नगरपालिकाका चिल्ला सडकमा दुई पाङ्ग्रे चार पाङ्ग्रेमा राखेर पाउँच बेच्ने गरेको देखिन्छ । त्यसैमा पाउँच किनाउनका लागि साना साना बालबालिका आफ्नो प्रजातान्त्रिक अधिकार प्रयोग गरी रोइकराई आफ्ना मात्र पूरा गराउँछन् । बालबालिकाका खुसीका लागि केरा, स्याउ, सुन्तला, लिची, काँक्रो जस्ता चिज किनिदिने गरेको देखिन्छ । लेखक पाउँच नकिनी पहुँच पुऱ्याउन नसकिने उल्लेख गर्दै प्रजातन्त्रमा अवसर प्राप्त गर्न पाउँचको सेवन गर्नु पर्ने, पहुँचको प्रयोग होटल, बार, रेष्टुरेन्ट बसेर गर्दा पहुँच पुऱ्याउन सकिने उल्लेख गरिएको छ । पहुँच पुऱ्याउन सक्ता नपढेको भएपनि अवसर प्राप्त हुन सक्ने सम्पत्ति कमाई नामपनि कमाउन सकिने, तर पहुँच पुऱ्याउन नसके अवसर प्राप्त गर्न नसकिने साथै 'टर' जोडिएको जागिर खानु बेइज्जत हुने जस्ता सामाजिक दृष्टिकोण पाइने गरेको देखिन्छ । नातावाद, स्वार्थवाद, परिवारवाद, फरियावाद, राजनीतिवाद, धर्मवाद, जातिवाद आदिजस्ता वादका पहुँचका भरमा नाङ्गा खुट्टा लिएर सडकमा घिसारिने, अमेरिका, क्यानडा, जापान जस्ता देशमा चराजस्तै उडेर पुग्ने, एकाएक नव धनाढय बनेको तथ्य प्रस्तुत गरिएको छ । पहुँच पुग्न नसके सरकारी अड्डाका कुरा मात्र नभई औषधि किन्न, मट्टीतेलको लाइनबस्न पनि पहुँच नभई नहुने गरेको यथार्थ निबन्धमा पाइन्छ । पहुँच नभइकन कुनै किसिमको अवसर प्राप्त गर्न नसकिने, पढेलेखेका क्षमतावान् र योग्य मानिसले क्षमता र योग्यता अनुरूप जिम्मेवारी वा अवसर प्राप्त गर्न नसक्ने अवस्थाप्रति व्याजस्तुतिका माध्यमबाट व्यङ्ग्यपूर्ण प्रस्तुति निबन्धमा पाइन्छ ।

प्रजातन्त्र, मुलुकमा रहेको अवस्था वा प्रजातान्त्रिक व्यवस्थामा मुद्रास्फीति बढ्न गई मुद्रा आफैमा अवमूल्यन भएको अवस्थाको चित्रण गर्दै एक, दुई, पाँच रूपैयाका नोट प्रचलनमा रहे पनि कुनै वस्तु किन्न नसकिने, यात्रा गर्दा, चलचित्र मन्दिरहरू फिर्ता दिन पर्ने ठाउँमा खुद्रा नभएको भन्दै फिर्ता नगरिने, माग्नेले नलिने गरेको प्रचलनप्रति व्यङ्ग्यका साथ विषयवस्तुको प्रस्तुति गरिएको छ ।

नेपाली समाजमा पहुँचको भरमा कसैले आलिसान र चिल्ला गाडी जोडेका छन भने इमान्दार नेपालीहरूलाई प्रजातन्त्रमा लगाउने पहुँच के हो ? भन्ने जानकारी नहुने गरेको पाइन्छ । प्रजातन्त्रमा जुवा, तास, पासा, कौडीका माध्यमबाट उँभो लागेका व्यक्तिहरू नै पहुँचवाला देखिन्छन् । आफ्नो कार्य सम्पन्न गर्नका लागि नै पहुँच लगाउन पर्ने गरेको पाइन्छ । जो नेपालीलाई विदेश जानु छैन, जसलाई जागिर खानु छैन, जसलाई कसैमाथि अन्याय अत्याचार गर्नु छैन, कामको वैधानिक ज्यालमा मात्र विश्वास गर्छन् त्यस्ता इमानदार नेपालीलाई पहुँचको जानकारी छैन भने ठूलाबडाको झोला नबोक्ने कर्मनिष्ठ शिक्षक कर्मचारी आफ्ना छोराछोरीको भरणपोषण गर्न कठिन परेको अवस्था समाजमा देखिँदा (टर) झुन्डिएको जागिर खानु भन्दा सडकपेटीमा मकै बेचेर बस्नू भन्ने जस्ता अभिव्यक्ति समाजमा सुनिने गरेको अवस्थाले इमान्दार कर्मनिष्ठ राष्ट्रसेवकहरू अपमानित हुने गरेको र जुवा, तास, पासा, कौडी, मानवव्यापार जस्ता कार्य गर्नेहरू सम्मानित हुने गरेको अवस्थाप्रति व्याजस्तुतिका माध्यमबाट व्यङ्ग्य गरिएको पाइन्छ ।

प्रजातान्त्रिक व्यवस्थाकालीन नेपालमा दूध किन्न र बेच्नमा पहुँच चाहिने, अस्पतालमा डाक्टर भेट्न पहुँच चाहिने, बिजुली बाल्दा, ऋण निकाल्दा, छोराछोरीलाई स्कुल भर्ना गर्न, जग्गा किनबेच गर्न, खानेपानी जोड्न, मल बिउ किन्न पनि पहुँच नभइ नहुने अवस्था व्याप्त भएपछि नातावाद, परिवारवाद फरियावाद, जातिवाद, धर्मवाद, राजनीतिबाद जस्ता वादका पहुँच खोज्न बाध्य हुने परिस्थिति प्रस्तुत गरी निबन्धकार पहुँच खरिद गरी पहुँचको खोजी गर्न लाग्दा उनका श्रीमती र छोराछोरीले समर्थनको ताली बजाएको विषय वस्तु प्रस्तुत गरी व्याजस्तुतिको शैलीमा व्यङ्ग्य प्रहार गरिएको छ ।

प्रजातन्त्रलाई आड बनाएर आजभोलि खुलेआम रक्सीका पाउँच वा पोका बाटाबाटामा बेच्ने गरिन्छ र साधारण शिक्षकका परिवारका बालबालिकालाई त्यस्तो पदार्थ उपभोग गर्न कुतकुत्याइन्छ । पढ्ने र पढाउनेप्रति घरपरिवारका आफन्तले मात्र होइन समाजले पनि हियाउने गिज्याउने गर्छन् । विदेशिएर धेरै पैसा कमाई गाउँघरमा आई जाँडरक्सी खाने र जुवातास खेल्ने कुलतमा लाग्नेहरूप्रति समाज मौन बसेर हौस्याउने कार्य

गर्छ । यस्ता सामाजिक बेथितिका वर्णनबाट व्यङ्ग्यकार अतिरञ्जना र व्याजस्तुतिका व्यङ्ग्य उपकरणद्वारा प्रजातन्त्रको पुनःस्थापना-पश्चात् मद्यपान, अश्लीलता, अनुशासनहीनता, शिक्षा वा ज्ञान र धर्म संस्कृतिको स्वस्थ विकासप्रति उदासीनता देखिएको विकराल परिस्थितिको कलात्मक चित्रण गर्छन् । खास गरी मद्यपानले व्यापकता लिएर ध्वंश हुँदै गएको नेपाली समाजको पतनोन्मुख अवस्थाको मधुर हास्यका साथ गरिएको व्यङ्ग्य प्रहार प्रजातन्त्रमा पहुँच पदावलीले कलात्मक स्वरूप दिएको छ ।[२५]

## ३.१३.३ उद्देश्य

*प्रजातन्त्रमा* निबन्धमा प्रजातन्त्रको पुनःस्थापना पश्चात नेपालभित्र मौलाउँदै भएको अस्वस्थ प्रतिस्पर्धाको विकास हुँदै गएको अवस्थालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य देखिन्छ । सामान्यतया पहुँचवालाहरूबाट शिक्षण पेसाप्रतिको दृष्टिकोण र शिक्षण पेसाप्रति आएको मूल्यह्रासलाई देखाउने काम निबन्धमा भएको छ । विशेष गरेर प्रजातन्त्रमा योग्यतापूर्ण पहुँच र पहुँचको प्रयोग नगर्दा पछि पर्नुपर्ने यथार्थलाई देखाउनु प्रस्तुत निबन्धको उद्देश्य हो । यसका साथै परिवारका सदस्य र आफन्तहरू पहुँचको पछि पछि लाग्ने हुँदा आर्थिक पहुँच सबल नभएमा उनीहरूबाट तिरस्कृत हुनुपर्ने यथार्थलाई उजागर गर्नु पनि यस निबन्धको उद्देश्य हो ।[२६]

## ३.१३.४ शैलीशिल्प

*प्रजातन्त्रमा* निबन्धमा सरल भाषाको प्रयोग भएको छ । यो निबन्ध चिन्तनीय किसिमको रहेको छ । निबन्धमा राशलीला, शल्यक्रिया, पङ्क, सर्वाङ्ग दक्षिणा जस्ता पर्याप्त तत्सम शब्दको प्रयोग भएको छ । निबन्धमा बुख्याँचा, पप, मनोपोली, ट्युसन, फ्रुटी जस्ता आगन्तुक शब्दको प्रयोग पनि भएको पाइन्छ । लखतरान पर्नु, टुलुटुलु हेर्नु, सुइँकुच्चा ठोक्नु जस्ता टुक्काहरू र फिटिक्कै, जिप्ट्याउनु, ठ्याक्क, तुर्को जस्ता अनुकरणात्मक तथा झर्रा शब्दहरूको प्रयोगले निबन्धलाई रोचक र आकर्षक बनाएको पाइन्छ । नेपाली समाजमा बढ्दै गएको सामाजिक बेथितिको वर्णन गर्ने  अतिरञ्जना एवं ब्याजस्तुतिको व्यङ्ग्य उपकरणद्वारा नेपाली समाजको विकराल परिस्थितिको चित्रण गर्न कलात्मक शैलीमा वर्णन गरिएको छ । नेपाली समाजको पतनोन्मुख अवस्थाको मधुर हास्यका साथ गरिएको व्यङ्ग्य

---

[२५] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य*, **मिर्मिरे**, पृ. ९८ ।
[२६] कृपा पौडेल, **षडानन्द पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. १११ ।

प्रहार 'प्रजातन्त्रमा पहुँच' पदावलीको कलात्मक स्वरूप दिएको छ। "टर" जोडिएको सिँगाने जागिर गर्नुभन्दा सडकपेटीमा मकै पोलेर बस्नु राम्रो" 'उनीहरू मसँग सिँगौरी खेल्न थाले सिङ्मा माटो लिएर' जस्ता आलङ्कारिक पदक्रमयुक्त वाक्यहरूको प्रयोगले निबन्धलाई आलङ्कारिक बनाएको छ।

यस निबन्धमा प्रजातान्त्रिक कालमा नेपाली समाजमा देखिएका विकृति र विङ्गतिलाई आफ्ना अनुभवका आधारमा समाजका यथार्थ पक्षलाई निबन्धकार स्वयंले देखेको भोगेको अवस्थामा चित्रण गरेका छन्। यसरी निबन्धकारले आफ्ना भाव अनुभवलाई कलात्मक पाराले व्यङ्ग्यपूर्ण गद्यशैलीमा आफैले प्रस्तुत गरेका छन्। निबन्धमा 'म' भन्दै निबन्धकार स्वयं प्रस्तुत भएका हुनाले निबन्धमा प्रथम पुरुषीय कथन पद्धतिको प्रयोग भएको पाइन्छ।

### ३.१३.५ आयाम

*प्रजातन्त्रमा* निबन्धमा सामाजिक विकृति र विसङ्गतिलाई विषयवस्तु बनाई पहुँचको अभावमा अवसर पाउन नसक्ने साथै थोरै आम्दानी हुँदा परिवार र समाजबाट तिरस्कृत हुनपर्ने अवस्थाको उल्लेख गरिएको यो निबन्ध पाँच पृष्ठमा फैलिएको छ। अनुच्छेदगत आयामका दृष्टिले चौध अनुच्छेदमा र एक सय उनान्साठी वाक्यमा संरचित यो निबन्ध मध्यम किसिमको देखिन्छ। विषयवस्तुको गहनाताका आधारमा बौद्धिक यस निबन्धमा हास्य व्यङग्यात्मक शैलीमा प्रस्तुत निबन्ध स्तरीय किसिमको छ।

### ३.१३.६ शीर्षक

प्रजातन्त्रको पुनर्बहाली पश्चात् नेपाली समाजमा कर्तव्यभन्दा मौलिक अधिकारले स्थान पाउन गएको देखिन्छ। आफ्नो मौलिक र संवैधानिक अधिकारको नाममा अरूका अधिकारको वास्तै नगरी पहुँच पुऱ्याउन ठूलाबडाकहाँ धाउने प्रवृत्तिले समाजमा विधि, विधान र पद्धति क्षतविक्षत हुन पुगेको देखिन्छ, जसका मध्यमबाट समाज र राज्यव्यवस्थामा विकृति र विसङ्गति बढ्न गई दण्डहीनता मौलाउँदै गएको र कानुन निरीह बन्दै गएको यथार्थ पक्षप्रति व्यङ्ग्य गरिएको छ। प्रजातन्त्रमा बढ्दै गएको अराजकतालाई हास्यात्मक र व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत यस निबन्धको विषयवस्तु र शीर्षकको बीचमा तालमेल देखिएकाले शीर्षक सार्थक रहेको छ।

## ३.१४ जेठो कान्छो नोट

### ३.१४.१ परिचय

*जेठो कान्छो नोट* निबन्ध **बाउको बिहे** निबन्धसङ्ग्रहको तेह्रौं निबन्ध हो । मानिसका सबै आवश्यकता पूरा गर्नका लागि धन सम्पत्ति चाहिन्छ । धन सम्पत्ति विभिन्न प्रकारका हुन्छन् । ती धनसम्पत्तिको मूल्याङ्कन तथा नापजाँच गर्नका लागि मुद्रा चाहिन्छ । ती मुद्राको मूल्य अङ्कित गरिएको कागजी सम्पत्ति नै नोट हुन् । त्यस्ता नोट कुनै साना मूल्यका हुन्छन्, कुनै ठूला मूल्यका हुन्छन् । त्यस्ता नोटलाई कतै डलर कतै टाका कतै रूपैया आदि एकाइमा अभिव्यक्त गरिन्छ । यस्ता नोट हरेक देशका केन्द्रीय बैङ्कले निष्काशन गर्ने गर्छन् । नेपालमा नेपाल राष्ट्र बैङ्कले निष्काशन गर्छ । नेपाल राष्ट्र बैङ्कले निष्काशन गर्ने नोटमा रु. एक, दुई, पाँच, दश, बीस, पचास, एकसय, पाँच सय र एक हजार दरका रहेका छन् । नेपालका नोटहरूमा एक हजार दरको नोट सबैभन्दा ठूलो मूल्यको नोट हो । त्यसै गरेर रु. एकको नोट भने सबैभन्दा सानो मूल्यको नोट हो । सानो मूल्यको नोट हुनाले यो कान्छो नोट हो भने नेपाल राष्ट्र बैकले सर्वप्रथम निष्काशन प्रारम्भ गरेको नोट हो । मूल्य कम भएपनि सबैभन्दा जेठो नोट रु. एकको नोट हो । निबन्धमा जेठो कान्छो नोटको रूपमा रु. एकको नोटको बारेमा चर्चा गरिएको पाइन्छ । यस निबन्धलाई शीर्षकगत रूपमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.१४.२ विषयवस्तु

धनसम्पत्तिको प्रतिनिधि नोट उड्ने, हिँड्ने र सर्ने वस्तु भन्दै कालक्रमसँगै एक व्यक्ति वा परिवारमा सर्ने वा फड्कने विशेषतालाई सङ्केत गरिएको छ । जस्तोसुकै सर्ने फड्कने विशेषतायुक्त भएपनि सबै मानिस यसको पुच्छर भएर लागेको कुरा विषयवस्तुकै रूपमा प्रस्तुत गरिएको छ । ठूलाले सानालाई, धनीले गरिबलाई, नोटकै लागि भुलाउने, छकाउने, झुलाउने गरेको यथार्थ निबन्धमा साङ्केतिक रूपमा प्रयोग गरिएको छ ।

नोट तथा मुद्रा सुनका सिक्काका रूपमा हुन्थे भने पछि माटोका ढ्याक, चाँदीका ढ्याक, तामा, पित्तल सिल्टे (एल्मुनियम), गिल्टे (एल्मुनियम किट) जस्ता कम मूल्यका वस्तुमा तयार हुन थालेको देखिन्छ । हुँदाहुँदा नोट कागज र प्लाष्टिक जस्ता वस्तुमा छापिन थालेको अवस्थाको चित्रण गर्दै इ-कार्डको प्रयोगले मुद्राको सञ्चारमा सहज भएको कुरा निबन्धमा उल्लेख गरिएको छ ।

नोटहरूमा कान्छो मूल्यको भएपनि जन्मको (निष्काशनका) हिसाबले जेठो नोट रु एकको अवमूल्यन मात्र नभई मूल्यहीन बन्दै गएको देखिन्छ । ठूला व्यापारीले रोकडा भनी कुनामा मिल्काइदिने गरेको जेठो-कान्छो नोट मूल्यहीन हुन जाँदा साना व्यापारीले पनि कारोबार नगर्ने अवस्था आएको, चिया, चुरोट खैनीमासमेत बिक्न छोडेको अवस्थाको यथार्थ प्रस्तुत गरिएको छ । आज यसरी मूल्यहीन बन्दै गरेको जेठो कान्छो नोट पहिचानको अभावमा मिल्काउने गरेकाहरू पनि यस्ता नोटका उपासक बनेको भनेको देखिन्छ । ठूला व्यापारीले अपहेलना गरे पनि साना व्यापारी तिर्ने साना मूल्यका वस्तुको व्यापार गरी जम्मा भएका साना नोटबाटै आफ्ना आवश्यकता पूरा गर्न सफल भएको यथार्थ प्रस्तुत गर्दै कम मूल्यका वस्तुको कारोबार व्यापार गर्न, र थोरै थोरै जम्मा गर्दै जाँदा धेरै अथवा ठूलो हुने हुँदा कममूल्यका कामलाई हेला गर्न नहुने, थोरै तथा साना मूल्यका वस्तु सङ्कलन गर्ने सन्देश पनि निबन्धमा पाइन्छ ।

जेठो कान्छो नोटको अवमूल्यन हुनु तथा एक रूपैयामा कुनै सामान किन्न नपाइनु मूल्यवृद्धि हुनु हो । मूल्यबृद्धिले देशका कुनाकन्दरामा बसोबास गर्ने मानिसहरूको आयले आफ्ना आवश्यकता पूरा गर्न सकेको छैन । उनीहरू अपमानित भएका छन् । रु. एकको अपमान सरह मानिसको अपमान असहनीय कुरा हो । अपमानित स्थानमा बस्नभन्दा स्थान परिवर्तन सहज मानिन्छ भन्ने सन्दर्भ पुष्टि गर्न आफ्नै दरबारमा अपमानित भइ चौध वर्ष बनबास जान परेको रामको दृष्टान्त प्रस्तुत गरिएको छ । सामर्थ्य नहुनेहरू वनबास गए झैं अर्कोतिर लाग्छन भने आफूसँग शक्ति हुनेहरू दण्ड दिनतिर पट्टि लाग्छन् भन्ने कुरा ऋषिमुनि अपमानित हुँदा श्राप दिएको सन्दर्भ प्रस्तुत गरिएको छ । कुनै समयमा कुनै स्थानमा अपमानित भएकाहरू शक्तिको उज्यालोले कतैतिर बल्न पुगेका देखिन्छन् । अपमानको कारण कतै बलेको बत्ती ध्याप्प निभेझैं अस्तित्व सङ्कटमा परेको देखिएको कुरा निबन्धमा विषयवस्तु बनेको पाइन्छ । मानिसहरू मूल्यवृद्धिको चपेटामा परेका छन् सिकारु चालकले ब्रेक हाने झैं मूल्यवृद्धिको चोट तथा अपमानको पोकाको प्रहार भएको समाजको यथार्थ चित्रण पनि निबन्धमा पाइन्छ । विशेष गरी मूल्यवृद्धिको चोट निम्नवित्तमाथि साङ्घातिक किसिमको बनेकोप्रति सङ्केत गर्दै ‘राम ! राम !! को निरीह भाव व्यक्त गरिएको छ ।

मानिस धन सम्पत्तिका लागि साम, दाम, दण्ड भेदको जस्तोसुकै नीति पनि अख्तियार गर्दछ । उड्ने स्वभाव भएको पैसा एक रूपैया एक रूपैया गरेर उड्दै गएर एक

दिन स्वाहा हुन बेर लाग्दैन । धन पैसो स्वाहा हुनु जीवनको अन्त्यतिर पुग्नु हो । देशको आर्थिक स्थिति अधोगतितिर लागिरहेकोले एक दिन आँखा चिम्लने अवस्था आउनेतिर सङ्केत गरिएको छ । देश आर्थिक दरिद्रतातिर लागिरहेको हुनाले मगन्ते बन्दै गएको छ । माग्नका लागि नभाँचिएको हात भाँचिएको, सद्दे खुट्टालाई विकारमुक्त बनाएर खल्ती छामछुम गरेर दाता (भक्त) लाई मन लाग्ने बनाइने गरेको अवस्था प्रस्तुत गरिएको छ । भक्तले दिएको एक रूपैया (जेठो कान्छो नोट) याचकले अपमानपूर्ण तरिकाबाट फिर्ता गरेको सन्दर्भ प्रस्तुत गरी आफूलाई चाहिए जति माग्ने दिए गुणगान गाउने, नदिए बद्ख्वाईं गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य कटाक्ष गर्दै विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

मुदास्फीतिका कारणले अरू कुनै वस्तुमा साटिन नसक्ने वा क्रयशक्ति नभएको पैसा माग्नेलाई दिने, मन्दिरमा चढाउने पुरेतलाई दिने पूजाआजामा चढाउने प्रवृत्तिप्रति पनि निबन्धमा व्यङ्ग्य गरिएको छ । देवी देवता पनि धनी र गरिबप्रति समभाव राख्तैनन् । थोरै भेटी चढाउँदा भेटी फिर्ता गर्ने र धेरै भेटी चढाए आसिक दिने प्रसङ्ग प्रस्तुत गरी समाजमा रहेको वर्गीय भेद निबन्धमा प्रस्तुत गरिएको छ ।

समाजमा निम्नवित्त भएका मानिसको सङ्ख्या ठूलो हुन्छ । निम्नवित्त भएका मानिसको आम्दानीको स्रोत सानो हुनाले जेठोकान्छो नोट नै समेल्न पर्छ । आफ्नो आम्दानी अनुसार खर्च गर्नुपर्ने हुन्छ । धेरै खर्च गर्नका लागि आम्दानीले थेग्न नसक्ने भएको हुँदा समाजमा निम्नवित्त भएकाले अपमानित हुन परे पनि आफ्नो आम्दानीले परिवार र समाज चलाई सबैको चित्त बुझाउन परेको परिस्थितिको चित्रण गरिएको छ । परिवारमा सबै जनाको चित्त बुझाउन नसकी आफ्नै किसिमको कचकच सहन परेको कुरा उल्लेख गरिएको छ ।

महँगी तीव्र बृद्धि भई क्रयशक्ति कमजोर भएका साना नोटबाट सामान किन्न कठिन भएको अवस्थामा उनान्सय बजारले भने गरिबका आवश्यकता टार्ने सामान किन्न केही सहज भएको सङ्केत गरिएको छ । त्यस्ता बजारमा पनि जेठो-कान्छो (एक रूपैया) नोट भने फिर्ता नभई हराउने गरेको सन्दर्भ प्रस्तुत गर्दै अति निम्नवित्तवालालाई भने पीडामुक्त गर्न नसकेको चर्चा पनि पाइन्छ । रु दशका नोट फिर्ता हुने गरेका भए पनि, टेलिफोन, बिजुली, मालपोत, यातायात, राजस्व जस्ता कार्यालयमा रु. एक जस्ता जेठोकान्छो नोट फिर्ता नगरी भ्रष्टाचार गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । कार्यालयका देवता जेठा कान्छा

नोटलाई स्याहारसुसार गर्दै आम सेवाग्राहीको शोषण गरी मोटाएको अवस्था उल्लेख गरिएको छ ।

आफ्नो आय आर्जन बचत नहुनेलाई केही गरी केही रकम बचत भयो भने कुन ठाउँमा कसरी खर्च गर्ने जस्ता खुल्दुली हुने, चलाइरहन मन लाग्ने भइरहन्छ । अभावयुक्त मानिसले ठिक ढङ्गबाट उपयोग र परिचालन गर्न नसकेको अवस्थाप्रति पनि निबन्धमा दृष्टि पुऱ्याइएको छ ।

धनसम्पत्ति आर्जन गर्नेको नै हुने गरेको भए पनि आफू र आफ्ना सन्तानका लागि खर्च गर्न आर्जन गरिन्छ । बाबुआमाको आर्जन आफूभन्दा पनि छोराछोरीका लागि खर्च गर्ने र सङ्कलन गरिदिने प्रचलन देखिन्छ । छोराछोरीका लागि विशेष अवसरमा आवश्यक खर्च नदिने बाबुआमाको कन्जुस्याइँ प्रवृत्ति पनि उजागार गर्ने प्रयास निबन्धमा भएको छ ।

घुस लिने घुस दिने कार्य देश व्यापी रूपमा जुनसुकै अड्डा अदालतमा व्याप्त रहेको पाइन्छ । मृत्युदण्ड पाएको व्यक्तिसँग घुस दिए एकै पटकमा छिनाइदिने घुस नदिए दुःख दिएर मार्ने भनी जल्लादले घुस मागेको र घुस नदिँदा हातमा घुस नपरी नमार्ने भनी छोडिदिएको प्रसङ्गका माध्यमबाट ठिक बेठिक गर्न हुने नहुने कुरामा विचार नगरी जस्तोसुकै काम गर्न पनि घुस नभइहुने प्रवृत्ति विकसित भई न्याय पाउनु पर्नेले पाउन नसकेको र दण्डपाउन पनि घुस नभई दण्ड नपाउने जस्ता कार्य विकसित भई दण्डहीनता व्यापक भएको अवस्थाको चित्रण निबन्धमा गरिएको छ । जस्तोसुकै परिस्थितिमा पनि घुस नदिने नेपाली घुस दिन अघि सर्दै गई समाजलाई दण्डहीनतातिर फसाउँदै लगेको अवस्था पनि विषयवस्तुका रूपमा चित्रण गरिएको छ ।

*जेठो-कान्छो नोट* निबन्धमा कमजोरलाई हेप्ने, बेइज्जत गर्ने, सताउने, उँभो लाग्न नदिने परिपाटीलाई विषयवस्तु बनाएका छन् । धन सम्पत्ति कम हुने, थोरै रूपैयाँ भएका गाउँघरका दुःखीहरूलाई देवताले पनि हेप्छन् र धेरै पैसा मन्दिरमा चढाउनेबाट मात्र खुसी हुन्छन् भन्ने सन्दर्भ जोडेर धनी गरिबप्रति समभाव नराख्ने ईश्वरप्रति व्यङ्ग्य गरिएको छ । दुःखीका सहाय दैव भन्ने आहानले काम गर्न छोडेको देखिन्छ । धेरै धनसम्पत्ति हुनेहरूसितै शक्ति, इज्जत र पहुँच छ भन्ने वास्तविकता दर्साउँदै गरिब तथा निर्धाको सम्मान नहुने नेपाली समाजको भेदभावपूर्ण परिपाटी थुक्ने खकार्ने र धिक्कार्ने कार्य गरिएको छ । प्रतीकात्मक रूपमा एक रूपैयाको नोटलाई विषयवस्तु बनाई खुद्रा छैन भन्ने बहानामा ठगिखाने प्रवृत्तिका कर्मचारीमाथि भुत्भुते खन्याएको पाइन्छ । समाजका विकृतिमाथि आँखा

चिम्लने जनतामारा नियम कानुनका प्रयोक्ता वा सञ्चालक वा अनुगमनकर्ताका दुर्गुणहरूमाथि व्यङ्ग्यको लाठी बजारिएको छ । जेठो कान्छो वा धनी गरिबको भेदभाव, वर्गीय भेद आदिलाई मार्मिक ढङ्गमा विषयवस्तु बनाएर प्रस्तुत गरिनुका साथै आधुनिक दुनियामा मान्छेको अस्तित्व झनझन् खतरामा पर्दै गएको अनुभूति निबन्धमा पाइन्छ ।[२७]

## ३.१४.३ उद्देश्य

*जेठो-कान्छो नोट* निबन्धमा विगतदेखि वर्तमान सम्ममा नोटको मूल्यमा ह्रास, महँगीको बृद्धिका कारण निम्नवित्तका मानिसको दिनचर्यामा पर्न गएको असर प्रस्तुत गरिएको छ । निम्न वर्गका मानिस समाज अपहेलित हुने गरेको यथार्थ प्रस्तुत गर्दै ईश्वरले पनि सम्पन्न र विपन्न वर्गमा भेदभाव गर्ने गरेको यथार्थ प्रस्तुत गरिएको छ । एक एक रूपैया गरी ठूलो धनराशी सङ्कलन गर्न सकिन्छ भने रु. एक एक गर्दै सम्पत्ति स्वाहा पनि हुन सक्छ भन्ने सन्देश दिँदै मानिसमा बढ्दै गएको भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गर्नुका साथै राज्यमा सुशासन हुनुपर्ने तर्फ सबैलाई सचेत गराउनु यस निबन्धको उद्देश्य हो । हिजोसम्म जेठो कान्छो नोटका लागि आत्मदहन गर्न खोज्ने तथा भएको छोरो एक रूपैया नदिएर मरेदेखि अर्को छोरो जन्माउन तयार हुने तर एक रूपैया खर्च नगर्नेहरू अहिले जेठो कान्छो नोट आफ्नो हातमा नराख्ने कसम खाने अवस्थामा पुगेको यथार्थ प्रस्तुत गर्नु यस निबन्धको उद्देश्य हो ।

## ३.१४.४ शैलीशिल्प

*जेठो-कान्छो नोट* निबन्धमा सरल भाषाको प्रयोग भएको छ । यस निबन्धमा सरलताका साथ स्तरीय किसिमको भाषा रहेको छ । वाक्य गठनका हिसाबले हेर्दा यस निबन्धमा सरल संयुक्त र मिश्र तीनै किसिमका वाक्यहरूको प्रयोग भएको पाइन्छ । खैनी, पालिस, चप, रोकडा, लालटिन, यार आदि जस्ता आगन्तुक शब्दहरूका साथै अपमान, कथंकदाचित, उदय अस्त, सहर्ष, विकारयुक्त, विश्वविजेता आदिजस्ता तत्सम शब्दहरूको उचित संयोजन गरिएको पाइन्छ । प्वाक्क, चुइँचुइँ, डुङडुङ्ती, ट्याप्प, च्याप्प आदि जस्ता अनुकरणात्मक शब्द प्रयोगले निबन्धलाई रोचक र प्रभावकारी बनाएको छ । "सानो मर्छ खानका लागि ठूलो मर्छ मानका लागि" 'रातभरि करायो दक्षिणा हरायो' 'दिनभरि समायो

[२७] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिरे**, पूर्ववत्, पृ. ९८ ।

रात विलायो' आयो मुसेडी तेरो काल' आदि जस्ता नेपाली समाजमा चलनचल्तीमा रहिआएका उखानहरूले वर्तमान नेपाली समाजको परिवेशप्रति व्यङ्ग्य गर्न सघाएका छन् । निबन्धमा आलङ्कारिक बनाउका लागि वाक्यगठनमा पदक्रम विचलन युक्त वाक्यको प्रयोग गरिएको पाइन्छ । निबन्धमा नेपाली समाजमा बढ्दै गएका विकृति र विसङ्गति प्रति व्यङ्ग्य गरिएको देखिन्छ । त्यसैले यस निबन्धमा व्याजस्तुतिको ढाँचामा व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ । व्यङ्ग्य प्रहार गर्दा आफूलाई नै व्यङ्ग्यको पात्र बनाउने भएको देखिन्छ जसबाट निबन्धमा आत्मव्यङ्ग्यको शैली प्रयोग भएको पाइन्छ ।

निबन्धकारले बाल्यकालदेखि वर्तमानसम्म आइपुग्दा आफूले भोगेका समस्या र भेदभाव आदिलाई निबन्धकार आफैले देखे-भोगेको देखिन्छ । निबन्धकार निबन्धमा आफै सहभागी भई आत्मलाप गरेको देखिन्छ । यसै आधारमा निबन्धमा प्रथम पुरुषीय दृष्टिविन्दु तथा आन्तरिक कथनढाँचा तथा कथन पद्धतिको प्रयोग गरिएको छ ।

## ३.१४.५ आयाम

*जेठो कान्छो नोट* निबन्धमा जेठो कान्छो नोटलाई आधार बनाइ विभिन्न प्रतिकात्मक शबदहरूको प्रयोग गरी निबन्धको विषयवस्तुलाई विस्तृत बनाइ सजावट गरिएको छ । यसरी विषयवस्तुलाई विस्तृत रूपमा प्रयोग, उखान टुक्काको प्रयोग, दृष्टान्तको प्रयोगले उत्कृष्ट ठहरिन पुगेको यस निबन्ध पृष्ठगत आधारमा भने छ पृष्ठमा फैलिएको छ । अनुच्छेदगत आयामका दृष्टिले सत्र अनुच्छेदमा र एक सय पैंतीस वाक्यमा संरचित यो निबन्ध उद्देश्यप्राप्तिमा पूर्णता प्राप्त गरेको निबन्धको रूपमा देखिएको छ ।

## ३.१४.६ शीर्षक

*जेठो कान्छो नोट* समाजमा कमजोरहरूलाई हेप्ने, बेइज्जत गर्ने सताउने उभो लाग्न नदिने परिपाटी हावी रहेको तथ्याङ्कलाई व्यङ्ग्यका मट्याङ्ग्राले हान्ने रचना हो ।[२८] जन्मका हिसाबले जेठो भए पनि मूल्यका हिसाबले कान्छो रूपमा रहेको एक रूपैयाको नोटलाई विषय वस्तुका रूपमा प्रस्तुत गरी नेपाली समाजमा धनी गरिबमा हुने भेदभाव, घुसखोरी, भ्रष्टाचारी, मूल्यवृद्धि आदिका विरुद्ध व्यङ्ग्य गरिएको निबन्ध हो । यसरी निबन्धको

[२८] ऐजन ।

विषयवस्तु र शीर्षक बीच तालमेल देखिएको छ । यसै आधारमा निबन्धको शीर्षक उपयुक्त रहेको देखिन्छ ।

## ३.१५ मुख्य खाना चाउचाउ

### ३.१५.१ परिचय

*मुख्य खाना चाउचाउ* निबन्ध समीक्षेय कृतिमा चौधौँ निबन्ध हो । नेपाल कृषि प्रधान देश हो । नेपालका धेरैजसो मानिस खेतीपातीको काम गर्छन् । नेपालको धरातलीय ( भौगोलिक) स्वरूप र हावापानी अनुसारको अन्नबाली उब्जन्छ । जुन किसिमका अन्नवाली उब्जिने हो त्यसै किसिमको खानापिना हुने गर्छ । नेपालमा धान, मकै, गहुँ, कोदो आदि अन्नबाली उब्जने हुनाले नेपालीको मुख्य खाना ढिडो, भात, रोटी, आटो, च्याँख्ला, गिठा, भ्याकुर कन्दमुल हुन् । सबैका आ-आफ्ना खेतबारीमा फल्ने अन्नका परिकार मुख्य खानाका रूपमा मानिने गरेको भएपनि अहिले नेपालका मानिसको खाना चाउ-चाउ बन्न गएको छ । सलहले अन्नबाली माथि आक्रमण गरेर अन्नबाली खाए जस्तै चाउ-चाउले नेपालीका मुख्य खाना भात, ढिडो, रोटी, आटो च्याँख्ला आदिलाई पछि पारेर नेपालीका माझमा लोकप्रिय तथा मुख्य खानाको स्थान लिदै आएको परिवेशलाई झल्काएर चाउ-चाउको विषयमा चर्चा गरिएको छ । स्वदेशी खाद्य मूल्यहीन बनेको र विदेशी खाद्य वा परिकारमा सबै लट्ठ हुन थालेको वास्तविकतालाई चाउ-चाउको नमूना अघि सारेर व्यङ्ग्य प्रहार गरिएको रचना हो मुख्य खाना चाउ-चाउ । यस निबन्धको शीर्षकगत विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ३.१५.२ विषयवस्तु

*मुख्य खाना चाउ-चाउ* निबन्धमा चीनमा उत्पादन भएको तथा चीनका जनताको एक प्रकारको खानाको परिकार भए पनि चाउचाउले नेपाललाई ढपक्कै ढाकेको छ । चाउ-चाउलाई आफ्नो देशका सबै मानिसले चाउ-चाउको नाम नजानेका भएपनि हाम्रो देश नेपालका सबैले चाउ-चाउलाई जानेका छन् भन्ने उल्लेख गर्दै चाउ-चाउको व्यापकतालाई निबन्धकारले प्रस्तुत गरेका छन् । यस्तो व्यापकता पाएको चाउचाउको चर्चा परिचर्चा उपयुक्त हुने तर्क पनि निबन्धमा पाइन्छ । खेतीबालीमाथि सलहले आक्रमण गरेजस्तै एक्कासी चाउचाउले नेपालीको मुख्य खाना, ढिडो, रोटी, भात, आटो, च्याँख्ला आदि माथि आक्रमण गरेको र चाउचाउ व्यापक र लोकप्रिय बनेको यथार्थलाई आकर्षक र रोचक

शैलीमा प्रस्तुत गरेका छन् । यसै सन्दर्भमा पिँडालु खाने नेपालीका निमित्त बनाइएको घरै पिँडालु वनै पिँडालु, ससुराली जाँदा बाह्र हातको पिँडालु भन्ने उखानले काम गर्न छाड्यो । अब यसको सट्टा चाउचाउको व्यापकता बढ्यो र उखान फेरियो धेरै चाउ-चाउ, बजारै चाउ-चाउ, मेलै चाउ-चाउ भोजै चाउ-चाउ, जहाँ तिमी जाऊ उहीँ चाउ-चाउ । उखान फेरिएको प्रसङ्गबाट व्यङ्ग्यकार चाउचाउ प्रयोगको व्यापकताप्रति व्यङ्ग्य छेड्छन् ।[२९]

हाम्रो देशका बच्चाहरू गर्भमा रहँदाखेरि नै चाउचाउको स्वाद लिइसकेका हुन्छन् त्यसैले जन्मपछि पनि चाउचाउ भन्ने गर्छन् । चाउचाउ भन्न नजान्दै 'ताउताउ' भनेर सम्बोधन गर्दै चाउचाउ भन्ने केटाकेटी आफ्ना छोराछोरीलाई फकाउन चाउचाउ खान दिने बाबुआमाको स्वभावप्रति पनि निबन्धमा व्यङ्ग्य पाइन्छ । विद्यालय जाने बालबालिकाका लागि चाउचाउ खाजा पठाउने बाबुआमा मेलपातमा काम गर्ने कामदारलाई खाजा बनाएर खुवाउने अल्छी मान्ने गृहिणीहरूको प्रवृत्ति एकातिर र बजारमा किन्न पाइने तयारीवस्तुको खाजा खान पाएकोमा मख्ख पर्ने बूढाबूढी, कामदार (खेताला) को आनन्द मान्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्ने कार्य निबन्धमा भएको छ । काम गर्न अल्छी गर्ने, अल्छीका कारण आफ्नो घरमा तयार हुन सक्ने स्वस्थ र कममूल्यको खाजा वा खाना नबनाउने साथै बजारमा तयारी खाजा किनी खाएर वा खान दिएर सहरिया वा ठूलो मान्छे हुने र स्थानीय स्तरमा आफ्नै घरका खाजाका परिकार खाँदा लाज लाग्ने, पाखे भइने ठानेर प्रयोग गर्न पछि पर्ने प्रवृत्तिलाई सबैका सामु छर्लङ्ग पार्ने काम निबन्धमा भएको छ ।

छोराछोरीलाई चाउचाउ खुवाउन पाएकोमा असीम आनन्द मान्ने बाबुआमा र चाउचाउ जस्ता तयारी वस्तु प्यारो मान्ने केटाकेटी बूढाबूढी सबै आनन्दित हुने गरेको अवस्था अझ चाउचाउमा राखिएको उपहारले त नेपालीहरूको भातेभुडीलाई चाउचाउ भुँडीमा परिवर्तन गरिदिएको उल्लेख गरिएको छ । लखपति बनाउने विज्ञापनले गर्दा बाह्रै महिना ढिडो पाक्ने भान्सामा चाउचाउले तरकारीको काम गर्ने गरेको अवस्थालाई निबन्धमा चर्चा गरिएको छ ।

निबन्धमा प्रशस्त चाउचाउ कारखाना खुलेका र ती कम्पनी (कारखाना) र ग्राहकहरूका बीचमा हुने गरेको अस्वस्थ प्रतिस्पर्धालाई निबन्धमा दर्शाउन खोजिएको छ । विभिन्न उपहारको प्रलोभन देखाएर गुणस्तरहीन खाद्य परिकार बिक्री गर्ने र जनस्वास्थ्यमा ध्यान नपुऱ्याई नाफा कमाउन खोज्ने प्रवृत्तिको ढाड सेक्ने काम निबन्धमा भएको छ ।

[२९] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य*, **मिर्मिरे**, पूर्ववत्, पृ. ९९ ।

उपहारको प्रलोभनमा परेर कम गुणस्तरका सामान खरिद गर्ने आफ्नो स्वास्थ्य र अन्य विषयमा विचार पुऱ्याउन नसक्ने उपभोक्तालाई सचेत हुन सन्देश दिदै विज्ञापन र अरूको लहैलहैमा नलाग्न पनि निबन्धमा व्याजस्तुतिको शैलीमा सतर्क रहन सन्देश प्रस्तुत गरिएको छ । कुनै उद्योग व्यवसाय तथा केही कार्यमा हुने गरेको अस्वस्थ प्रतिस्पर्धा कसैका लागि हितकार नहुने यथार्थ निबन्ध पाइन्छ । त्यसैगरी कर्मशील र सङ्घर्षशील हुन छोडेर भाग्यवादी परम्पराको माखेसाङ्लोमा जकडिएको नेपालीको अवस्थालाई निबन्धमा देखाउन खोजिएको छ । लखपति बन्न आफ्नो कर्म गरेर पौरख फलाउन छोडेर चाउचाउ जस्ता उपहारयुक्त वस्तु खरिद गर्दै आफ्नो आर्जनको दुरूपयोग गरेको र आफ्नो स्वास्थ्यको वास्ता नगर्ने प्रवृत्तिप्रति लट्ठी तेर्साउने काम निबन्धमा भएको छ । अन्य कुराको प्रचारप्रसार ग्रामीण क्षेत्रमा पुग्न नसकेपनि चाउचाउ जस्ता वस्तुको विज्ञापन पोस्टर आदिले छपक्कै छोप्ने गरेको तथ्य पनि निबन्धमा प्रस्तुत गरिएको छ ।

ब्राह्मण, पुरोहित, भट्टहरू शुद्ध सात्विक भोजन ग्रहण गर्ने, अर्काको हित र कल्याणमा लाग्ने, अर्कालाई सदुपदेश गर्ने समुदायहरू वर्तमानमा भने भट्टीमा पसेर, मट्टीमा उसिनेको नर्सिङ्ट्वाँक घुटुघुटु पार्ने गरेको सन्दर्भ प्रस्तुत गरेर समाजको आशा पूरा गर्ने र विश्वास गर्न योग्य मानिसहरू पनि कर्तव्यच्युत हुँदै गरेकोप्रति कटाक्ष गरिएको छ । समाजलाई भ्रष्ट हुनबाट बचाउन पर्नेहरू नै आफै भ्रष्ट बन्दै जान थालेपछि समाजले उन्नति गर्न बाधा परेको परिस्थितिले पनि विषयवस्तुको रूप पाएको छ ।

छिटो छरितो र कम दुःख गर्दा हुने तयारी खानेकुरा बालबालिका, किशोरकिशोरी बृद्धबुद्धा सबैलाई मनपरेजस्तै देवीदेवता पनि चाउचाउजस्ता तयारी खाने कुरा मन पराउने गरेको सन्दर्भ प्रस्तुत गर्दै, स्वस्थानीको प्रसाद बनाउन चाउचाउ प्रयोग गर्ने, लड्डुका देवता गणेशलाई मिठाइ पनि चाउचाउ बन्ने गरेको पाइन्छ । पाञ्चायन देवताको प्रसाद पनि चाउचाउ बनाउने गरिएको वर्तमान परिस्थितिप्रति व्यङ्ग्यको लट्ठी बजार्ने काम निबन्धमा भएको छ । देवी देवताको प्रसादका रूपमा चाउचाउ र पञ्चामृतका रूपमा चाउचाउको सुप चढाइने गरेको सन्दर्भका देखाई नेपालीको अल्छी प्रवृत्ति र भाग्यवादी बन्ने साथै आफू अनुकूल देवीदेवताको पूजाआजा, पञ्चामृत, प्रसाद आदि बनाउने प्रवृत्ति र यसको व्यापकता ब्रह्मलोक, शिवलोक विष्णुलोक यमलोकमा समेत परेको मिथकीय प्रयोग निबन्धमा पाइन्छ । देवलोकमा पनि चाउचाउ लोकप्रिय बनेको भन्दै तयारी खानेकुराको व्यापकता सर्वत्र परेको प्रभावलाई निबन्धमा देखाउन खोजिएको छ । यसरी स्वर्गलोक, यमलोक, विष्णुलोक शिवलोक जस्ता क्षेत्रमा चाउचाउ कम्पनी खोल्ने प्रतिस्पर्धा बढेको देखिन्छ । यसरी चाउचाउ

कम्पनी प्रतिस्पर्धात्मक रूपमा खुल्दा ती कम्पनीको अस्वस्थ प्रतिस्पर्धा पढ्न गई कम गुणस्तरका सामग्री उत्पादन हुने र त्यस्ता बस्तुको प्रयोग गर्दा दुर्घटना हुनेप्रति सङ्केत गर्दै यमराजले उपहार पाएको मोटरसाइकल चलाएको सन्दर्भ निबन्धमा प्रस्तुत गरिएको छ । यसरी स्वैरकल्पनाद्वारा चाउचाउका च्याउ झै उम्रिएका कम्पनीहरूले यति अस्वस्थकर र कमसल खाद्य परिकार उत्पादन गरेका छन् । जसको सेवनले मान्छे सोझै स्वर्गे हुन्छ भनेर व्यङ्ग्य गर्ने कार्य यस निबन्धमा भएको छ ।[३०]

गोकुल राज्यका गोपिनीले आफ्ना हिरो कृष्णलाई लिएर स्वादिष्ट भोजन गरेर गोपिनीका खोपी खोपी भरिएको सन्दर्भ प्रस्तुत गर्दै सुन्दरीजल, नगरकोट, नागार्जुन जस्ता क्षेत्रमा नेपालका हिरोहरू नेपालका परीहरूलाई उपहार लिएर भ्रमण र भोजन जाने गरेको यथार्थ पनि प्रस्तुत गरिएको छ । परम्परागत विवाह पद्धति अनुसार विवाहपूर्व किशोर किशोरी विवाहित जस्तै देखिने र समाजलाई अपाच्य हुने व्यवहारप्रति घृणाको लठ्ठी बर्साइएको छ ।

अस्वस्थकर गुणस्तरहीन खाद्य परिकारको प्रयोग गर्दा मान्छेलाई सोझै स्वर्ग पुऱ्याइदिने वा मृत्यु चखाइदिने चाउचाउको चर्चाद्वारा हानिकारक चाउचाउप्रति तीब्र घृणा पोख्ने काम भएको पाइन्छ । पोसिला, रसिला र दर्बिला नेपाली खाद्य परिकार खान छोडेर उपहारका लोभमा फसेर अमूल्य जीवन नै समाप्त पार्न खोज्ने नेपालीहरूको मूर्खतामाथि यस रचनाले सशक्त व्यङ्ग्य प्रहार गरिएको छ । चाउचाउप्रेमीहरूको सातोपुत्लो उडाउने गरी उपहास गरिएको छ । यस निबन्धमा चाउचाउको प्रयोग मर्त्यलोकमा मात्र होइन स्वर्गलोकमा पनि व्यापक भएको देखाउँदै यसको प्रयोग अन्ततोगत्वा हितकारी नहुने सन्देश दिँदै चाउचाउमा राखिने उपहारप्रति व्यङ्ग्य पनि गरिएको छ ।[३१]

कमसल खाद्यवस्तु उत्पादन गर्ने उत्पादकहरूका उत्तरदायित्वहीन चरित्र, जनविरोधी कार्यहरूलाई कुनै नियन्त्रण गर्न नसक्ने राज्यको संयन्त्र, झुट्टा र नक्कली विज्ञापनका पछि भेडो झैं लाग्ने मूर्ख नेपालीको मानसिकता, आशैआशमा सास गुमाउनु पर्ने गरिब नेपालीहरूको दरिद्र बाध्यता आदिलाई देखाउनु मुख्य सन्देश रहेको यस निबन्धमा चाउचाउको अनेक प्रशंसा गरेझैं गरी सबभन्दा बढ्ता निन्दाको भाव व्यक्त गरिएको यस निबन्ध उत्कृष्ट व्याजस्तुतिमूलक व्यङ्ग्य रचनाका रूपमा देखिन्छ । यसरी अस्वस्थ प्रतिस्पर्धा गरी कम गुणस्तरका वस्तुको उत्पादन गरिनु त्यस्ता वस्तुमा उपहारको होडवाजी

---

[३०] ऐजन ।

[३१] कपिल लामिछाने, *'षडानन्द पौड्यालको बाउको बिहे हेर्दा'* **बाउको बिहे,** २०६२, पृ. ख ।

हुने, गुणस्तर नहेरी उपहारका लागि सामान किन्ने अवस्था र छोराछोरी लगायत घरपरिवार खेताला पाहुना आदिलाई तयारी खाजा खुवाउने अल्छी प्रवृत्ति आदि यस निबन्धका विषयवस्तुका रूपमा प्रस्तुत भएको पाइन्छ ।

## ३.१५.३ उद्देश्य

*मुख्य खाना चाउचाउ* निबन्धमा नेपालमा चाउचाउ जस्ता तयारी खाद्य परिकार लोकप्रिय बन्दै जाँदा परम्परागत मुख्य खाना रोटी, पिठो, आटो च्याँख्ला भात आदि खाद्य परिकार पछि परेको यथार्थ प्रस्तुत गरिएको छ । परम्परागत खाद्य परिकारहरू आफ्नै खेतबारीमा उब्जाउन सकिने आफ्नै तरिकाबाट बनाइने हुँदा यस्ता खाद्य परिकार प्रयोग गरी सवल र सशक्त हुनुपर्ने सन्देश दिदै चाउचाउ जस्ता तयारी खाना स्वास्थ्य र पोषणका दृष्टिले गुणस्तरहीन हुनाले प्रयोग गर्न नहुने सन्देश दिइएको छ । बालबालिकाका लागि झन उपयोगी नहुने सन्देश दिइएको छ । बालबालिकाका लागि झन उपयोगी नहुने सन्देश दिई आफ्ना परम्परागत खाद्य प्रयोग गर्ने सन्देश दिनु यस निबन्धको उद्देश्य हो ।

चाउचाउ जस्ता तयारी खाद्य परिकार उत्पादक कम्पनीहरू च्याउ जस्तै खुलेका छन् । यस्ता कम्पनीले विभिन्न उपहारको प्रलोभन देखाएर अस्वस्थ्यकर र गुणस्तरहीन उत्पादन गर्ने गर्दा पनि राज्यको संयन्त्रले त्यस्ता कम्पनीलाई कारवाही (दण्डित) गर्न नसकेको र जनसाधारणको स्वास्थ्यप्रति कुनै चासो नदेखाएको प्रति सचेत गराउनु पनि यस निबन्धको उद्देश्य बनेको छ । आफ्ना छोराछोरीलाई चाउचाउ खुवाउन पाएकोमा मख्ख पर्ने बाबुआमालाई आफ्ना सन्तानको स्वास्थ्य र पोषणप्रति सचेत हुन आह्वान गर्ने र छोराछोरीका खाजा खाना बनाउन अल्छी गर्ने अभिभावकलाई आलस्य नगर्ने सन्देश दिनु थप उद्देश्य देखिन्छ ।

कुनै उपहारको प्रलोभन देखाई आफ्ना सामान कम्पनीले कमसल र गुणस्तरहीन सामग्री बेच्ने हुँदा त्यसबाट सचेत हुनका लागि व्यङ्ग्य प्रहार गरी सचेत तुल्याउन पनि उद्देश्यको रूपमा पाइएको छ । आशै आशमा सास गुमाउनु पर्ने गरिब नेपालीको दरिद्र बाध्यता आदि प्रस्तुत गर्नु पनि निबन्धको उद्देश्य देखिन्छ ।

## ३.१५.४ शैलीशिल्प

*मुख्य खाना चाउचाउ* निबन्धमा बौद्धिक र स्तरीय किसिमको भाषाको प्रयोग गरिएको छ । निबन्धलाई बौद्धिक र स्तरीय बनाउन तत्सम आगन्तुक र झर्रा नेपाली

शब्दहरूको प्रयोग गरिएको छ । पिँडालु, प्रसाद, पाञ्चायन, पुरोहित, स्वस्थानी व्रतकथा, साष्टाङ्ग जस्ता तत्सम् शब्द र चाउचाउ नर्सिङ, सुप, कम्पनी, कानुन जस्ता आगन्तुक शब्दहरूको उचित संयोजन भएको छ । घुटु-घुटु, सुरूप-सुरूप, सल्याङ-मल्याङ, तँछाड-मछाड, फुत्त-ठयाक्क आदि जस्ता अनुकरणात्मक शब्दहरू र ढिडो च्याँख्ला लोतिखोरे, बुर्कुसी मार्नु, बग्रेल्ती, दाम्लो बुकाउनु जस्ता झर्रा नेपाली शब्दले निबन्धलाई स्तरीय, कलात्मक र प्रभावकारी बनाएको पाइन्छ । घरै पिँडालु, बनै पिडालु, ससुराली जाँदा बाह्रहातको पिँडालु जस्ता प्रचलित उखानसँगै आधुनिक उखानका रूपमा “घरै चाउचाउ, बजारै चाउचाउ, मेलै चाउचाउ भोजै चाउचाउ तिमी जहाँ जाउँ उही चाउचाउ” जस्ता समयानुकूल नयाँ उखान, ‘नदुखेको टाउको डोरीले कसेर दुखाउने, जस्ता भनाइ’, ‘ब्रह्मलोकमा चाउचाउ उदराहार, सुन्दरीको हाटबाट उपहार, ‘आशाके अन्त्य लेदु जस्ता भनाइ आदिको प्रयोगले निबन्धमा आलङ्कारिकताको र प्रभावकारिताको प्रयोग भएको देखिन्छ । नेपालका हिरोहरू पुगिहाले उपहार दिन जस्ता शब्दको संयोजनले प्रतीक एवं बिम्बको प्रयोगले निबन्धलाई उद्देश्यमा पुऱ्याउनु सफल बनाएको छ । निबन्धमा प्रयोग भएका दाम्लो, उपहार, हिरो कृष्ण आदि जस्ता प्रतीकात्मक अर्थ बहन गर्ने शब्दले निबन्धको शैलीलाई प्रतीकात्मक र व्यङ्ग्यात्मक बनाएको छ । अतिरञ्जनाको आड लिएर हाम्रो देशको व्यङ्ग्यचित्र उतार्दै यस निबन्धमा स्वैरकल्पनाद्वारा निन्दाको भाव व्यक्त गरिएको यस रचना उत्कृष्ट व्याजस्तुतिमूलक व्यङ्ग्य शैलीको प्रयोग भएको छ ।

प्रस्तुत निबन्धमा स्वैरकल्पनाका माध्यमबाट विषय वस्तु प्रस्तुत गरिएको छ । निबन्धकारबाट चाउचाउ र मुख्य खाना बीच सम्बन्ध देखाई त्यसका बारेमा आफूमा आएका भाव र अनुभवलाई कलात्मक ढङ्गले व्यक्त गरिएको छ । कलापूर्ण व्यङ्ग्यात्मक तर आत्मपरक गद्यशैलीको प्रयोग निबन्धमा भएको छ । निबन्धका विषय वस्तुको प्रस्तुति र वर्णन प्रथम पुरुषीय सर्वदर्शी आन्तरिक कथन पद्धतिको रूपमा प्रयोग गरिएको छ ।

### ३.१५.५ आयाम

*मुख्य खाना चाउचाउ* पृष्ठगत आधारमा आठ पृष्ठमा संरचित यो निबन्ध विस्तृत आयामको निबन्ध हो । अनुच्छेदगत आयामलाई हेर्दा सत्र अनुच्छेदमा फैलिएको यो निबन्ध विस्तृत आयाम कै देखिन्छ । त्यसैले बाउको बिहे निबन्ध सङ्ग्रहमा सङ्कलित एक सय त्रिहत्तर वाक्यको यो निबन्ध विस्तृत आयाम अन्तर्गत पर्ने निबन्ध हो । वर्तमान समाजलाई

सचेत गराउने उद्देश्यमा सफल देखिएको यो निबन्ध विषयवस्तुगत आयाममा पूर्ण र गहन विषयवस्तु अँगालिएको निबन्ध मान्न सकिन्छ ।

### ३.१५.६ शीर्षक

'मुख्य खाना चाउचाउ' तीन पदयुक्त शीर्षक हो । यस निबन्धमा खाना र चाउचाउ वीचमा महत्त्वपूर्ण सम्बन्ध देखाई यसैमा सम्पूर्ण विषयवस्तुलाई वर्णन गरिएको छ । चिनिया खाना चाउचाउ नेपालीको लोकप्रिय बनेको देखिन्छ भने उपहारको प्रलोभन देखाइ चाउचाउ उत्पादक कम्पनीले बिक्री गरेको देखिन्छ भने आफ्नो स्वास्थ्य र पोषणको ख्याल नगर्ने निष्क्रिय र भाग्यवादी बन्दै गरेका नेपालीको अवस्थाको चित्रण गर्न विषयवस्तुको उचित तालमेल निबन्धमा देखिन्छ । विषयवस्तुसँग मिल्ने गरी रचनाको शीर्षक चयन गर्नुपर्ने मान्यतामा यो शीर्षकको चयन भएको देखिन्छ । निबन्धको समग्र विषयवस्तुलाई मुख्य खाना चाउचाउले सामञ्जस्यपूर्ण ढङ्गबाट समेट्न सकेको हुँदा निबन्धको शीर्षक उचित ठहरिएको छ ।

## ३.१६ अमेरिका पुग्ने धोको

### ३.१६.१ परिचय

*अमेरिका पुग्ने धोको* समीक्षेय कृतिको अन्तिम निबन्ध हो । पानीजहाजमा चढेर कोलम्बसले पत्ता लगाएको देश अमेरिका समृद्धिले भरिपूर्ण मानिन्छ । सम्पन्नताको खोजी गर्दा अमेरिकालाई दृष्टान्त बनाउने गरिन्छ । संसारमा दुईसय भन्दा बढी देशहरू भए पनि अमेरिकाको नाम लिने बित्तिकै कान ठाडो पार्ने गरेका परिस्थितिमा अमेरिकालाई कुवेरलोक मानिएको छ । त्यस देशले संसारका जुन कुनै देशमा पनि कुनै न कुनै रूपमा आफ्नो प्रभाव पारेको सन्दर्भमा अमेरिकालाई हुकुमलोक पनि भन्ने गरेको पाइन्छ । संसारभरि हुकुम चलाउने हुकुमलोक र अत्याधुनिक सुविधाले युक्त आर्थिक क्षेत्रमा तरक्की गरेको देशमा एक पटक पुग्ने रहर लाग्नु स्वभाविकै हो । नेपाल जस्तो देशका जनता जो दरिद्रतामा जीउन परेको छ, त्यस्ता मानिसलाई कुवेरलोकको सम्पन्नताको भोग गर्न र आफ्नो दरिद्रताबाट छुटकारा पाउने कल्पना गर्नु र देश पनि हेरिने मुख पनि फेरिने भने झैं अत्याधुनिक प्रविधिसँग परिचित हुन सुविधाप्राप्त क्षेत्र भ्रमणको चाहना राख्नु स्वाभाविक ठहर्छ । तर वैदेशिक रोजगारीको भूत चढेका मानिस अमेरिकाको मुद्रा, वस्तु, रोजगारीको अवसर,

कामको ज्याला जस्ता कुरा सुनेकै भरमा धोको राख्ने युवा वर्गमा रहर जाग्नुलाई यस निबन्धमा आधार बनाइएको छ । अमेरिकाको अवस्था आदिलाई विषयवस्तुको रूपमा अघि सारिएको निबन्ध हो । यस निबन्धलाई शीर्षकगत रूपमा विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ ।

## ३.१६.२ विषयवस्तु

मानिस भएपछि 'देश खाई शेष' भएको हुनुपर्छ भन्ने भनाइ हाम्रो समाजमा चलनचल्तीमा रहेको छ । यो भनाइ सुनेपछि देशदेशावर घुमेर अनुभव सगाल्ने रहर जाग्नु स्वाभाविककै हो । अझै नेपालजस्तो देशको दरिद्रतामा बाँचेको नेपालीलाई देश हेर्ने मुख फेर्ने रहर लाग्नु स्वाभाविकै हो । झन हुकुमलोकले चिनिने कुवेरलोकलाई अन्तरीक्षयानमा चढेर तत्काल घुम्न हेर्न र अनुभव गर्न सकिने भन्ने बित्तिकै त्यस्तो देशमा एकपटक पुग्न नपाए जन्म व्यर्थ ठान्ने प्रवृत्ति नेपाली समाजमा बढ्दै गएको देखिन्छ । यस सन्दर्भमा एक पटक अमेरिका नपुगेको मानिस प्रविधिको प्रयोग गर्न नसक्ने हुनाले पढेपनि नपढेको अनपढ जस्तो, अघाए पनि नखाएको भोको जस्तो, आँखाले देख्ने भएपनि अन्धो, जस्तो, बोल्न सक्ने भएपनि लाटो जस्तो हुने, अमेरिका देखे घुमेका मानिससँग गरेका सबै कुरा व्यर्थ हुने गरेको परिवेश दर्शाउदै अरूसँग गर्वका साथ गफ गर्न पनि एक पटक अमेरिका पुग्नै पर्ने भनी धोको राख्ने नेपालीको अवस्थालाई निबन्धमा झल्काइएको छ ।

परम्परागत नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिलाई पाठक माझ प्रस्तुत गरी त्यसप्रति व्यङ्ग्य गर्ने सिलासिलामा निबन्धकार आफ्ना बाजेले सत्र वर्षदेखि श्रीमती भित्र्याउन सुरु गरी चौरासी वर्ष पुग्ने पुग्ने दिन नयाँ श्रीमती भित्र्याएको सन्दर्भ जोडेर नेपालीमा समाजमा रहेको बहुविवाहप्रति व्यङ्ग्यको लट्ठी तेर्साएका छन् । छोरो नभई वंश नचल्ने, स्वर्गको ढोका नखुल्ने परम्परागत समाजमा छोरोको स्थान उच्च रहने गरेको परिस्थिति प्रष्ट पार्दै छोराका लागि सत्तरी वटी श्रीमती विवाह गर्ने सन्दर्भ दिएर जति पनि श्रीमती भित्र्याउने उमेरको कुनै वास्तै नगरी जथाभावी अनमेल विवाह गर्ने परियारीप्रति तीव्र आक्रोश व्यक्त गरिएको छ । परम्परागत समाजमा पुत्र प्राप्ति जति ठूलो धोको हुन्थ्यो बर्तमानमा त्यो भन्दा निकै बढी अमेरिका जाने धोको नेपालीमा रहेको भाव व्यक्त गरिएको छ ।

निबन्धकार एक्काइसौं शताब्दीको विश्व हातमा क्याँट छ भने ऊ अन्तरिक्षमा यात्रा गर्छ । वैज्ञानिक बन्नै पर्दैन भन्दै क्याँट हुने मानिसले सुविधा र प्रविधिको प्रयोग गर्न सक्ने भएको हुनाले सीप र शिक्षालाई उपेक्षा गर्नेप्रति पनि व्यङ्ग्यको विषयवस्तु बनाइएको छ । धनका पछि लाग्ने प्रवृत्ति मानिसमा बढ्दै गएको सन्दर्भमा कुवेरलोक भन्ने बित्तिकै जुनसुकै मुलुकका धनपिपासुहरू त्यसैतिर पछि लाग्छन् । यसरी धनका पछि लाग्दा आफ्नो पूरै अस्तित्व गुमाएका देखिन्छन् भने कोही कसैले केही भएपनि आफ्नो स्वत्व बचाएका पनि देखिन्छन् भन्दै अमेरिका मोहले आफ्नोपन गुमाउनेप्रति व्यङ्ग्यवाण प्रहार गरिएको छ । आजकल विद्वान व्यापारी, वकिल, पत्रकार, कर्मचारी, नेता अभिनेता जस्ता मानिस पनि आफ्नो-पन चटक्कै छाडेर समुद्रमा मिसिन जाने नदी जस्तै स्वत्व अर्पण गर्ने गरेको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

अमेरिका जान भनेपछि हुरुक्क हुने नेपालीको प्रवृत्तिलाई प्रष्ट पार्न व्यङ्ग्यकार लेख्छन् आफ्नो क्षेत्रबाट सक्ने उपाय भेटेसम्म पद प्रतिष्ठाको प्रयोग गरेका छन् भने नसके सिधै दूतावास पुगेर न्यहोरा गर्छन् । भएन आममासमा डि.भि. भर्छन् । करिब एक दशकदेखि डि.भि. भर्ने रोग नेपालीलाई लागेको लाग्यै छ । डि.भि. को पछि लाग्न नछोडेको अवस्थाप्रति कटाक्ष गरिएको छ । स्वतन्त्र रूपमा प्रतिस्पर्धा गर्न नसकेपछि महिला, जनजाति दलित, मधेशी आदिका नाममा आरक्षण पाउनुपर्छ भन्ने गरिएको अवस्थालाई पनि निबन्धमा विषयवस्तु बनाइएको छ ।

अरब लगायतका देशमा कामका लागि पठाउने भन्दै दलालहरू गाउँगाउमा पुग्ने गरेको परिवेश प्रस्तुत गरिएको छ । गाउँघरतिर अरबतिर जाने भाग्यमानी गाउँ छोडी सहर पस्ने कम भाग्यमानी मानिएका छन् भने गाउँमा बस्ने अभागी बूढाबूढी भुई छाड्न नसकेका केटीकेटी रहने गरेको अवस्थाको यथार्थलाई प्रस्तुत गरिएको छ । अरबतिर जान पाउनेलाई भाग्यमानी ठानिएको अवस्थामा अमेरिका जाने धोको राख्नु ठिकै ठानिन सक्छ । नेपालीमा मर्ने बेलामा पनि अमेरिका पुग्न सके अमेरिकामा पुनर्जन्म हुने भन्दै कुनै सीप नभएका र बूढाबूढी पनि अमेरिका जान खोज्ने प्रवृत्तिप्रति सचेत तुल्याउने कार्य भएको छ । कति मानिस त आफ्ना छोराछोरीको नाम नै अम्रिका तथा अमेरिकाप्रसाद राखेर अमेरिकाको भक्त बन्न चाहने प्रवृत्तिप्रति पनि तारो हान्ने काम भएको छ ।

अधिकांश नेपाली विपनाामा पुग्न नसके पनि सपनामै भएपनि अमेरिका पुगेर सन्तुष्टि लिन थालेको धारणा व्यक्त भएको देखिन्छ । सपनामा अमेरिका पुगेर धन, मान,

सान, त्राण (रक्षा) पाउन थालेको उल्लेख गर्दै श्रीमान् अमेरिका पुग्ने बित्तिकै श्रीमतीले गफ गर्ने विभिन्न चिज अनुहारभरि बेस्सरी घसेर ब्युटी बन्न खोज्ने, जस्ता प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने आफन्तले पनि फोन गर्ने गरेको चर्चा स्वैरकल्पनाका आधारमा गरिएको छ ।

निबन्धमा अमेरिका गई प्रशस्त धन कमाउने चाहनाका साथ अमेरिका पुग्ने व्यापारी, विद्वान, वकिल, पत्रकार, कर्मचारी, नेता अभिनेता आदिले भाँडा माझ्ने जस्ता काम पाउने र धन कमाउने लोभमा त्यही काम गर्न दिनरात नभनी मरिमेट्ने गरेको यथार्थलाई स्वप्निल वर्णन गरिएको छ । आफ्नो देशमा सानातिना काम नगर्नेहरू विदेश गएपछि भने जस्ता कार्य पनि गर्ने प्रवृत्तिको ढाड सेक्ने काम भएको छ ।

निबन्धमा 'म' पात्र सपनामा अमेरिका पुग्नु, अघि पाएको दुःखलाई स्मरण गर्दै क्याम्पसको पढाइ सकेर हातमा सर्टिफिकेट लिएर भौतारिदा कतै बाद मिलेन, कतै मिति मिलेन, कतै सोर्सफोर्सको विषय मिलेन, कतै लेनदेन मिलेन, कतै राजनीति मिलेन, भन्दै खेलाडीले बल हुत्याए झै हुत्याउने गरेको नेपाली यथार्थ परिस्थिति प्रस्तुत गरिएको छ । यसरी नेपालमा योग्यता दक्षता र क्षमताका आधारमा रोजगार प्राप्त गर्न नसकिने र जागिर खानका लागि सोर्सफोस, राजनीति, लेनदेन जस्ता शक्ति जरुरी हुने गरेको अवस्थाप्रति व्यङ्ग्य र विरोध गर्दै दक्षता क्षमता र योग्यताका आधारमा रोजगारीका अवसर पाउन पर्ने त्यसो नभए युवाशक्ति विदेश पलायन हुने अवस्थाको बढोत्तरी हुने विषयवस्तु निबन्धमा उल्लेख गरिएको देखिन्छ ।

नेपाली युवाहरू पढाइ सकेपछि रोजगारी पाउनका लागि देवी देवता भाक्ने, मन्दिर जाने पूजा आजा गर्ने जस्ता काम गर्न पनि पछि नपरेको उल्लेख गर्दै अवसर र विकल्प नपाएपछि दैवीशक्तिको पछि लाग्ने गरेको यथार्थ परिस्थितिको विश्लेषण गर्दै युवाहरू अर्काको गोडा ढोग्न पनि पछि नपरेको र त्यति गर्दा पनि सफल नभएपछि अमेरिका (विदेश) जान लाग्ने गरेको वास्तविकता पनि विषयवस्तु बनाइएको छ ।

पढाइ सकेर रोजगार प्राप्त गर्ने सुखी जीवन जीउने आशमा चल अचल पुर्ख्यौली सम्पत्ति सिध्याएर सर्टिफिकेट कमायो तर नातावाद, कृपावाद, फरियावाद, राजनीतिवाद, सोर्फफोर्स लेनदेन नमिलेसम्म रोजगारी नपाएपछि कागजका खोस्टामा परिणत हुने गरेको यथार्थ उल्लेख गर्दै विदेश गएर बाहुवल (श्रम) प्रयोग गरेर जीउन पर्ने जटिल परिस्थितिको चित्रण निबन्धमा गरिएको छ । पुर्ख्यौली सम्पत्ति सकेर पढ्दा पनि सीपमूलक शिक्षातिर ध्यान

नदिनाले गर्दा नेपालीको सर्टिफिकेटको शिक्षा काम नलागेको अवस्थामा प्राविधिक तथा सीपमूलक शिक्षाको आवश्यकता भएको पट्टि निबन्धमा सङ्केत गरिएको छ । यसरी सीपमूलक शिक्षाको अभावमा आफ्नै देशभित्र मात्र होइन विदेश गएपनि भाँडा माझ्ने जस्ता काम गरेर जीउन पर्नेतर्फ पनि सजग बनाइएको छ । विदेश जान डि.भि.को साहरा लिन पर्ने गरेको देखिन्छ भने जति प्रयत्न गर्दा पनि विपनामा अमेरिका पुग्न नसकी सपनाको सहारा लिन परेको विषयवस्तुको प्रस्तुति पाइन्छ । राष्ट्रिय विसङ्गति, बेथिति अस्त व्यस्त परिस्थिति र कुशासन चिरफार गर्नु यस निबन्धको विषयवस्तु बनेको छ ।

## ३.१६.३ उद्देश्य

*अमेरिका पुग्ने धोको* निबन्धमा नेपालका युवाहरू पैतृक चल अचल सम्पत्ति खर्च गरेर पढिसकेपछि योग्यता, क्षमता र दक्षताका आधारमा रोजगारी प्राप्त नसक्ने नेपालको अवस्था प्रस्तुत गरी नोकरीका लागि सोर्सफोर्स, राजनीति, लेनदेन आदिको जरुरी रहने वर्तमान यथार्थ देखाउनु यस निबन्धको उद्देश्य रहेको देखिन्छ । विशेष गरेर युवावर्गले आफ्नो योग्यता क्षमता र दक्षताका आधारमा काम (रोजगार) नपाउँदा र पैसाको मोहमा फसेर विदेश जाने प्रवृत्ति बढेको तथ्य प्रस्तुत गरिएको छ । आफ्नो देशमा काम गर्दा हीन भावना पलाउने तर विदेशमा गएर जस्तोसुकै निक्रिष्ट कार्य गर्न पनि पछि नपर्ने वर्तमान यथार्थप्रति तिखो व्यङ्ग्य गर्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ । यसरी समग्र रूपमा हेर्दा समाजमा बढ्दो गरिबी, बेरोजगारी, चाकरीतन्त्र नातावाद घुस्याहा प्रवृत्ति आदिबाट मुक्त भएर काम र दामको प्राप्तिसँगै आनन्द र सम्मानले भरिएको जीवन बिताउने नेपालीहरूको सपनालाई उजागर गरिदिनु यस निबन्धको उद्देश्य देखिन्छ ।

## ३.१६.४ शैलीशिल्प

*अमेरिका पुग्ने धोको* निबन्धमा सरल भाषाको प्रयोग गरिएको छ । सरल, संयुक्त र मिश्रवाक्यहरूको प्रयोग निबन्धमा देखिन्छ । निबन्धमा रकेट, अमेरिका, पेन्सन, डि.भि., मोबाइल, व्युटी, सोर्सफोर्स, गोलकिपर, सर्टिफिकेट आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । अन्तरिक्षयान, कुवेरलोक, पूजा, आराधना, विद्वान, औषधि, मन्दिर आदि जस्ता तत्सम शब्दका साथै टुप्लुक्क, झल्याँस्स, गुटुमुट, बेस्सरी आदिजस्ता अनुकरणमूलक शब्दहरूको उचित संयोजनले निबन्धमा कलात्मकता थपेको छ । 'तँ आँट म पुऱ्याउँछु'

आफू ताक्छु मुढो बन्चरो ताक्छ घुडो' 'आफू भलो त जगतै भलो' जस्ता उखानको प्रयोगले निबन्धलाई मर्मस्पर्शी, जीवन्त र रोचक बनाएको छ । आइसल्याण्डको सर्प, हुकुमलोक, 'कुवेरलोक' 'कालिका हाड' आदि जस्ता प्रतीकात्मक शब्दको प्रयोगले व्यङ्ग्यात्मक बनाइएको पाइन्छ । निबन्धमा राष्ट्रिय वेथिति, विकृति विसङ्गति र अस्त व्यस्त परिस्थिति र कुशासनको चिरफार गर्न स्वैर कल्पना, व्याजस्तुति र अतिरञ्जनाका आधारमा व्यङ्ग्यात्मककताका साथ चेतनप्रवाहको शैलीको प्रयोग गरिएको पाइन्छ ।

यस निबन्धमा निबन्धकारले आत्मपरक भावका साथ निबन्धको रचना गरेका छन् । कर्ताका रूपमा प्रयोग भएको सर्वनाम 'म' सँग 'रो' विभक्तिको चिह्नको योग गराई निबन्धमा 'मेरो' प्रयोग भएको छ । मेरो अनुकुल सङ्गति प्रयोग गरिएको छ । मेरो 'म' भन्दै आत्म पुरुषको प्रयोग भएको छ । यसै आधारमा निबन्धमा प्रथम पुरुषीय कथन पद्धतिको प्रयोग भएको पाइन्छ ।

## ३.१६.५ आयाम

नेपाली समाजमा बढ्दै गएको विकृति विसङ्गतिलाई व्यङ्ग्यात्मकताका साथ चेतनाप्रवाहमय शैलीमा प्रस्तुत गरिएको यो निबन्ध पाँच पृष्ठमा फैलिएको छ । पृष्ठगत आधारमा यसलाई लघु आयामको मान्न सकिन्छ । अनुच्छेदगत आधारमा हेर्दा चौध अनुच्छेदमा र एक सय सनताउन्न वाक्यमा संरचित उपयुक्त आयामको निबन्ध देखिन्छ । विषयवस्तुगत आयाममा चेतनप्रवाहको उद्देश्यमा पूर्ण सफल यस निबन्ध उपयुक्त आयामको देखिन्छ ।

## ३.१६.६ शीर्षक

*अमेरिका पुग्ने धोको* तीन पद मिलेर बनेको शीर्षक हो । परम्परागत समाजमा छोरो पाउनका लागि जेजस्ता कृत्यहरू गरिन्थे वर्तमानमा अमेरिका पुग्न त्यो भन्दा बढी हुने गरेको कुरालाई प्रष्ट पार्दै जीवनमा जुनसुकै उपाय गरेर भएपनि अमेरिका पुग्न नसके जीवन व्यर्थ हुने स्वैरकाल्पनिक विषयलाई अघि सारिएको छ । कुनै प्रयत्नबाट अमेरिका पुग्न नसके सपनामा भए पनि अमेरिका पुग्नु पर्ने बेथितिलाई प्रस्तुत गर्दै समाजमा देखिएका विकृति, विसङ्गति र कुशासनप्रति व्यङ्ग्य गर्दै चेतनाको प्रवाह गर्न निबन्ध सफल देखिन्छ ।

यसरी निबन्धको शीर्षक र विषयवस्तु बीच सामञ्जस्य देखिएकाले निबन्धको शीर्षक सार्थक मान्न सकिन्छ ।

## ३.१७ निष्कर्ष

षडानन्द पौड्यालको २०६२ सालमा प्रकाशित **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा पन्ध्रवटा निबन्धहरू सङ्कलित छन् । उनका निबन्धहरूमा मानवीय चरित्रमा पाइने दरिद्रता, मगन्ते प्रवृत्ति, भ्रष्ट व्यवहार, चम्चागिरी तथा चम्चे प्रवृत्ति, चाकरी, चाप्लुसी, झैझगडा, सांस्कृतिक विचलन, बालविवाह, चेलीबेटी बेचबिखन, योग्यता र क्षमताको अवहेलना, राम्रो नभई हाम्रो चाहिने परिपाटी, साना मूल्यका नोटको जस्तै गरिबीको अवस्था र तयारी खाद्यवस्तुको बिगबिगी जस्ता विषयवस्तु निबन्धमा समेटिएका छन् । त्यसै गरी पुरस्कार वितरण गर्ने परिपाटी, एक छाक खान नपुगेको अवस्था, मूल्यहीन भई बाँच्न परेको परिस्थिति, थला परेको नेपाली संस्कृति, मानवजीवनमा कागजको प्रभाव, विभिन्न बन्धनमा बाँधिएको जीवन, प्रजातान्त्रिक व्यवस्थामा जनताले भोग्न परेको सास्ती र वैदेशिक रोजगारप्रतिको नेपालीको धारणा जस्ता विषयवस्तु समेटेर पौड्यालको निबन्धहरूको रचना भएको पाइन्छ । सरल र स्तरीय भाषा, उखानटुक्काको प्रयोग, प्यारोडी र बक्रोक्तिको प्रयोग निबन्धमा पाइन्छ । व्याजस्तुतिका माध्यमबाट प्रभावकारी अभिव्यक्ति, आलङ्कारिक प्रयोग, अतिरञ्जा, स्वैरकल्पना, परिस्थितिमूलक चारित्रिक र हास्यात्मक शैलीगत विधिबाट निबन्ध रचना गरिएको पाइन्छ । निबन्धका विषयवस्तुको प्रस्तुतीकरण अनुकूल शीर्षक चयन गरिएको पाइन्छ । शीर्षक र विषयवस्तुमा उचित किसिमको तालमेल पाइन्छ । उद्देश्य र विषयवस्तुको प्रस्तुतिमा **बाउको बिहे** निबन्धसङ्ग्रहका निबन्धहरू सफल देखिन्छन् ।

# परिच्छेद : चार

# षडानन्द पौड्यालका निबन्धको अध्ययन र विश्लेषण

## ४.१ षडानन्द पौड्यालको सङ्क्षिप्त परिचय

षडानन्द पौड्यालको जन्म पर्वत जिल्लाको पाङ गा.वि.स., खरीबोट गाउँमा २०१९ साल चैत्र २६ गते भएको भएपनि नागरिकतामा २०२१ साउन ५ गते भएको देखिन्छ । पण्डित स्वर्गीय यदुनाथ उपाध्याय पौड्याल र माता यज्ञश्वरी उपाध्याय पौड्यालको प्रथम पुत्ररत्नको रूपमा जन्मिएका पौड्यालले आफ्नै हजुरबुबा टीका बल्लभले जग्गादान गरी स्थापना गरिएको अर्चले प्रा.वि. बाट प्राथमिक शिक्षा पूरा गरेर हिमालय मा.वि. बगैचामा नि.मा.वि. तहका लागि भर्ना भएका थिए । पौड्यालका बाबुसँग चिना देखाउन आउनेहरूले तपाईले पनि गाईखाने विद्या पढाउनुभएको रहेछ, यस्तो गर्नु हुँदैन भन्ने गरेपछि विद्यालय जान रोकिएको थियो । त्यसपछि **लघुसिद्धान्त कौमुदी, ज्योतिषसार, मुहूर्त चिन्तामणि** घरैमा पढ्दै गरेका पौड्यालले गोरखनाथ संस्कृत विद्यापीठ गोरखपुरबाट पूर्वमध्यमा उत्तीर्ण गरी ऋषि संस्कृत महाविद्यालयबाट उत्तरमध्यमा र गोरखपुरबाटै शास्त्री उत्तीर्ण गरी त्रि.वि. बाट स्नातकोत्तर (नेपाली) गरेको देखिन्छ । हाल पौड्याल "मोहनबहादुर मल्लका उपन्यासमा सामाजिक यथार्थवाद" शीर्षकमा विद्यावरिधिको शोधकार्य गर्दै रहेका छन् ।

वि.सं. २०३९ सालदेखि नि.मा.वि. शिक्षक नियुक्त भई जागिरे जीवनको सुरुआत गरेका उनले २०४४ सालमा जागिर छोडेर स्नातकोत्तर अध्ययन पूरा गरी २०४८ साल कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवामा प्राध्यापन गर्दै २०५३ देखि महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङमा उप-प्राध्यापक पदमा रहेर निरन्तर सेवा गर्दै आइरहेका छन् ।

## ४.२ पौडयालको सिर्जन-यात्रा

पौड्यालले तेह्र वर्षको हुँदा लोकलयमा आधारित राष्ट्रवादी चेतनाको कविता लेखेर साहित्य सिर्जनाको यात्रा प्रारम्भ गरेको देखिन्छ । २०३५ सालमा **गोरक्षदर्पण** पत्रिकामा

'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' निबन्ध प्रकाशन गरी निबन्धलेखन यात्रा अघि बढाएको देखिन्छ । वर्तमान अवस्थासम्ममा उनका **परिवेश** लघुकथा सङ्ग्रह (२०६१) र **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह (२०६२) प्रकाशित भइसकेका छन् भने कविता सङ्ग्रह, कथा सङ्गह, समालोचनात्मक कृति र हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका देखिन्छन् ।

पौड्यालले २०३५ सालमा **गोरक्षदर्पण** पत्रिकामा प्रथम पटक निबन्ध प्रकाशन आरम्भ गरेका भएपनि उनका निबन्धहरू २०३६ सालपछि २०५४ सालसम्म प्रकाशनमा आएको देखिँदैन । २०५४ मा भने **धौलाश्री** दैनिक र **श्री सूर्य** साप्ताहिक पत्रिकामा निबन्धहरू प्रकाशनमा आएका देखिन्छन् । त्यसपछि उनका निबन्धहरू स्थानीय पत्रिकाहरूमा प्रकाशित हुँदै गरेको पाइन्छ । २०६२ मा प्रथम पटक प्रकाशित **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्ध-सङ्ग्रह पौड्यालको दोस्रो प्रकाशित कृति हो भने प्रथम हास्यव्यङ्ग्य निबन्ध कृति हो । यस निबन्ध कृतिमा सङ्गृहीत पन्ध्र निबन्धहरूमध्ये प्रस्तावित पुरस्कारहरू, प्रजातन्त्रमा पहुँच, पउँज पाउँच, (प्रजातन्त्रमा) कागज, बाउको बिहे, बन्धकी निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका थिए । उनका एक दर्जनभन्दा बढी निबन्धहरू प्रकाशित भइसकेका देखिन्छन् ।

## ४.३ पौड्यालको निबन्ध यात्रा

षडानन्द पौड्यालका कथा, कविता र समालोचनात्मक लेख रचनाहरू विभिन्न पत्रपत्रिका प्रकाशित भएका भएपनि उनी सफल निबन्धकारका रूपमा देखिन्छन् । वि.सं. २०३५ सालमा **गोरक्षदर्पण** पत्रिकामा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' शीर्षकको निबन्ध प्रकाशित गरी सार्वजनिक निबन्ध यात्रा आरम्भ गरेको देखिन्छ । त्यसको एक वर्षपछि २०३६ सालमा 'राष्ट्रोद्वार कथंस्यात्' शीर्षकको निबन्ध लेखन प्रकाशन प्रायः अवरुद्ध भएको देखिन्छ । २०५४ सालपछि उनका निबन्धहरू विभिन्न पत्रिकामा प्रकाशित हुँदै आएका छन् । केही निबन्धहरू पत्रपत्रिकामा प्रकाशित भएका र केही प्रकाशनमा नआएका निबन्धहरू सङ्गृहीत गरी २०६२ मा 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशन भएको पाइन्छ । उनका पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित निबन्धहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको देखिन्छ ।

पौड्यालले निबन्ध लेखनमा कलम चलाउन थालेको तीन दशक बितिसक्दा पनि एउटा निबन्ध सङ्ग्रह प्रकाशित भएको र अर्को प्रकाशनको अवस्थामा रहेको देखिन्छ । यस आधारमा निबन्ध लेखनमा उनको निरन्तरता नभएको र निबन्धलेखन तीब्र गतिमा अघि बढ्न नसकेको देखिन्छ । पौड्यालका निबन्ध सङ्ख्यात्मक रूपमा कम भएपनि गुणात्मक रूपमा भने महत्वपूर्ण रहेका देखिन्छन् ।

## ४.४ पौड्यालका निबन्धगत प्रवृत्ति तथा विशेषता

वि.सं. २०३५ सालमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसि' निबन्ध प्रकाशन गरी निबन्ध यात्रा प्रारम्भ गरेका निबन्धकार षडानन्द पौड्यालका निबन्ध कृतिको अध्ययन गर्दा उनका विभिन्न निबन्धगत विशेषता एवम् प्रवृत्तिहरू पाउन सकिन्छ -

### ४.४.१ वैयक्तिकता

षडानन्दको पौड्यालका निबन्धमा वैयक्तिकता पाउन सकिन्छ । नेपाली समाजका यथार्थ परिस्थिति एवम् अवस्थालाई निबन्धमा समेट्दै आफ्ना निजी विचारलाई आफ्नै ढङ्गमा प्रस्तुत गर्ने गरेको पाइन्छ । 'जदौ भुँडी' जस्ता निबन्धमा समाजमा भएको मगन्ते प्रवृत्तिलाई आफ्नै किसिमका निजी विचार आफ्नै ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ । मुख्य खाना चाउचाउ निबन्धमा स्वर्ग पुरीमा समेत चाउचाउ लोकप्रिय बनेको र देवी देवताको पूजाआजामा नैवेद्य प्रसादका रूपमा प्रयोग हुन थालेका जस्ता अतिररञ्जनायुक्त तर्क वैयक्तिक रूपमा प्रष्ट पारेको पाइन्छ ।

### ४.४.२ निजात्मकता/आत्मपरकता

निबन्ध विधामा निबन्धकारको निजी विचारको प्रचुरता हुनु स्वाभाविक हो । पौड्यालका निबन्धमा निजात्मकता पाइन्छ । उनका निबन्धमा म/हामी पात्रका रूपमा प्रयोग गरेको पाइन्छ । निबन्धमा 'म' पात्रको प्रयोग नभएको अवस्थामा पनि प्रथमपुरुषीय कथन पद्धतिको प्रयोग गरी आफ्ना अनुभव विचार, भावना, दृष्टिकोण निबन्धमा कलात्मक रूपमा प्रयोग गरी निजात्मक रूपमा प्रयोग गरिएको पाइन्छ ।

### ४.४.३ वैचारिकता

हास्यव्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएका उनका निबन्धमा निबन्धकारका निजी विचारलाई कलात्मक रूपमा प्रयोग गरिएको पाइन्छ । 'अमेरिका पुग्ने धोको' जस्ता निबन्धमा आफ्नो देशमा काम रोज्ने मानिस विदेश (अमेरिका) पुगेर भाँडा माझ्दा गर्व गरेको कुराका साथै नेपालमा काम पाउन झोला झण्डा, चाकरी, चाप्लुसी सबै प्रयोग गर्दा पनि नसकेको परिस्थिति जस्ता कुरालाई उल्लेख गर्नुका साथै मन्दिरै मन्दिरको सहरमा धर्म जति मन्दिरमा राखेर पापात्माहरू विचरण गरेका विचार जस्ता विभिन्न विचार निबन्धमा पाइने हुँदा उनका निबन्धमा वैचारिकता पाइन्छ । उनका निबन्धमा उनका भावना र विचार मुखरित भएका पाइन्छ । आफ्ना अनुभवले खारिएका विचार निबन्धमा प्रस्तुत गरी निबन्धका माध्यमबाट आफ्ना दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ ।

### ४.४.४ यथार्थपरकता

साहित्य समाजको दर्पण हो । यसै अनुरूप निबन्धमा समाजको अवस्थाको चित्रण पाइनु स्वाभाविकै हो । पौड्यालका निबन्धमा नेपाली समाजका विभिन्न अवस्था र परिस्थितिलाई निबन्धमा प्रस्तुत गरी समाजको यथार्थ अवस्थालाई पनि प्रस्तुत गरिएको हुनाले उनका निबन्धमा समाजको यथार्थ परिस्थितिको प्रस्तुति पाइन्छ । समाजमा रहेका कुरीति, कुसंस्कार, बेथितिका कुरा यथार्थ रूपमा पाठक सामु पस्कनु उनका निबन्धगत विशेषता भन्न सकिन्छ ।

### ४.४.५ विषयवस्तुमा विविधता

षडानन्द पौड्यालका निबन्धको अध्ययन गर्दा निबन्धका विषयहरूमा सामाजिक विसङ्गति, आर्थिक विसङ्गति, राजनीतिक विसङ्गति, प्रशासनिक विसङ्गति, धार्मिक तथा साँस्कृतिक विसङ्गति र मानवीय विसङ्गति जस्ता विसङ्गतिहरूलाई आधार बनाई हास्यव्यङ्ग्य लेखिएको पाइन्छ । उनका निबन्धमा वर्गवर्गबीचको शोषण उत्पीडन, जातीय विभेद, सम्पन्नता र विपन्नताका बीचको असमानता, अन्ध विश्वास, कुसंस्कार जस्ता विषय वस्तु र यस भित्रका विकृति विसङ्गतिप्रति व्यङ्ग्य नै विषयवस्तुका रूपमा पाउन सकिन्छ । सत्ता तथा शक्ति प्राप्तिका लागि छलकपट, जालझेल, झूठ, फरेव, प्रपञ्च प्रयोग गर्ने आफ्ना लागि अरूलाई हतियार बनाउने, जागिरका लागि आश्वासन दिने आफन्तलाई अवसर दिने

गरेको अवस्था र राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक तानातानी उनका निबन्धका विषयवस्तु बनेको पाइन्छ । नेपाली समाजको आर्थिक अवस्था र रोजगारीका लागि भौतारिने, देशभित्र काम नपाए पछि विदेश जाने धेरै धनसम्पत्ति कमाउने बैदेशिक रोजगारीको भूत चढेको अवस्थालाई आफ्ना निबन्धमा समावेश गरी विषयवस्तु बनाएको पाइन्छ । धार्मिक तथा साँस्कृतिक विकृतिलाई आधार बनाई धज्जी उडाउने काम अष्टावक्र र भाँग्रे पण्डित जस्ता निबन्धमा पाइन्छ । अमेरिका पुग्ने धोको जस्ता निबन्धमा नेपालको प्रशासनिक अवस्थालाई र राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिलाई समावेश गरिएको पाइन्छ भने मानवीय कमी कमजोरी तथा वैयक्तिक कमजोरीलाई नऔल्याउने कुरै भएन । यसरी उनका निबन्धमा विषयगत विविधता पाइनु उनको विशेषता हो ।

### ४.४.६. हास्यव्यङ्ग्यात्मकता

षडानन्द पौड्याल निबन्ध सिर्जना अन्तर्गत पनि विशेष गरी व्यङ्ग्यात्मककता प्रस्तुत गर्ने निबन्धकार हुन् । समाजका विविध पक्षमा देखिएका कमी कमजोरी देखाई समाजलाई सुधारको बाटो देखाउने निबन्धकार हुन् । उनका निबन्धमा समाजमा देखिएका सामाजिक समस्या र विकृतिलाई सरल र सहज रूपमा हास्यात्मकता सन्तुलन मिलेको भए पनि हास्य भन्दा व्यङ्ग्यको पक्ष केही सशक्त भएको अनुभूति गर्न सकिन्छ ।

### ४.४.७ प्रगतिवादी चिन्तन

नेपाली समाजमा निम्न वर्ग र सम्पन्न वर्ग बीचमा वर्गीय असमानता भएको समाज हो । नेपाली समाजको यथार्थ पक्षलाई निबन्धमा समेट्दै निम्न वित्त र मध्यम वित्तका समस्या देखाउनु र उनीहरूको पक्ष लिनु प्रगतिवाद हो । पौड्यालका निबन्धमा प्रगतिवादी चिन्तन पाइन्छ । *खाने उपक्रम* निबन्धमा एक छाक मासु खान खुत्रुके फोर्न परेको, मरणको सार्थकतामा सपनामा अक्षताको भात मजाले खाएको देख्नु, *जेठो कान्छो नोट*मा कमजोरलाई मूल्यहीन ठान्नु जस्ता सन्दर्भले पौड्यालमा प्रगतिवादी चिन्तन भएको पाइन्छ । उनका निबन्धमा प्रगतिवादी धारणा देखिनु उनको निबन्धगत विशेषता हो ।

### ४.४.८ बिम्ब र प्रतीकको प्रयोग

हाँस्यव्यङ्ग्य जस्तो साहित्यको जटिल विधामा कलम चलाउने निबन्धकार पौड्यालले आफ्ना निबन्धमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेको पाइन्छ । समाजका

विकृति र विसङ्गति प्रस्तुत गर्नका लागि कुनै बिम्ब/प्रतीक प्रस्तुत गरी आफ्ना भावना विचार पाठक सामु पस्कनु उनको निबन्धगत विशेषता हो ।

## ४.४.९ व्याजस्तुति, अतिरञ्जना, वक्रोक्ति र प्यारोडीको प्रयोग

पौड्यालको हास्यव्यङ्ग्य निबन्ध लेखनमा समाजमा देखिएको बेथितिमाथि प्रहार गर्ने सन्दर्भमा क्रुर-रूपमा प्रस्तुत हुन भन्दा निबन्धमा आत्मपरक शैलीको माध्यमबाट आफूलाई पात्रको माध्यमबाट प्रस्तुत गरी सामाजिक विकृतिलाई समर्थन गरे झैं हास्यको र व्यङ्ग्यको सिर्जना गरिएको पाइन्छ । यसै समर्थनको छनक दिँदै विरोधको उपस्थापना गर्नु नै व्याजस्तुति भन्न सकिन्छ । निबन्धमा कुनै घट्नाको श्रृङ्खला सिर्जना गरी त्यसमा विकृतिको विरोध गर्ने सन्दर्भमा यथार्थ भन्दा पर अतिवर्णन पनि गरिएको पाइन्छ । अमेरिका पुग्ने धोको निबन्धमा "गाउँतिर घुम्न निस्क्यो अमेरिकाकै चर्चा/सहरमा पुग्यो त्यहाँ पनि चर्को अमेरिकाकै परिचर्चा, तराई झऱ्यो कतै अमेरिकाको नाम भुलिएला भनेर भर्खर जन्मेको बच्चाको नाउँ अमेरिकाप्रसाद/कति ठाउँमा अम्बिका नाम गरेकी छोरीलाई बोलाउँदा अम्रिका सम्बोधन गर्न थालेका ।" जस्ता वाक्यले निबन्धमा अतिरञ्जनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

उक्तिमा वाण बराबर तीखो र आक्रमक तत्त्व बक्रोक्ति मानिएको पाइन्छ । आवरणमा हास्यको जलप हुदाँहुदै पनि अलङ्कार ध्वनिका माध्यमले कथन तत्त्वमा रहेको भावलाई वाङ्गो बनाउने प्रयत्न बक्रोक्तिमा पाइन्छ । पौड्यालका निबन्धमा पनि यस किसिमका विशेषता पाइन्छन् । मरणको सार्थकता निबन्धमा पौड्यालले यसरी उल्लेख गरेका छन् । "लक्ष्मीप्रसाद देवकोटोले आफूलाई एक दिन छामेर मृत घोषणा गरेका थिए रे । होइन कविज्यू तपाई जीवितै हुनुहुन्छ । भनेपछि मात्र देवकोटा शवासनबाट मुक्त भएका कतिपय रहस्यमय वृत्त सुन्न पढ्न पाइन्छ ।" निबन्धमा हास्यको आवरण दिएर व्यङ्ग्यको वाण प्रहार गर्न खप्पिस पौड्याल आफ्ना निबन्धमा प्रहारको निसाना साँध्ने काम गर्दछन् ।

पौड्यालका निबन्धमा प्यारोडीको प्रयोग पनि पाइन्छ । प्यारोडीले कुनै सम्पन्न भइसकेको कार्य कुनै खास व्यक्तिको वानी बेहोरा वा कसैको कृतिको अनुशरण गरी पुन: सिर्जन गर्ने कार्य गर्दछ । निबन्धकार पौड्यालले पनि आफ्ना निबन्धमा यस्ता प्यारोडीको प्रयोग गरेको पाइन्छ । जस्तै-

चम्चा महात्म्यमा -

स्वर्गे मर्त्ये च पाताले यत्र चम्चा नविद्यते

न किञ्चित् तत्र दुष्कर्म सर्वत्र स्वर्ग एव हि ।

सस्तो मान्छे निबन्धमा -

बराजुको थाङ्नो जस्तो

जति टाल्यो त्यति राम्रो

भाँग्रे पण्डित निबन्धमा -

भारद्वाज गोत्राय भाँग्रे पण्डित वेदप्रसाद शर्मणे

ब्राह्मणाय सुपूजिताय तुभ्यमहं सम्प्रददे

## ४.४.१० आलङ्कारिक पदक्रमको प्रयोग र कलात्मक शैली

निबन्धकार पौड्यालका निबन्धमा व्यकरणीय पदक्रममा विचलनयुक्त पदक्रमको प्रयोग पनि ठाउँ-ठाउँमा भएको भेटिन्छ । आलङ्कारिक पदक्रमयुक्त वाक्यहरूको अधिक प्रयोगले उनको निबन्ध लेखनको शैलीलाई नै आलङ्कारिक बनाएको पाइन्छ । उनको प्रजातन्त्रमा निबन्धमा यसरी आलङ्कारिक पदक्रमको प्रयोग भएको छ- “टर जोडिएको सिंगाने जागिर गर्नुभन्दा सडक पेटीमा मकै पोलेर बस्नु राम्रो ।” “उनीहरू सिँगौरी खेल्न थाले सिङ्मा माटो लिएर ।” त्यसैले जेठो कान्छो नोट निबन्धमा पनि आलङ्कारिक पदक्रमको प्रयोग भएको पाइन्छ । “समाजका कुना कन्दरामा लालटिन बालेर भ्रमण गर्ने हो भने सिकारु चालकले ब्रेक हाने जस्तै हान्छन् - ती समस्याका पोकाहरूले । त्यस्तै “घरमा मुसा दगुरे भने पनि मलाई त्यही नोटको चिन्ता ।”

यसरी निबन्धकार पौड्यालका निबन्धहरूमा आलङ्कारिक पदक्रमको प्रयोग निकै भएको पाइन्छ । उनका निबन्धमा आलङ्कारिक पदक्रम, प्यारोडी, वक्रोक्ति, सन्तुलित संयोजन, व्याजस्तुति र अतिरञ्जनाको स्वाभाविक संयोजनले उनका निबन्धमा कलात्मकता पाइन्छ । निबन्धमा कलात्मकता निबन्धकारको विशेषता मान्न सकिन्छ ।

## ४.४.११ उखानटुक्काको प्रयोग र भाषिक अभिव्यक्ति

निबन्धकार पौड्याल निबन्ध लेखनमा प्रवुद्ध पाठक वर्गका लागि सरल र सहज भए पनि सामान्य पाठक वर्गका लागि भने जटिल किसिमको भाषाको प्रयोग गर्छन् । निबन्धकार

पौड्याल पूर्वीय संस्कार पद्धति अनुरूप र त्यसै पृष्ठभूमिका भएकाले हुन सक्छ उनका निबन्धमा तत्सम शब्दको अधिक प्रयोग पाइन्छ । संस्कृतका शब्दको प्रयोगको साथसाथै तद्भव र आगन्तुक शब्दको स्वाभाविक प्रयोग उनका निबन्धमा देखिन्छ । यसरी शब्द संयोजनका दृष्टिले उनी कुशल भाषिक प्रयोक्ताका रूपमा देखिन्छन् । त्यसका साथै निबन्धमा उनले उखान टुक्काको प्रयोग सूक्तिमय पदावलीको प्रयोगले पनि उनी भाषिक अभिव्यक्तिमा चतुर देखिन्छन् । समाजमा देखिएका, बेथिति, कुरीति र कुसंस्कारका विरुद्ध प्रहार गर्नको लागि भाषिक बिम्ब र प्रतीकको प्रयोग गरी समाजमा व्याप्त समस्यालाई प्रकाशन गर्नु निबन्धकार पौड्यालका विशेषता हुन् । झर्रा नेपाली शब्दको प्रयोग र अनुकरणात्मक शब्दको प्रयोग गरी कलात्मक भाषिक अभिव्यक्ति दिनु निबन्धकार पौड्यालका विशेषता मान्न सकिन्छ ।

## ४.५ हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालको योगदान

भाषाको उत्पत्तिसँगै हास्यव्यङ्ग्य परम्पराको विकास भएको अनुमान गर्न सकिन्छ । अन्य आर्यभाषाहरूसँगै एघारौं शताब्दीतिर नेपाली भाषाको उत्पत्ति भएको अनुमान गर्न सकिन्छ । नेपाली भाषाको उत्पत्तिसँगै नेपाली भाषामा हास्यव्यङ्ग्य गर्ने परम्परा अगाडि बढेको पाइए पनि हास्यव्यङ्ग्य लेखन कविता आदिका माध्यमबाट लेख्य रूपमा विकासको गतिमा लम्कन थाल्छ । भारत राँचीका वेदनिधि शर्माको वि.सं. १९८३ मा 'गोर्खा संसार' पत्रिकामा 'जातीय रोगको अचूक औषधि निबन्धबाट हास्यव्यङ्ग्य परम्परा सुरु भएको देखिन्छ । 'शारदा' पत्रिकाको हँस्सीदिल्लगी शीर्षक स्तम्भले यसलाई हुर्काउने काम गर्दछ । समाजका विद्यमान विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्ने परम्परा विकसित भएको पाइन्छ । राणाशासन कालमा अन्धविश्वास र अन्ध परम्परा रुढी मान्यता र विकृतिजन्य व्यवहारलाई प्रहार गरी विभिन्न वर्गका कुचरित्रलाई उछित्तो काढ्ने स्रष्टा बासुदेव शर्मा लुइँटेल देखिन्छन् । त्यसपछि लक्ष्मीप्रसाद देवकोटा हृदयचन्द्र सिंह प्रधान जस्ता व्यङ्ग्यकारका निबन्धले नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ ।

सामाजिक विकृति र विषमताहरूलाई विविध खाले व्यक्तिका चरित्र र प्रकृतिहरूलाई साथै विकास निर्माणका क्रममा देखिएका बेथितिलाई उदाङ्गो पार्दै खै खै लगायतका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशन गरी नेपाली हास्यव्यङ्ग्यको विकासमा विशिष्ट योगदान पुऱ्याएको देखिन्छ । उनैको सिको गर्दै नेपाली साहित्यका उदाएका भैरव अर्याल

मानिसका चारित्रिक कमजोरी, ठूलाबडा भनाउँदाको भित्री चरित्र, भोलिभोलि भनेर काम नगरिदिने काटिन्दे प्रवृत्ति, भाषामा देखिएको बहुरूपी प्रवृत्तिको झाँको छार्ने साथै २०१७ साल अघिका नेताका चरित्रको उद्घाटन, उनीहरूको दल परिवर्तन गर्ने प्रवृत्तिप्रति कडा व्यङ्ग्य गरेका छन् मानवीय मूल्य र मान्यता क्रमशः ओरालो लागि रहेको वास्तविकता प्रष्टयाउँदै नेपाली हास्यव्यङ्ग्य लेखनमा आफ्नै किसिमको विशेषता लिएर भैरव अर्याल नेपाली हास्यव्यङ्ग्य लेख्न सुरु गरेका अर्यालले **गलबन्दी काउकुती, जयभुँडी, दशऔतार, इतिश्री** जस्ता हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह दिएर अहिलेसम्मकै सर्वोत्कृष्ट हास्यव्यङ्ग्य निबन्धकार मानिन्छन् । नेपाली हास्यव्यङ्ग्यका अद्वितीय प्रतिभा अर्यालका निबन्धहरूले विषय रोज्ने चातुर्य, विषयलाई प्रस्तुत गर्ने चातुर्य, विषयलाई प्रस्तुत गर्ने विशिष्टता निजात्मक अनुभूतिसँगैका विचार र समाजमा विद्यमान विकृति र विसङ्गतिलाई हेर्ने उनको दृष्टिकोणलाई एक साथ अभिव्यक्त गरेका छन् भने व्यक्तिभन्दा प्रवृत्तिलाई व्यङ्ग्य गर्ने शैली अनुपम रहेको पाइन्छ । व्यङ्ग्य र आक्रोश व्यक्त गर्न शिष्ट र सरल भाषाको प्रयोग गर्ने प्रतिभाका रूपमा अर्याल देखिएका छन् । यसै आधारमा हालसम्मका हास्यव्यङ्ग्य निबन्धहरूले अर्यालका निबन्धलाई भेट्टाउन नसकेको सहजै अनुमान गर्न सकिन्छन । यस आधारमा नेपाली साहित्यका हास्यव्यङ्ग्य शिरोमणि उपाधिले सम्मान गरे न्यायपूर्ण हुने देखिन्छ ।

नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्धमा धेरै व्यङ्ग्यकारले कलम चलाएका भएपनि भैरव अर्यालका पदचापलाई पछ्याउन सकेको देखिँदैन । काठमाडौंको केन्द्रभन्दा बाहिर बसेर हास्यव्यङ्ग्यमा कलम घोट्ने एक जना आशालाग्दा साहित्यकारमा षडानन्द पौड्याललाई लिन सकिन्छ ।[1] पौड्यालले वि.सं. २०३५ सालदेखि निबन्धयात्रा प्रारम्भ गरेका भएपनि हालसम्म कृतिगत रूपमा भने एकमात्र 'बाउको बिहे' नामक एकमात्र हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशन गरी हास्यव्यङ्ग्य निबन्धको महलमा एउटा ईटा थप्ने कार्य गरेका छन् । सङ्ख्यात्मक दृष्टिले एउटा मात्र कृति भए पनि गुणात्मक दृष्टिले चाहिँ उत्तम कृति मान्न सकिन्छ । समाजमा रहेका विकृति र विसङ्गतिलाई आधार बनाई साधारण विषयलाई टिपी सामाजिक र राष्ट्रिय परिवेशका आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रका असङ्गतिहरूलाई रोचक, अनुप्रासमय, काव्यात्मक, उखानटुक्कायुक्त मीठो भाषाशैलीमा व्यक्त गर्ने मौलिक व्यक्तित्वका हास्यव्यङ्ग्यकारको रूपमा षडानन्द पौड्याल देखिन्छन् ।[2]

---

[1] भरतकुमार भट्टराई, *बाउको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिर्मिर**, वर्ष ३८, अङ्क ६, पूर्णाङ्क २८९, काठमाडौं: ने.रा.बै, २०६६, पृ. ८९ ।

[2] पूर्ववत्, पृष्ठ १०१ ।

वर्तमान नेपाली हास्यव्यङ्ग्यका क्षेत्रमा एक स्तरीय स्रष्टाका रूपमा पौड्याललाई लिन सकिन्छ । २०५० पछिको नेपाली हास्यव्यङ्ग्य परम्परामा उनको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहले उल्लेखनीय योगदान गरेको छ ।[३] नेपाली गद्य फाँटका एक कुशल हास्यव्यङ्ग्यकारमा पौड्याललाई गणना गर्न सकिन्छ । यिनले खास गरी अतिरञ्जना, व्याजस्तुति, बक्रोक्ति, प्यारोडी, स्वैरकल्पना जस्ता भाषिक परिस्थितिमूलक चारित्रिक र शैलीगत विधिबाट हास्यव्यङ्ग्य सिर्जना गर्छन् । राजधानीबाहिर बसेर पनि नेपाली हास्यव्यङ्ग्य जस्तो अति जटिल साहित्यको सेवामा लाग्नु उनको नेपाली साहित्यप्रतिको ठूलो सेवा र योगदान हो भन्ने ठहर गर्न सकिन्छ ।[४]

सामाजिक समस्या र विकृतिलाई व्यङ्ग्यको विषयवस्तु बनाइ रोचक र कलात्मक पाराले प्रस्तुत गर्ने निबन्धकार पौड्याल परिस्थितिमूलक अभिव्यक्ति गर्छन् । निबन्धभित्र पनि टुक्रे आख्यान समावेश गरी व्यङ्ग्यलाई सशक्त बनाउने शैलीले भैरव अर्यालको पदचापलाई पछ्याउन खोजेको देखिन्छ । निबन्धमा प्यारोडी र सूक्तिमय अभिव्यक्ति, उखान, टुक्काको प्रयोग गर्ने शैलीले पनि अर्यालको सिको गर्न खोजेको देखिन्छ । निबन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका समस्या कोट्याउने र ती समस्याप्रति व्यङ्ग्य गर्दै सुधारको आशा गर्नु र समाजलाई सुधारको मात्र निर्देशन गर्ने हास्यव्यङ्ग्यकार पौड्यालका प्रकाशोन्मुख अवस्थाको हास्यव्यङ्ग्य सङ्ग्रहले हास्यव्यङ्ग्य निबन्धको विकासमा थप योगदान पुऱ्याउने आशा व्यक्त गर्न सकिन्छ । उनका कृतिले नेपाली आशा व्यक्त गर्न सकिन्छ । उनका कृतिले नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## ४.६ निष्कर्ष

वि.सं. २०२१ सालमा पर्वत जिल्लाको पाङ गा.वि.स. को खरीबोटमा जन्मिएका षडानन्द पौड्यालले संस्कृतमा शास्त्रीसम्म अध्ययन गरी नेपालीमा स्नातकोत्तर उत्तीर्ण गरी प्राध्यापन पेसामा संलग्न रहेका छन् । वि.सं. २०३५ सालबाट पौड्यालले सिर्जन यात्रा अघि बढाएको देखिन्छ । हालसम्म **परिवेश** (२०६१), **बाउको बिहे** (२०६२) प्रकाशित कृति देखिन्छन् भने प्रकाशोन्मुख कृतिहरू पनि रहेका छन् । निबन्ध लेखनमा वैचारिकता, निजात्मकता, वैयक्तिकता, यथार्थता, विषयवस्तुमा विविधता, हास्यव्यङ्ग्यात्मक, प्रगतिवादी चिन्तन साथै उखानटुक्को प्रयोग, आलङ्कारिक भाषा, बिम्ब र प्रतीकको प्रयोग, प्यारोडी,

---

[३] ऐजन ।
[४] ऐजन ।

वक्रोक्ति, व्याजस्तुति र अतिरञ्जनाको प्रयोगले रोचक प्रस्तुति जस्ता पौड्यालका निबन्धगत विशेषता मान्न सकिन्छ । समाजमा रहेका विकृति र विसङ्गतिलाई आधार बनाई साधारण विषयलाई टपक्क टिपेर सामाजिक र राष्ट्रिय परिवेशका, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक क्षेत्रका असङ्गतिलाई रोचक ढङ्गबाट प्रस्तुत गरी निबनध रचना गर्ने पौड्यालले **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह नेपाली साहित्यको भण्डारमा थपेर साहित्यको विकासमा योगदान पुऱ्याएका छन् ।

# परिच्छेद : पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ परिचय

नेपाली भाषा साहित्यमा कलम चलाउने स्रष्टाहरूले साहित्यको भण्डार भर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । नेपाली साहित्यको भण्डारमा षडानन्द पौड्यालका कृतिहरूले पनि शोभा बढाएका छन् । यसै सन्दर्भमा उनको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धको कृतिपरक अध्ययन नभएको अवस्थामा **षडानन्द पौड्यालको 'बाउको बिहे' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको यो शोध विषय चयन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

यस अन्तर्गत हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक आधार, षडानन्द पौड्यालका विशेषता, हास्यव्यङ्ग्य निबन्धको विकासमा षडानन्द पौड्यालको योगदान जस्ता समस्या कथन पहिचान गरी हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार अध्ययन गर्ने, पौड्यालका विशेषता पहिचान गर्ने, **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन गर्ने, पौड्यालका योगदानको मूल्याङ्कन गर्ने उद्देश्यले यस सम्बन्धमा भएका पूर्वकार्यको समीक्षा गरी शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

आयु बृद्धिकारी तत्त्व हाँसो मानिसको नैसर्गिक र प्राकृतिक अधिकार हो । हाँसो बिना मानिसको जीवन निस्सार र निरर्थक हुन्छ । खुसीको अवस्थामा आउने हाँसो मानवजीवनको

पोषक तत्त्व हो । पूर्वीय काव्यशास्त्रमा एउटा रस मानिएको हाँसो समाजको विकृति विसङ्गतिको पर्दाफास गर्दछ । व्यङ्ग्य मिश्रित हास्यले समाजमा रहेको विकृति विसङ्गति प्रस्तुत गर्दै त्यस्ता विकृति विसङ्गति हटाई स्वास्थ समाज निर्माणका लागि मार्गदर्शन गर्ने कार्य गर्छ । मानिसमा सुखदुःख सहजताका साथ झेल्न सक्ने क्षमता प्रदान गर्ने, मानसिक तनाव हटाउने जस्ता काम हास्यव्यङ्ग्यले गर्दछ । बुद्धि तत्त्वको प्रयोग गरेर हाँसो (भावतत्त्व) द्वारा समाज सुधार गर्ने कार्य व्यङ्ग्यका माध्यमबाट गरिन्छ ।

पूर्वीय साहित्यशास्त्रीहरूमा अग्निपुराण र नाट्याचार्य भरतले बाइस सय वर्ष पहिले नवरसमध्ये एक रसको रूपमा हास्य रसलाई मान्यता दिएको पाइन्छ । ध्वनिवादीहरूले ध्वन्यार्थलाई काव्यको प्राणतत्त्व मानेका छन् । व्यञ्जनावृत्तिद्वारा प्रकट हुने अर्थ ध्वनि हो । ध्वनि भनेको व्यञ्जना शक्तिलाई व्यञ्जित व्यङ्ग्य अर्थ हो । त्यसै गरी पाश्चात्य साहित्यशास्त्रीहरूले हास्यव्यङ्ग्यलाई पापको घैँटो फोर्ने र ढोंगको पर्दाफास गर्ने अभिव्यक्तिको सशक्तकला मानेका छन् । हास्यव्यङ्ग्यले विषयवस्तुको रूपमा अनेकानेक विसङ्गतिका घटना परिघटनाहरूलाई सफलतापूर्वक चित्र गरेर त्यसलाई परिच्छेद गर्न क्लिष्ट गर्न अभिप्रेरित गर्दछ ।

हास्यव्यङ्ग्यले मानवीय कमजोरी, अनाचार, पापाचार, दुराचार, भ्रष्टाचार, व्यभिचार, अनैतिकता अकर्मण्यता अमानवीयताको विरोधमा भीषण गोलावारी गर्छ । यसमा समाजका आचार, नीति, नियम अनुशासनपूर्ण जीवनको पक्षमा वकालत गर्दै सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, धार्मिक तथा सांस्कृतिक र मानवीय विसङ्गतिमाथि प्रहारको निशाना बनाउँछ ।

हास्यव्यङ्ग्यलाई पूर्वीय साहित्यशास्त्रीहरूले उत्तम, मध्यम र अधम गरी तीन प्रकृतिगत भेद, स्मित, हसित, उपहसित, विहसित, अतिहसित गरी ६ भेद र तीनका आत्मस्थ र परस्थ दुई भेद गरी बाह्र (१२) भेद हुने कुरा नाट्याचार्य भरतले बताएको पाइन्छ । पण्डित जगन्नाथ यसका विशिष्ट व्याख्याकर्ता मानिन्छन् । त्यसै गरी पाश्चात्य शास्त्रमा सम्पूर्ण साहित्यलाई ट्रेजेडी र कमेडीमा विभाजन गरेको पाइन्छ । हास्यव्यङ्ग्य चाहिँ कमेडी वर्गमा पर्दछ । आकस्मिक तथा अप्रत्यासित अवस्थामा जन्मिने हास्य, अज्ञात आलम्बनमा आश्रित भएर जन्मिने हास्य र सुनियोजित अवस्थामा जन्मिने हास्य जस्ता हास्यहरू पनि स्मित हास्य (Humour),

वाग्वैदग्ध्य (WIT), व्यङ्ग्य (Satire), वक्रोक्ति (Irony), विद्रुप वा परिहास (Parody) जस्ता पाँच भेदमा विभाजन गरिएका पाइन्छन् ।

यी पाँच भेदका अतिरिक्त पनि पश्चिममा आङ्गिक कृतिमतालाई प्रमुखता दिने Foree (विद्रुप हास्य), चित्रात्मकतालाई प्रमुखता दिने व्यङ्ग्य चित्र (Cartoon), गालीका तहमा ओर्लिने आक्षेप (Lampoon) र रूप, कार्य, बोलीचाली व्यवहार बोली आदिको नक्कल गर्ने अभिनय (Caricature) आदि प्रचलित भएको देखिन्छ ।

गद्य शैलीमा लेखिने निबन्धमा समाजमा रहेका विकृति, विसङ्गति, असङ्गति, पापाचार, दुराचार, अनैतिकता भ्रष्टाचार जस्ता कारणबाट समाजलाई अवनतितिर धकेल्ने तत्त्वलाई विषयवस्तु बनाई कलात्मक पाराले अभिव्यक्त गरी समाज सुधारका निम्ति मार्ग निर्देशन गर्ने निबन्ध नै हास्यव्यङ्ग्य निबन्ध हो । हास्यव्यङ्ग्य निबन्धका प्रमुख तत्त्वका रूपमा विषयवस्तु, उद्देश्य र भाषाशैलीलाई लिन सकिन्छ ।

मानव सभ्यताको विकाससँगै भाषाका माध्यमबाट अरूलाई घोचपेच र खिसिट्युरी गर्ने चलनको विकास भएको हास्यव्यङ्ग्य, नेपाली साहित्यको विकाससँगै कविता जस्ता साहित्यका विधामा प्रयोग भएको पाइन्छ । नेपाली निबन्ध विधामा भने हास्यव्यङ्ग्य वेदनिधि शर्माको *जातीय रोगको अचूक औषधि* (१९८३) बाट प्रयोग हुन थालेको देखिन्छ । यो हास्यव्यङ्ग्य निबन्ध विकासको प्रारम्भिक चरण मान्न सकिन्छ । यसै आधारमा नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासक्रमलाई तीन चरणमा विभाजन गर्न सकिन्छ -

क) प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९९० भन्दाअघि)

ख) विकसित वा दोस्रो चरण (वि.सं. १९९१-२०१६)

ग) आधुनिक वा तेस्रो चरण (वि.सं. २०१७-हालसम्म)

वि.सं. १९९० अघि नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखनको प्रारम्भिक रूप पाइन्छ । **गोर्खा संसार** जस्ता पत्रिकाले हास्यव्यङ्ग्य निबन्धको फाँटमा पृष्ठभूमि तयार पार्ने कार्य गरेको देखिन्छ । **शारदा** (वि.सं. १९९१) पत्रिकामा हँसीदिल्लगी स्तम्भको व्यवस्था भएपछि हास्यव्यङ्ग्य निबन्ध लेखन फस्टाउन थालेको पाइन्छ ।

वासुदेव शर्मा लुईंटेलका निबन्धले हास्यव्यङ्ग्य निबन्धलाई डोऱ्याएको पाइन्छ । लीलाध्वज थापा, अच्छा राई 'रसिक', रामकृष्ण शर्मा, नरेन्द्रमणि आदि, लक्ष्मीप्रसाद देवकोटा,

हृदयचन्द्रसिंह प्रधान, नारायणप्रसाद भट्टराई, गणेशमान सिंह, कृष्णप्रसाद चापागाईं जस्ता हास्यव्यङ्ग्यकारले सामाजिक र मानवीय समस्यालाई आलम्बन बनाएर हास्यव्यङ्ग्य निबन्धको विकासमा उल्लेखनीय भूमिका खेलेको पाइन्छ ।

वि.सं. २०१७ सालदेखि नेपाली हास्यव्यङ्ग्य निबन्धको आधुनिक काल प्रारम्भ भएको मानिन्छ । यस कालमा केशवराज पिंडाली, भैरव अर्याल जस्ता विशिष्ट निबन्धकारले हास्यव्यङ्ग्य निबन्धको विकासलाई सर्वोच्च स्थानमा पुऱ्याएको पाइन्छ । नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासमा रामकुमार पाँडे, बालमुकुन्ददेव पाण्डे, श्याम गोतामे, लोकेन्द्रबहादुर चन्द, हरि बन्दी, नरेन्द्रराज पौडेल जस्ता हास्यव्यङ्ग्यकारले मानवजीवनका विविध पक्षका कमजोरी तथा विसङ्गतिलाई केलाएर अनैतिक, सामाजिक, आर्थिक विषयलाई आधार बनाउँदै चट्याङ मास्टर, मनोज गजुरेल, खगेन्द्र सङ्ग्रौला, विमल निभा जस्ता व्यङ्ग्यकारहरू हास्यव्यङ्ग्य निबन्ध सिर्जनामा सक्रिय रहेका पाइन्छन् ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

षडानन्द पौड्यालको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धमा *जदौ भुँडी, चम्चा महात्म्य, सस्तो मान्छे, बाउको बिहे, गोवरगणेश, प्रस्तावित पुरस्कारहरू, खाने उपक्रम, मरणको सार्थकता, भाङ्ग्रे पण्डित, कागज, बन्धकी, प्रजातन्त्रमा, जेठो कान्छो नोट, मुख्य खाना चाउचाउ र अमेरिका पुग्ने धोको* जस्ता पन्ध्रवटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहीत रहेका छन् ।

*जदौ भुँडी* निबन्धमा मानवीय चरित्रमा पाइने दरिद्रता चित्रण गरिएको छ । मान्छे बुद्धि वा विवेकले नभई भुँडीले सञ्चालन भएको व्यङ्ग्य प्रस्तुत गर्दै मगन्ते प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्ने कार्य भएको छ । यसै क्रममा राष्ट्रिय सम्पत्ति स्वाहा पार्ने घुसखोर, भ्रष्ट राष्ट्रघातीहरू पाटी, पौवा, राजस्व, देवस्व, मन्दिरका गजुर आदि स्वाहा पार्ने काला भुँडी, जदौ भुँडी, छलछाम भुँडी, महामगन्ते भुँडी, बहुरूपी पुन्टे भुँडी, स्याप्प भुँडी जस्ता अनेकन चरित्रका भुँडीको विशेषता बताउने कार्य *जदौ भूँडी* निबन्धमा भएको छ ।

*चम्चा महात्म्य* निबन्धमा संसारका मानिसहरूमा बढेको चम्चे मनोवृत्तिको उद्‌घाटन गरिएको छ । दासतामा बाँच्ने, चाकरी चाप्लुसीमा जुट्ने, प्रवृत्तिले मर्त्यलोक, स्वर्गलोक, पाताल लोक नै छपक्क छोपेको उल्लेख गरिएको छ । नेपालका मन्दिरका गजुर र मूर्तिहरूसँगै

देवीदेवता पनि पलायन हुँदै गएको जस्तो अनुभूति लाग्न गएको परिवेश निबन्धमा उल्लेख गरिएको छ ।

*सस्तो मान्छे* निबन्धमा मानवीय अस्तित्त्वको अवमूल्यन हुँदै गएको अवस्था उल्लेख गरिएको छ । काला र गोरा फरक फरक धर्म संस्कृति भिन्न-भिन्न वाद आदिका आधारमा अरूभन्दा आफूलाई मूल्यवान देखाउनका लागि मानवीय अस्तित्त्व नै सङ्कटमा आउने गरी आपसमा मिल्न नसकेर झगडामा लाग्दा मानव मूल्य खस्केको कुरा निबन्धमा दर्शाइएको छ ।

*बाउको बिहे* निबन्धमा बालविवाह, समाजमा बढ्दै गएको क्याबिन रेष्टुरेन्ट, जथाभावी बिक्री हुने पाउच, आदि र पहुँचको भरमा चाकरी चाप्लुसी गरी जागीर खाने र काम नगर्ने प्रवृत्ति र समाजमा बढ्दै गएको अश्लीलता, अनुशासनहीनता, शिक्षा वा ज्ञानको र धर्म संस्कृतिको स्वस्थ विकासप्रतिको उदासीनता र विकराल परिस्थितिको कलात्मक चित्रण यस निबन्धमा पाइन्छ ।

*जेठो-कान्छो नोट* निबन्धमा समाजमा कमजोर वर्गलाई हेप्ने, बेइज्जत गर्ने, सताउने, लत्याउने, उँभो लाग्न नदिने परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । गरिबलाई मानिसले मात्र नभई देवताले पनि हेप्छन् भन्ने उल्लेख गरिएको छ । खुद्रा छैन भन्दै कार्यालयहरूमा फिर्ता नगर्ने प्रवृत्तिप्रति पनि व्यङ्ग्यात्मक प्रहार गरिएको छ ।

*मुख्य खाजा चाउचाउमा* स्वदेशी खाद्य मूल्यहीन बनेको कुरा उल्लेख गरिएको छ । नेपालीको अल्छी प्रवृत्तिले गर्दा कम गुणस्तरका चाउचाउ जस्ता खाद्य लोकप्रिय बनेको अवस्था देखाइएको छ । विभिन्न उपहारको प्रलोभन दिएर बजारिया तयारी खाद्य व्याप्त हुँदै पूजा-आजा, देवी-देवताका लागि पनि प्रचलित भएको अवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*गोवर गणेश* निबन्धमा परिश्रमी, जाँगरिलो र सदैव अरूको हितमा समर्पित रहने कर्मजीवी वा श्रमजीवीलाई सुविधाभोगी पाखण्डी ठालुहरूबाट हेपिने र उनीहरूलाई नै माध्यम बनाएर शोषण गर्ने प्रवृत्तिप्रति यस निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ ।

*प्रस्तावित पुरस्कारहरू* निबन्धमा राष्ट्रिय सम्पत्तिको दुरूपयोग, चेलीबेटी बेचबिखन, समाजका विविध पक्षमा छलछाम र ठगी गर्ने, चरम ठगी गर्ने र त्यसमा मानिस नै पुरस्कृत हुने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ ।

*खाने उपक्रम* निबन्धमा वर्गीय समाजमा रहेको आर्थिक असमानता प्रस्तुत गर्दै कुशासनका पीडाले भौंतारिएर विदेशको नागरिकता लिन विदेशतिर लागेको अवस्था प्रस्तुत गरिएको छ । नेपाली एकआपसमा मिल्नको सट्टा झगडा गर्न लाग्ने प्रवृत्ति र कर्तव्य छोडी अधिकारहरूको खोजी गर्ने आन्दोलनमा लाग्ने, थोरै कुरा प्राप्ति भएपछि हट्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*मरणको सार्थकता* निबन्धमा जीवनमा अनेकौं पटक मरेर जिउँदो लास भई बाँच्नुपर्ने आधुनिक मानिसको दुर्दशापूर्ण र विसङ्गतिपूर्ण स्थितिप्रति गम्भीर भई जीवन स्वयम् व्यङ्ग्य अर्थात् मृत्यु हो भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ ।

*भाँग्रे पण्डित* निबन्धमा, नेपाली परम्परागत संस्कृतिको प्रतीकका रूपमा भाँग्रे पण्डितलाई उभ्याएर उनको अवसान हुन लागेको मार्मिक अवस्था देखाइएको छ । विदेशी संस्कृतिको प्रभावले नेपाली संस्कृतिमाथि अतिक्रमण गरी समाप्त पार्न लागेको अवस्था देखाई विदेशी संस्कृतिबाट बच्ने उपायतर्फ लाग्न सचेत बनाएको पाइन्छ ।

*कागज* निबन्धमा मान्छेको योग्यताका प्रमाण-पत्र लगायत मुद्दा मामिला नियुक्ति बर्खासी आदि कागजमा नै हुन्छ । कागज नै भ्रष्टाचार, कालोधन्दा गर्ने, मानव बेचबिखन आदि बेथिति र कुरीति कागजमा नै हुने गरेको अवस्था उल्लेख गर्दै होसियार रहन पर्ने कुरा कागज निबन्धबाट सचेत तुल्याइएको छ ।

*बन्धकी* निबन्धमा मानिस स्वतन्त्र जन्म पनि न्वारन शिक्षा, संस्कृति, ब्रतबन्ध, विवाह, राजनीति, धर्म जस्ता अनेकन बन्धनमा बाँधिन पुग्छ । दाम्लोको बन्धनमा बाँधिएको पशुभन्दा पनि बढी बन्धनमा बाँधिएको हुन्छ । आफ्नो सांस्कृतिक बन्धनभन्दा पनि बढी आयातीत संस्कृतिमा बाँधिन पुगेको अवस्था पनि निबन्धमा दर्शाइएको छ ।

*प्रजातन्त्रमा* निबन्धमा नेपालमा प्रजातन्त्रको पुनः स्थापनापछि इमान्दार व्यक्ति अपहेलित हुने, पाउँच र पहुँचको भरमा समाजमा बढेको बेथिति उल्लेख गरी प्रजातान्त्रिक कालमा विधिको शासन चल्नुपर्ने योग्यता र क्षमताबाट हरेक काममा मानिसहरूलाई गर्नुपर्ने कुरा निबन्धमा सङ्केत गरिएको छ ।

*अमेरिका पुग्ने धोको* निबन्धमा नेपालमा व्याप्त बेरोजगारी, रोजगारीमा हुने गरेको अनियमितता, नातावाद, कृपावाद, राजनीति, खाजानीति आदिका कारणले रोजगार प्राप्त गर्न

नसकेको अवस्था र विदेश जान पाए जस्तो काम पनि सम्मानित हुने गरेको अवस्था प्रस्तुत गरिएको छ । योग्यता र क्षमताभन्दा आफन्त खोज्ने, भ्रष्टाचार र कुशासनप्रतिको असन्तुष्टिलाई व्यङ्ग्यका माध्यमबाट प्रस्तुत गरिएको छ ।

निबन्धकार पौड्यालले अतिरञ्जना, वक्रोक्ति प्यारोडी, व्याजस्तुति, स्वैरकल्पना, भाषिक परिस्थितिमूलक, चारित्रिक र शैलीगत विधिबाट हास्यव्यङ्ग्य सिर्जना गरिएको पाइन्छ । समाजका साधारण विषयलाई टिपेर सामाजिक र राष्ट्रिय परिवेशका आर्थिक सामाजिक, राजनीतिक, सांस्कृति, शैक्षिक आदि क्षेत्रका असङ्गतिलाई रोचक अनुप्रासमय, काव्यात्मक उखान-टुक्कायुक्त, भाषाशैलीको प्रयोग गरी निबन्ध रचना गरिएको पाइन्छ ।

## ५.५ चौथो परिच्छेदको निष्कर्ष

वि.सं. २०२१ सालमा पर्वत जिल्लाको पाङ गा.वि.स.मा जन्मिएका षडानन्द पौड्यालले संस्कृतमा शास्त्रीसम्मको अध्ययनपछि त्रि.वि. बाट नेपालीमा एम.ए. उत्तीर्ण गरी प्राध्यापन पेसामा संलग्न भएका थिए । उनले वि.सं. २०३५ सालमा **गोरक्षदर्पण**मा *जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी* निबन्ध प्रकाशित गरी निबन्धयात्रा प्रारम्भ गरेका पौड्यालको **बाउको बिहे** (२०६२) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित कृति हो भने हास्यव्यङ्ग्य अर्को प्रकाशोन्मुख निबन्धसङ्ग्रह देखिन्छ । **परिवेश** (२०६१) पौड्यालको प्रकाशित लघुकथा सङ्ग्रह हो । उनका कवितासङ्ग्रह, कथासङ्ग्रह र समालोचनात्मक कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् । षडानन्द पौड्यालका निबन्ध **बाउको बिहे** कृतिको अध्ययनका आधारमा उनका खासखास निबन्धगत विशेषता पहिल्याउन सकिन्छ । पौड्यालका निबन्धमा वैयक्तिक भावना र विचार रहेको पाइन्छ । उनका निबन्धमा निजात्मकता/आत्मपरकता, वैचारिकता, यथार्थपरकता, विषयवस्तुगत विविधता, हास्यव्यङ्ग्यात्मकता जस्ता विशेषता रहेको । बिम्ब र प्रतीकको प्रयोग गरी विषयवस्तुलाई रोचक र घोचक बनाउनु पनि उनको विशेषता हो । शब्द खेलाउन र भाषा मिलाउन खप्पीस पौड्याल आलङ्कारिक पदक्रम र उखानटुक्काले आफ्ना निबन्धलाई सजाएका छन् । व्याजस्तुति, अतिरञ्जना, वक्रोक्ति र प्यारोडीको प्रयोग गरी समाज सुधारको सन्देश दिने पौड्यालले निबन्धलाई आफ्ना कलाले सिँगारेका छन् ।

## ५.६ समग्र निष्कर्ष

षडानन्द पौड्यालको **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धको कृतिपरक अध्ययन गर्ने सन्दर्भमा **षडानन्द पौड्यालको बाउको बिहे हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शोधको चयन गरी अध्ययन विश्लेषण गर्ने सन्दर्भमा हास्यव्यङ्ग्यको सैद्धान्तिक अध्ययनमा पूर्वीय र पाश्चात्य मत र वर्गीकरण समेत समेटिएको छ । हास्यव्यङ्ग्य निबन्धको विकासक्रम तथा काल विभाजनलाई पनि सङ्क्षेपमा समेटिएको छ । **बाउको बिहे** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू जदौ भुँडी, चम्चा महात्म्य, सस्तो मान्छे, बाउको बिहे, गोबर गणेश, प्रस्तावित पुरस्कारहरू, खाने उपक्रम, मरणको सार्थकता, भाङ्ग्रे पण्डित, कागज, बन्धकी, प्रजातन्त्रमा, जेठो-कान्छो नोट, मुख्य खाना चाउचाउ र अमेरिका पुग्ने चोक जस्ता निबन्धको सारांश समावेश गरिएको छ । षडानन्द पौड्यालका निबन्धगत प्रवृत्ति तथा विशेषताहरू र हास्यव्यङ्ग्य निबन्धको विकासमा **बाउको बिहे** हास्यव्यङ्ग्य कृतिले थप योगदान पुऱ्याएको पाइन्छ । उनका प्रकाशोन्मुख हास्यव्यङ्ग्य सङ्ग्रहले थप योगदान पुऱ्याउने देखिन्छ । हास्यव्यङ्ग्यले परिपूर्ण भएको निबन्ध विधामा कलम घोट्ने पौड्यालले निबन्ध सिर्जनामा निरन्तरता दिन सके हास्यव्यङ्ग्यात्मक प्रवृत्तिलाई अझ उन्नत बनाउन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची

## क) सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज, **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५५ ।

अज्ञात, कपिल, **स्रष्टा बिम्ब : व्यक्तित्व आरेख,** चितवन : चितवन साहित्य परिषद्, २०६७ ।

अर्याल, भैरव, **भैरव अर्यालका हास्यव्यङ्ग्य,** काठमाडौं : भैरव पुरस्कार गुठी, २०६५ ।

असीम, गोपाल पाण्डे, **रचना केशर,** ललितपुर : साझा प्रकाशन, २०४८ ।

आचार्य, कृष्णप्रसाद, **शोधविधि, सिर्जना र संस्कृत काव्यशास्त्र,** काठमाडौं : क्षितिज प्रकाशन, २०६४ ।

ओझा, रामनाथ, **शङ्कर लामिछानेको निबन्धकीरता,** काठमाडौं : पालुवा प्रकाशन, २०६४ ।

ओझा, रामनाथर मधुसूदन गिरी, **शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

कँडेल, घनश्याम, **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

खनाल, नारायणप्रसाद, **गोरखाको डायरी**, गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१ ।

————, **निर्वचन र भाषिक सन्दर्भ,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

————, **समस्यापूर्तिमा लेखनाथका कविता-काव्य,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

————, **समीक्षाका आकारहरू**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

————, **स्वप्न-यात्रा र चिठी,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६६ ।

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त,** ललितपुर : साझा प्रकाशन, २०४९ ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा,** काठमाडौं : क्षितिज प्रकाशन, २०६३ ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध सङ्ग्रह,** ललितपुर : साझा प्रकाशन, २०४७ ।

देवकोटा, लक्ष्मीप्रसाद (सम्पा. राजेन्द्र सुवेदी), **दाडिमको रुखनेर,** ललितपुर : साझा प्रकाशन, २०५९ ।

नेपाल, वसन्तकुमार शर्म्मा (सम्पा.), **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली,** काठमाडौं : सहयोगी प्रकाशन, २०५० ।

पोखरेल, बालकृष्ण, **राष्ट्रभाषा,** ललितपुर : साझा प्रकाशन, २०४० ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली वृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

पौड्याल, षडानन्द, **परिवेश,** पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, २०६१ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना,** ललितपुर : साझा प्रकाशन, २०४७ ।

भट्टराई, घटराज र शरच्चन्द्र शर्मा भट्टराई, **प्राचीन नेपाली गद्य,** ललितपुर : साझा प्रकाशन, २०४८ ।

रेग्मी, चूडामणि, **नेपाली टुक्काहरूको अध्ययन,** झापा : जुही प्रकाशन, २०५७ ।

लुईटेल, नरनाथ, **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६५ ।

शर्मा, सोमनाथ, **साहित्य प्रदीप,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

शर्मा, मोहनराज, **शब्दरचना र वर्णविन्यास वाक्य**तत्त्व**, अभिव्यक्ति र पाठहरू,** काठमाडौं : नवीन प्रकाशन, २०५३ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन, २०४९ ।

सिग्द्याल, सोमनाथ, **मध्यचन्द्रिका,** ललितपुर : साझा प्रकाशन, २०४७ ।

सुवेदी, राजेन्द्र, हीरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** ललितपुर : साझा प्रकाशन, २०५१ ।

सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध** भाग-३, काठमाडौं : पाठ्यसामग्री पसल, २०५६ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ललितपुर : साझा प्रकाशन, २०४३ ।

सुवेदी, अभि, **पाश्चात्य काव्य-सिद्धान्त,** ललितपुर : साझा प्रकाशन, २०५४ ।

## ख) सन्दर्भ पत्र-पत्रिका सूची

ज्ञवाली, विष्णुप्रसाद, *साहित्यकार षडानन्द पौड्याल,* **साहित्य र खोजी**, २०६०, वर्ष-१, अङ्क-४, म्याग्दी ।

त्रिपाठी, वासुदेव, *हास्यव्यङ्ग्य परिचर्चा,* **रचना,** २०३५, वर्ष-१५, अङ्क-४ ।

————, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ,* **प्रज्ञा,** २०५१, चैत-जेठ, वर्ष-२३, पूर्णाङ्क-८०, ने.रा.प्र.प्र., काठमाडौं ।

प्रधान, प्रमोद, *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क**, २०६४, जेठ, वर्ष-४०, अङ्क-१, पूर्णाङ्क-४५६, गोरखापत्र संस्थान, काठमाडौं ।

प्रभात, विष्णु, *कला साहित्यका हास्यव्यङ्ग्य शैली,* **अक्षर**, २०६५, वर्ष-५, अङ्क-३, साहित्य सङ्गम, हेटौंडा ।

भट्टराई, भरतकुमार, *बाबुको बिहे कृतिमा हास्यव्यङ्ग्य,* **मिमिरे**, २०६६, वर्ष-३८, अङ्क-६, पूर्णाङ्क-२८९, ने.रा.वै., काठमाडौं ।

सुवेदी, राजेन्द्र, *हास्यव्यङ्ग्यको जगतमा अशिष्टताको प्रधानता* (समालोचना), **गरिमा**, २०४१, वर्ष- , पूर्णाङ्क-२५ ।

## ग) सन्दर्भ शोधपत्र सूची

पौडेल, कृपा, **षडानन्द पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, बाग्लुङ, २०६७ ।

भट्टराई, भरतकुमार, **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०४४ ।